# हाम्रो जीतपुरसिमरा

**(जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम- २०८०)**

**कक्षा १-८**

## नगर शिक्षा समिति

| | | |
|---|---|---|
| अध्यक्ष | : | राजन पौडेल, नगरप्रमुख |
| सदस्य | : | भोलाप्रसाद अधिकारी, नगरउपप्रमुख |
| सदस्य | : | शिवजी प्रसाद, प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | : | चयन गुरुङ |
| सदस्य | : | हरिदेव खरेल |
| सदस्य | : | शङ्करकुमार आचार्य |
| सदस्य | : | श्यामप्रसाद भट्टराई |
| सदस्य | : | श्यामसुन्दर मेनन पासवान |
| सदस्य | : | जंगबहादुर लामा |
| सदस्य | : | सुकमाया कुमारी |
| सदस्य | : | सुरेशप्रसाद यादव |
| सदस्य | : | नवीन मैनाली |
| सदस्य | : | पवित्रमाया कार्की |
| सदस्य सचिव | : | हरिशप्रसाद भट्ट |

**पाठ्यक्रम निर्माण/लेखन**

जिचेन स्याङतान
प्रकाश खड्का
मिमबहादुर परियार
राम बर्तौला

**जीतपुरसिमरा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

# हाम्रो जीपुरसिमरा

(जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम, कक्षा १-८)

**प्रकाशक** : जीतपुरसिमरा उपमहानगरपालिका, बारा
**वेबसाइट** : https://jeetpursimaramun.gov.np
**इमेल** : jeetpursimarasubmetropolitan@gmail.com


**स्थानीय पाठ्यक्रम निर्माण समिति** : शिवजी प्रसाद, प्रमुख प्रशासकीय अधिकृत (संयोजक)
प्रदीपकुमार गुप्ता (सदस्य)
सीता अधिकारी (सदस्य)
सुरेन्द्रप्रसाद चौरसिया (सदस्य)
दीपककुमार कायस्थ (सदस्य)
जयप्रकाश राय (सदस्य)
राजुप्रसाद अधिकारी (सदस्य)
सुजता लामिछाने (सदस्य)
पवन यादव (सदस्य)
रामप्रसाद अधिकारी (सदस्य)
नेत्रप्रसाद दाहाल (सदस्य)
खुलप्रसाद गौतम (सदस्य)
हरिशप्रसाद भट्ट (सदस्य सचिव)

**विशेष परामर्श** : प्रा.डा. प्रेमकुमार खत्री
प्राज्ञ शशी लुमुम्बू
उपप्रा. देवीप्रसाद घिमिरे
डा. गणेशप्रसाद भट्टराई

**पाठ्यक्रम निर्माण/लेखन** : जिचेन स्याङतान
प्रकाश खड्का
मिमबहादुर परियार
राम बर्तौला

**परियोजना संयोजन** : शुक्रराज राई
**पाठ्यक्रम निर्माण परामर्श सेवा** : सेलो फाउन्डेशन, काठमाडौं
**इमेल** : crcnepal2080@gmail.com
**आवरणकला/लेआउट** : आर्या क्रिएसन, कौशलटार, भक्तपुर
**सर्वाधिकार ©** : प्रकाशकमा
**संस्करण** : प्रथम, २०८०

# नगरप्रमुखको मन्तव्य



जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय परिवेश र चिनारीलाई सम्बोधन गर्ने हेतुले जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम, २०८० (कक्षा १-८) निर्माण गरिएको छ। जीतपुरसिमरा उपमहानगरपालिकाको समाज बहुसांस्कृतिक छ। यहाँ भाषिक, समुदायगत र सांस्कृतिक वैविध्य पाइन्छ। यो ठाउँमा रहेको भौगोलिक र सांस्कृतिक विविधताको पहिचान आजको आवश्यकता हो। जीतपुरसिमराको परिवेश र चिनारीलाई विद्यार्थीको मनमस्तिष्कमा स्थापित गराउनु हाम्रो दायित्व हो। यी कुरालाई स्थानीय पाठ्यक्रम र स्थानीय पाठ्यक्रममा आधारित भएर लेखिने पाठ्यपुस्तकहरूले सम्बोधन गर्ने छन्।

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरद्वारा जारी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाहरूको संलग्नतामा स्थानीय सरकारलाई पाठ्यक्रम विकास तथा निर्माण गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। नेपालको संविधान, २०७२ को अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षामाथि स्थानीय तहको अधिकार रहने व्यवस्था गरिएको छ। यसै सन्दर्भमा संविधान र त्यसअन्तर्गत बनेका विभिन्न कानुनी प्रावधानहरूको अधीनस्थ रही जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका सम्पूर्ण सरकारी तथा सामुदायिक विद्यालयमा स्थानीयता झल्कने पाठ्यक्रम शैक्षिक सत्र २०८१ देखि लागु भएको हो। जीतपुरसिमरा उपमहानगरपालिकाका विद्यार्थीलाई स्थानीय स्रोतसाधनको सम्भावना र महत्त्व पहिचान गर्न सक्ने बनाउनु पाठ्यक्रमको मूल लक्ष्य हो। जीतपुरसिमरामा सिप, संस्कार र समावेशिताको लोभलाग्दो नमुना पाइन्छ। पर्यटकीय दृष्टिकोणबाट पनि अत्यन्तै उपयुक्त यस उपमहानगरपालिकामा धेरै राम्रो सम्भावना छ। यस्ता विषय आगामी पुस्तालाई हस्तान्तरण गर्ने र आवश्यकताअनुसार विकास गर्ने यो पाठ्यक्रमको ध्येय रहेको छ।

पाठ्यक्रम र पाठ्यपुस्तकले गर्ने काम भनेको धारणाको निर्माण हो। त्यस धारणालाई थप स्पष्टताका साथ उजागर गर्ने जिम्मा विद्यालय र शिक्षकमा रहन्छ। पाठ्यक्रम विकास तथा निर्माणको काम स्थानीय विज्ञहरू र राष्ट्रिय स्तरका अनुभवी विज्ञहरूको संयोजनबाट भएकाले यो पाठ्यक्रम गुणस्तरीय बनेको विश्वास गर्न सकिन्छ। सरोकारवाला सबैको साझा प्रयत्नबाट अपेक्षित उपलब्धि हासिल हुन्छ भन्ने कुरामा हाम्रो विश्वास छ। नगर कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरू, नगर शिक्षा समिति, स्थानीय पाठ्यक्रम निर्माण समिति, कर्मचारी वर्ग, प्रबुद्ध शिक्षक वर्ग, समाजका अगुवा र सरोकारवाला सबैको जागरूकता, सहयोग र समर्थनका कारण पाठ्यक्रम यस रूपमा आएको छ। सेलो फाउन्डेशन, काठमाडौँले यस जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण समितिसँग समन्वय गरी विभिन्न चरणमा यस उपमहानगरपालिकाका सबै वडाको स्थलगत भ्रमणमार्फत सरोकारवालाहरूसम्म पुगेर खोज-अन्वेषण, अध्ययन-अनुसन्धान गरी यो पाठ्यक्रम तयार पारेको छ। यसका लागि सेलो फाउन्डेशन, काठमाडौं तथा यस कार्यमा संलग्न विज्ञहरूप्रति जीतपुरसिमरा उपमहानगरपालिका हार्दिक आभार व्यक्त गर्दछ। समय र आवश्यकताअनुसार पाठ्यक्रम परिमार्जन हुँदै जाने कुरा हो। यहाँहरूको रचनात्मक सल्लाह र सुझावले आगामी दिनमा पाठ्यक्रमको गुणस्तर अझै राम्रो हुँदै जाने कुरामा हाम्रो विश्वास रहेको छ। यो स्थानीय पाठ्यक्रम निर्माणको कार्यमा प्रत्यक्ष वा परोक्ष रूपले संलग्न सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**राजन पौडेल**
नगरप्रमुख

# नगरउपप्रमुखको मन्तव्य



नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उपमहानगरपालिका तथा नगरपालिकाको आधारभूत र माध्यमिक तहको अधिकारभित्र २३ ओटा अधिकार निर्दिष्ट गरिएका छन्। शिक्षाको विकास नभएसम्म अरू कुराको विकासले गति लिन सक्दैन। यसै कुरालाई मनन गर्दै हामीले जीतपुरसिमरा उपमहानगरपालिकाको शैक्षिक क्षेत्रलाई गुणस्तरीय र उत्कृष्ट बनाउन प्रयत्न गरिरहेका छौँ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार स्थानीय पाठ्यक्रम विकास तथा पाठ्यपुस्तक निर्माण र वितरणको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। यसै कुरालाई आत्मसात् गर्दै जीतपुरसिमरा उपमहानगरपालिकाले शैक्षिक सत्र २०८१ देखि 'हाम्रो जीतपुरसिमरा' नामक स्थानीय पाठ्यक्रम विकास गरी कक्षा (१-८) मा लागु गर्ने योजनाअनुरूप यो पाठ्यक्रम तपाईंहरूसमक्ष आएको छ।

जीतपुरसिमराको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यटन, कृषि, खेलकुद, मनोरञ्जन, रैथाने ज्ञान, सिप, कला, प्रविधिलगायतका समग्र पक्षहरूलाई समुचित ढङ्गले समेटिएको छ। यस पाठ्यक्रमले जीतपुरसिमराको वास्तविक पहिचान दिन सक्ने छ भन्ने हाम्रो विश्वास रहेको छ। जीतपुरसिमरा उपमहानगरपालिकाको समग्र पहिचान झल्कने गरी तयार गरिएको स्थानीय पाठ्यक्रमले जीतपुरसिमरा उपमहानगरपालिकाको समग्र परिचयसहितका विषयवस्तुहरू समेटेको छ। यसो हुनाले यो पाठ्यक्रम जीतपुरसिमरा उपमहानगरपालिका र यहाँका नागरिकका लागि मौलिक तथा बौद्धिक सम्पत्तिका रूपमा रहने कुरामा हामी विश्वस्त छौँ।

विभिन्न पालिकाहरूको स्थानीय पाठ्यक्रम विकास तथा निर्माण कार्यको अनुभवप्राप्त परामर्शदाता संस्था र उक्त संस्थासँग आबद्ध अनुभवी विज्ञहरूद्वारा यो पाठ्यक्रम तयार भएको छ। यसका लागि म सेलो फाउन्डेशन, काठमाडौँ र यस संस्थासँग आबद्ध विज्ञ महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। यसका साथै प्रमुख प्रशाकीय अधिकृत तथा स्थानीय पाठ्यक्रम निर्माण समितिका संयोजक शिवजी प्रसाद, शिक्षा शाखा प्रमुख हरिशप्रसाद भट्ट, सम्बन्धित कर्मचारीहरू, स्थानीय पाठ्यक्रम निर्माण समितिका  सदस्यहरू, पाठ्यक्रममा स्थानीय विषयवस्तु समेट्न अनुसन्धाताहरूलाई सूचना, सल्लाह र सुझाव दिनुहुने जनप्रतिनिधिज्यूहरू, शिक्षक प्रतिनिधिज्यू, सरोकारवाला सबैमा आभार प्रकट गर्दछु।

अन्त्यमा, यस पाठ्यक्रमको सफल कार्यान्वयनमा यस उपमहानगरपालिकाका सम्पूर्ण विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यज्यूहरू, प्रधानाध्यापकज्यूहरू, शिक्षक-शिक्षिकाज्यूहरू, उपमहानगरपालिकाभित्रका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी भाइबहिनीहरू, अभिभावक र जनप्रतिनिधिहरूको सार्थक प्रयास रहने विश्वाससहित यस पाठ्यक्रमको सफल कार्यान्वयनका निम्ति सबैसँग सादर अनुरोध गर्दछु।

**भोलाप्रसाद अधिकारी**
नगरउपप्रमुख

# प्रमुख प्रशासकीय अधिकृत तथा संयोजकको भनाइ



सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ ले विद्यालय तहको शिक्षासम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहको कार्यक्षेत्रभित्र राखेपछि संविधानबाट प्राप्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६ तथा एकीकृत पाठ्यक्रम-२०७६ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न निर्देश गरेको छ।

यसैअनुसार जीतपुरसिमरा उपमहानगरपालिकाले आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रमअनुसार स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गरी उपमहानगरपालिकाभित्रका विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म लागु गर्ने लक्ष्यअनुसार स्थानीय पाठ्यक्रम तयार भएको छ। यस स्थानीय पाठ्यक्रमले उपमहानगरपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई समेटेको छ। यसबाट विद्यार्थीले औपचारिक रूपमा आफ्नो उपमहानगरपालिकाको भूगोल, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचानसहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन्। साथै, यस पाठ्यक्रमले विद्यार्थीहरूलाई उपमहानगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सोसम्बन्धी ज्ञान तथा सिपसमेत हासिल गराउने छ। रैथाने प्रविधि तथा परम्परागत सामग्रीहरूलाई समेत यस पाठ्यक्रमले संरक्षण, संवर्द्धन र विकास गर्न सहयोग पुऱ्याउनेछ।

यसै गरी यस पाठ्यक्रमले रैथाने कला, कौशल, भाषा, वेशभूषा, संस्कृति र असल आचरणसमेतको विकास गरी विद्यार्थीहरूलाई असल एवम् सक्षम नागरिक बन्न सघाउ पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ। यो पाठ्यक्रम २०८१ सालको शैक्षिक सत्रदेखि कक्षा १-८ मा लागु गरिएको छ। पाठ्यक्रम विकास तथा निर्माण कार्यमा संलग्न रहनुहुने विज्ञ तथा विद्वान् महानुभावहरू सबैलाई धन्यवाद दिन चाहन्छु। उपमहानगरपालिकाभित्रका सामुदायिक तथा निजी सबै विद्यालयले यो पाठ्यक्रमको महत्त्व र गरिमालाई आत्मसात् गर्दै प्रभावकारी तरिकाले पठनपाठनलाई व्यवस्थित गर्नुहुने कुरामा म पूर्णरूपले विश्वस्त छु।

**शिवजी प्रसाद**
प्रमुख प्रशासकीय अधिकृत
तथा
स्थानीय पाठ्यक्रम निर्माण समिति संयोजक

# शिक्षा शाखा प्रमुखको भनाइ



जीतपुरसिमरा उपमहानगरपालिकाले शैक्षिक सत्र २०८१ देखि उपमहानगरपालिकाको विशिष्ट पहिचान झल्किने स्थानीय पाठ्यक्रम तयार पारी लागु गरेको छ। राष्ट्रिय पाठ्यक्रमको अवधारणाअनुसार विद्यालय तहमा निहित शिक्षासम्बन्धी अधिकारबमोजिम स्थानीय विषयलाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् स्तरीय बनाउने अभिप्रायले स्थानीय आवश्यकतालाई पाठ्यक्रममा सम्बोधन गर्न स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी र बुद्धिजीवीबाट रायसुझाव सङ्कलन गरी सेलो फाउन्डेशन, काठमाडौँले उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम विकास समन्वय समितिको प्रत्यक्ष सल्लाह, सुझाव र निर्देशनमा अनुभवप्राप्त विज्ञहरूको सहयोगमा यो पाठ्यक्रम तयार पारेको छ। यो पाठ्यक्रम कक्षा १ देखि ८ सम्म नै लागु गरिने कार्यक्रमअनुसार सामुदायिक तथा संस्थागत विद्यालयहरूमा लागु गरिएको छ। समसामयिक परिवेशमा रहेका पाठ्यवस्तु बदलिँदो विषय, स्थानीय आवश्यकता र प्रविधिको पहिचान गराउने, भावी सन्ततिलाई सूचना तथा सञ्चार प्रविधिको बोध र पहिचान गराउने अभिप्राय यो पाठ्यक्रमको रहेको छ। यसमा जीवनोपयोगी, व्यावहारिक तथा कुशल सिपहरूलाई समेत एकीकृत गरिएको छ।

यो पाठ्यक्रम विकास गर्दा जीतपुरसिमरा उपमहानगरपालिकाभित्र रहेका भौगोलिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक तथा भाषिकलगायतका विविधतालाई सम्मान हुने गरी काम गरिएको छ। स्थानीय विषयवस्तुमा आधारित यस पाठ्यक्रमको विकास, निर्माण तथा लेखन प्रक्रियामा उत्साहका साथ निरन्तर लाग्नुभएका तथा पाठ्यक्रमको आधार तयार गर्न सक्रिय सहभागिता जनाउनुहुने नगर शिक्षा समिति, स्थानीय पाठ्यक्रम निर्माण समिति, विषय शिक्षकहरू, प्रधानाध्यापक, विषयविज्ञ सबैप्रति कृतज्ञता व्यक्त गर्दै सहयोगका लागि धन्यवाद व्यक्त गर्दछु । साथै, सेलो फाउन्डेशन, काठमाडौँको गहन र उत्कृष्ट कार्यको प्रशंसा गर्दछु।

**हरिशप्रसाद भट्ट**
शिक्षा शाखा प्रमुख

# प्राक्कथन

स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखनको क्षेत्रमा सेलो फाउण्डेशन अनुभवी संस्था हो। यस संस्थाले जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गर्नुभन्दा अगाडि अन्य स्थानीय तहमा समेत काम गरिसकेको छ। साथसाथै पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक निर्माण कार्यमा लामो समय खर्चेका, विश्वविद्यालय तथा अन्तर्राष्ट्रिय जगत्मै नाम कहलिएको विश्वविद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकसमेत अध्यापन गरिरहेका विज्ञ यस संस्थामा संलग्न रहेका छन्। यस उपमहानगरपालिकाको पाठ्यक्रम निर्माणका क्रममा भूगोल, संस्कृति, अर्थशास्त्र, पर्यटन, बाल मनोविज्ञान, स्थानीय पाठ्यक्रम र अन्य विषयका विज्ञलाई समेत संलग्न गरिएको छ। पाठ्यक्रम निर्माणका क्रममा संस्थामा आबद्ध आफ्ना विज्ञका साथै अन्य बाह्य विज्ञसँग समेत छलफल तथा अन्तरक्रिया गरी आवश्यक सुझाव सङ्कलन गरिएको छ।

यस उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणका क्रममा खासगरी विषयक्षेत्र र त्यससँग जोडिएका विभिन्न विषयवस्तु र स्थानीय पाठ्यक्रमको ढाँचालाई मुख्य आधार बनाइएको छ। यी दुई आयामका आधारमा यो पाठ्यक्रम निर्माण भएको छ। स्थानीय जनसमुदायको आवश्यकतालाई मध्यनजर राख्दै स्थानीय पाठ्यक्रम निर्माण गरिने हुनाले प्रश्नावलीको सहायताले अध्ययन भ्रमणका आधारमा विभिन्न विषयका स्थानीय विज्ञसँग सहयोग तथा सल्लाह लिई आवश्यक सन्दर्भसामग्री सङ्कलन गरिएको छ। त्यसपछि ती काँचा सन्दर्भसामग्रीलाई फरक फरक विषयका फरक फरक विज्ञले आआफ्नो विषयको चस्माले हेर्दै त्यसैका आधारमा सन्दर्भसामग्रीलाई सम्पादन तथा प्रशोधन गरिएको छ। यसरी स्थानीय विज्ञबाट विषयवस्तु लिनुका अलावा विषयवस्तुलाई समेट्दा अन्य चार फरक आयामलाई पनि केन्द्रविन्दुमा राखिएको छ। ती चार फरक आयामहरूः विश्वव्यापीकरण, व्यवहारमा परिवर्तन, बौद्धिक पलायन र जलवायु परिवर्तन हुन्।

विश्वव्यापीकरणको रङले केही राम्रा विषयवस्तु हामीमाझ परिचित गराए पनि हाम्रा भूगोल, पर्यावरण, जैविक विविधता, पूर्वाधार, रैथाने ज्ञान, कला, सिप, प्रविधि, संस्कृति, कृषि प्रणाली र अन्य विषयलाई ठुला माछाले साना माछालाई निलेजस्तै ओझेलमा पारिदिएको छ। यसकारण यस विषयवस्तुलाई यस पाठ्यक्रममा समेट्न खोजिएको छ। यस क्रममा जीतपुरसिमराको बहुसांस्कृतिक समाजलाई पर्गेल्ने जमर्को गरेका छौँ। यहाँको समाज कसरी सहिष्णुताका साथ बाँचेको छ भनेर हामीले यसमा देखाउन प्रयास गरेका छौँ र किनारामा परेका सौन्दर्यलाई पनि समेट्न भरपुर प्रयास गरेका छौँ। यसरी एउटा पाटो देखाउँदै गर्दा यहाँ विद्यमान सामाजिक अन्तरविरोधलाई समेत ख्याल गरिएको छ। सामाजिक अन्तरविरोधलाई देखाउँदै गर्दा त्यसलाई समाधान गर्न विभिन्न विकल्पसमेत बालमस्तिष्कले भेट्ने गरी चित्रणसमेत गर्न खोजिएको छ।

शिक्षाको मूल ध्येय भनेको परिवर्तन हो। परिवर्तन हाम्रो सोचमा मात्र हैन, व्यक्तित्व र व्यवहारमा पनि आउन जरुरी छ। कुनै पनि गाउँ, समाज र राष्ट्र निर्माणमा त्यस समाज तथा राष्ट्रका नागरिकको सहभागिता अर्थपूर्ण रहन्छ। विज्ञान र प्रविधिले संसारभरका मानिसलाई फूलका थुँगाजस्तै गाँस्दै गर्दा अर्कोतर्फ मानिसलाई मानिसबाटै टाढा बनाउँदै लगिरहेको छ। विज्ञान र प्रविधिभित्र लुकेको भुलभुलैया र समाज विकासका क्रममा देखा परेको चरित्रले मानिस दिनानुदिन एकलकाँटे र आफू केन्द्रित भइरहेको अवस्थामा यस पाठ्यक्रममा सामूहिकताको भावनालाई उजागर गर्न खोजिएको छ। यसका लागि हाम्रा चालचलन तथा संस्कृतिभित्र लुप्त कतिपय दृष्टान्तलाई बालमैत्री तवरले पेस गरेका छौँ। समय क्रममा मानिसहरू आआफ्ना क्षेत्रका विज्ञ तथा विभिन्न विषयमा विद्वान् हुनुभन्दा अगाडि असल मानिस हुन अत्यन्त जरुरी छ। असल मानिसले मात्र आदर्श परिवार, आदर्श समाज, आदर्श गाउँ र आदर्श राष्ट्र निर्माण गर्न सम्भव छ। यस चेतनालाई यस पाठ्यक्रमको सहायताले सम्बोधन गर्न खोजिएको छ। नेपालको अहिलेको सबैभन्दा ठुलो समस्या बौद्धिक पलायन पनि हो। विदेशी भूमिमा गएर राष्ट्रलाई रेमिट्यान्स पठाउनु र राष्ट्रको ढुकुटी भर्नु राम्रो हो तर यसले गर्दा स्थानीय जनशक्तिको अभाव हुनु, गाउँ तथा सहरका जमिन बाँझो हुनु, देशमा युवा जमातको अभाव हुनु अर्को दुःखलाग्दो कुरा हो। यस विषयवस्तुलाई पनि यो पाठ्यक्रममा सम्बोधन गर्न खोजिएको छ। आफ्नो गाउँ, समाज र

राष्ट्रभित्रको भूगोल, संस्कृति र स्थानीय अर्थतन्त्रलाई राम्ररी छाम्ने प्रयास गर्दै यसभित्र अनन्त सम्भावना खोज्नुपर्छ भन्ने विषयवस्तुलाई यस पाठ्यक्रममा जोड दिइएको छ। हाम्रो आफ्नो समाज, गाउँ र राष्ट्र अरू कसैले बनाउँदैन। यसमा हाम्रो आफ्नो उपस्थिति नै बलियो हुनु जरुरी छ र स्वावलम्बी अर्थतन्त्रका लागि योभन्दा अरू कुनै बलियो विकल्प छैन।

अहिले विश्वको सबैभन्दा ठुलो मुद्दा भनेको विश्व तापमान र जलवायु परिवर्तन पनि हो। यी दुई समस्याका कारण विश्वमा कैयौँ समस्या देखा पर्न थालेका छन्। हामी पनि यही पृथ्वीको एक अभिन्न अङ्ग भएको र पृथ्वीमा रहेका बोटबिरुवा, कीटपतङ्ग, जीवजन्तुलगायत अन्य वस्तुका समेत अभिभावक भएको नाताले यसप्रति हाम्रो ठुलो दायित्व रहन्छ। हाम्रा स्थानीय विकासे योजनाले यसमा के कसरी असर पारिरहेको छ र यी समस्यालाई न्यूनीकरण गर्न के गर्न सकिन्छ भनेर पनि यस पाठ्यक्रममा उल्लेख गरिएको छ। यस विषयलाई पाठ्यक्रमभित्र समेट्दा यस उपमहानगरपालिकामा रहेको चुरे-भावरको परिचय, यसको हालको अवस्था र तराईमधेशको पर्यावरण तथा जैविक विविधतालाई सन्तुलित राख्न यसले खेलेको भूमिकालाई समेत विशेष रूपमा ख्याल गरिएको छ।

स्थानीय पाठ्यक्रममा विषयवस्तुलाई प्रधान पक्षको रूपमा लिइए पनि यसको ढाँचा तथा स्वरूपलाई गौण मान्न कदापि सकिँदैन। यसका लागि नेपालको संविधानको मूल मर्म र पाठ्यक्रम विकास केन्द्र (भक्तपुर) ले विभिन्न कालखण्डमा निकालेका विभिन्न दिग्दर्शन तथा निर्देशिकालाई आधार बनाइएको छ। यसका अलावा अन्तर्राष्ट्रिय अभ्यासलाई समेत यस पाठ्यक्रमममा हृदयङ्गम गरिएको छ। यसका लागि यस संस्थामा आबद्ध विज्ञहरूले अन्य स्थानीय तहमा निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई पनि आधार बनाइएको छ। स्थानीय पाठ्यक्रम हाम्रो देशले भन्दा अगाडि अन्य राष्ट्रहरूले अभ्यास गरिसकेको विषयवस्तु हो। ती राष्ट्रहरूमा अभ्यास गरिसकेका स्थानीय पाठ्यक्रमलाई पनि सन्दर्भस्रोतका रूपमा ग्रहण गरिएको छ। यसका लागि मूलतः स्क्यान्डिनेभियन राष्ट्रका स्थानीय पाठ्यक्रमलाई विशेष रूपमा अध्ययन गरिएको थियो किनभने ती राष्ट्रमा अभ्यासमा रहेका स्थानीय पाठ्यक्रमलाई संसारकै उत्कृष्ट स्थानीय पाठ्यक्रम मानिएको छ। गर्नै परे उत्कृष्टकै अनुकरण गरौँ भनेर ती मुलुकका स्थानीय पाठ्यक्रमलाई केही हदसम्म अनुकरण गर्न खोजिएको छ। यसकारण यो पाठ्यक्रममा ती राष्ट्रका स्थानीय पाठ्यक्रमका बाछिटा कतै कतै देख्न सकिन्छ। तर, यसो गर्दा जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय सुगन्ध नहराओस् भनेर पनि निकै ख्याल गरिएको छ।

यस पाठ्यक्रमलाई कुन हदसम्म लागु गर्ने भन्ने विषयमा शिक्षकहरूको ठुलो हात रहन्छ। पाठ्यक्रम एउटा नक्सा हो। नक्सा आफैँले कहिल्यै यात्रा गर्न सक्दैन तर यात्राका लागि दिशानिर्देश भने पक्कै गर्छ र गरिरहन्छ। पाठ्यक्रमरूपी नक्सालाई कसरी चलाउने र यसलाई प्रयोग गरेर गन्तव्यसम्म कसरी पुग्ने भन्ने विषयमा हामी दुबिधामा छैनौँ। यस विषयमा सृजनशील शिक्षक मित्रप्रति हाम्रो पूर्ण विश्वास रहेको छ। यस पाठ्यक्रम निर्माण कार्यमा गहन भूमिका निर्वाह गरी सहयोग गर्नुहुने नगर शिक्षा समितिका अध्यक्ष नगरप्रमुखज्यू, उपप्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, सदस्यज्यूहरू, शिक्षा शाखा प्रमुखज्यू, नगर शिक्षा समितिका सदस्यज्यूहरू, स्थानीय पाठ्यक्रम निर्माण समितिका सदस्यज्यूहरू, यस फाउन्डेशनमा आबद्ध प्राज्ञिक निर्देशक जिचेन स्याङतान तथा अन्य विज्ञहरू प्रकाश खड्का, मिमबहादुर परियार र राम बर्तौलाप्रति हार्दिक धन्यवाद ।

पाठ्यक्रम निर्माणका क्रममा अमूल्य सल्लाह-सुझाव दिनुहुने संस्कृतिविद् प्रा.डा. प्रेम खत्री, कवि, लेखक तथा संस्कृति अन्वेषक प्राज्ञ शशी लुमुम्बू, रत्नराज्य क्याम्पसका उपप्राध्यापक देवीप्रसाद घिमिरे र पाठ्यक्रम विकास केन्द्रका पूर्वनिर्देशक डा. गणेशप्रसाद भट्टराईप्रति धेरै धेरै धन्यवाद । यसैगरी यस पाठ्यक्रमलाई मूर्त रूप दिन यस संस्थालाई दिइएको अभिभाराप्रति जीतपुरसिमरा उपमहानगरपालिकाप्रति यो फाउन्डेशन कृज्ञतासहित विशेष आभार प्रकट गर्दछ। यसरी नै स्थानीय पाठ्यक्रम निर्माण पूर्व तयारीका क्रममा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्यका सन्दर्भमा सम्पूर्ण वडाको स्थलगत अध्ययन-अनुसन्धान भ्रमणको संयोजकीय भूमिका निर्वाह गर्नुहुने जगत्मान तामाङ, शुक्रराज राई र वसन्त मुकारुङप्रति हार्दिक धन्यवाद ।

**सेलो फाउन्डेशन**
काठमाडौँ

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | ११ |
| २. | तहगत सक्षमता | १४ |
| ३. | विषयवस्तुको क्षेत्र र क्रम | २४ |
| ४. | विषयवस्तुको विस्तृतीकरण | ३४ |
| ५. | एकीकृत पाठ्यक्रमका मूलभूत मान्यता र जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम | १४७ |
| ६. | कार्यघण्टा वितरण तालिका | १४९ |
| ७. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | १५१ |
| ८. | विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख नमुना (कक्षा १-३) | १६२ |
| ९. | सन्दर्भ सामग्री | १६३ |

## १. परिचय

समयक्रममा विश्वको भूगोल नै साँघुरिएर गएको छ। यसरी सिङ्गो भूगोललाई साँघुरो बनाउने काम विज्ञान र प्रविधिको उच्चतम विकाससँगसँगै सुरु भयो। अहिले आएर विश्व एउटा सानो गाउँमा बदलिसकेको छ। मानिसहरूले आफूलाई यही गाउँको एक नागरिक हुँ भन्ने गरेका छन्। यसले गर्दा यसभन्दा अगाडि अज्ञात रहेका कैयौँ विषयवस्तु हामीमाझ खुलेर आए। विश्व घटनाबाट कोही पनि टाढा रहने अवस्था आएन। यसरी विश्व नै अहिले विश्वव्यापीकरणको प्रक्रियामा छ। यो प्रक्रियाले हाम्रो शिक्षा प्रणालीलाई समेत छोएको छ। एकातिर विद्यार्थीहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक जनशक्तिका रूपमा प्रस्तुत हुनुपर्ने चुनौती छ भने अर्कोतिर विश्वव्यापीकरणको प्रवाहमा आफ्नो स्थानीय स्रोतसाधन, संस्कृति, पर्यावरण, रैथाने ज्ञान, सिप र परम्पराजस्ता विषयलाई लोप हुनबाट जोगाउँदै अन्तर्राष्ट्रियकरण गर्नुपर्ने दायित्व छ। विश्व दृष्टिकोण तथा विश्वका घटना तथा परिघटनालाई आत्मसात् गर्दै गर्दा हामीसँग भएका हाम्रा आफ्नै विषयवस्तुलाई समेत सकेसम्म अन्तर्राष्ट्रिय मञ्चमा समेत पुऱ्याउनु आवश्यक छ। यस विषयलाई मध्यनजर राख्दै जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीयतालाई उजागर गर्नुका साथै आधारभूत तह (कक्षा १ देखि ८ सम्म) का विद्यार्थीलाई आफ्नो भूमि, पर्यावरण, संस्कृति, इतिहास, परम्पराप्रति गौरवबोध गर्न सिकाउँदै यस भूमिभित्रका सम्भावनाहरूको खोजी गर्ने तथा यहाँको पर्यावरणको संरक्षण गर्दै सिपमूलक नागरिक बन्ने दिशामा सहयोग पुऱ्याउनु यो स्थानीय पाठ्यक्रमको लक्ष्य हो।

एक्काइसौँ शताब्दीका हाम्रा विद्यार्थीहरूले आफ्नो स्थानीय तहका भूगोल, जैविक विविधता, पर्यावरण, कला-संस्कृति, पर्यटन, कृषि, व्यापार, व्यवसाय, उद्योग, पेसा, स्वास्थ्य तथा सरसफाइ, व्यक्तित्व विकास, खेलकुद तथा मनोरञ्जनजस्ता विषयवस्तुको जानकारी राख्दै तिनीहरूभित्र निहित सम्भावना तथा समस्या खोज्न सक्नुपर्दछ। परापूर्वकालदेखि समाजमा चलिआएका विभिन्न रीतिथिति, चालचलन, प्रथा, परम्परा, सांस्कृतिक सम्पदा, मूल्य- मान्यताको संरक्षण, प्रवर्द्धन र समयानुकूल परिमार्जन गर्नु पनि आजको सामाजिक दायित्व हो। स्थानीय तहमा रहेका विभिन्न स्रोतसाधनको समुचित तरिकाले उपयोग गर्दै कृषि, उद्योग, व्यापार र वाणिज्यको विकासमार्फत आर्थिक गतिविधि बढाएर स्थानीयवासीको आयआर्जन वृद्धि गरी गुणस्तरीय जीवनयापनको वातावरण तयार गर्न सकिन्छ।

पृथ्वी मानव जातिको मात्र नभएर यहाँ रहेका सम्पूर्ण जीवजन्तु र वनस्पतिको समेत साझा घर भएकाले पर्यावरण र जैविक विविधताको संरक्षण गर्नुपर्ने अपरिहार्य दायित्वलाई विद्यार्थीहरूले विद्यालय स्तरबाटै मनन गर्नु र त्यसलाई व्यवहारमा उतार्नु जरुरी छ। औद्योगिक क्रान्तिपश्चात् आएको विकासे बाढीले वातावरणमा ठुलो ह्रास आएको छ। विश्व तापमान र जलवायु परिवर्तन अहिलेका ठुला समस्या हुन्। यसलाई समेत हामीले झेल्नुपर्ने अवस्था छ। वातावरणीय प्रदूषण र व्यस्तताका कारण आजको मानव समुदाय यान्त्रिक जीवन जिउन विवश छ। फलतः मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको छ। यो परिस्थितिमा मानिस शारीरिक, मानसिक र संवेगात्मक रूपले स्वस्थ रहनका लागि उसको परिवेश स्वच्छ र सफा हुनु जरुरी छ। बाढी, पहिरो, आगलागी, नदी कटान, चट्याङ, भूकम्प, हावाहुरी, खडेरी, अतिवृष्टि, अनावृष्टिजस्ता प्राकृतिक प्रकोपका कारण हुने जनधनको अपूरणीय क्षति न्यूनीकरण गर्नु तथा पूर्वसावधानी अपनाउनु आवश्यक छ। प्राकृतिक विपद् आइलागिसकेपछि त्यसको प्रतिकार्य योजना बनाएर व्यवस्थापन गर्नु व्यक्ति, समाज र सरकारको समेत मानवीय

दायित्व हो भन्ने कुरा हाम्रा भविष्यका कर्णधारहरूले बुझेर सोहीअनुसार व्यवहार गरेमा समाज अझै बढी मानवीय बन्न सक्दछ। मानिस सामाजिक प्राणी हो। उसले समाजमा बसेपछि त्यसभित्रका सामाजिक, सांस्कृतिक, राजनीतिक र प्रशासनिक संरचनाहरूको ज्ञान राख्नुपर्दछ। यो उसको नागरिक दायित्व हो। स्थानीय तहको संरचना पनि यसैसँग सम्बन्धित एउटा पाटो हो। बालबालिकामा यस प्रकारका कार्य गर्न सक्ने ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्ने उद्देश्यका साथ पाठ्यक्रमलाई व्यवस्थित गर्ने प्रयत्न गरिएको छ। साथै, यान्त्रिक जीवनबाट मानिसलाई मानसिक रूपमा स्वस्थ र खुसी राख्न खेलकुद, मनोरञ्जन र ध्यान-योगको उच्च महत्त्व रहेको छ।

पाठ्यक्रम आफैँमा सम्पूर्ण होइन। यो पठनपाठनको मार्गचित्र मात्र हो। यसको व्यावहारिक कार्यान्वयनमा शिक्षकको गहन भूमिका तथा जिम्मेवारी हुन्छ। शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापमा सहजता प्रदान गर्न विषयवस्तुको विस्तृतीकरण पनि आवश्यक हुन्छ। यस पाठ्यक्रमको कार्यान्वयनमा शिक्षकलाई आफ्ना शिक्षण सिकाइ क्रियाकलापहरू तय गर्न थप सहयोग पुग्न जाने हेतुले मूल्याङ्कन प्रक्रियाका नमुनासमेत समावेश गरिएको छ। शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षक स्वयम्ले पनि यससम्बन्धी अत्याधुनिक प्रविधिहरूलाई कक्षाकोठासम्म पुऱ्याउने प्रयत्न गर्नुपर्दछ।

नेपाल सरकार शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले स्थानीय आवश्यकतालाई सम्बोधन गर्दै कक्षा १ देखि ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तहलाई पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने जिम्मेवारी प्रदान गरेको छ। यसैअनुरूप यस जीतपुरसिमरा उपमहानगरपालिकाका स्थानीय निकायका कर्मचारी, राजनीतिक दलका नेता तथा प्रतिनिधि, नागरिक समाजका सदस्य, गैरसरकारी संस्थाका प्रतिनिधि, सामुदायिक सङ्घसंस्थाका प्रतिनिधि, स्थानीय विज्ञ, अगुवा नागरिक, पेसागत निकायका प्रतिनिधि, स्थानीय निकायका पूर्वप्रतिनिधि, अधिकारकर्मी, शिक्षक, बुद्धिजीवीलगायत अन्य सरोकारवालाको सक्रिय सहभागिता र उनीहरूसँगको छलफलका आधारमा उनीहरूकै विज्ञताको उपयोग गर्दै यो पाठ्यक्रम निर्माण गरिएको हो। यस सन्दर्भमा समृद्ध नेपालको राष्ट्रिय सपनालाई साकार पार्न दूरदराजका गाउँबस्ती, स्थानीय सभ्यता र स्रोतसाधनको समेत विकास, उजागर र सदुपयोग हुनु आवश्यक छ। यसका लागि हाम्रा युवायुवतीहरूले आफ्नै भूमिभित्र माटो सुहाउँदो विकासका सम्भावना खोज्नुपर्दछ। त्यसकारण जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका बालबालिकाले आफ्नो भूमिमाथि प्रेम र आस्था देखाउँदै अपनत्वको भावनासहित भविष्यमा रोजगारी र आयआर्जनका सम्भावनाहरू खोज्न सक्नेछन् भन्ने अपेक्षा यो पाठ्यक्रमले राखेको छ।

एकीकृत पाठ्यक्रम एक विश्वव्यापी मान्यता हो। यो मान्यतालाई आत्मसात् गर्दै विद्यालय तहका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त र आधारअनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रमलाई एकीकृत संरचनामा ढाल्ने प्रयत्न गरिएको छ। पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरले शैक्षिक सत्र २०७७ देखि नेपालका सम्बन्धित सबै विद्यालयमा एकीकृत ढाँचाको पाठ्यक्रम लागु गरिसकेको छ। एकीकृत पाठ्यक्रम (Integrated Curriculum) लाई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले वि.सं. २०७६ माघ २ गते स्वीकृत गरेको हो। एकीकृत पाठ्यक्रमले निश्चित कक्षा

वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका निम्ति विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गरेको छ। एकीकृत संरचनाको पाठ्यक्रमले विभिन्न विषयको सिकाइलाई अन्तरसम्बन्धित बनाउँछ। यसले गर्दा सिकाइ बढी सान्दर्भिक र रुचिकर हुन्छ। एकीकृत ढाँचाको पाठ्यक्रमले विभिन्न व्यवहार-कुशल सिपहरू (Soft Skills) लाई सिकाइ प्रक्रियामा एकीकृत गरेको छ। माथि उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रममा कक्षा १ देखि ८ सम्म देहायबमोजिमका विषयक्षेत्रहरू निर्धारण गरिएको छ :

**कक्षा १ देखि ३ सम्म**

१. जीतपुरसिमराको सेरोफेरो
२. जीतपुरसिमराका संस्कार-संस्कृति
३. जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता
४. कृषि, पशुपालन र पेसा
५. स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास
६. खेलकुद तथा मनोरञ्जन

**कक्षा ४ र ५**

१. जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता
२. जीतपुरसिमराको संस्कार-संस्कृति
३. कृषि, पशुपालन, उद्योग, पेसा, व्यापार र व्यवसाय
४. नागरिक चेतना, नैतिक शिक्षा र सुशासन
५. स्वास्थ्य, सरसफाइ तथा व्यक्तित्व विकास
६. खेलकुद तथा मनोरञ्जन

**कक्षा ६, ७ र ८**

१. जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार
२. जीतपुरसिमराका सांस्कृतिक सम्पदा
३. प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन
४. नागरिक चेतना, नैतिक शिक्षा र सुशासन
५. कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय
६. व्यक्तित्व तथा नेतृत्व विकास

## २. तहगत सक्षमता

स्थानीय पाठ्यक्रमको सन्दर्भमा आधारभूत तह (कक्षा १-८) को अन्त्यमा विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

**कक्षा १ देखि ३ सम्म**

- जीतपुरसिमरा उपमहानगरपालिकाको नाम र आफू बस्ने ठाउँको नाम
- छिमेकी साथीको नाम र छिमेकीको महत्त्व (मातृभाषामा भावानुवादसहित)
- गाउँ/सहरको नाम, विद्यालयको नाम र ठेगाना (मातृभाषामा भावानुवादसहित)
- खोलानालानदीको अवस्थिति, नाम र खोलानालानदीमा पाइने चिजहरू
- आफ्नो घर तथा घर छेउको वनजङ्गलमा पाइने विभिन्न बोटबिरुवाका नाम
- घर तथा गाउँ वरपर पाइने विभिन्न चराका नाम तथा चराहरूको पहिचान
- जीतपुरसिमराका गाउँ तथा सहरका नाम र विभिन्न बस्तीका प्रकार साथै बस्तीका विशेषता
- रैथाने घरको अर्थ, रैथाने घरको उदाहरण र विशेषता
- घर छेउमा रहेका वनजङ्गलको पहिचान तथा यसको महत्त्व
- घरपालुवा जनावर, जङ्गली जनावरको परिचय र जीतपुरसिमरामा पाइने जङ्गली जनावरहरूको नाम
- जीतपुरसिमरामा पाइने विभिन्न फलफूलका नाम तथा गर्मी ठाउँमा फल्ने फलफूलका नाम
- जीतपुरसिमराको अवस्थिति र भौगोलिक वस्तुस्थिति
- सिमानाको अर्थ, दिशाको परिचय, जीतपुरसिमरा उ.म.न.पा.को उत्तर, दक्षिण, पूर्व र पश्चिममा पर्ने भौगोलिक संरचना
- तराईमधेश, चुरे, फाँट आदिको परिचय
- घर तथा गाउँमा रहेका दह तथा पोखरीको चिनारी, पोखरीको प्रयोग र यसको महत्त्व
- वरपिपल चौतारीको चिनारी, यसको विशेषता र महत्त्व
- जीतपुरसिमराका वनमा पाइने जङ्गली फलको पहिचान, तिनीहरूको नाम र जङ्गली फलको महत्त्व
- पानीका मुहानको चिनारी, पानीको स्रोतका लागि वनजङ्गलको महत्त्व
- नैतिक शिक्षा र शिष्टाचार
- मातृभाषाको बोध र प्रयोग
- घरमा पाक्ने खानेकुराको चिनारी, मन पर्ने तथा मन नपर्ने खानेकुरा
- पहिरनको महत्त्व, मौसमअनुसारका लुगा र आफूले लगाएको पहिरनको नाम
- तराईमधेशमा प्रचलित बाजाका चिनारी तथा ती बाजाहरूको धुन-पहिचान
- मन्दिर, गुम्बा, मस्जिद, चर्चको पहिचान र विभिन्न धर्मका नाम
- मितेरी साइनोको परिचय, मितेरी गाँस्ने तरिका र यसको महत्त्व
- हाम्रा मौलिक गरगहनाको चिनारी र तिनीहरूको नाम
- जीतपुरसिमरामा प्रचलित विभिन्न प्रकारका नाचगानका चिनारी र नाचगानको समयमा हुने विभिन्न क्रियाकलाप
- सापटी लिने चलनको अर्थ, उदाहरण र यसको अभ्यास
- विभिन्न धर्मका नाम र धर्मावलम्बीका पवित्र स्थलहरूको नाम
- मातृभाषाका आधारमा विभिन्न नातासम्बन्धको चिनारी
- जीतपुरसिमरामा मनाइने प्रमुख चाडपर्वका नाम र ती चाडपर्व मनाउँदा गरिने मुख्य मुख्य क्रियाकलाप
- अर्मपर्मको अर्थ, परिचय, यस चलनको अभ्यास र यसको फाइदा
- घरमा र गाउँमा रहेका विभिन्न रैथाने सिप, कला र प्रविधिको चिनारी र महत्त्व

- तराईमधेशमा जाडोको समयमा प्रचलित घुर ताप्ने चलन र यसको महत्त्व
- आफ्नो घरमा रहेको खानपिन संस्कृतिको परिचय र विभिन्न क्रियाकलाप
- जीतपुरसिमराका विभिन्न समुदायमा प्रचलित चित्रकलाको चिनारी तथा यसको महत्त्व
- नयाँ र रमाइला ठाउँ घुम्नुका फाइदा
- घर तथा गाउँ/सहर नजिकै रहेका पार्क तथा चौताराको परिचय र यी ठाउँ घुम्नुका फाइदा
- घर र विद्यालय नजिकैका रमाइला ठाउँहरूको चिनारी
- चराको पहिचान र चरा हेरेर मनोरञ्जल लिने अभ्यास
- वन्यजन्तु हेर्नका लागि घुम्ने अभ्यास/चलन
- पर्सा राष्ट्रिय निकुञ्जमा रहेको हात्तीसार अवलोकन, यसबाट लिन सकिने आर्थिक फाइदा र हात्तीमा सयर गर्दा ती जीवजन्तुलाई पर्ने दुःखकष्टका बारेमा आलोचनात्मक चेत
- जङ्गल सफारीको परिचय, यसबाट लिन सकिने आर्थिक लाभ र जीतपुरसिमरामा यसको अभ्यास
- पाहुनाको अर्थ, पाहुनाको सत्कार र पर्यटक हाम्रा पाहुना हुन् भन्ने बोध
- पदमार्गको परिचय, यसको जीतपुरसिमरामा सम्भावना र यसबाट हुनसक्ने फाइदा
- धार्मिक पर्यटनको परिचय, यसको सम्भावना र यसबाट लिन सकिने फाइदा
- विभिन्न उद्योग तथा कलकारखानाको अवलोकन तथा यसबाट हुने र हुनसक्ने आर्थिक लाभको जानकारी
- कृषि पर्यटनको अर्थ, यसको परिचय, यसको महत्त्व र यसले गाउँ तथा सहरलाई दिन सक्ने फाइदा
- आमा र बुवाले गर्ने काम, काम सानो/ठुलो हुँदैन भन्ने चेतना र कामको आम्दानीसँगको सम्बन्ध
- छिमेकीले गर्ने काम, व्यापार, व्यवसाय र कामको महत्त्व
- करेसाबारीको परिचय, करेसाबारीमा हुने तरकारी तथा मसलाका बिरुवा र करेसाबारीको महत्त्व
- आफ्नो खेतबारीमा अथवा गाउँमा फल्ने विभिन्न प्रकारका फलफूलका चिनारी र त्यसबाट हुने आम्दानी
- आफ्नो खेतबारीमा हुने विभिन्न प्रकारका तरकारीको चिनारी र तरकारीबाट हुने आम्दानी
- गाउँघर तथा सहरमा विद्यमान निर्वाहमुखी कृषि प्रणालीको परिचय र मौसमअनुसारका बालीनाली
- ठाउँ अथवा स्थानअनुसार हुने र लगाइने विभिन्न तरकारी, अन्नबाली तथा फलफूलका बारेमा जानकारी
- आफ्नो खेतबारीमा फल्ने अन्न र यसको बेचबिखनबाट हुने आम्दानी
- नगदेबालीको परिचय, यसको औचित्य र यसबाट लिन सकिने लाभ
- विभिन्न प्रकारका कृषि औजारको पहिचान, उपयोगिता र प्रयोग
- कामलाई सम्मान र कामको महत्त्व
- एकै समयमा फरक फरक बाली लगाउने हाम्रो स्थानीय खेतीपाती प्रणाली र मिश्रित खेती प्रणालीका फाइदा
- आफ्नो गाउँ र सहरमा गरिने माछापालन व्यवसायका बारेमा जानकारी तथा यसबाट लिन सकिने फाइदाको बोध
- नहर, पैनी र कुलोको परिचय, यसको महत्त्व र यसबाट हुने लाभ
- रैथाने सिपको परिचय, यसको अभ्यास र उपयोग
- घरमा सञ्चालन भएका तथा साना धनराशिमा सञ्चालन भएका घरेलु तथा कुटीर उद्योगको परिचय, यसको अभ्यास र यसबाट हुने फाइदा
- कपाल काट्ने पेसाको महत्त्व, यस पेसा अँगाल्दा हुने फाइदा र श्रमप्रतिको सम्मान
- बालखाताको अवधारणा, यसको अभ्यास र बचत गर्ने बानीको विकास
- आफ्नो शरीरको सरसफाइ र शरीरका विभिन्न अङ्ग सफा राख्नुपर्ने कारण
- हात धुने समय र धुने तरिका
- दाँत माझ्ने समय, तरिका र यसको महत्त्व

- हाते रुमालको प्रयोग र यसको फाइदा
- कपाल कोर्ने बानी र तरिका
- नङ सफा राख्नुपर्ने कारण र नङ सफा राख्ने तरिका
- हाँस्नुका फाइदा र यसले व्यक्तित्व विकासमा पार्ने प्रभाव
- सकेसम्म फोहोर नगरौँ भन्ने बानीको विकास र फोहोर फाल्दा फोहोरदानीको प्रयोग गरौँ भन्ने चेतनाको विकास
- सफा कक्षाकोठाको परिचय, फोहोरदानीको चिनारी र यसको कक्षाकोठामा प्रयोग
- नियमित रूपमा नुहाउनुपर्ने कारण र यसको स्वास्थ्य महत्त्व
- राम्रा/नराम्रा बानी र यसका उदाहरण
- घर सरसफाइको सामान्य जानकारी र यसको महत्त्व
- मिठो बोल्ने बानीको विकास र यसले व्यक्तित्व विकासमा पार्ने प्रभाव
- सन्तुलित खानाको परिचय र विभिन्न प्रकारका खानाको परिचय
- जिज्ञासुको परिचय र प्रश्न सोध्ने बानीको विकास
- प्रश्न सोध्ने बानीको विकास, जिज्ञासु हुने बानी र यसले आत्मविश्वास बढाउन पार्ने प्रभाव
- विद्यालय सरसफाइ गर्ने बानी र यस अभ्यासको अनुसरण
- भान्साकोठा सफा राख्नुका कारण र सफा राख्ने बानीको विकास
- स्वस्थ खानाका परिकार र यसका फाइदा
- अस्वस्थकर खानाको परिचय, अस्वस्थकर खानाको सूची र यसको सेवनबाट हुने बेफाइदा
- अनुशासनको महत्त्व र व्यक्तित्व विकासमा यसको महत्त्व
- ठुलोभन्दा पनि असल बनौँ भन्ने बानीको विकास र व्यक्तित्व विकासमा यसको महत्त्व
- सुत्ने समयको ज्ञान र समयमा सुत्नुको महत्त्व
- दुईओटा कान र एउटा मुखको प्रतीकात्मक अर्थ र सुन्ने बानीको विकास
- बोल्नुपर्छ भन्ने बोध, बोल्ने बानीको विकास र आत्मविश्वास प्राप्ति
- हेरेर रङ, सुनेर आवाज, सुँघेर बास्ना, चाखेर स्वाद, छोएर तातो/चिसो थाहा पाउन सकिन्छ भन्ने भाव झल्किने बाल गीत गायन सामूहिक रूपमा लयबद्ध तरिकाले प्रस्तुति
- स्थानीय स्तरमा खेलिने मौलिक खेलहरूको नाम, तिनीहरूको सूची र खेल्दै सिक्ने कला
- बालगीतमा हाउभाउसहित नृत्य गर्न लगाउने, नृत्यले दिने मनोरञ्जन र नाच्दै सिक्न सक्ने नयाँ कुरा
- सिसाकलम समात्ने बानी बसाल्न, रङ चिन्न/चित्रमा रङ भर्न र पछि क्रमशः सुन्दर अक्षरका लागि चित्रकलाको अभ्यास
- चिँ मुसी चिँ खेल्ने तरिका र छालाले तातो, चिसो, दुखेको जस्ता थाहा पाउन सक्ने काम
- रुमाल लुकाइ खेल्ने तरिका, आँखा तथा कानको प्रयोग र चनाखो भएर बस्ने तरिका
- लुकामारी (लुकामारी खेल्ने तरिका र यो खेल खेल्दा प्रयोग हुने आवाज पहिचान गर्ने क्षमता)
- डोरी नाघ्ने (डोरी नाघ्ने खेल्ने तरिका सिक्न र यो खेल खेल्दा हुने मनोरञ्जन तथा शारीरिक कसरत)
- तातो आलु (तातो आलु खेल्दै चनाखो बन्ने प्रक्रिया, खेल्दै र सिक्दै गर्ने अभ्यास)
- तित्ती (तित्ती खेल खेल्ने प्रक्रिया, खेल्दै गन्ने प्रणालीको अभ्यास र शारीरिक व्यायाम)
- गट्टी (साथीसँग मिलेर गट्टी खेल्ने तरिका तथा सामाजिकीकरणको प्रक्रियाको नमुना अभ्यास)

**कक्षा ४ र ५**

- आन्तरिक तथा पर्यटन प्रवर्द्धनका लागि सिमरा विमानस्थलले खेलेको भूमिका र यसबाट जीतपुरसिमरालाई भइरहेको लाभ
- चुरेको अर्थ, चुरेको चिनारी र चुरेको महत्त्व

- तराईमधेशको चिनारी, तराईमधेशको भूगोलको वातावरण र यहाँ रहेको जैविक विविधता
- तराईमधेशमा चल्ने चिसो हावा र तातो हावाको अर्थ र यसले जनजीवनमा पार्ने प्रभाव
- जीतपुरसिमराका बहुमूल्य जडीबुटीका नाम, ती जडीबुटी पाइने स्थान र जडीबुटीको महत्त्व
- पर्सा राष्ट्रिय निकुञ्जको छोटो परिचय र यसले पर्यावरण तथा जैविक विविधतामा पारेको सकारात्मक प्रभाव र यसबाट लिन सकिने आर्थिक लाभ
- जीतपुरसिमरामा महसुस हुने ऋतु-मौसम, त्यस बेलाको वातावरणको अवस्था र विश्व तापमानले पारेको असर
- स्थानीय तहमा पर्यावरणमैत्री विकासको अवधारणा, यसको अर्थ र यसको महत्त्व
- तराईमधेशमा अत्यधिक मात्रामा पाइने लामखुट्टे र सर्पका बारेमा सङ्क्षिप्त परिचय र यसको प्रभाव
- जीतपुरसिमराको वातावरण र प्रदूषणबिचको सम्बन्ध
- जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका वनका प्रकार र यसले जैविक विविधता तथा पर्यावरणमा पारेको प्रभाव
- विभिन्न धर्मावलम्बीसँग जोडिएका धार्मिक स्थलका चिनारी तथा जीतपुरसिमरामा रहेका मुख्य मुख्य धार्मिक स्थलका नाम
- जीतपुरसिमरामा मनाइने विभिन्न जात्रा तथा पर्वको जानकारी, ती जात्रा, पर्व मनाउने समयको बोध र त्यसमा हुने विभिन्न क्रियाकलाप
- श्रुतिपरम्पराको अर्थ, यसको अभ्यास र ज्ञान हस्तान्तरणमा यसले खेलेको भूमिका
- हाम्रो जीवनशैलीको चिनारी, स्थानीय जीवनशैलीमा हुने विभिन्न क्रियाकलाप र चालचलन
- तराईमधेशमा प्रख्यात छठ पर्वको चिनारी, यसमा हुने विभिन्न क्रियाकलाप र यससँग जोडिएका विभिन्न रीतिरिवाज
- ज्येष्ठ नागरिकलाई सम्मान गर्ने संस्कृति र हाम्रो परम्परागत चलन
- मेलमिलाप र सहिष्णुताको अर्थ, जीतपुरसिमरामा यसको अभ्यास र यसबाट समाजलाई भएको फाइदा
- जीतपुरसिमरामा रहेका विभिन्न जातजातिका नाम र ती जातजाति कसरी मिलेर बसेका छन् भन्ने बोध
- जीतपुरसिमरामा रहेका रैथाने घरको चिनारी, ती रैथाने घरका वास्तुकला र ती घर बन्न प्रयोग भएका विभिन्न स्थानीय साधन
- जीतपुरसिमरामा रहेका विभिन्न रैथाने गीतको चिनारी र केही गीतका टुक्का तथा लय
- जैविक मल र यसको कृषि उपयोगिता
- माटोका प्रकार, माटोअनुसार कृषिबाली लगाउने प्रक्रिया, यसको महत्त्व र यसबाट हुने लाभ
- कृषि पकेट क्षेत्रको चिनारी, फरक फरक फलफूल, तरकारी तथा विभिन्न अनाज उत्पादन हुने फरक फरक ठाउँको जानकारी
- जीतपुरसिमरामा हुने मसलाजन्य विभिन्न बाली, यसको उत्पादन र यसको उपभोग
- मौरीपालन व्यवसायको सामान्य जानकारी, यो व्यवसायको प्रकृति, व्यवसाय गर्ने तरिका र यसबाट हुने आम्दानी
- स्वावलम्बीको अर्थ, स्वावलम्बी बन्नुपर्छ भन्ने चेतनाको विकास र स्वावलम्बी बन्ने उपाय
- मझौला तथा ठुला उद्योगको परिचय, स्थानीय तहमा त्यसको अभ्यास, सम्भावना र त्यसबाट लिन सकिने लाभ
- होटल व्यवसायको परिचय, यसको अभ्यास र यसबाट लिन सकिने आर्थिक फाइदा
- निर्वाहमुखी कृषि प्रणालीको अर्थ र यसको ग्रामीण तथा सहरी परिवेशमा अभ्यास
- जीतपुरसिमरामा उत्पादन हुने दलहन बालीको छोटो परिचय र उत्पादनबाट हुने आर्थिक फाइदा
- सडक चेतनाको परिचय, बाटो काट्दा अपनाउनुपर्ने सावधानी र बाटोमा हिँड्दा ध्यान दिनुपर्ने कुरा
- लैङ्गिक विभेदका विभिन्न उदाहरण, नजानिदो तरिकाले यसलाई प्रश्रय दिँदै आएका अभ्यास र यसलाई हटाउने तरिका

- बाथरुम चेतनासम्बन्धी सामान्य जानकारी, बाथरुम प्रयोग गर्ने तरिका र यसमा अपनाउनुपर्ने सावधानी
- असल नागरिकको परिचय, असल नागरिकमा हुनुपर्ने गुण र असल नागरिक बन्ने प्रक्रिया
- ज्येष्ठ नागरिकको परिचय, उहाँहरूको महत्त्व र उहाँहरूलाई हेरचाह गर्ने तरिका
- प्लास्टिक प्रयोगबाट हुन सक्ने वातावरणीय हानि र यसलाई सकेसम्म कम मात्रामा प्रयोग गर्ने उपाय
- दमकल तथा एम्बुलेन्स सेवाको महत्त्व र यसको उचित प्रयोग
- मोटरसाइकल चलाउँदा हेल्मेट प्रयोग गर्नुपर्ने कारण
- सवारी पार्किङको अवधारणा, सवारी पार्किङ गर्ने तरिका र यसको अभ्यास
- सुधारिएको चुल्होको अर्थ, यसको अभ्यास र यसको अनुसरण
- विभेदको अर्थ, विभिन्न कारण र आधारमा हुने विभेद र विभेदरहित समाजको अवधारणा
- विषादीरहित तरकारीको चिनारी र यसको सेवन
- मुस्कानसहितको सेवा अर्थ, हँसिलो मुहार र सेवा
- कुलत र दुर्व्यसनका विभिन्न दृष्टान्त साथै यसबाट टाढा रहने चेतना
- नियमित व्यायामबाट हुने फाइदा, नियमित व्यायाम गर्ने बानी र नियमित व्यायाम गर्न विभिन्न अभ्यासका नमुना
- घाम ताप्नुका कारण र यसको स्वास्थ्य महत्त्व
- विद्यालय सरसफाइको परिचय, अभ्यास र यसको फाइदा
- कुहिने र नकुहिने फोहोरको परिचय तथा फोहोर व्यवस्थापन गर्ने तरिका वा विधि
- शौचालय सफा राख्ने बानी र यसको महत्त्व
- प्रतिभा पहिचान तथा आफ्नोपनलाई माया जस्तै आफूलाई, परिवारलाई, साथीलाई, गाउँलाई, समाजलाई, देशलाई
- टोल सरसफाइ परिचय, गर्ने तरिका, फाइदा र यसले सामाजिकीकरण अभ्यासमा पुऱ्याउने टेवा
- भान्साकोठामा भएका मरमसलाको स्वास्थ्य उपयोगिता र यसको उपयोग
- आवश्यकताका आधारमा पानी पिउने बानी र पानी ठिक्क मात्रामा पिउनुका फाइदा
- फुड पोइजनको सामान्य जानकारी र फुड पोइजन हुनुका कारण
- समयमा खाना खाने, समयमा सुत्ने, सममा उठ्ने र समयमा काम गर्ने बानीको विकास र अभ्यास
- नडराइकन बोल्ने सिपको विकास, बोल्ने तरिका र यसको अभ्यास
- नेतृत्व क्षमताको चिनारी, नेतृत्व क्षमताको विकास र विकास गर्ने तरिका
- घैंटो/हाँडी फुटाइ खेल खेल्न सिक्ने, सुन्ने, अनुमान गर्ने र सावधानी अपनाउने बानीको विकास
- चुङ्गी खेल खेल्न सिक्न र गन्ती गर्ने अभ्यास
- लोककथाको परिचय, उदाहरण र सुन्ने साथै सुनाउने बानीको अभ्यास
- देउसी-भैलो खेल्ने समय, तरिका र खेल्नुका कारण बताउन र यसबाट मनोरञ्जन लिन
- बाघचाल खेलको परिचय, खेल्ने तरिका र अभ्यास गर्न
- रोटे पिङ/लिङ्गे पिङ खेलको परिचय र खेल्ने तरिका
- कुम जुधाइ खेलको परिचय, खुट्टाको सन्तुलन, चतुरता र यसबाट हुने मनोरञ्जन
- चङ्गा उडाउने चलन, उडाउने समय, यसबाट हुने मनोरञ्जन र चङ्गा उडाउने चलनभित्र लुकेको पर्यावरणमैत्री चेतना

**कक्षा ६, ७ र ८**

- जीतपुरसिमरा उपमहानगरपालिकाको भौगोलिक तथा प्रशासनिक परिचय
- जीतपुरसिमरामा रहेका विकासका पूर्वाधार, यसको अवस्था र थप प्रगति

- पुलको सामान्य परिचय, विभिन्न खोलामाथि बनेका पुलपुलेसाका नाम र यसले पारेको प्रभाव
- जीतपुरसिमराका गाउँ/सहर तथा बजार क्षेत्रमा बिजुलीबत्तीको अवस्था र यसले नागरिक जनजीवनमा पारेको प्रभाव
- जीतपुरसिमरामा रहेका स्वास्थ्य केन्द्रको अवस्था, यसको अभ्यास र ग्रामीण परिवेशमा यसको महत्त्व
- सूचनाको साधनको रूपमा हुलाक सेवाले कुनै समयमा खेलेको भूमिका र इन्टरनेटले हालको अवस्थामा खेलेको भूमिका, आफ्नो गाउँमा रहेको हुलाक अथवा इन्टरनेटसेवाको अवस्थाको जानकारी र यसको प्रयोग साथै सञ्चारमा मोबाइल फोनको भूमिका
- जीतपुरसिमराका सबै वडाहरूको सामान्य परिचय, भौगोलिक अवस्थिति तथा मुख्य विशेषता
- पर्यावरणमैत्री ग्रामीण वातावरण, स्वच्छ, सफा र हराभरा गाउँ, जीतपुरसिमराको वातावरणीय परिवेश
- हरित विद्यालयको अर्थ र बागवानीको परिचय, जीतपुरसिमरामा रहेका बागवानी र यसका विशेषता
- सिँचाइको अर्थ, जीतपुरसिमरामा यसको अवस्था, यसले कृषि प्रणालीमा पार्ने प्रभाव र नहर, पैनी र बोरिङको अर्थ र यसले खेलेको भूमिका
- शवदाहस्थलको परिचय, जीतपुरसिमरामा यसको अभ्यास तथा अवस्था
- जीतपुरसिमरामा सुरक्षा व्यवस्थाको अवस्था, यसको अभ्यास, स्थानीय सरकारको भूमिका र यसबाट भएका फाइदा
- जीतपुरसिमरामा जलवायु परिवर्तनको असर र यसलाई न्यूनीकरण गर्ने उपाय, हाम्रो दायित्व तथा स्थानीय सरकारको भूमिका
- सामुदायिक वन (सामुदायिक वनको अर्थ तथा यो वनको महत्त्व र यसले पर्यावरणलाई स्वच्छ र सफा राख्न खेलेको अहम् भूमिका)
- दुग्ध चिस्यान केन्द्रको अवधारणा, यसको आवश्यकता, महत्त्व र यसबाट हुने फाइदा
- जीतपुरसिमरामा सडक तथा हवाइ यातायातको अवस्था, यसले खेलेको भूमिका तथा यसबाट यहाँका मानिसले लिइरहेको फाइदा
- जीतपुरसिमरामा रहेको सिमरा विमानस्थलको छोटो परिचय, यसको महत्त्व र यसबाट पुगेको फाइदा
- जीतपुरसिमरामा सडक तथा राजमार्गको अवस्था, त्यसले पुऱ्याएको फाइदा र यसबाट लिन सकिने लाभ
- मूलधारबाट पछिपरेका जाताजाति जस्तै मुसहर, डोम, उराँव जातिको परिचय, जीतपुरसिमरामा उनीहरू बसोबास गर्ने स्थल र उनीहरूको जीवनशैली
- लोकधुनको सामान्य परिचय र जीतपुरसिमरामा प्रचलित मुख्य मुख्य लोकधुनको पहिचान
- होली पर्वको परिचय, यसको सांस्कृतिक पक्ष तथा पर्व मनाउँदा हुने विभिन्न क्रियाकलाप
- कर्माधर्माको सङ्क्षिप्त परिचय, यसको सांस्कृतिक पक्ष तथा मनाउने तरिका
- मदरसाको परिचय, यसको महत्त्व र यसले पुऱ्याएको योगदान
- झिँझिया नाचको अर्थ, यो नाचको महत्त्व, यो नाचसँग जोडिएका सांस्कृतिक पक्ष र हुने विभिन्न क्रियाकलाप
- सामाजिकीकरण प्रक्रियामा वरपिपल चौतारीको महत्त्व र यो संस्कृतिको हालको अवस्था
- ग्रामीण परिवेशमा रहेको परम्परागत उपचार पद्धतिको परिचय, यसको अभ्यास र महत्त्व
- नाप/तौलका परम्परागत साधन, यसको प्रयोग, यसले खेलेको भूमिका र हाल यसको प्रयोगको अवस्था
- जितिया पावनीको सङ्क्षिप्त परिचय, यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष, यो पर्व मनाउँदा हुने विभिन्न क्रियाकलाप र यसको महत्त्व
- माघीको सङ्क्षिप्त परिचय, यसको सांस्कृतिक पक्ष र यस पर्व मनाउने तरिका
- भजनकीर्तनको परिचय, यसको सांस्कृतिक महत्त्व तथा हुने विभिन्न क्रियाकलाप
- जीतपुरसिमरामा प्रचलित गाउँखाने कथा र यसका अर्थ
- जीतपुरसिमराको कला-साहित्यको अवस्था, यहाँको कला-साहित्यसँग जोडिएका कृति तथा सर्जकको पहिचान

- घोँगीको छोटो परिचय, यस परिकारसँग जोडिएको समुदायको चिनारी तथा यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष
- जीतपुरसिमरामा प्रचलित उखानटुक्काको चिनारी, यसको अर्थ र यसको अभ्यास तथा प्रयोग
- जीतपुरसिमराका लोककथाको चिनारी, लोककथाको महत्त्व र लोककथाबाट हासिल गर्न सकिने ज्ञान
- हाटबजार संस्कृतिको जीतपुरसिमरामा अभ्यास र यसले सामाजिकीकरण प्रक्रियामा खेलेको भूमिका
- पहाडी तथा तराईमधेशमा रहेका विभिन्न समुदायको बसोबास रहेको जीतपुरसिमरामा सहिष्णुता र यसले सिर्जना गरेको सौन्दर्य र फाइदा
- ल्होच्छार पर्वको सङ्क्षिप्त परिचय, यसँसग जोडिएका विभिन्न सांस्कृतिक पक्ष तथा हुने विभिन्न क्रियाकलाप
- इदको सङ्क्षिप्त परिचय, यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष तथा हुने विभिन्न क्रियाकलाप
- चुरियामाई मन्दिरको परिचय, यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष र यसको सांस्कृतिक तथा धार्मिक महत्त्व
- जीतपुरसिमरासँग जोडिएका विभिन्न किंवदन्ती र यसको सङ्क्षिप्त परिचय
- ब्रह्मथानको परिचय र यसको महत्त्व
- वाणलिङ्गेश्वर, चुरियामाई, गढीमाई, थानी/स्थानीय, मुसहर्नीमाई, घण्टीमाई, कालिकामाई मन्दिर, दुधेरवा महादेव, जोरलाईमाई, शिव मन्दिर, त्रिपुरेश्वर मन्दिर, गणेश मन्दिर, खप्सेखोला मन्दिर, जलेश्वर शिव मन्दिर, पशुपतिनाथ मन्दिर, कृष्ण मन्दिर, रामजानकी कबिरहा मठ, रामजानकी मन्दिर, मलङबाबा मन्दिर, देवाश्रम मन्दिर, दुर्गामाई मन्दिर, ठाँटीमाई मन्दिर, वनदेवी माई आदिको छोटो परिचय र यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष, जीतपुरसिमरामा रहेको पुरानो शिलालेख (वाणलिङ्गेश्वरमा) रहेको।
- आगलागी/डढेलोको जोखिम, यसबाट हुने असर र यसबाट जोगिने सावधानी
- भूकम्पप्रतिरोधी घरका बारेमा जानकारी, यसको अभ्यास र जोखिम न्यूनीकरण
- जलवायु परिवर्तनको सङ्क्षिप्त परिचय, जीतपुरसिमरामा यसको असर र यसलाई न्यूनीकरण गर्ने उपाय
- सर्पबाट हुने खतरा, यसबाट बच्ने उपाय र टोकेमा यसबाट बच्ने उपाय
- भूक्षयको अर्थ, चुरेमा यसले पारेको प्रभाव, भूक्षयलाई न्यूनीकरण गर्न स्थानीय स्तरमा अपनाइएको विधि र यसलाई न्यूनीकरण गर्न हामीले खेल्नुपर्ने भूमिका
- हावाहुण्डरीको अर्थ, यसको प्रभाव, यसको प्रभावलाई न्यूनीकरण गर्ने उपाय र जीतपुरसिमरामा यसको असर
- चट्याङको अर्थ, चट्याङ पर्नुका कारण, जीतपुरसिमरामा यसको प्रभाव, यसको प्रभावलाई न्यूनीकरण गर्न जीतपुरसिमरामा अपनाइएका तरिका र न्यूनीकरण गर्न अपनाउनुपर्ने तरिका
- विश्व तापमान, प्राकृतिक स्रोतसाधनको दोहन, यसको समुचित प्रयोग र स्थानीय समुदायको भूमिका
- बाढी-डुबानको जोखिम, कारण र जीतपुरसिमरामा यसको अवस्था
- अनावृष्टि, अल्पवृष्टि, खण्डवृष्टि र अतिवृष्टिबारे जानकारी यसका कारण, यसबाट हुने प्रभाव र यसलाई न्यूनीकरण गर्ने उपाय
- ज्येष्ठ नागरिकका बारेमा जानकारी, उनीहरूको समय व्यवस्थापनको तरिका र व्यावहारिक रूपमा यसको अभ्यास
- अन्धविश्वास तथा अल्पज्ञानको अर्थ, यसको अभ्यास र यसलाई हटाउने उपाय
- पेसाको अर्थ, विभिन्न पेसा र पेसाका आधारमा हुने विभेद
- सुरक्षित वधशालाको अर्थ, यसको अभ्यास र यसका फाइदा तथा महत्त्व
- सार्वजनिक सम्पत्तिको पहिचान, त्यसको संरक्षण तथा नागरिकका रूपमा हाम्रो कर्तव्य
- ऊर्जा व्यवस्थापनको परिचय र विद्यालय तथा घरमा ऊर्जा व्यवस्थापनबारे जानकारी
- सूचनाको हकको अर्थ, यसको आवश्यकता र अभ्यास

- बसाइँसराइको अर्थ, सहरबाट बजारक्षेत्रमा बसाइँ सर्ने प्रक्रिया, कारण र यसलाई न्यूनीकरण गर्ने उपाय
- साइबर अपराधको अर्थ, नजानिँदो तरिकाले हामीबाट हुने र हुन सक्ने साइबर अपराध र यसलाई न्यूनीकरण गर्ने उपाय
- जातीय विभेदको परिचय, जीतपुरसिमरामा जातीय विभेदको अवस्था, जातीय विभेद हुनुका कारण र यसलाई न्यूनीकरण गर्ने उपाय
- कुरीतिको अर्थ र परिचय, परम्परागत चलनमा रहेका कतिपय कुरीति र यस्ता परम्परा तथा चलनमाथि आलोचनात्मक विश्लेषण
- स्थानीय सरकारको परिचय र सङ्घीयताको अभ्यास, स्थानीय सरकारको काम, कर्तव्य र अधिकार
- जीतपुरसिमरा उपमनपाको राजनीतिक तथा प्रशासनिक संरचना, कार्यपालिका, न्यायिक समिति अर्थात् न्यायपालिका र व्यवस्थापिकाको परिचय र यी अङ्गहरूले गर्ने विभिन्न कार्य
- जीतपुरसिमरा उपमनपाका प्रमुख, उपप्रमुख र वडा अध्यक्षका नामसहितको परिचय र कार्यपालिकाको काम, कर्तव्य र अधिकार
- मितव्ययीको अर्थ, मितव्ययी हुने बानी, तरिका र मितव्ययी हुँदा हुने फाइदा
- स्वावलम्बी अर्थतन्त्रको परिचय, परिवार/गाउँ/सहरलाई कसरी स्वावलम्बी बनाउन सकिन्छ भन्ने चेतना र यसबाट हुने लाभ
- कर चिनारी, कर तिर्नुपर्ने कारण, कर तिर्दा हुँदा फाइदा र नागरिकका रूपमा कर तिर्नुपर्ने हाम्रो दायित्व
- विद्युतीय सरकारको अवधारणा, विद्युतीय सरकार लागु गर्ने विधि र विद्युतीय सरकार लागू गर्दा हुने लाभ तथा हानि
- नागरिक बडापत्रको अर्थ, स्थानीय स्तरमा नागरिक बडापत्र प्रयोग गर्ने तरिका र यसबाट हुने लाभ
- नगरसभाको परिचय, नगरसभा हुने प्रक्रिया, नगरसभामा सहभागिता र यसको महत्त्व
- सार्वजनिक सुनुवाइको परिचय, यसको अभ्यास, विकासको प्रक्रियामा यसको महत्त्व र जनस्तरबाट यसमा अर्थपूर्ण सहभागिता
- स्थानीय कानुनको परिचय, नगरपालिकाद्वारा निर्मित विभिन्न नीति तथा ऐन नियमबारे जानकारी र यसको अभ्यास
- हृदयनारायण चौधरीको सामान्य परिचय, उहाँले पुऱ्याउनुभएको योगदान र उहाँबाट हामीले लिनुपर्ने प्रेरणा
- जैविक विषादीको परिचय, यसको प्रयोग र फाइदा
- जीतपुरसिमरामा केरा पकेट क्षेत्रको पहिचान र यसबाट लिन सकिने आर्थिक फाइदा
- मकै उत्पादन हुने जीतपुरसिमराका ठाउँ, मकै पकेट क्षेत्रको अर्थ र यसबाट लिन सकिने आर्थिक फाइदा
- उखु खेतीको परिचय, यो खेती हुने स्थान र यसबाट लिन सकिने फाइदा
- प्राविधिक शिक्षाको अर्थ, जीतपुरसिमरामा अवस्थित परवानीपुर कृषि अनुसन्धान केन्द्र र उखुबाली अनुसन्धान केन्द्रको परिचय, यसको आवश्यकता तथा स्थानीय तथा राष्ट्रिय स्तरमा यसको औचित्य
- कृषि सहकारीको अवधारणा तथा यसको परिचय, स्थानीय तहमा यसको औचित्य तथा यसबाट लिन सकिने फाइदा
- उन्नत जातका तथा स्थानीय जातका बिउबिजनका परिचय, उन्नत जातका बिउबिजनबाट लिन सकिने फाइदा र यसको आर्थिक महत्त्व
- उत्पादनका कारणले गर्दा गाउँले सहरलाई कसरी मद्दत गरेको छ भन्ने चेतना, उत्पादन र बजारको सम्बन्ध, गाउँ र सहरको अन्योन्याश्रित सम्बन्ध

- जीतपुरसिमरामा भैँसीपालन गर्ने क्षेत्र तथा दुध उत्पादन हुने क्षेत्रको परिचय र यसबाट लिन सकिने आर्थिक लाभको जानकारी
- जीतपुरसिमराका विभिन्न बजारका नाम, यससँग जोडिएका आर्थिक पक्ष तथा यसबाट भइरहेको लाभ
- तेलहन बालीको परिचय, जीतपुरसिमरामा हुने तेलहन बालीको नाम तथा सूची र यसबाट लिन सकिने लाभ
- हाटबजार चिनारी, हाटबजारको महत्त्व, हाटबजार लाग्दा हुने चहलपहल, जीतपुरसिमरामा हाटबजार लाग्ने ठाउँ र हाटबजारको महत्त्व
- स्थानीय जनशक्तिको परिचय र उनीहरूको महत्त्व
- कृषिमा प्रविधिको प्रयोग, ग्रामीण कृषि प्रणालीमा यसको प्रयोगको सम्भावना, यसबाट लिन सकिने फाइदा र ग्रामीण परिवेशमा यसको अभ्यास
- खेतबारीलाई बाँझो राख्नुहुन्न भन्ने चेतना, ग्रामीण परिवेशमा फल्ने उत्पादनको महत्त्व र खेतबारीलाई बाँझो नराखी फसल उत्पादन गर्न हौसला
- उत्पादित अन्नलाई सुरक्षित तरिकाले भण्डारण गर्ने तरिका, गर्नुपर्ने कारण र यसबाट लिन सकिने लाभ
- वैदेशिक रोजगारबाट हुने लाभ तथा हानि र जीतपुरसिमरामा वैदेशिक रोजगारीमा जाने चलन
- बचत गर्ने बानी र यसबाट हुने फाइदा
- जीतपुरसिमरामा रहेका ठुला तथा मझौला उद्योग एवम् कलकारखानाको परिचय, विशेष आर्थिक क्षेत्रको अवधारणा र यसको अभ्यास साथै उद्योग एवम् कलकारखानाबाट हुने आर्थिक लाभ
- एकाग्रताको अर्थ, यसको अभ्यास र यसको फाइदा
- सकारात्मक सोचाइको अर्थ, यसको आवश्यकता, औचित्य तथा फाइदा
- सञ्चार कलाको अर्थ र व्यक्तित्व विकासमा यसको अर्थ तथा महत्त्व
- समयको अर्थ, बोध र यसको अनुसरण
- आत्मविश्वासको अर्थ र व्यक्तित्व विकासमा यसको औचित्व
- विद्यार्थीको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलापको महत्त्व र यसको अभ्यास
- सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलापको महत्त्व र अभ्यास
- तनावको अर्थ, तनाव व्यवस्थापन गर्ने बानी र तरिका
- व्यक्तित्व विकासको एउटा पाटोका रूपमा पहिरन चेतनाको चिनारी, पहिरन के कसरी लगाउने भन्ने तरिका र विभिन्न अवसरमा लगाइने पहिरनका बारेमा जानकारी
- सही तथा गलत ठम्याइ मूल्याङ्कन गरेर निर्णय लिने क्षमताको विकास र यसको महत्त्व
- बोल्ने कलाको महत्त्व, राम्रो बोल्ने र आत्मविश्वासका साथ बोल्ने बानीको विकास
- प्रस्तुति कलाको अर्थ, महत्त्व र यसको अभ्यास
- विद्यालय तथा विद्यालयभन्दा सञ्चालित विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता र प्रतिस्पर्धा गर्ने बानीको विकास
- विद्यालयमा रहेका विभिन्न क्लब जस्तै विज्ञान, गणितलगायत अन्य क्लबको अवधारणा, यसको अभ्यास र यसबाट विद्यार्थीलाई हुने लाभ
- दृष्टिकोण चेतना, दृष्टिकोणको महत्त्व, यसको अभ्यास र कुनै पनि विषयवस्तुलाई फरक ढङ्गले आलोचनात्मक चेतका साथ हेर्ने तौरतरिका

- हाउभाउको अर्थ, हाउभाउले दिने सन्देश र सचेततापूर्वक हाउभाउ प्रयोग गर्ने तरिका
- महत्त्वपूर्ण विषय तथा बुँदालाई डायरीमा टिपोट गर्ने बानी र यसको अभ्यास
- आफ्नो समूह तथा कक्षालाई नेतृत्व गर्ने बानीको अभ्यास र नेतृत्व क्षमताको विकास
- समूह/कक्षा/परिवार/गाउँ/सहर/देशको विकासका लागि सामूहिकताको चेतना र यसको अभ्यास
- खास उमेर पुगिसकेपछि अध्ययन अतिरिक्त कमाउँदै पनि गर्नुपर्छ भन्ने चेतनाको विकास
- आफूलाई मन परेको कामलाई नै व्यवसायीकरण गर्नुपर्छ र त्यसैलाई आफ्नो वर्तमान र भविष्य बनाउनुपर्छ भन्ने चेतनाको विकास ।

३. **विषयक्षेत्र र क्रम**

**कक्षा १, २ र ३**

| क्र.सं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १. | **जीतपुरसिमराको सेरोफेरो** | ▪ मेरो उपमहानगरपालिका (पालिकाको नाम र आफू बस्ने ठाउँको नाम)<br>▪ मेरो छिमेकी (छिमेकी साथीको नाम र छिमेकीको महत्त्व मातृभाषामा भावानुवादसहित)<br>▪ मेरो गाउँ/सहर (गाउँ/सहरको नाम र ठेगाना मातृभाषामा भावानुवादसहित)<br>▪ मेरो विद्यालय (विद्यालयको नाम र ठेगाना मातृभाषामा भावानुवादसहित)<br>▪ हाम्रा खोलानाला (खोलानालाको अवस्थिति, नाम र खोलानालामा पाइने चिजहरू)<br>▪ हाम्रा बोटबिरुवा (आफ्नो घर वरपर तथा घर छेउको जङ्गलमा पाइने विभिन्न बोटबिरुवाका नाम)<br>▪ हाम्रा चराचुरुङ्गी (घर तथा गाउँ वरपर पाइने विभिन्न चराका नाम तथा चराहरूको पहिचान) | ▪ हाम्रा गाउँ/सहर (जीतपुरसिमराका गाउँ/सहरका नाम र ती नामको अर्थ)<br>▪ हाम्रा बस्तीका आकार (जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका बस्तीका प्रकार र ती बस्तीका विशेषता)<br>▪ हाम्रा रैथाने घर (रैथाने घरको अर्थ, रैथाने घरको उदाहरण र विशेषता)<br>▪ हाम्रा वनजङ्गल (घर छेउमा रहेका वनजङ्गलको पहिचान तथा यसको महत्त्व)<br>▪ जीतपुरसिमरामा पाइने जनावर (घरपालुवा जनावर, जङ्गली जनावरको परिचय र जीतपुरसिमरामा पाइने जङ्गली जनावरहरूको नाम)<br>▪ हाम्रा फलफूल (आफ्नो खेतबारीमा फल्ने फलफूलका नाम र गर्मी ठाउँमा फल्ने फलफूलको पहिचान) | ▪ हाम्रो जीतपुरसिमरा (जीतपुरसिमराको अवस्थिति र भौगोलिक वस्तुस्थिति)<br>▪ जीतपुरसिमराको सिमाना (सिमानाको अर्थ, दिशाको परिचय, जीतपुरसिमरा उपमनपाको उत्तर, दक्षिण, पूर्व र पश्चिममा पर्ने भौगोलिक संरचना)<br>▪ जीतपुरसिमराको भौगोलिक स्वरूप (तराईमधेश, चुरे, फाँट आदिको परिचय)<br>▪ हाम्रा दह र पोखरी र दह (घर तथा गाउँमा रहेका दह तथा पोखरीका चिनारी, दह तथा पोखरीको प्रयोग र यसको महत्त्व, जस्तै कामिनी दह, हलखोरिया दह)<br>▪ हाम्रा वरपिपल चौतारी (वरपिपल चौतारीको चिनारी, यसको विशेषता र महत्त्व)<br>▪ हाम्रा वनमा पाइने फलफूल (जीतपुरसिमराका वनमा पाइने जङ्गली फलको पहिचान, तिनीहरूको नाम र जङ्गली फलको महत्त्व)<br>▪ हाम्रा पानीका मुहान (पानीका मुहानको चिनारी र पानीको स्रोतका लागि वनजङ्गलको महत्त्व) |
| २. | **जीतपुरसिमराका संस्कार-संस्कृति** | ▪ सानालाई माया र ठुलालाई आदर (नैतिक शिक्षा र शिष्टाचार)<br>▪ मेरो मातृभाषा (मातृभाषाको बोध र प्रयोग)<br>▪ हाम्रा खानेकुरा (घरमा पाक्ने खानेकुराको चिनारी, मन पर्ने तथा मन नपर्ने खानेकुरा)<br>▪ हाम्रा वेशभूषा (पहिरनको महत्त्व, मौसमअनुसारका लुगा र आफूले लगाएको पहिरनको नाम)<br>▪ हाम्रा बाजा (तराईमधेशमा प्रचलित बाजाका चिनारी) | ▪ मितेरी परम्परा (मितेरी साइनोको परिचय, मितेरी गाँस्ने तरिका र यसको महत्त्व)<br>▪ हाम्रा गरगहना (मौलिक गरगहनाको चिनारी र तिनीहरूको नाम)<br>▪ हाम्रा नाचगान (जीतपुरसिमरामा प्रचलित विभिन्न प्रकारका नाचगानका चिनारी र नाचगानको समयमा हुने विभिन्न क्रियाकलाप)<br>▪ ऐँचोपैँचो चलन (सापटी लिने चलनको अर्थ, उदाहरण र यसको अभ्यास) | ▪ नातासम्बन्ध (मातृभाषाका आधारमा विभिन्न नातासम्बन्धको चिनारी)<br>▪ हाम्रा चाडपर्व (जीतपुरसिमरामा मनाइने मुख्य मुख्य चाडपर्वका नाम र ती चाडपर्वका बेला गरिने मुख्य मुख्य क्रियाकलाप)<br>▪ अर्मपर्म चलन (अर्मपर्मको अर्थ, परिचय, यस चलनको अभ्यास र यसको फाइदा)<br>▪ हाम्रा रैथाने, सिप, कला र प्रविधि (घरमा र गाउँमा रहेका विभिन्न रैथाने सिप, कला र प्रविधिको चिनारी र महत्त्व) |

| | | | | |
|---|---|---|---|---|
| | | ■ धार्मिक स्थल (मन्दिर, गुम्बा, चर्च, मस्जिद पहिचान) | ■ हाम्रा धर्म र धार्मिक स्थल (विभिन्न धर्मका नाम र धर्मावलम्बीका पवित्र स्थलहरूको नाम)<br>■ स्थानीय बाजाका धुन (स्थानीय बाजाका धुन पहिचान) | ■ घुर ताप्ने चलन (तराईमधेशमा जाडोको समयमा प्रचलित घुर ताप्ने चलन र यसको महत्त्व)<br>■ हाम्रा खानपिन संस्कृति (आफ्नो घरमा रहेको खानपिन संस्कृतिको परिचय र विभिन्न क्रियाकलाप)<br>■ हाम्रा चित्रकला (जीतपुरसिमराका विभिन्न समुदायमा प्रचलित चित्रकलाको चिनारी तथा यसको महत्त्व) |
| ३. | **जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ■ घुमौँ, डुलौँ र रमाऔँ (नयाँ र रमाइला ठाउँ घुम्नुका फाइदा)<br>■ हाम्रा पार्क तथा चौतारा (घर तथा गाउँ/सहर नजिकै रहेका पार्क तथा चौताराको परिचय र यी ठाउँ घुम्नुका फाइदा)<br>■ हाम्रा रमाइला ठाउँ (घर र विद्यालय नजिकैका रमाइला ठाउँहरूको चिनारी)<br>■ चरा हेर्न जाऔँ (चराको पहिचान र चरा हेरेर मनोरञ्जल लिने अभ्यास) | ■ वन्यजन्तु हेरौँ र चिनौँ (वन्यजन्तु हेर्नका लागि घुम्ने अभ्यास/चलन)<br>■ हात्तीसार अवलोकन (पर्सा राष्ट्रिय निकुञ्जमा रहेको हात्तीसार अवलोकन, यसबाट लिन सकिने आर्थिक फाइदा र हात्तीमा सयर गर्दा ती जीवजन्तुलाई पर्ने दुःखकष्टका बारेमा आलोचनात्मक चेत)<br>■ जङ्गल सफारी (जङ्गल सफारीको परिचय, यसबाट लिन सकिने आर्थिक लाभ र जीतपुरसिमरामा यसको अभ्यास)<br>■ पाहुनालाई सत्कार (पाहुनाको अर्थ, पाहुनाको सत्कार र पर्यटक हाम्रा पाहुना हुन् भन्ने बोध) | ■ पदमार्ग (पदमार्गको परिचय, यसको जीतपुरसिमरामा सम्भावना र यसबाट हुन सक्ने फाइदा)<br>■ धार्मिक पर्यटन (धार्मिक पर्यटनको परिचय, यसको सम्भावना र यसबाट लिन सकिने फाइदा)<br>■ औद्योगिक पर्यटन (विभिन्न उद्योग तथा कलकारखानाको अवलोकन तथा यसबाट हुने र हुनसक्ने आर्थिक लाभको जानकारी)<br>■ कृषि पर्यटन (कृषि पर्यटनको अर्थ, यसको परिचय, यसको महत्त्व र यसले गाउँ तथा सहरलाई दिन सक्ने फाइदा) |
| ४. | **कृषि, पशुपालन र पेसा** | ■ मेरो परिवारको पेसा (आमा र बुवाले गर्ने काम, काम सानो/ठुलो हुँदैन भन्ने चेतना र कामको आम्दानीसँगको सम्बन्ध)<br>■ मेरा छिमेकीको काम (छिमेकीले गर्ने काम र पेसा)<br>■ करेसाबारी (करेसाबारीको परिचय, करेसाबारीमा हुने तरकारी तथा मसलाका बिरुवा र करेसाबारीको महत्त्व)<br>■ हाम्रा फलफूल (आफ्नो घरमा अथवा गाउँमा फल्ने विभिन्न प्रकारका फलफूलका चिनारी र त्यसबाट हुने आम्दानी)<br>■ हाम्रा तरकारी (आफ्नो घरमा हुने विभिन्न | ■ हाम्रो कृषि प्रणाली (गाउँघर तथा सहरमा विद्यमान निर्वाहमुखी कृषि प्रणालीको परिचय र मौसमअनुसारका बालीनाली)<br>■ हाम्रो खेतीपाती (ठाउँ अथवा स्थानअनुसार हुने र लगाइने विभिन्न तरकारी, अन्नबाली तथा फलफूलका बारेमा जानकारी)<br>■ हाम्रा अन्नबाली (आफ्नो घरमा फल्ने अन्न र यसको बेचबिखनबाट हुने आम्दानी)<br>■ हाम्रा नगदेबाली (नगदेबालीको परिचय, यसको औचित्य र यसबाट लिन सकिने लाभ)<br>■ हाम्रा कृषि औजार (विभिन्न प्रकारका कृषि औजारका पहिचान, उपयोगिता र प्रयोग) | ■ मिश्रित खेती प्रणाली (एकै समयमा फरक फरक बाली लगाउने हाम्रो स्थानीय खेतीपाती प्रणाली र मिश्रित खेती प्रणालीका फाइदा)<br>■ माछापालन व्यवसाय (आफ्नो घर तथा गाउँ तथा सहरमा गरिने माछापालन व्यवसायको बारेमा जानकारी तथा यसबाट लिन सकिने फाइदाको बोध)<br>■ सिँचाइ (नहर, पैनी र कुलोको परिचय, यसको महत्त्व र यसबाट हुने लाभ)<br>■ रैथाने सिप (रैथाने सिपको परिचय, यसको अभ्यास र उपयोग)<br>■ घरेलु तथा कुटीर उद्योग (घरमा सञ्चालन भएका |

| | | | | |
|---|---|---|---|---|
| | | प्रकारका तरकारीका चिनारी र तरकारीबाट हुने आम्दानी) | ■ श्रमलाई सम्मान (कामलाई सम्मान र कामको महत्त्व) | तथा साना धनराशिमा सञ्चालन भएका घरेलु तथा कुटीर उद्योगको परिचय, यसको अभ्यास र यसबाट हुने फाइदा)<br>■ कपाल काट्ने पेसा (कपाल काट्ने पेसाको महत्त्व, यस पेसा अँगाल्दा हुने फाइदा र श्रमप्रतिको सम्मान)<br>■ मेरो बालखाता (बालखाताको अवधारणा, यसको अभ्यास र बचत गर्ने बानीको विकास) |
| ५. | **स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास** | ■ व्यक्तिगत सरसफाइ (आफ्नो शरीरको सरसफाइ र शरीरका विभिन्न अङ्ग सफा राख्नुपर्ने कारण)<br>■ हात धुने बानी (हात धुने समय र धुने तरिका)<br>■ दैनिक दाँत माझ्ने गरौँ (दाँत माझ्ने समय, तरिका र यसको महत्त्व)<br>■ मेरो हाते रुमाल (हाते रुमालको प्रयोग र यसको फाइदा)<br>■ कपाल कोर्ने गरौँ (कपाल कोर्ने बानी र तरिका)<br>■ नङ सफा राखौँ (नङ सफा राख्नुपर्ने कारण र नङ सफा राख्ने तरिका)<br>■ हाँस्ने गरौँ (हाँस्नुका फाइदा र यसले व्यक्तित्व विकासमा पार्ने प्रभाव)<br>■ फोहोर नगर्ने बानी (सकेसम्म फोहोर नगरौँ भन्ने बानीको विकास र फोहोर फाल्दा फोहोरदानीको प्रयोग गरौँ भन्ने चेतनाको विकास)<br>■ मेरो सफा कक्षाकोठा (सफा कक्षाकोठाको परिचय, फोहोरदानीको चिनारी र यसको कक्षाकोठामा प्रयोग) | ■ नुहाउने बानी बसालौँ (नियमित रूपमा नुहाउनुपर्ने कारण र यसको स्वास्थ्य महत्त्व)<br>■ असल आनीबानी (राम्रा/नराम्रा बानी र यसका उदाहरण)<br>■ घर सरसफाइ (घर सरसफाइको सामान्य जानकारी र यसको महत्त्व)<br>■ मिठो बोल्ने बानी (मिठो बोल्ने बानीको विकास र यसले व्यक्तित्व विकासमा पार्ने प्रभाव)<br>■ सन्तुलित खाना (सन्तुलित खानाको परिचय र विभिन्न प्रकारका खानाको परिचय)<br>■ जिज्ञासु बनौँ (जिज्ञासुको परिचय र प्रश्न सोध्ने बानीको विकास)<br>■ प्रश्न सोध्ने बानी (प्रश्न सोध्ने बानीको विकास, जिज्ञासु हुने बानी र यसले आत्मविश्वास बढाउन पार्ने प्रभाव) | ■ विद्यालय सरसफाइ (विद्यालय सरसफाइ गर्ने बानी र यस अभ्यासको अनुसरण)<br>■ सफा भान्साकोठा (भान्साकोठा सफा राख्नुका कारण र सफा राख्ने बानीको विकास)<br>■ स्वस्थकर खाना (स्वस्थ खानाका परिकार र यसका फाइदा)<br>■ अस्वस्थकर खाना (अस्वस्थकर खानाको परिचय, अस्वस्थकर खानाको सूची र यसको सेवनबाट हुने बेफाइदा)<br>■ अनुशासन (अनुशासनको महत्त्व र व्यक्तित्व विकासमा यसको महत्त्व)<br>■ असल बनौँ (ठुलोभन्दा पनि असल बनौँ भन्ने बानीको विकास र व्यक्तित्व विकासमा यसको महत्त्व)<br>■ समयमै सुत्ने बानी (सुत्ने समयको ज्ञान र समयमा सुत्नुको महत्त्व)<br>■ सुन्ने बानी (दुईओटा कान र एउटा मुखको प्रतीकात्मक अर्थ र सुन्ने बानीको विकास)<br>■ म पनि बोल्छु (बोल्नुपर्छ भन्ने बोध, बोल्ने बानीको विकास र आत्मविश्वास प्राप्ति) |
| ६. | **खेलकुद तथा मनोरञ्जन** | ■ बालगीत (हेरेर रङ, सुनेर आवाज, सुँघेर बास्ना, चाखेर स्वाद, छोएर तातो/चिसो थाहा पाउन सकिन्छ भन्ने भाव झल्किने | ■ चिँ मुसी चिँ (चिँ मुसी चिँ खेल्ने तरिका र छालाले तातो, चिसो, दुखेको जस्ता थाहा पाउन सक्ने काम) | ■ तातो आलु (तातो आलु खेल्दै चनाखो बन्ने प्रक्रिया, खेल्दै र सिक्दै गर्ने अभ्यास)<br>■ तित्ती (तित्ती खेल खेल्ने प्रक्रिया, खेल्दै गन्ने |

| | | | | |
|---|---|---|---|---|
| | | बालगीत गायन सामूहिक रूपमा लयबद्ध तरिकाले प्रस्तुति)<br>▪ हाम्रा खेल (स्थानीय स्तरमा खेलिने मौलिक खेलहरूको नाम, तिनीहरूको सूची र खेल्दै सिक्ने कला)<br>▪ बाल नृत्य (बालगीतमा हाउभाउसहित नृत्य गर्न लगाउने, नृत्यले दिने मनोरञ्जन र नाच्दै सिक्न सक्ने नयाँ कुरा)<br>▪ बाल चित्रकला (सिसाकलम समात्ने बानी बसाल्न, रङ चिन्न/चित्रमा रङ भर्न र पछि क्रमशः सुन्दर अक्षरका लागि चित्रकलाको अभ्यास) | ▪ रुमाल लुकाइ (रुमाल लुकाइ खेल्ने तरिका, आँखा तथा कानको प्रयोग र चनाखो भएर बस्ने तरिका)<br>▪ लुकामारी (लुकामारी खेल्ने तरिका र यो खेल खेल्दा प्रयोग हुने आवाज पहिचान गर्ने क्षमता)<br>▪ डोरी नाघ्ने (डोरी नाघ्ने खेल्ने तरिका सिक्न र यो खेल खेल्दा हुने मनोरञ्जन तथा शारीरिक कसरत) | प्रणालीको अभ्यास र शारीरिक व्यायाम)<br>▪ गट्टी (साथीसँग मिलेर गट्टी खेल्ने तरिका तथा सामाजिकीकरणको प्रक्रियाको नमुना अभ्यास) |

**कक्षा ४ र ५**

| क्र.सं. | विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १. | **जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ▪ सिमरा विमानस्थल (आन्तरिक तथा पर्यटन प्रवर्द्धनका लागि सिमरा विमानस्थलले खेलेको भूमिका र यसबाट जीतपुरसिमरालाई भइरहेको आर्थिक लाभ)<br>▪ हाम्रो चुरे (चुरेको अर्थ, चुरे चिनारी र चुरेको महत्त्व)<br>▪ हाम्रो तराईमधेश (तराईमधेशको चिनारी, तराईमधेशको भूगोलको वातावरण र यहाँ रहेको जैविक विविधता)<br>▪ शीतलहर र लु (तराईमधेशमा चल्ने चिसो तथा तातो हावाको अर्थ र यसले जनजीवनमा पार्ने प्रभाव)<br>▪ हाम्रा जडीबुटी (जीतपुरसिमराका बहुमूल्य जडीबुटीका नाम, ती जडीबुटी पाइने स्थान र जडीबुटीको महत्त्व)<br>▪ हाम्रो राष्ट्रिय निकुञ्ज (पर्सा राष्ट्रिय निकुञ्जको छोटो परिचय र यसले पर्यावरण तथा जैविक विविधतामा पारेको सकारात्मक प्रभाव) | ▪ हाम्रो निकुञ्ज (पर्सा राष्ट्रिय निकुञ्जको सङ्क्षिप्त परिचय र यसबाट लिन सकिने आर्थिक फाइदा)<br>▪ हाम्रा ऋतु-मौसम (जीतपुरसिमरामा महसुस हुने ऋतु-मौसम, त्यस बेलाको वातावरणको अवस्था र विश्व तापमानले पारेको असर)<br>▪ पर्यावरणमैत्री विकास (स्थानीय तहमा पर्यावरणमैत्री विकासको अवधारणा, यसको अर्थ र यसको महत्त्व)<br>▪ लामखुट्टे र सर्प (तराईमधेशमा अत्यधिक मात्रामा पाइने लामखुट्टे र सर्पका बारेमा सङ्क्षिप्त परिचय र यसको प्रभाव)<br>▪ वातावरण र प्रदूषण (जीतपुरसिमराको वातावरण र प्रदूषणबिचको सम्बन्ध)<br>▪ वनका प्रकार (जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका वनका प्रकार र यसले जैविक विविधता तथा पर्यावरणमा पारेको प्रभाव) |
| २. | **जीतपुरसिमराका संस्कार-संस्कृति** | ▪ मन्दिर, मस्जिद, गुम्बा र चर्च (विभिन्न धर्मावलम्बीसँग जोडिएका धार्मिक स्थलका चिनारी तथा जीतपुरसिमरामा रहेका मुख्य मुख्य धार्मिक स्थलका नाम)<br>▪ हाम्रा जात्रा-पर्व (जीतपुरसिमरामा मनाइने विभिन्न जात्रा तथा पर्वको | ▪ ज्येष्ठ नागरिकलाई सम्मान (ज्येष्ठ नागरिकलाई सम्मान गर्ने संस्कृति र हाम्रो परम्परागत चलन)<br>▪ मेलमिलाप र सहिष्णुता (मेलमिलाप र सहिष्णुताको अर्थ, जीतपुरसिमरामा यसको अभ्यास र यसबाट समाजलाई भएको फाइदा) |

| | | | |
|---|---|---|---|
| | | जानकारी, ती जात्रा पर्व मनाउने समयको बोध र त्यसमा हुने विभिन्न क्रियाकलाप)<br>▪ लोक श्रुतिपरम्परा (श्रुतिपरम्पराको अर्थ, यसको अभ्यास र ज्ञान हस्तान्तरणमा यसले खेलेको भूमिका)<br>▪ हाम्रो जीवनशैली (हाम्रो जीवनशैलीको चिनारी, जीवनशैलीमा हुने विभिन्न क्रियाकलाप र चालचलन)<br>▪ छठ पर्व (तराईमधेशमा प्रख्यात छठ पर्वको चिनारी, यसमा हुने विभिन्न क्रियाकलाप र यससँग जोडिएका विभिन्न रीतिरिवाज) | ▪ हाम्रा जातजाति (जीतपुरसिमरामा रहेका विभिन्न जातजातिका नाम र ती जातजाति कसरी मिलेर बसेका छन् भन्ने बोध)<br>▪ हाम्रा रैथाने घर (जीतपुरसिमरामा रहेका रैथाने घरको चिनारी, ती रैथाने घरका वास्तुकला र ती घर बन्न प्रयोग भएका विभिन्न स्थानीय साधन)<br>▪ हाम्रा रैथाने गीत (जीतपुरसिमरामा रहेका विभिन्न रैथाने गीतको चिनारी र केही गीतका टुक्का तथा लय) |
| ३. | **कृषि, पशुपालन, उद्योग, पेसा, व्यापार र व्यवसाय** | ▪ जैविक मल (जैविक मल र यसको कृषि उपयोगिता)<br>▪ माटो छनोट (माटोका प्रकार, माटोअनुसार कृषिबाली लगाउने प्रक्रिया, यसको महत्त्व र यसबाट हुने लाभ)<br>▪ कृषि पकेट क्षेत्र (कृषि पकेट क्षेत्रको चिनारी, फरक फरक फलफूल, तरकारी तथा विभिन्न अनाज उत्पादन हुने फरक फरक ठाउँको जानकारी)<br>▪ मसला बाली (जीतपुरसिमरामा हुने मसलाजन्य विभिन्न बाली, यसको उत्पादन र यसको उपभोग)<br>▪ मौरीपालन व्यवसाय (मौरीपालन व्यवसायको सामान्य जानकारी, यो व्यवसायको प्रकृति, व्यवसाय गर्ने तरिका र यसबाट हुने आम्दानी) | ▪ स्वावलम्बी बनौँ (स्वावलम्बीको अर्थ, स्वावलम्बी बन्नुपर्छ भन्ने चेतनाको विकास र स्वावलम्बी बन्ने उपाय)<br>▪ मझौला तथा ठुला उद्योग (मझौला तथा ठुला उद्योगको परिचय, स्थानीय तहमा त्यसको अभ्यास, सम्भावना र त्यसबाट लिन सकिने लाभ)<br>▪ होटल व्यवसाय (होटल व्यवसायको परिचय, यसको अभ्यास र यसबाट लिन सकिने आर्थिक फाइदा)<br>▪ निर्वाहमुखी कृषि (निर्वाहमुखी कृषि प्रणालीको अर्थ र यसको स्थानीय परिवेशमा अभ्यास)<br>▪ हाम्रा दलहन बाली (जीतपुरसिमरामा उत्पादन हुने दलहन बालीको छोटो परिचय र उत्पादनबाट हुने आर्थिक फाइदा) |
| ४. | **नागरिक चेतना, नैतिक शिक्षा र सुशासन** | ▪ सडक चेतना (सडक चेतनाको परिचय, बाटो काट्दा अपनाउनुपर्ने सावधानी र बाटोमा हिँड्दा ध्यान दिनुपर्ने कुरा)<br>▪ लैङ्गिक विभेद (लैङ्गिक विभेदका विभिन्न उदाहरण, नजानिँदो तरिकाले यसलाई प्रश्रय दिँदै आएका अभ्यास र यसलाई हटाउने तरिका)<br>▪ बाथरुम सचेतना (बाथरुम चेतनासम्बन्धी सामान्य जानकारी, बाथरुम प्रयोग गर्ने तरिका र यसमा अपनाउनुपर्ने सावधानी)<br>▪ असल नागरिक (असल नागरिकको परिचय, असल नागरिकमा हुनुपर्ने गुण र असल नागरिक बन्ने प्रक्रिया)<br>▪ ज्येष्ठ नागरिकलाई सम्मान (ज्येष्ठ नागरिकको परिचय, उहाँहरूको महत्त्व र उहाँहरूलाई हेरचाह गर्ने तरिका)<br>▪ प्लास्टिक प्रयोग कम गरौँ (प्लास्टिक प्रयोगबाट हुन सक्ने वातावरणीय हानि र यसलाई सकेसम्म कम मात्रामा प्रयोग गर्ने उपाय)<br>▪ दमकल तथा एम्बुलेन्स सेवा (दमकल तथा एम्बुलेन्स सेवाको महत्त्व र यसको उचित प्रयोग) | ▪ हेल्मेटको प्रयोग (मोटरसाइकल चलाउँदा हेल्मेट प्रयोग गर्नुपर्ने कारण)<br>▪ सवारी पार्किङ (सवारी पार्किङको अवधारणा, सवारी पार्किङ गर्ने तरिका र यसको अभ्यास)<br>▪ सुधारिएको चुल्हो (सुधारिएको चुल्होको अर्थ, यसको अभ्यास र यसको अनुसरण)<br>▪ विभेदरहित समाज (विभेदको अर्थ, विभिन्न कारण र आधारमा हुने विभेद र विभेदरहित समाजको अवधारणा)<br>▪ विषादीरहित तरकारी (विषादीरहित तरकारीको चिनारी र यसको सेवन)<br>▪ मुस्कानसहितको सेवा (मुस्कानसहितको सेवा अर्थ, हँसिलो मुहार र सेवा)<br>▪ कुलत र दुर्व्यसनबाट बचौँ (कुलत र दुर्व्यसनका विभिन्न दृष्टान्त साथै यसबाट टाढा रहने चेतना) |

| | | | |
|---|---|---|---|
| ५. | **स्वास्थ्य, वातावरणीय सरसफाइ तथा व्यक्तित्व विकास** | ▪ नियमित व्यायाम (नियमित व्यायामबाट हुने फाइदा, नियमित व्यायाम गर्ने बानी र नियमित व्यायाम गर्न विभिन्न अभ्यासका नमुना)<br>▪ घामको किरण (घाम ताप्नुका कारण र यसको स्वास्थ्य महत्त्व)<br>▪ विद्यालय सरसफाइ (विद्यालय सरसफाइको परिचय, अभ्यास र यसको फाइदा)<br>▪ फोहोरमैला व्यवस्थापन (कुहिने र नकुहिने फोहोरको परिचय तथा फोहोर व्यवस्थापन गर्ने तरिका वा विधि)<br>▪ शौचालय सफा राख्ने गरौं (शौलाचय सफा राख्ने बानी र यसको महत्त्व)<br>▪ आफैंले आफैंलाई चिनौं (प्रतिभा पहिचान तथा आफ्नोपनलाई माया जस्तैः आफूलाई, परिवारलाई, साथीलाई, गाउँलाई, समाजलाई, देशलाई)<br>▪ आफ्नोपनलाई माया (आफूलाई, परिवारलाई, साथीलाई, गाउँलाई, समाजलाई, देशलाई माया गर्ने बानी) | ▪ टोल सरसफाइ (टोल सरसफाइ परिचय, गर्ने तरिका, फाइदा र यसले सामाजिकीकरण अभ्यासमा पुऱ्याउने टेवा)<br>▪ भान्सा नै औषधालय (भान्साकोठामा भएका मरमसलाको स्वास्थ्य उपयोगिता र यसको उपयोग)<br>▪ पर्याप्त मात्रामा पानी पिउने गरौं (आवश्यकताको आधारमा पानी पिउने बानी र पानी ठिक्क मात्रामा पिइनुका फाइदा)<br>▪ फुड पोइजन (फुड पोइजनको सामान्य जानकारी र फुड पोइजन हुनुका कारण)<br>▪ हाम्रो जीवनशैली (समयमा खाना खाने, समयमा सुत्ने, समयमै उठ्ने र समयमा काम गर्ने बानीको विकास र अभ्यास)<br>▪ आत्मविश्वासका साथ कसरी बोल्ने ? (नडराइकन बोल्ने सिपको विकास, बोल्ने तरिका र यसको अभ्यास)<br>▪ नेतृत्व क्षमताको विकास (नेतृत्व क्षमताको चिनारी, नेतृत्व क्षमताको विकास र विकास गर्ने तरिका) |
| ६. | **खेलकुद तथा मनोरञ्जन** | ▪ घैंटो/हाँडी फुटाइ (घैंटो/हाँडी फुटाइ खेल खेल्न सिक्न, सुन्ने, अनुमान गर्ने र सावधानी अपनाउने बानीको विकास)<br>▪ चुङ्गी खेल (चुङ्गी खेल खेल्न सिक्न र गन्ती गर्ने अभ्यास)<br>▪ लोककथा सुन्ने/सुनाउने (लोककथाको परिचय, उदाहरण र सुन्ने साथै सुनाउने बानीको अभ्यास)<br>▪ देउसी-भैलो (देउसी-खेल्ने समय, तरिका र खेल्नुका कारण बताउन र यसबाट मनोरञ्जन लिन) | ▪ बाघचाल (बाघचाल खेलको परिचय, खेल्ने तरिका र अभ्यास गर्न)<br>▪ रोटे पिङ/लिङ्गे पिङ (रोटे पिङ/लिङ्गे पिङ खेलको परिचय र खेल्ने तरिका)<br>▪ कुम जुधाइ (कुम जुधाइ खेलको परिचय, खुट्टाको सन्तुलन, चतुरता र यसबाट हुने मनोरञ्जन)<br>▪ चङ्गा उडाउने (चङ्गा उडाउने चलन, उडाउने समय, यसबाट हुने मनोरञ्जन र चङ्गा उडाउने चलनभित्र लुकेको पर्यावरणमैत्री चेतना) |

**कक्षा ६, ७ र ८**

| क्र.सं. | विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १. | **जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार** | ▪ हाम्रो जीतपुरसिमरा (जीतपुरसिमरा उपमहानगरपालिकाको भौगोलिक तथा प्रशासनिक परिचय)<br>▪ हाम्रा विकासका पूर्वाधार (जीतपुरसिमरामा रहेका विकासका पूर्वाधार, यसको अवस्था र थप प्रगति)<br>▪ हाम्रा पुलपुलेसा (पुलको सामान्य परिचय, विभिन्न खोलामाथि बनेका पुलपुलेसाका नाम र यसले पारेको प्रभाव)<br>▪ बिजुलीबत्ती (जीतपुरसिमराका गाउँ/सहर तथा | ▪ जीतपुरसिमराका वडाहरू (जीतपुरसिमराका सबै वडाहरूको सामान्य परिचय, भौगोलिक अवस्थिति तथा मुख्य विशेषता)<br>▪ हाम्रो स्वच्छ स्थानीय वातावरण (पर्यावरणमैत्री ग्रामीण वातावरण, स्वच्छ, सफा र हराभरा गाउँ, जीतपुरसिमराको वातावरणीय परिवेश)<br>▪ हाम्रो हरित विद्यालय र बागवानी (हरित विद्यालयको अर्थ र बागवानीको परिचय, जीतपुरसिमरामा रहेका बागवानी र यसका विशेषता) | ▪ जलवायु परिवर्तनको प्रभाव (जीतपुरसिमरामा जलवायु परिवर्तको असर र यसलाई न्यूनीकरण गर्ने उपाय, हाम्रो दायित्व तथा स्थानीय सरकारको भूमिका)<br>▪ सामुदायिक वन (सामुदायिक वनको अर्थ तथा यो वनको महत्त्व र यसले पर्यावरणलाई स्वच्छ र सफा राख्न खेलेको अहम् भूमिका)<br>▪ दुग्ध चिस्यान केन्द्र (दुग्ध चिस्यान केन्द्रको अवधारणा, यसको आवश्यकता, महत्त्व र यसबाट हुने फाइदा)<br>▪ सडक तथा हवाइ यातायात (जीतपुरसिमरामा सडक तथा हवाइ यातायातको अवस्था, यसले खेलेको |

| | | | | |
|---|---|---|---|---|
| | | बजार क्षेत्रमा बिजुलीबत्तीको अवस्था र यसले नागरिक जनजीवनमा पारेको प्रभाव)<br>■ हाम्रा स्वास्थ्य केन्द्र (जीतपुरसिमरामा रहेका स्वास्थ्य केन्द्रको अवस्था, यसको अभ्यास र ग्रामीण परिवेशमा यसको महत्त्व)<br>■ हाम्रो सञ्चार (सूचनाको साधनको रूपमा हुलाक सेवाले कुनै समयमा खेलेको भूमिका र इन्टरनेटले हालको अवस्थामा खेलेको भूमिका, आफ्नो गाउँमा रहेको हुलाक अथवा इन्टरसेवाको अवस्थाको जानकारी र यसको प्रयोग साथै सञ्चारमा मोाबाइल फोनको भूमिका) | ■ जीतपुरसिमरामा सिँचाइको सुविधा (सिँचाइको अर्थ, जीतपुरसिमरामा यसका अवस्था, यसले कृषि प्रणालीमा पार्ने प्रभाव र नहर, पैनी र बोरिङको अर्थ र यसले खेलेको भूमिका)<br>■ शवदाहस्थल (शवदाहस्थलको परिचय, जीतपुरसिमरामा यसको अभ्यास तथा अवस्था)<br>■ हाम्रो सुरक्षा व्यवस्था (जीतपुरसिमरामा सुरक्षा व्यवस्थाको अवस्था, यसको अभ्यास, स्थानीय सरकारको भूमिका र यसबाट भएका फाइदा) | भूमिका तथा यसबाट यहाँका मानिसले लिइरहेको फाइदा)<br>■ सिमरा विमानस्थल (जीतपुरसिमरामा रहेको सिमरा विमानस्थलको छोटो परिचय, यसको महत्त्व र यसबाट पुगेको फाइदा)<br>■ सडक र राजमार्ग (जीतपुरसिमरामा सडक तथा राजमार्गको अवस्था, त्यसले पुऱ्याएको फाइदा र यसबाट लिन सकिने लाभ) |
| २. | **जीतपुरसिमराका सांस्कृतिक सम्पदा** | ■ जातजाति (मूलधारबाट पछिपरेका जातजाति । जस्तै : मुसहर, डोम, उराँव जातिका परिचय, जीतपुरसिमरामा उनीहरू बसोबास गर्ने स्थल र उनीहरूको जीवनशैली)<br>■ हाम्रा लोकधुन (लोक धुनको सामान्य परिचय र जीतपुरसिमरामा प्रचलित मुख्य मुख्य लोकधुनको पहिचान)<br>■ रङैरङको पर्व होली (होली पर्वको परिचय, यसको सांस्कृतिक पक्ष तथा यो पर्व मनाउँदा हुने विभिन्न क्रियाकलाप)<br>■ कर्माधर्मा (कर्माधर्माको सङ्क्षिप्त परिचय, यसको सांस्कृतिक पक्ष तथा मनाउने तरिका)<br>■ हाम्रा मदरसा (मदरसाको परिचय, यसको महत्त्व र यसले पुऱ्याएको योगदान)<br>■ झिँझिया नाच (झिँझिया नाचको अर्थ, यो नाचको महत्त्व, यो नाचसँग जोडिएका सांस्कृतिक पक्ष र हुने विभिन्न क्रियाकलाप)<br>■ वरपिपल चौतारीः जमघट तथा विश्रामस्थल ( समाजीकरण प्रक्रियामा वरपिपल चौतारीको महत्त्व र यो संस्कृतिको हालको अवस्था)<br>■ हाम्रा परम्परागत उपचार पद्धति (ग्रामीण | ■ रैथाने नाप तौलका साधन (नाप/ तौलका परम्परागत साधन, यसको प्रयोग, यसले खेलेको भूमिका र हाल यसको प्रयोगको अवस्था)<br>■ जितिया पावनी (जितिया पावनीको सङ्क्षिप्त परिचय, यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष, यो पर्व मनाउँदा हुने विभिन्न क्रियाकलाप र यसको महत्त्व)<br>■ माघी (माघीको सङ्क्षिप्त परिचय, यसको सांस्कृतिक पक्ष र यस पर्व मनाउने तरिका)<br>■ भजनकीर्तन (भजनकीर्तनको परिचय, यसको सांस्कृतिक महत्त्व तथा हुने विभिन्न क्रियाकलाप)<br>■ जीतपुरसिमराका गाउँखाने कथा (जीतपुरसिमरामा प्रचलित गाउँखाने कथा र यसका अर्थ)<br>■ जीतपुरसिमराको कला-साहित्य (जीतपुरसिमराको कला-साहित्यको अवस्था, यहाँको कला-साहित्यसँग जोडिएका कृति तथा सर्जकको पहिचान)<br>■ घाँगीः एक सांस्कृतिक परिकार (घाँगीको छोटो परिचय, यस परिकारसँग जोडिएको समुदायको | ■ जीतपुरसिमराका उखानटुक्का (जीतपुरसिमरामा प्रचलित उखानटुक्काको चिनारी, यसको अर्थ र यसको अभ्यास तथा प्रयोग)<br>■ जीतपुरसिमराका लोककथा (जीतपुरसिमराका लोककथाको चिनारी, लोककथाको महत्त्व र लोककथाबाट हासिल गर्न सकिने ज्ञान)<br>■ हाटबजार संस्कृति (हाटबजार संस्कृतिको जीतपुरसिमरामा अभ्यास र यसले सामाजिकीकरण प्रक्रियामा खेलेको भूमिका)<br>■ जीतपुरसिमरा : मिश्रित समुदायको सङ्गमस्थल (पहाडी तथा तराईमधेशमा रहेका विभिन्न समुदायको बसोबास रहेको जीतपुरसिमरामा सहिष्णुता र यसले सिर्जना गरेको सौन्दर्य र फाइदा)<br>■ ल्होच्छार पर्व (ल्होच्छार पर्वको सङ्क्षिप्त परिचय, यसँसग जोडिएका विभिन्न सांस्कृतिक पक्ष तथा हुने विभिन्न क्रियाकलाप)<br>■ इद (इदको सङ्क्षिप्त परिचय, यसको सांस्कृतिक पक्ष र यो पर्व मनाउने तरिका)<br>■ चुरियामाई मन्दिर (चुरियामाई मन्दिरको परिचय, यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष र यसको सांस्कृतिक तथा धार्मिक महत्त्व) |

| | | | | |
|---|---|---|---|---|
| | | परिवेशमा रहेको परम्परागत उपचार पद्धतिको परिचय, यसको अभ्यास र महत्त्व) | चिनारी तथा यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष) | ■ जीतपुरसिमरामा प्रचलित किंवदन्ती (जीतपुरसिमरासँग जोडिएका विभिन्न किंवदन्ती र यसको सानो परिचय)<br>■ हाम्रा ब्रह्मथान (ब्रह्मथानको परिचय र यसको महत्त्व)<br>■ हाम्रा शक्तिपीठ (वाणलिङ्गेश्वर, चुरियामाई, गढीमाई, थानी/स्थानीय, मुसहर्नीमाई, घण्टीमाई, कालिकामाई मन्दिर, दुधेरवा महादेव, जोरलाईमाई, शिव मन्दिर, त्रिपुरेश्वर मन्दिर, गणेश मन्दिर, खप्सेखोला मन्दिर, जलेश्वर शिव मन्दिर, पशुपतिनाथ मन्दिर, कृष्ण मन्दिर, रामजानकी कबिरहा मठ, रामजानकी मन्दिर, मलङ्गबाबा मन्दिर, देवाश्रम मन्दिर, दुर्गामाई मन्दिर, ठाँटीमाई मन्दिर, वनदेवी माई आदिको छोटो परिचय र यससँग जोडिएका विभिन्न सांस्कृतिक पक्ष/जीतपुरसिमरामा रहेको पुरानो शिलालेख (वाणलिङ्गेश्वर रहेको) |
| ३. | **प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन** | ■ आगलागी/डढेलो (आगलागी/डढेलोको जोखिम, यसबाट हुने असर र यसबाट जोगिने सावधानी)<br>■ भूकम्पप्रतिरोधी घर (भूकम्पप्रतिरोधी घरको बारेमा जानकारी, यसको अभ्यास र जोखिम न्यूनीकरण)<br>■ जलवायु परिवर्तनको असर (जलवायु परिवर्तनको सङ्क्षिप्त परिचय, जीतपुरसिमरामा यसको असर र यसलाई न्यूनीकरण गर्ने उपाय)<br>■ सर्पदंशबाट बचौँ (सर्पबाट हुने खतरा, यसबाट बच्ने उपाय र सर्पले टोकेमा यसबाट बच्ने उपाय) | ■ भूक्षय (भूक्षयको अर्थ, चुरेमा यसले पारेको प्रभाव, भूक्षयलाई न्यूनीकरण गर्न स्थानीय स्तरमा अपनाइएको विधि र यसलाई न्यूनीकरण गर्न हामीले खेल्नुपर्ने भूमिका)<br>■ हावाहुण्डरी (हावाहुण्डरीको अर्थ, यसको प्रभाव, यसको प्रभावलाई न्यूनीकरण गर्ने उपाय र जीतपुरसिमरामा यसको असर)<br>■ चट्याङबाट बच्ने तरिका (चट्याङको अर्थ, चट्याङ पर्नुका कारण, जीतपुरसिमरामा यसको प्रभाव, यसको प्रभावलाई न्यूनीकरण गर्न जीतपुरसिमरामा अपनाइएका तरिका र न्यूनीकरण गर्न अपनाउनुपर्ने तरिका) | ■ प्राकृतिक स्रोतको उचित सदुपयोग (विश्व तापमान, प्राकृतिक स्रोतसाधनको दोहन, यसको समुचित प्रयोग र स्थानीय समुदायको भूमिका)<br>■ बाढी-डुबान (बाढी-डुबानको जोखिम, कारण र जीतपुरसिमरामा यसको अवस्था)<br>■ अनावृष्टि, अल्पवृष्टि, खण्डवृष्टि र अतिवृष्टि (अनावृष्टि, अल्पवृष्टि, खण्डवृष्टि र अतिवृष्टिबारे जानकारी यसका कारण, यसबाट हुने प्रभाव र यसलाई न्यूनीकरण गर्ने उपाय) |
| ४. | **नागरिक चेतना, नैतिक शिक्षा र सुशासन** | ■ ज्येष्ठ नागरिकको समय व्यवस्थापन (ज्येष्ठ नागरिकका बारेमा जानकारी, उनीहरूको समय व्यवस्थापनको तरिका र व्यावहारिक रूपमा यसको अभ्यास)<br>■ अन्धविश्वास तथा अल्पज्ञान, अन्धविश्वास र अल्पज्ञानको अर्थ, यसको अभ्यास र यसलाई हटाउने उपाय) | ■ साइबर अपराध (साइबर अपराधको अर्थ, नजानिँदो तरिकाले हामीबाट हुने र हुन सक्ने साइबर अपराध र यसलाई न्यूनीकरण गर्ने उपाय)<br>■ जातीय विभेद (जातीय विभेदको परिचय, जीतपुरसिमरामा जातीय विभेदको अवस्था, जातीय विभेद हुनुका कारण र यसलाई न्यूनीकरण गर्ने उपाय) | ■ मितव्ययी चेतना (मितव्ययीको अर्थ, मितव्ययी हुने बानी, तरिका र मितव्ययी हुँदा हुने फाइदा)<br>■ स्वावलम्बी अर्थतन्त्र (स्वावलम्बी अर्थतन्त्रको परिचय र जीतपुरसिमरालाई कसरी स्वावलम्बी बनाउन सकिन्छ भन्ने चेतना)<br>■ कर चेतना (कर चिनारी, कर तिर्नुपर्ने कारण, कर तिर्दा हुँदा फाइदा र नागरिकका रूपमा कर तिर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ पेसागत विभेद (पेसाको अर्थ, विभिन्न पेसा र पेसाको आधारमा हुने विभेद)<br>▪ सुरक्षित वधशाला (सुरक्षित वधशालाको अर्थ, यसको अभ्यास र यसका फाइदा तथा महत्त्व)<br>▪ सार्वजनिक सम्पत्तिको संरक्षण (सार्वजनिक सम्पत्तिको पहिचान, त्यसको संरक्षण तथा नागरिकका रूपमा हाम्रो कर्तव्य)<br>▪ ऊर्जा व्यवस्थापन (ऊर्जा व्यवस्थापनको परिचय र विद्यालय तथा घरमा उर्जा व्यवस्थापनबारे जानकारी)<br>▪ सूचनाको हक (सूचनाको हकको अर्थ, यसको आवश्यकता र अभ्यास)<br>▪ बसाइँसराइ रोकथाम (बसाइँसराइको अर्थ, गाउँबाट बजार क्षेत्रमा बसाइँ सर्ने प्रक्रिया, कारण र यसलाई न्यूनीकरण गर्ने उपाय) | ▪ कुरीति (कुरीतिको अर्थ र परिचय, परम्परागत चलनमा रहेका कतिपय कुरीति र यस्ता परम्परा तथा चलनमाथि आलोचनात्मक विश्लेषण)<br>▪ स्थानीय सरकार (स्थानीय सरकारको परिचय र सङ्घीयताको अभ्यास, स्थानीय सरकारको काम, कर्तव्य र अधिकार)<br>▪ जीतपुरसिमरा उपमहानगरपालिकाको संरचना ( उपमनपाको राजनीतिक तथा प्रशासनिक संरचना, कार्यपालिका, न्यायिक समिति अर्थात् न्यायपालिका र व्यवस्थापिकाको परिचय र यी अङ्गहरूले गर्ने विभिन्न कार्य)<br>▪ हाम्रा जनप्रतिनिधि (उपमनपाको प्रमुख, उपप्रमुख र वडा अध्यक्षका नामसहितको परिचय र कार्यपालिकाको काम कर्तव्य र अधिकार) | हाम्रो दायित्व)<br>▪ विद्युतीय सरकार (विद्युतीय सरकारको अवधारणा, विद्युतीय सरकार लागु गर्ने विधि र विद्युतीय सरकार लागु गर्दा हुने लाभ तथा हानि)<br>▪ नागरिक बडापत्र (नागरिक बडापत्रको अर्थ, स्थानीय स्तरमा नागरिक बडापत्र प्रयोग गर्ने तरिका र यसबाट हुने लाभ)<br>▪ नगरसभा (नगरसभाको परिचय, नगरसभा हुने प्रक्रिया, नगरसभामा सहभागिता र यसको महत्त्व)<br>▪ सार्वजनिक सुनुवाइ (सार्वजनिक सुनुवाइको परिचय, यसको अभ्यास, विकासको प्रक्रियामा यसको महत्त्व र जनस्तरबाट यसमा अर्थपूर्ण सहभागिता)<br>▪ स्थानीय कानुन (स्थानीय कानुनको परिचय, नगरद्वारा निर्मित विभिन्न नीति तथा ऐननियमबारे जानकारी र यसको अभ्यास)<br>▪ प्रेरक व्यक्तित्व (हृदयनारायण चौधरीको सामान्य परिचय, उहाँले पुऱ्याउनुभएको योगदान र उहाँबाट हामीले लिनुपर्ने प्रेरणा) लगायत अन्य नामसमेत उल्लेख हुनुपर्ने |
| ५. | **कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय** | ▪ जैविक विषादी (जैविक विषादीको परिचय, यसको प्रयोग र फाइदा)<br>▪ केरा पकेट क्षेत्र (जीतपुरसिमरामा केरा पकेट क्षेत्रको पहिचान र यसबाट लिन सकिने आर्थिक फाइदा)<br>▪ मकै पकेट क्षेत्र (मकै उत्पादन हुने जीतपुरसिमराका ठाउँ, मकै पकेट क्षेत्रको अर्थ र यसबाट लिन सकिने आर्थिक फाइदा)<br>▪ उखु खेती (उखु खेतीको परिचय, यो खेती हुने स्थान र यसबाट लिन सकिने फाइदा)<br>▪ प्राविधिक शिक्षा (प्राविधिक शिक्षाको अर्थ, जीतपुरसिमरामा अवस्थित परवानीपुर कृषि अनुसन्धान केन्द्र र उखुबाली अनुसन्धान केन्द्रको परिचय, यसको आवश्यकता तथा स्थानीय तथा राष्ट्रिय स्तरमा यसको औचित्य) | ▪ उन्नत जातका बिउबिजन (उन्नत जातका तथा स्थानीय जातका बिउबिजनका परिचय, उन्नत जातका बिउबिजनबाट लिन सकिने फाइदा र यसको आर्थिक महत्त्व)<br>▪ सहरको प्राण गाउँ (उत्पादनका कारणले गर्दा गाउँले सहरलाई कसरी मद्दत गरेको छ भन्ने चेतना, उत्पादन र बजारको सम्बन्ध, गाउँ र सहरको अन्योन्याश्रित सम्बन्ध)<br>▪ दुध उत्पादन क्षेत्र (जीतपुरसिमरामा गाईपालन र भैँसीपालन गर्ने क्षेत्र तथा दुध उत्पादन हुने क्षेत्रको परिचय र यसबाट लिन सकिने आर्थिक लाभको जानकारी)<br>▪ हाम्रा बजार क्षेत्र (जीतपुरसिमराका विभिन्न बजारका नाम, यससँग जोडिएका आर्थिक पक्ष तथा यसबाट भइरहेको लाभ) | ▪ स्थानीय जनशक्ति (स्थानीय जनशक्तिको परिचय र उनीहरूको महत्त्व)<br>▪ कृषिमा प्रविधिको प्रयोग (कृषिमा प्रविधिको प्रयोग, ग्रामीण कृषि प्रणालीमा यसको प्रयोगको सम्भावना, यसबाट लिन सकिने फाइदा र ग्रामीण परिवेशमा यसको अभ्यास)<br>▪ सुन फल्ने खेतबारी (खेतबारीलाई बाँझो राख्नुहुन्न भन्ने चेतना, ग्रामीण परिवेशमा फल्ने उत्पादनको महत्त्व र खेतबारीलाई बाँझो नराखी फसल उत्पादन गर्न हौसला)<br>▪ सुरक्षित भण्डारण (उत्पादित अन्नलाई सुरक्षित तरिकाले भण्डारण गर्ने तरिका, गर्नुपर्ने कारण र यसबाट लिन सकिने लाभ)<br>▪ वैदेशिक रोजगार (वैदेशिक रोजगारबाट हुने लाभ तथा हानि र जीतपुरसिमरामा वैदेशिक रोजगारीमा |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ कृषि सहकारी (कृषि सहकारीको अवधारणा तथा यसको परिचय, स्थानीय तहमा यसको औचित्य तथा यसबाट लिन सकिने फाइदा, उदाहरणका लागि साना किसान कृषि सहकारी) | ▪ हाम्रा तेलहन बाली (तेलहन बालीको परिचय, जीतपुरसिमरामा हुने तेलहन बालीको नाम तथा सूची र यसबाट लिन सकिने लाभ)<br>▪ हाटबजार (हाटबजार चिनारी, हाटबजारको महत्त्व, हाटबजार लाग्दा हुने चहलपहल, जीतपुरसिमरामा हाटबजार लाग्ने ठाउँ र हाटबजारको महत्त्व) | जाने चलन)<br>▪ बचत चेतना (बचत गर्ने बानी र यसबाट हुने फाइदा)<br>▪ हाम्रा उद्योग कलकारखाना (जीतपुरसिमरामा रहेका ठुला तथा मझौला उद्योग तथा कलकारखानाको परिचय, विशेष आर्थिक क्षेत्रको अवधारणा र यसको अभ्यास साथै उद्योग कलकारखानाबाट हुने आर्थिक लाभ) |
| ६. | **व्यक्तित्व तथा नेतृत्व विकास** | ▪ एकाग्रता (एकाग्रताको अर्थ, यसको अभ्यास र यसको फाइदा)<br>▪ सकारात्मक सोचाइ (सकारात्मक सोचाइको अर्थ, यसको आवश्यकता, औचित्य तथा फाइदा)<br>▪ सञ्चार कला (सञ्चार कलाको अर्थ र व्यक्तित्व विकासमा यसको अर्थ तथा महत्त्व)<br>▪ समय व्यवस्थापन (समयको अर्थ, बोध र यसको अनुसरण)<br>▪ आत्मविश्वास (आत्मविश्वासको अर्थ र व्यक्तित्व विकासमा यसको औचित्व)<br>▪ अतिरिक्त क्रियाकलाप (विद्यार्थीको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलापको महत्त्व र यसको अभ्यास)<br>▪ सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलाप (यसको महत्त्व र अभ्यास साथसाथै कार्यालयीय चिठीपत्र लेखन अभ्यास) | ▪ तनाव व्यवस्थापन (तनावको अर्थ, तनाव व्यवस्थापन गर्ने बानी र तरिका)<br>▪ पहिरन चेतना (व्यक्तित्व विकासको एउटा पाटोका रूपमा पहिरन चेतनाको चिनारी, पहिरन के कसरी लगाउने भन्ने तरिका र विभिन्न अवसरमा लगाइने पहिरनका बारेमा जानकारी)<br>▪ निर्णय लिने क्षमताको विकास (सही तथा गलत ठम्याइ मूल्याङ्कन गरेर निर्णय लिने क्षमताको विकास र यसको महत्त्व)<br>▪ बोल्ने कलाको विकास (बोल्ने कलाको महत्त्व, राम्रो बोल्ने र आत्मविश्वासका साथ बोल्ने बानीको विकास)<br>▪ प्रस्तुति कला (प्रस्तुति कलाको अर्थ, महत्त्व र यसको अभ्यास)<br>▪ खेलकुद प्रतियोगितामा सहभागिता (विद्यालय तथा विद्यालयभन्दा सञ्चालित विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता र प्रतिस्पर्धा गर्ने बानीको विकास)<br>▪ हाम्रा विभिन्न क्लब (विद्यालयमा रहेका विभिन्न क्लब जस्तै : विज्ञान, गणितलगायत अन्य क्लबको अवधारणा, यसको अभ्यास र यसबाट विद्यार्थीलाई हुने लाभ) | ▪ हाम्रो दृष्टिकोण (दृष्टिकोण चेतना, दृष्टिकोणको महत्त्व, यसको अभ्यास र कुनै पनि विषयवस्तुलाई फरक ढङ्गले आलोचनात्मक चेतका साथ हेर्ने तौरतरिकाका)<br>▪ हाउभाउ चेतना (हाउभाउको अर्थ, हाउभाउले दिने सन्देश र सचेततापूर्वक हाउभाउ प्रयोग गर्ने तरिका)<br>▪ टिपोट गर्ने बानी (महत्त्वपूर्ण विषय तथा बुँदालाई डायरीमा टिपोट गर्ने बानी र यसको अभ्यास)<br>▪ नेतृत्व क्षमताको विकास (आफ्नो समूह तथा कक्षालाई नेतृत्व गर्ने बानीको अभ्यास र नेतृत्व क्षमताको विकास)<br>▪ सामूहिक चेतना (समूह/कक्षा/परिवार /गाउँ/ सहर/देशको विकासको लागि सामूहिकताको चेतना र यसको अभ्यास)<br>▪ पढ्दै कमाउँदै (खास उमेर पुगिसकेपछि पढ्नुका साथसाथै कमाउँदै पनि गर्नुपर्छ चेतनाको विकास)<br>▪ रुचिअनुसारको काम (आफूलाई मन परेको कामलाई नै व्यवसायीकरण गर्नुपर्छ र त्यसैलाई आफ्नो वर्तमान र भविष्य बनाउनुपर्छ भन्ने चेतनाको विकास) |

## ४. विषयवस्तुको विस्तृतीकरण

**कक्षा १**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको सेरोफेरो** | ▪ आफ्नो उपमहानगरपालिकाको नाम भन्न<br>▪ आफू बसेको गाउँ अथवा सहरको नाम भन्न | ▪ मेरो जीतपुरसिमरा उपमहानगरपालिका (पालिकाको नाम र आफू बस्ने ठाउँको नाम) | ▪ शिक्षक आफैँले आफू बसेको पालिकाको नाम भन्ने<br>▪ आफू बसेको ठाउँको नाम भन्ने आफू र विद्यार्थीलाई आफू बसेको पालिकाको नाम तथा ठाउँको नाम भन्न लगाउने | ▪ पालिकाको नाम लेखिएको पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ तपाईंको पालिकाको नाम के हो ?<br>▪ तपाईंको बस्ने ठाउँको गाउँ अथवा सहरको नाम के हो ? | ३३ |
| | ▪ आफ्नो छिमेकी साथीको नाम बताउन<br>▪ छिमेकीसँग मिलीजुली बस्नुपर्छ भन्ने बताउन | ▪ मेरो छिमेकी (छिमेकी साथीको नाम र छिमेकीको महत्त्व मातृभाषामा भावानुवादसहित) | ▪ शिक्षकले सुरुमा आफ्नो छिमेकी साथीको नाम भन्ने<br>▪ छिमेकीसँग मिलीजुली बसेको छु भन्ने सन्देश बोकेको अनुभव सुनाउने<br>▪ विद्यार्थीलाई पालैपालो आफ्नो छिमेकी साथीको नाम भन्न लगाउने<br>▪ कथाकथन विधिको प्रयोग गरेर दुई छिमेकीबिचको मिलमिलापको दृष्टान्त दिने | ▪ छिमेकीको अर्थ झल्कने चित्र<br>▪ छिमेकी बालबालिका सँगै खेल्दै गरेको तस्बिर, चित्र अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न मातृभाषामा भावानुवादसहित)<br>उदाहरण<br>▪ तपाईंको छिमेकी साथीको नाम के हो ?<br>▪ तपाईंको सबैभन्दा मिल्ने साथीको नाम के हो ?<br>▪ तपाईंलाई तपाईंको छिमेकी साथीको के कुरा मन पर्छ ?<br>▪ छिमेकी साथीसँग मिलेर कुन कुन खेल खेल्ने गर्नुहुन्छ ? | |
| | ▪ आफ्नो गाउँ/सहरको नाम बताउन<br>▪ आफ्नो गाउँ/सहरमा रहेको ठाउँको नाम बताउन | ▪ मेरो गाउँ/सहर (गाउँ/गाउँको नाम र ठेगाना मातृभाषामा भावानुवादसहित) | ▪ शिक्षकले सुरुमा आफ्नो गाउँ/सहरको नाम र ठेगाना भन्ने र विद्यार्थीलाई सोही कुरा सोध्ने<br>▪ विद्यार्थीहरूलाई आफ्नो गाउँ/सहरको नाम भन्दै साथीको गाउँ/सहरको नाम पालैपालो सोध्न लगाउने | ▪ गाउँघर/सहर झल्कने चित्र, पोस्टर अथवा तस्बिर<br>▪ उपमहानगरपालिकाको नक्सा | प्रश्नोत्तर (मौखिक प्रश्न मातृभाषामा भावानुवादसहित)<br>उदाहरण<br>▪ तपाईंको गाउँ/सहरको नाम के हो ?<br>▪ तपाईंको गाउँ/सहर कुन ठाउँमा पर्छ ? | |
| | ▪ आफ्नो विद्यालयको नाम बताउन<br>▪ विद्यालय रहेको स्थान बताउन | ▪ मेरो विद्यालय (विद्यालयको नाम र ठेगाना मातृभाषामा भावानुवादसहित) | ▪ अभिनय विधिको प्रयोग गरेर शिक्षकले विद्यालयको नाम भन्ने र विद्यार्थीलाई सोहीअनुसार पालैपालो | ▪ विद्यालयको नाम लेखिएको साइनबोर्ड<br>▪ जीतपुरसिमरा उपमहानगरपालिकाको | प्रश्नोत्तर (मौखिक प्रश्न मातृभाषामा भावानुवादसहित)<br>उदाहरण<br>▪ तपाईंको विद्यालयको नाम के हो ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यालयको नाम भन्न लगाउने साथै विद्यालय रहेको स्थानको नाम बताउन लगाउने | नक्सा | ▪ तपाइँको विद्यालय कुन ठाउँमा रहेको छ ? | |
| | ▪ आफ्नो घर नजिकै रहेका खोलानालाका नाम बताउन<br>▪ खोलामा के के पाइन्छन् भन्न | ▪ हाम्रा खोलानाला (खोलानालाको अवस्थिति, नाम र खोलानालामा पाइने चिजहरू) | ▪ चित्रको माध्यमबाट खोला चिनाउने<br>▪ खोला बग्दा निक्लने आवाज निकालेर विद्यार्थीलाई देखाउने<br>▪ उनीहरूलाई पनि खोला बग्दा निस्कने आवाज निकाल्न लगाउने<br>▪ विद्यार्थीलाई आफ्नो घर नजिकै खोला छ कि छैन भनेर सोध्ने | ▪ खोलाको चित्र र श्रव्यदृश्य सामग्री<br>▪ खोलामा पाइने माछाको चित्र | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ तपाइँको घर नजिकै खोला छ कि छैन ?<br>▪ तपाइँको घर नजिकै रहेको खोलाको नाम के हो ?<br>▪ खोलामा के के पाइन्छन् ?<br>▪ खोला बग्दा निस्क्ने आवाज निकालेर सुनाउनुहोस् । | |
| | ▪ आफ्नो घर छेउछाउमा पाइने बोटबिरुवा चिन्न<br>▪ ती बोटबिरुवाका नाम बताउन | ▪ हाम्रा बोटबिरुवा (आफ्नो घर तथा घर छेउको जङ्गलमा पाइने विभिन्न बोटबिरुवाका नाम) | ▪ घर तथा विद्यालय छेउछाउमा रहेका विभिन्न बोटबिरुवालाई अध्ययन भ्रमण विधिको प्रयोग गरेर चिनाउने<br>▪ ती बोटबिरुवाका नाम बताउने<br>▪ विभिन्न फरक फरक तीन अथवा पाँचओटा बोटबिरुवाको पात सङ्कलन गर्न लगाउने र ती पातलाई कापीमा टाँस्न लगाउने र यसका लागि शिक्षकले सहजीकरण गर्ने | ▪ बोटबिरुवाका पात<br>▪ बोटबिरुवाका चित्र<br>▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ तपाइँको घर नजिकै पाइने कुनै तीनओटा बोटबिरुवाको नाम भन्नुहोस् ।<br>▪ घर नजिकै पाइने कुनै तीन अथवा पाँचओटा बोटबिरुवाको पात टिपेर कापीमा टाँस्नुहोस् ।<br>▪ तपाईंले विद्यालय छेउछाउमा पाइने कुनै तीनओटा बोटबिरुवाको नाम<br>▪ बताउनुहोस् । | |
| | ▪ घर तथा गाउँ/सहरमा पाइने चराहरूको नाम बताउन<br>▪ ती चराहरूको रङ चिन्न | ▪ हाम्रा चराचुरुङ्गी (घर तथा गाउँ/सहर वरपर पाइने विभिन्न चराका नाम तथा चराहरूको पहिचान) | ▪ विद्यालय छेउछाउमा देखापर्ने विभिन्न चराचुरुङ्गी चिनाउने<br>▪ ती चराहरूको नाम | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>▪ गाउँ/सहरमा पाइने | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ तपाइँको विद्यालय छेउछाउमा देखापर्ने चराहरूको नाम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बताउनुका साथसाथै रङ र आकार पनि चिनाउने<br>▪ ती चराहरूले निकाल्ने आवाज सुन्ने/सुनाउन लगाउने र शिक्षकले ती चराका आवाज निकालेर कक्षाकोठामा सुनाउने साथै विद्यार्थीलाई पनि आवाजको नक्कल गर्न लगाउने | चराचुरुङ्गीको तस्बिर अथवा चित्र | बताउनुहोस् ।<br>▪ ती चराहरूको आकार (ठुलो, मध्यम, सानो) कस्तो छ ? त्यो पनि बताउनुहोस् ।<br>▪ ती चराहरूका रङ पनि बताउनुहोस् ।<br>▪ तपाईंले घर तथा विद्यालय छेउछाउमा देखा पर्ने कुनै एउटा चराको आवाज नक्कल गरेर सुनाउनुहोस् । | |
| २. **जीतपुरसिमराका संस्कार-संस्कृति** | ▪ सानालाई माया गर्न<br>▪ ठुलालाई आदर गर्न | ▪ सानालाई माया र ठुलालाई आदर (नैतिक शिक्षा र शिष्टाचार) | ▪ अभिनय विधिको प्रयोग गरेर शिक्षकले सानालाई माया गरेको र ठुलालाई आदर गरेको देखाउने र विद्यार्थीलाई पनि सिकाउने<br>▪ विद्यार्थीलाई बुवा र आमामध्ये कसको धेरै माया लाग्छ भनेर सोध्ने<br>▪ नातासम्बन्ध चिनाउने र नातासम्बन्धका आधारमा गरिने व्यवहार चिनाउने<br>▪ हजुरबुवा अथवा हजुरआमा उमेरको मानिसलाई अनुज पुस्ताले ढोग्दै गरेको चित्र देखाउने र त्यस बारेमा थप अन्तरक्रिया तथा छलफल गर्ने | ▪ चित्र र श्रव्यदृश्य सामग्री<br>▪ ठुलाले सानालाई माया गर्दै गरेको पोस्टर<br>▪ विद्यार्थीले गुरुबा र गुरुआमालाई नमस्कार गर्दै गरेको पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ विद्यालयमा जाँदा गुरुबा र गुरुआमालाई नमस्कार गर्नुहुन्छ कि हुन्न ?<br>▪ तपाईंलाई कसको (आमा र बुवामध्ये) धेरै माया लाग्छ ?<br>▪ तपाईंलाई कसले (आमा र बुवामध्ये) धेरै माया गर्नुहुन्छ ?<br>▪ तपाईं आफूभन्दा ठुलालाई भेट्दा नमस्कार गर्नुहुन्छ कि हुन्न ?<br>▪ तपाईंलाई तपाईंको हजुरबुवा र हजुरआमाले माया गर्नुहुन्छ कि हुन्न ? | २८ |
| | ▪ आफ्नो मातृभाषा चिन्न<br>▪ विद्यालयमा बोलिने भाषा चिन्न | ▪ मेरो मातृभाषा (मातृभाषाको बोध र प्रयोग) | ▪ विद्यार्थीलाई पालैपालो घरमा कुन भाषामा बोल्छौ भनेर सोध्ने<br>▪ मातृभाषामा बुवा र आमालाई के भन्नुहुन्छ भनेर सोध्ने | ▪ चित्र र श्रव्यदृश्य सामग्री<br>▪ घरमा आफ्नो मातृभाषामा संवाद गर्दै गरेको पोस्टर<br>▪ विद्यालयमा नेपाली | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाईंलाई आफ्नो भाषा बोल्न आउँछ ?<br>▪ घरमा कुन भाषामा बोल्नुहुन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ प्रत्येक विद्यार्थीको मातृभाषाको सूची सेतोपाटी/कालोपाटीमा तयार पार्ने र पढेर/ उच्चारण गरेर सुनाउने | भाषामा संवाद गर्दै गरेको पोस्टर | ■ विद्यालयमा कुन भाषामा बोल्नुहुन्छ ? | |
| | ■ घरमा कुन कुन खानेकुरा पाक्छ भनेर बताउन<br>■ आफ्नो मन पर्ने र मन नपर्ने खानेकुराको नाम बताउन | ■ हाम्रा खानेकुरा (घरमा पाक्ने खानेकुराको चिनारी, मन पर्ने तथा मन नपर्ने खानेकुरा) | ■ शिक्षक आफैंले बिहान खाएर आएको खानेकुराको नाम विद्यार्थीहरूलाइ सुनाउने<br>■ विद्यार्थीहरूले खाएर आएको खानेकुराको नाम सोध्ने<br>■ घरमा पाक्ने खानेकुराको नाम सोध्ने र सूची तयार पार्ने<br>■ विद्यार्थीलाई उनीहरूको मन पर्ने र मन नपर्ने खानाको नाम सोध्ने र भन्न लगाउने | ■ घरमा पाक्ने खानेकुराको परिकारको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ आज बिहान तपाईंले के खाएर आउनुभयो ?<br>■ तपाईंलाई मन पर्ने खानेकुराको नाम के हो ?<br>■ तपाईंलाई मन नपर्ने खानेकुराको नाम के हो ?<br>■ तपाईंको घरमा कुन कुन खानेकुरा पाक्छ ? सुनाउनुहोस् । | |
| | ■ लुगा किन लगाइन्छ भनेर बताउन<br>■ आफूले लगाउने गरेको पहिरनको नाम बताउन | ■ हाम्रा वेशभूषा (पहिरनको महत्त्व, मौसमअनुसारका लुगा र आफूले लगाएको पहिरनको नाम) | ■ शिक्षकले आफूले लगाएको पहिरनको नाम बताउने<br>■ विद्यार्थीलाई उनीहरूले लगाएको पहिरनको नाम सोध्ने, नआएको खण्डमा शिक्षकले सहजीकरण गर्ने<br>■ जाडो र गर्मी महिनामा लगाउने लुगाको सूची र चित्र देखाउने<br>■ विभिन्न चाडपर्वमा लगाइने लुगाको चित्र अथवा तस्बिर देखाउने र अन्तरक्रिया गर्ने | ■ शब्दपत्ती र चित्र/ श्रव्यदृश्य सामग्री<br>■ ढुङ्गे युग झल्किने चित्र वा तस्बिर<br>■ गर्मी मौसम र त्यसबेला लगाइने लुगाको चित्र वा तस्बिर<br>■ जाडो मौसम र त्यसबेला लगाइने लुगाको चित्र<br>■ चाडपर्वमा लगाउने लुगाको चित्र वा तस्बिर | प्रश्नोत्तर (बहुवैकल्पिक प्रश्न)<br>उदाहरण<br>■ हामीले जाडो मौसममा कस्तो लुगा लगाउछौं ?<br>■ (क) बाक्लो (ख) पातलो<br>■ हामीले गर्मी महिनामा कस्तो लुगा लगाउछौं ?<br>■ (क) बाक्लो (ख) पातलो<br>■ विभिन्न समुदायको सांस्कृतिक पहिरनको सादा चित्र दिने र त्यसमा उपयुक्त रङ भर्न लगाउने । | |
| | ■ आफूले देखेका बाजाहरूका नाम बताउन<br>■ बाजा चिन्न | ■ हाम्रा बाजा (तराईमधेशमा प्रचलित बाजाका चिनारी) | ■ जीतपुरसिमरा (तराईमधेश) मा प्रचलित बाजाका नाम चिनाउने<br>■ ती बाजाका आवाज निकालेर सुनाउने<br>■ बाजाको नाम दिने र सो | ■ शब्दपत्ती र चित्र/ श्रव्यदृश्य सामग्री<br>■ स्थानीय स्तरमा पाइने विभिन्न बाजाको चित्र भएको पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ तपाईंले कुनै बाजा देख्नुभएको छ ?<br>■ तपाईंलाई कुन बाजाको आवाज मन पर्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बाजाले निकाल्ने आवाज निकाल्न लगाउने | | ▪ आफूलाई मन पर्ने बाजाको आवाज निकालेर सुनाउनुहोस् ।<br>▪ तपाईंलाई कुनै बाजा बजाउन आउँछ ?<br>▪ तपाईंको विद्यालयमा कुन कुन बाजा छन् ? | |
| | ▪ घर अथवा विद्यालय नजिकै रहेका मन्दिर, गुम्बा, चर्च, मस्जिद छ कि छैन भनेर बताउन<br>▪ धार्मिक स्थलको पहिचान गर्न | ▪ धार्मिक स्थल (मन्दिर, गुम्बा, चर्च, मस्जिदको पहिचान) | ▪ अवलोकन भ्रमण विधिमार्फत विद्यार्थीलाई शिक्षकले आफ्नो विद्यालय वरपर रहेका मन्दिर, गुम्बा, चर्च, मस्जिद देखाउने र चिनाउने<br>▪ विद्यार्थीलाई माथिका मध्ये तपाईं कुन ठाउँमा जानुभएको छ भनेर सोध्ने | ▪ मन्दिर, गुम्बा, मस्जिद, चर्चको पोस्टर, तस्बिर अथवा चित्र | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाईंको घर अथवा विद्यालय नजिकै मन्दिर छ कि छैन ?<br>▪ तपाईंको घर अथवा विद्यालय नजिकै गुम्बा छ कि छैन ?<br>▪ तपाईंको घर अथवा विद्यालय नजिकै मस्जिद छ कि छैन ?<br>▪ तपाईंको घर अथवा विद्यालय नजिकै चर्च र छ कि छैन ? | |
| ३. **जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ▪ हामी रमाइला ठाउँमा किन घुम्न जान्छौं भनेर कारण बताउन<br>▪ रमाइला ठाउँ घुम्नाले के फाइदा हुन्छ भनेर बताउन | ▪ घुमौं, डुलौं र रमाऔं (नयाँ र रमाइला ठाउँ घुम्नुका फाइदा) | ▪ शिक्षकले आफूले घुम्न गएको स्थान र क्रियाकलापका बारेमा बताउने<br>▪ विद्यार्थीहरू कतै घुम्न गएको छ कि छैन भनेर सोध्ने र उनीहरूको अनुभव सुन्ने<br>▪ अवलोकन भ्रमण विधि प्रयोग गर्ने विद्यार्थीहरूलाई भ्रमण पछि के के देख्यौ भनेर सोध्ने | ▪ घुम्न जाँदा आवश्यक पर्ने टिफिन, पानीको बोतल आदि<br>▪ विदेशी पर्यटक घुम्न आएको चित्र, फोटो, तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाईंको घर नजिकै रमाइला ठाउँ छन् कि छैनन् ?<br>▪ तपाईंले कहिल्यै विदेशी पर्यटक देख्नुभएको छ कि छैन ?<br>▪ तपाईंको घर नजिकै रहेको रमाइलो ठाउँको नाम भन्नुहोस् ।<br>▪ जीतपुरसिमराका कुनै दुईओटा रमाइला ठाउँका नाम भन्नुहोस् । | १९ |
| | ▪ पार्क तथा चौताराको महत्त्व बताउन<br>▪ पार्क तथा चौतारालाई कसरी पर्यटन प्रवर्द्धनको रूपमा प्रयोग गर्न सकिन्छ भनेर कारण बताउन | ▪ हाम्रा पार्क तथा चौतारा (घर तथा गाउँ/सहर नजिकै रहेका पार्क तथा चौताराको परिचय र यी ठाउँ घुम्नुका फाइदा) | ▪ विद्यालय नजिकै रहेको पार्क तथा चौताराको भ्रमण गराउने<br>▪ ती पार्क तथा चौताराको प्रयोग स्थानीय स्तरमा कसरी भइरहेको छ भनेर बताउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक सामग्री<br>▪ पार्क तथा चौताराको अथवा चित्र तथा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाईंको विद्यालय तथा घर नजिकै कुनै पार्क तथा चौतारा रहेको छ ?<br>▪ ती पार्क तथा चौतारामा के के | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ पार्क तथा चौतारामा भइरहेको गतिविधिलाई अवलोकन गर्न लगाउने<br>■ पार्क तथा चौतारालाई कसरी पर्यटन प्रवर्द्धनका लागि प्रयोग गर्न सकिन्छ भनेर बताउने र त्यसको सूची तयार पार्ने | | हुने गरेका छन् ? त्यहाँ हुने गरेका क्रियाकलाप बताउनुहोस् ।<br>■ पार्क तथा चौतारामा हामीले के के गर्न सक्छौँ ? | |
| | ■ आफ्नो घर अथवा विद्यालय नजिकै रहेका रमाइला ठाउँहरूका नाम बताउन<br>■ जीतपुरसिमराका मुख्य मुख्य पर्यटकीय स्थलका नाम बताउन | ■ हाम्रा रमाइला ठाउँ (घर र विद्यालय नजिकैका रमाइला ठाउँहरूको चिनारी) | ■ रमाइला ठाउँहरूको नाम सोध्ने<br>■ जीतपुरसिमराका मुख्य मुख्य पर्यटकीय स्थलका नामको सूची तयार पार्ने र सुनाउने<br>■ अवलोकन विधिमार्फत शिक्षकले विद्यार्थीलाई विद्यालय नजिकै रहेका रमाइला ठाउँ देखाउने र चिनाउने | ■ ससाना बालबालिका कतै रमाइला ठाउँमा घुम्न गएको चित्र, अथवा तस्बिर<br>■ घुम्न जाँदा आवश्यक पर्ने दिवा खाजा, खानेपानीको बोतल आदि | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ तपाइँ कतै घुम्न जानुभएको छ कि छैन ?<br>■ घुम्न जाँदा खुट्टा दुख्यो कि दुखेन ?<br>■ घुम्न जाँदा के के देख्नुभयो ? | |
| | ■ चराचुरुङ्गी चिन्न र चराचुरुङ्गी हेरेर रम्न<br>■ चराचुरुङ्गी अवलोकनबाट कसरी फाइदा हुन्छ भनेर बताउन | ■ चरा हेर्न जाऔँ (चराको पहिचान र चरा हेरेर मनोरञ्जन लिने अभ्यास) | ■ अवलोकन विधिको प्रयोग गरेर जीतपुरसिमरामा तथा पर्सा राष्ट्रिय निकुञ्जमा पाइने विभिन्न चराचुरुङ्गी चिनाउने<br>■ चरा उडेको अभिनय गरेर देखाउने<br>■ घरमा अथवा विद्यालयमा परेवालगायत अन्य चराचुरुङ्गीले बनाएको गुँड देखाउने<br>■ विभिन्न चराचुरुङ्गीको रङ, आवाज र वासस्थान चिन्ने खेल खेलाउने | ■ विभिन्न चराहरू भएको पोस्टर<br>■ घुम्न जाँदा आवश्यक पर्ने पानी, पानीको बोतल, खाजा, क्यामरा आदि | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ चराले के खान्छ ? भन्नुहोस् ।<br>■ चरा कहाँ बस्छ ? भन्नुहोस् ।<br>■ तपाईंको घरमा कुनै चराले गुँड बनाएको छ ?<br>■ तपाईंलाई मन पर्ने चराको नाम के हो ?<br>■ घुम्न जाँदा तपाईंले कस्तो रङको चरा देख्नुभयो ?<br>■ कुनै एउटा चराको आवाज निकालेर सुनाउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. **कृषि, पशुपालन र पेसा** | ■ आमा र बुवाले के के काम गर्नुहुन्छ भन्ने बताउन<br>■ काम किन गर्नुपर्छ भनेर बताउन | ■ मेरो परिवारको पेसा (आमा र बुवाले गर्ने काम, काम सानो-ठुलो हुँदैन भन्ने चेतना र कामको आम्दानीसँगको सम्बन्ध) | ■ शिक्षकले विद्यालयमा रहेका विभिन्न जनशक्तिको काम विद्यार्थीहरूलाई चिनाउने<br>■ शिक्षकले आफ्नो पेसाबारे बताउने साथै पेसा र आम्दानीको सम्बन्धबारे जानकारी दिने<br>■ विद्यार्थीलाई उनीहरूका आमा र बुवाले के के काम गर्नुहुन्छ भनेर सोध्ने<br>■ काम सानो-ठुलो हुन्न भनेर बुझाउने<br>■ कामले मानिसलाई आत्मनिर्भर बनाउँछ भनेर बुझाउने | ■ खेतीपाती गर्दै गरेको, पसलमा सामान बेच्दै गरेको, पशुपालन गरेको, माछा मार्दै गरेको गएको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ तपाईंको आमा के काम गर्नुहुन्छ ?<br>■ तपाईंको बुवाले के काम गर्नुहुन्छ ?<br>■ तपाईंलाई भविष्यमा के बन्न मन छ ? | २८ |
| | ■ छिमेकीले के काम गर्छन् भनेर बताउन<br>■ कामले मानिसलाई कसरी स्वावलम्बी बनाउँछ भनेर कारण बताउन | ■ मेरो छिमेकीको काम (छिमेकीले गर्ने काम र पेसा) | ■ शिक्षकले आफ्ना छिमेकीको कामबारे बताउने<br>■ छिमेकीले काममार्फत कसरी आम्दानी गरिरहेको छ भनेर बताउने<br>■ काम गरेको, कामबाट आम्दानी भएको, आम्दानीले परिवारको आवश्यकता पूरा हुँदै गरेको पोस्टर प्रदर्शन गर्ने र विद्यार्थीसँग छलफल गर्ने<br>■ विद्यार्थीलाई उनीहरूको छिमेकीले के काम गर्छन् भनेर सोध्ने | ■ छिमेकीले उखु तथा सन्पाट बेचेको र त्यसको आम्दानीबाट अन्य सामान किनेको चित्र अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ तपाईंको छिमेकीले के काम गर्नुहुन्छ ?<br>■ काम किन गर्नुपर्छ ? भन्नुहोस् ।<br>■ काम गरेन भने आम्दानी हुन्छ कि हुँदैन ? | |
| | ■ करेसाबारी चिन्न, करेसाबारीमा के के फल्छन् भनेर बताउन<br>■ करेसाबारीमा विभिन्न | ■ करेसाबारी (करेसाबारीको परिचय, करेसाबारीमा हुने तरकारी तथा मसलाका बिरुवा र | ■ चित्र प्रदर्शन गरेर विद्यार्थीहरूलाई करेसाबारी चिनाउने<br>■ विद्यार्थीहरूलाई | ■ करेसाबारीको पोस्टर<br>■ करेसाबारीमा विभिन्न तरकारी तथा फलफूल उमारेको | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ तपाईंको घरमा करेसाबारी छ कि छैन ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तरकारी फलाउँदा बचत हुन्छ भन्ने बुझ्न | करेसाबारीको महत्त्व) | करेसाबारीमा के के फलेका छन् भनेर सोध्ने<br>■ करेसाबारीमा फल्ने तरकारी, फलफूल तथा मसलाका बिरुवाका नामको सूची क्रमशः तयार पार्ने र वाचन गरेर सुनाउने<br>■ करेसाबारीमा फलेर धेरै भएको तरकारी, फलफूल तथा मसला बजारमा बेच्न लगेको कुरा कथाकथन विधि प्रयोग गरेर सुनाउने | तथा मसलाजन्य बिरुवा उमारेको हुनुपर्ने | ■ करेसाबारीमा कुन कुन तरकारी फल्छन् ?<br>■ करेसाबारीमा कुन कुन फल फल्छन् ?<br>■ करेसाबारीमा उम्रने मसला (बेसार, अदुवालगायत) का नाम भन्न लगाउने । | |
| | ■ विभिन्न प्रकारका फलफूल चिन्न र नाम बताउन<br>■ फलफूल बेचेर कसरी आम्दानी गर्न सकिन्छ भनेर कारण बताउन | ■ हाम्रा फलफूल (आफ्नो घरमा अथवा गाउँ/सहरमा फल्ने विभिन्न प्रकारका फलफूलका चिनारी र त्यसबाट हुने आम्दानी) | ■ विद्यार्थीलाई उनीहरूले खाएका फलफूलका नाम क्रमशः भन्न लगाउने<br>■ उनीहरूको घरमा कुन कुन फलफूल फल्ने गरेका छन् भनेर सोध्ने<br>■ शिक्षकले विद्यार्थीलाई मौसमअनुसारका फलफूल प्रदर्शन गर्ने, चिनाउने र विद्यार्थीलाई फलफूलका नाम भन्न लगाउने<br>■ कथाकथन विधि वा कुनै दृष्टान्त दिएर फलफूल बेचेर आम्दानी गर्न सकिन्छ भनेर सुनाउने | ■ नामसहितको विभिन्न प्रकारका फलफूलका चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ तपाइँलाई सबैभन्दा बढी कुन फलफूल मन पर्छ ?<br>■ तपाइँको घरमा फलफूलका बोट छन् कि छैनन् ?<br>■ कुनै तीनओटा फलफूलका नाम भन्नुहोस् । | |
| | ■ विभिन्न प्रकारका तरकारी चिन्न र नाम बताउन<br>■ व्यावसायिक तरकारी खेतीबाट कसरी राम्रो | ■ हाम्रा तरकारी (आफ्नो घरमा हुने विभिन्न प्रकारका तरकारीका चिनारी र तरकारीबाट हुने आम्दानी) | ■ विद्यार्थीलाई उनीहरूले खाने गरेका तरकारीका नाम क्रमशः बताउन लगाउने, सूची तयार गर्ने र वाचन गरेर सुनाउने | ■ मौसमकाअनुसारका विभिन्न तरकारीको तस्बिर, चित्र, चार्ट, पोस्टर (नामसहित) | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ तपाइँले आज बिहान कुन तरकारी खानुभयो ?<br>■ तपाइँलाई सबैभन्दा मन पर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आम्दानी गर्न सकिन्छ भनेर कारण बताउन | | ▪ उनीहरूको घरमा कुन कुन तरकारी फल्छन् भनेर क्रमशः सोध्ने, त्यसको सूची तयार पार्ने र वाचन गरेर सुनाउने<br>▪ शिक्षकले विद्यार्थीलाई मौसमअनुसारका तरकारी प्रदर्शन गर्ने, चिनाउने र विद्यार्थीलाई तरकारीका नाम भन्न लगाउने<br>▪ कथाकथन विधिको प्रयोग गरेर व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ भनेर बताउने | | तरकारी कुन हो ?<br>▪ कुनै तीनओटा तरकारीका नाम भन्नुहोस् । | |
| **५. स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास** | ▪ नियमित रूपमा किन सरसफाइ गर्नुपर्छ भनेर कारण बताउन<br>▪ व्यक्तिगत सरसफाइको महत्त्व बुझ्न | ▪ व्यक्तिगत सरसफाइ (आफ्नो शरीरको सरसफाइ र शरीरका विभिन्न अङ्ग सफा राख्नुको महत्त्व) | ▪ सफा बालक र फोहोर बालकको तस्बिर देखाउने<br>▪ व्यावहारिक क्रियाकलाप मार्फत शिक्षकले विद्यार्थीलाई व्यक्तिगत सरसफाइ गर्न लगाउने<br>▪ उनीहरूको कपाल, नङ, दाँत आदि हेर्दै व्यक्तिगत सरसफाइको अर्थ र महत्त्व चिनाउने | ▪ सफा बालक र फोहोरी बालकको चित्र अथवा पोस्टर<br>▪ साबुन, पानी, काइँयो, नैनी, रुमाल | ▪ विद्यार्थीहरूले कायम गरेको व्यक्तिगत सरसफाइलाई निरीक्षण गर्ने र सोही आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | ३३ |
| | ▪ खाना खानु अघि र खाना खाइसकेपछि हात धुने बानी बसाल्न<br>▪ चर्पीको प्रयोग गरिसकेपछि हात धुने बानी बसाल्न | ▪ हात धुने बानी (हात धुने समय र धुने तरिका) | ▪ विद्यार्थीलाई कुन कुन बेला हात धुने गरेका छौ भनेर क्रमशः सोध्ने<br>▪ विद्यालयमा खाजा खानु अघि र चर्पी गएर आइसकेपछि साबुनपानीले हात धुन लगाउने<br>▪ व्यावहारिक क्रियाकलापमार्फत शिक्षकले | ▪ सफा हात र फोहोर हातको पोस्टर<br>▪ फोहोर हातले खाना खाँदा देखिने स्वास्थ्य समस्यासँग सम्बन्धित पोस्टर अथवा चार्ट<br>▪ साबुन-पानी र रुमाल | ▪ विद्यार्थीहरूले हात धोएको निरीक्षण गर्ने र सोही आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यार्थीलाई सही तरिकाले हात धुन सिकाउने<br>▪ खाना खानुअघि र चर्पी गइसकेपछि हात नधुँदा हुन सक्ने स्वास्थ्य समस्याका बारेमा पोस्टर प्रदर्शनसहित व्याख्या तथा छलफल गर्ने | | | |
| | ▪ खाना खाइसकेपछि दाँत माभ्ने बानी बसाल्न<br>▪ दाँतलाई किराबाट बचाउन | ▪ दैनिक दाँत माभ्ने गरौँ (दाँत माभ्ने समय, तरिका र यसको महत्त्व) | ▪ विद्यार्थीलाई दाँत माभ्ने गरेको छ कि छैन भनेर सोध्ने<br>▪ कुन कुन बेला दाँत माभ्ने गरेका छौ भनेर सोध्ने<br>▪ विद्यार्थीहरूले दाँत माझेको छ कि छैन भनेर निरीक्षण गर्ने<br>▪ व्यावहारिक क्रियाकलापमार्फत शिक्षकले विद्यार्थीलाई सही तरिकाले दाँत माभ्न सिकाउने | ▪ दाँतको तस्बिर अथवा पोस्टर<br>▪ दाँत देखिने हँसिलो मुहार भएको बालकको तस्बिर अथवा पोस्टर<br>▪ किराले दाँत खाएको बालकको चित्र, तस्बिर अथवा पोस्टर<br>▪ दाँत माभ्दै गरेको सानो बालक र उसकी आमाको चित्र अथवा तस्बिर<br>▪ ब्रस, पानी, मन्जन | ▪ विद्यार्थीहरूले दाँत माझेको निरीक्षण गर्ने र सोही आधारमा श्रेणीमापन फारम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ हाते रुमालको प्रयोग गर्न<br>▪ सफा सुग्घर रहन | ▪ मेरो हाते रुमाल (हाते रुमालको प्रयोग र यसको फाइदा) | ▪ विद्यार्थीसँग हाते रुमाल छ कि छैन भनेर सोध्ने र निरीक्षण गर्ने<br>▪ हाते रुमाल भएको विद्यार्थीसँग हाते रुमाल के केका लागि प्रयोग गर्ने गरेका छौ भनेर सोध्ने<br>▪ शिक्षकले आफूसँग भएको हाते रुमाल चिनाउँदै आफूले हाते रुमालको प्रयोग किन र कहिले गर्ने गरेको हो त्यसलाई | ▪ हाते रुमालसहितको सानो बालकको चित्र<br>▪ हाते रुमालले हात पुछ्दै गरेको, मुख पुछ्दै गरेको चित्र अथवा पोस्टर<br>▪ हाते रुमाल | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ तपाईंसँग हाते रुमाल छ कि छैन ?<br>▪ तपाईं हाते रुमाल किन प्रयोग गर्नुहुन्छ ?<br>▪ तपाईंको मिल्ने साथीसँग हाते रुमाल छ कि छैन ?<br>▪ तपाईंका सबै साथीसँग हाते रुमाल छ कि छैन ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रयोगात्मक तरिकाले देखाउने | | | |
| | ■ नियमित रूपमा कपाल कोर्ने बानी बसाल्न<br>■ कपाल कोर्ने तरिका सिक्न | ■ कपाल कोर्ने गरौँ (कपाल कोर्ने बानी र तरिका) | ■ शिक्षकले आफ्नो कपाल देखाउँदै कपाल कोरेको छ कि छैन देखाउने<br>■ कपाल कोरेका दुई बालबालिकालाई छानेर कपाल कोर्दा कस्तो राम्रो देखिँदो रहेछ भनेर सबै विद्यार्थीलाई नियमित कपाल कोर्न प्रेरित गर्ने<br>■ शिक्षकले विद्यार्थीलाई व्यावहारिक तरिकाले कपाल कोर्न सिकाउने | ■ कपाल कोरेका दुई बालबालिकाको चित्र, अथवा तस्बिर<br>■ कपाल नकोरेको बालबालिकाको चित्र, अथवा तस्बिर<br>■ काइँयो, रिबन | ■ विद्यार्थीहरूले नियमित रूपमा कपाल कोर्ने गरेका छन् कि छैनन् निरीक्षण गरेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ नङ काट्ने बानी बसाल्न<br>■ नङ फोहोर राख्दा हुने स्वास्थ्य समस्या बताउन | ■ नङ सफा राखौँ (नङ सफा राख्नुपर्ने कारण र नङ सफा राख्ने तरिका) | ■ शिक्षकले चित्र अथवा पोस्टरको सहायताले फोहोर नङ र सफा नङ चिनाउने<br>■ विद्यार्थीलाई सँगै बस्ने आफ्नो सहपाठीको नङ सफा छ कि फोहोर छ भनेर हेर्न लगाउने र सोध्ने<br>■ शिक्षकले व्यावहारिक तरिकाले नङ काटेर देखाउने र नङ सफा राख्न सिकाउने | ■ सफा नङ र फोहोर नङको तस्बिर अथवा पोस्टर<br>■ फोहोर नङ राख्दा हुनसक्ने स्वास्थ्य समस्या झल्किने चित्र, अथवा तस्बिर<br>■ साबुन-पानी, ब्रस, नैनी, रुमाल | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ तपाईंको आफ्नो नङ सफा छ कि फोहोर छ ?<br>■ तपाईंको साथीको नङ कस्तो छ ?<br>■ तपाईंको नङ कसले काटिदिने गर्नुहुन्छ ?<br>■ नियमित रूपमा नङ परीक्षण गरेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ हाँस्ने बानी बसाल्न<br>■ हाँसेर फाइदा लिन | ■ हाँस्ने गरौँ (हाँस्नुका फाइदा र यसले व्यक्तित्व विकासमा पार्ने प्रभाव) | ■ कुनै रमाइलो चुट्किला तथा किस्सा सुनाउने र हँसाउने<br>■ एकदमै रमाइलो अभिनय गरेर हँसाउने<br>■ हाँस्दा हुने फाइदाका बारेमा बताउने<br>■ चार्ली चाप्लिन अथवा मिस्टर बिनको कुनै भिडियो देखाउने | ■ हाँसिरहेको बालकको चित्र, तस्बिर अथवा पोस्टर<br>■ ठुस्स परेको बालकको चित्र, तस्बिर अथवा पोस्टर<br>■ चार्ली चाप्लिन अथवा मिस्टर बिनको श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● पछिल्लो समय कहिले हाँस्नुभएको थियो ?<br>● सबैभन्दा हँसाउने साथीको नाम भन्नुहोस् ।<br>● तपाईंको कक्षाकोठामा कुन शिक्षक अथवा शिक्षिकाले सबैभन्दा धेरै हँसाउनुहुन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ हाँस्दा हुने तीनओटा फाइदाको सूची लेखेर त्यसबारे छलफल तथा व्याख्या गर्ने | | ● तपाइँलाई मन पर्ने कुनै हँसाउने कार्टुनको नाम भन्नुहोस् । | |
| | ■ सकेसम्म फोहोर नगरौँ भन्ने बानीको विकास गर्न<br>फोहोरदानीमा फोहोर फाल्ने बानी बसाल्न | ■ फोहोर नगर्ने बानी (सकेसम्म फोहोर नगरौँ भन्ने बानीको विकास र फोहोर फाल्दा फोहोरदानीको प्रयोग गरौँ भन्ने चेतनाको विकास) | ■ विद्यार्थीलाई आफ्नो कक्षाकोठाको अवस्था देखाउने र त्यहाँ कुनै फोहोर छ भने त्यो पनि देखाउने<br>■ विद्यालयमा रहेको कुनै सफा कक्षाकोठा देखाउने<br>■ कुहिने फोहोर र नकुहिने फोहोरको बारेमा बताउने र यसलाई फाल्ने छुट्टाछुट्टै फोहोरदानी चिनाउने, त्यसका लागि फोहोरदानीको रङ फरक फरक बनाउने | ■ हरियो र रातो रङको फोहोरदानी<br>■ सफा तथा फोहोर कक्षाकोठाको तस्बिर अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीहरूको कक्षाकोठा सफा छ कि फोहोर छ हेर्ने मूल्याङ्कन गर्ने । त्यसका लागि साप्ताहिक, अथवा मासिक तरिकाले मूल्याङ्कन गर्न सकिन्छ ।<br>● उनीहरूले कक्षाकोठालाई सफा तथा फोहोर राखेको आधारमा श्रेणीमापन फाराम हेरेर अभिलेख राख्न सकिन्छ ।<br>● उनीहरूल दुई फरक रङका फोहोरदानीलाई कसरी प्रयोग गरिरहेका छन् यसलाई हेर्ने र मूल्याङ्कन गर्ने । | |
| | ■ कक्षाकोठामा जथाभाबी फोहोर नफाल्ने बानी बसाल्न<br>■ आफ्नो वरपरको वातावरण सफा राख्न | ■ मेरो सफा कक्षाकोठा ( सफा कक्षाकोठाको परिचय, फोहोरदानीको चिनारी र यसको कक्षाकोठामा प्रयोग) | ■ विद्यार्थीलाई उनीहरू बस्ने गरेको टेबल-कुर्सीबाट बाहिर निकाल्ने र राम्रोसँग कक्षाकोठा देखाउने<br>■ विद्यालयमा रहेका फोहोर कक्षाकोठा र सफा कक्षाकोठा देखाउने<br>■ फोहोरदानी भएको र फोहोरदानी नभएको कक्षाकोठा देखाउने<br>■ विद्यार्थीलाई फोहोरदानीमा फोहोर फाल्न सिकाउने | ■ सफा कक्षाकोठाको चित्र अथवा तस्बिर<br>■ फोहोर कक्षाकोठाको चित्र अथवा तस्बिर<br>■ फोहोरदानी भएको र नभएको दुई फरक कक्षाकोठाका चित्र अथवा तस्बिर<br>■ फोहोरदानी | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● तपाइँको कक्षाकोठा फोहोर छ कि सफा छ ?<br>■ तपाइँको कक्षाकोठामा फोहोरदानी छ कि छैन ?<br>■ तपाइँले फोहोरदानीमा फोहोर फाल्ने गर्नुहुन्छ कि हुन्न ?<br>■ तपाइँको कक्षाकोठामा कुन साथीले फोहोरदानीमा फोहोर फाल्नुहुन्न ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. **खेलकुद तथा मनोरञ्जन** | ▪ बालगीत गाउन<br>▪ बालगीत गाउँदै आँखा, कान, नाक, जिब्रो, छालाको काम बुझ्न | ▪ बालगीत (हेरेर रङ, सुनेर आवाज, सुँघेर बास्ना, चाखेर स्वाद, छोएर तातो/चिसो थाहा पाउन सकिन्छ भन्ने भाव झल्किने बालगीत गायन सामूहिक रूपमा लयबद्ध तरिकाले प्रस्तुति) | ▪ विद्यार्थीहरूलाई लयमा बालगीत गान सिकाउने<br>▪ आँखा, कान, नाक, जिब्रो र छालाको काम प्रयोगात्मक विधिको प्रयोग गरेर चिनाउने<br>▪ बालगीत गाउँदै हाउभाउसहित अभिनय गर्न लगाउने | ▪ बालगीत र श्रव्यदृश्य सामग्री<br>▪ आँखा, कान, नाक, जिब्रो, छाला र यिनीहरूले गर्ने कामको चित्र, तस्बिर अथवा पोस्टर | ▪ विद्यार्थीहरूलाई सामूहिक रूपमा बालगीत गाउन लगाउने र निरीक्षण गर्ने,<br>▪ उनीहरूले गीत गाउँदा देखाएको सक्रियता र हाउभाउको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | १९ |
| | ▪ आफ्नो मौलिक खेलहरू चिन्न र नाम बताउन<br>▪ खेल्दै सिक्न सकिन्छ भन्ने बुझ्न | ▪ हाम्रा खेल (स्थानीय स्तरमा खेलिने मौलिक खेलहरूको नाम, तिनीहरूको सूची र खेल्दै सिक्ने कला) | ▪ विद्यार्थीहरूलाई उनीहरूले घरमा र विद्यालयमा खेल्ने गरेका मौलिक खेलहरूको नाम सोध्ने र सूची तयार गर्ने<br>▪ उनीहरूलाई मन पर्ने खेलका नाम भन्न लगाउने | ▪ शब्दपत्ती, पोस्टर र चित्र<br>▪ ससाना बालबालिका लुकामारी, चिँ मुसी चिँ, तातो आलु, घैँटो फुटाइ खेल्दै गरेको पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाईंलाई मन पर्ने खेलको नाम के हो ?<br>▪ साथीसँग मिलेर तपाईं कुन कुन खेल खेल्ने गर्नुहुन्छ ? | |
| | ▪ बालगीतको लयमा हाउभाउसहित नाच्न<br>▪ नाच्दै/रमाउँदै नयाँ कुरा सिक्न | ▪ बाल नृत्य (बालगीतमा हाउभाउसहित नृत्य गर्न लगाउने, नृत्यले दिने मनोरञ्जन र नाच्दै सिक्न सक्ने नयाँ कुरा) | ▪ बालगीत बजाउने र त्यसको लयमा गीत पनि गाउँदै विद्यार्थीलाई हाउभाउसहित नाच्न लगाउने<br>▪ बालगीतमा प्रयोग भएका शब्दको भावभङ्गीलाई हाउभाउमा उतार्ने | ▪ बालगीत, स्पिकर, पेन ड्राइभ अथवा मोबाइल फोन | ▪ विद्यार्थीहरूले हाउभाउसहित नाचेको आधारमा र उनीहरूले नाच्न देखाएको सक्रियताको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ सिसाकलम समात्ने बानी बसाल्न<br>▪ चित्रमा उपयुक्त रङ भर्न र सुन्दर अक्षर लेख्न | ▪ बाल चित्रकला (सिसाकलम समात्ने बानी बसाल्न, रङ चिन्न/चित्रमा रङ भर्न र पछि क्रमशः सुन्दर अक्षरका लागि चित्रकलाको अभ्यास) | ▪ विद्यार्थीलाई पहिल्यै तयार पारिएको थोप्ला थोप्ला सहितको चित्र प्रस्तुत गर्ने र त्यसमा रङ भर्न लगाउने<br>▪ उनीहरूलाई मन परेका विभिन्न आकृति बनाउन लगाउने र त्यसमा रङ भर्न लगाउने | ▪ थोप्ला थोप्लासहितको अपूर्ण चित्र, सिसाकलम र रङ | ▪ विद्यार्थीहरूको सहभागिता, उनीहरूले देखाएको सक्रियता र चित्रको आधारमा मूल्याङ्कन गर्ने/व्यक्तिगत पोर्टफोलियो तयार पार्ने । | |

**कक्षा २**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको सेरोफेरो** | ▪ जीतपुरसिमरामा रहेका गाउँ/सहरका नाम बताउन<br>▪ ती नामहरू कसरी रहे भनेर बताउन | ▪ हाम्रा गाउँ/सहर (जीतपुरसिमराका गाउँ/सहरका नाम र ती नामको अर्थ) | ▪ जीतपुरसिमरामा रहेका प्रसिद्ध गाउँ/सहरका नामको सूची तयार पार्ने<br>▪ कथाकथन विधिको प्रयोग गरेर विभिन्न गाउँ/सहरका नाम चिनाउने र ती गाउँ/सहरका नाम कसरी रह्यो भनेर चिनाउने | ▪ विभिन्न गाउँ/सहरका नामको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>▪ जीतपुरसिमराका पाँच प्रसिद्ध गाउँ/सहरका नाम लेख्नुहोस् ।<br>▪ कुनै एक गाउँ/सहरका बारेमा छोटो परिचय दिनुहोस् । कुनै सातओटा वाक्य बनाउनुहोस । | ३० |
| | ▪ जीतपुरसिमरामा कस्ता प्रकारका बस्ती छन् भनेर बताउन<br>▪ सघन बस्ती र एकल बस्तीको अर्थ बताउन | ▪ हाम्रा बस्तीका आकार (जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका बस्तीका प्रकार र ती बस्तीका विशेषता) | ▪ विद्यालय नजिकै रहेको बस्तीमा लाने र त्यहाँको बस्तीको प्रकार चिनाउने<br>▪ बस्तीका विशेषता बताउने र सूची तयार पार्ने | ▪ एकल बस्ती र सघन बस्तीका चित्र, ती बस्तीका विशेषताको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>▪ एकल बस्ती र सघन बस्तीका बारेमा तीन तीनओटा वाक्य बताउनुहोस् ।<br>▪ घर छेउमा रहेका बस्तीको बारेमा कुनै पाँच वाक्य लेख्नुहोस् । | |
| | ▪ रैथाने घरको अर्थ बताउन<br>▪ रैथाने घरको विशेषता बताउन | ▪ हाम्रा रैथाने घर (रैथाने घरको अर्थ, रैथाने घरको उदाहरण र विशेषता) | ▪ विद्यालय नजिकै रहेको मौलिक घरको दृश्य देखाउने र ती घरका विशेषता बताउने । जस्तैः घरका छाना, ढोका, झ्याल आदि<br>▪ घर बनाउन प्रयोग भएका सामग्री | ▪ मौलिक घरको चित्र, तस्बिर<br>▪ मौलिक घर बनाउन प्रयोग हुने सामग्रीका सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>▪ कस्तो घरलाई रैथाने घर भनिन्छ ?<br>▪ रैथाने घरको कुनै दुईओटा विशेषता बताउनुहोस् ।<br>▪ रैथाने घर बनाउन कुन कुन सामग्रीको प्रयोग हुन्छन् ? | |
| | ▪ घर छेउमा रहेको वनको नाम बताउन<br>▪ वनको महत्त्व बताउन | ▪ हाम्रा वनजङ्गल (घर छेउमा रहेका वनजङ्गलको पहिचान तथा यसको महत्त्व) | ▪ विद्यार्थीहरूलाई विद्यालय नजिकै रहेको वन देखाउने र वनको नाम बताउने<br>▪ वनमा रहेका बोटबिरुवा देखाउने तथा वनमा पाइने विभिन्न जीवजन्तु तथा चराचुरुङ्गी चिनाउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>▪ वनको तस्बिर तथा चित्र | प्रश्नोत्तर (मौखिक)<br>उदाहरण<br>▪ तपाईंले घर तथा विद्यालय छेउमा रहेका नाम बताउनुहोस् ।<br>▪ घुम्ने क्रममा तपाईंले वनमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ वनबाट मानिसले काठ-दाउरा घाँसपात लेराउँदै गरेको दृश्य देखाउने<br>▪ चुरेको वनको महत्त्व केही वाक्यमा बताउने | | कुन कुन जनावर तथा चराचुरुङ्गी देख्नुभयो ? क्रमशः नाम बताउनुहोस् ।<br>▪ वनबाट हामीले के के प्राप्त गर्न सक्छौँ ? | |
| | ▪ घरपालुवा र जङ्गली जनावर चिन्न र त्यस बारेमा बताउन<br>▪ जीतपुरसिमरामा पाइने जङ्गली जनावरका नाम बताउन | ▪ जीतपुरसिमरामा पाइने जनावर (घरपालुवा जनावर, जङ्गली जनावरको परिचय र जीतपुरसिमरामा पाइने जङ्गली जनावरहरूका नाम) | ▪ घरपालुवा र जङ्गली जनावर चिनाउने<br>▪ जीतपुरसिमरामा पाइने विभिन्न जङ्गली जनावरहरूको नाम सेतोपाटी/कालोपाटीमा चित्रसहित प्रस्तुत गर्ने र विद्यार्थीहरूसँग थप छलफल गर्ने<br>▪ कुनै जङ्गली जनावर देखेको छ कि छैन भनेर सोध्ने र शिक्षकले आफ्नो अनुभव बताउने | ▪ घरपालुवा र जङ्गली जनावरको चित्र भएको चार्ट | प्रश्नोत्तर (मौखिक)<br>उदाहरण<br>● तपाईंको घरमा कुन कुन जनावर छन् ?<br>● जङ्गली जनावर देख्नुभएको छ कि छैन ?<br>● कुन जङ्गली जनावरसँग डर लाग्छ ?<br>● घरमा पाल्ने र जङ्गलमा पाइने जनावरहरूको नाम भन्नुहोस् ।<br>● जङ्गली जनावरको नामसँग उपयुक्त चित्रको जोडा मिलाउन लगाउनुहोस् । | |
| | ● घर तथा गाउँमा फल्ने फलफूलका नाम बताउन<br>● गर्मी ठाउँमा फल्ने विभिन्न फलफूलका नाम बताउन | ▪ हाम्रा फलफूल (आफ्नो खेतबारीमा फल्ने फलफूलका नाम र गर्मी ठाउँमा फल्ने फलफूलका पहिचान) | ▪ विद्यार्थीहरूलाई उनीहरूलाई मन पर्ने फलफूलका नाम सोध्ने<br>▪ विद्यार्थीहरूलाई उनीहरूको घर तथा गाउँमा फल्ने विभिन्न प्रकारका फलफूलका नाम बताउन लगाउने<br>▪ शिक्षकले विद्यालय छेउको खेतमा फलेका विभिन्न प्रकारका फलफूलका नाम बताउने र ती फलफूलका स्वाद बताउने<br>▪ गर्मी ठाउँमा फल्ने विभिन्न प्रकारका फलफूलका नाम बताउने | ▪ तराईमधेशमा फल्ने विभिन्न प्रकारका फलफूलका चित्र तथा तस्बिर | प्रश्नोत्तर (मौखिक)<br>उदाहरण<br>● तपाईंलाई मनपर्ने कुनै तीनओटा फलफूलको नाम भन्नुहोस् ।<br>● तपाईंको घर तथा गाउँमा फल्ने विभिन्न प्रकारका फलफूलका नाम बताउनुहोस् ।<br>● तराईमधेशमा फल्ने विभिन्न फलफूलका नाम बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ तराईमधेशमा फल्ने विभिन्न प्रकारका फलफूलको चित्र देखाएर नाम भन्न लगाउने | | | |
| २. **जीतपुरसिमराका संस्कार-संस्कृति** | • मितेरी साइनोको अर्थ बताउन<br>• मितेरी गाँस्ने तरिका बताउन | • मितेरी परम्परा (मितेरी साइनोको परिचय, मितेरी गाँस्ने तरिका र यसको महत्त्व) | • अभिनय विधिको प्रयोग गरेर मितेरी साइनो गाँस्ने परम्परा, तरिका र यसको महत्त्वका बारेमा बताउने<br>• अभिनयका लागि विद्यार्थी स्वयम्लाई संलग्न गराउने र त्यसमा शिक्षकले सहजीकरण गर्ने | • मितेरी साइनो गाँस्ने तरिकाको सूची<br>• मितेरी साइनोको महत्त्वको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>• मितेरी साइनोका बारेमा पाँचओटा वाक्य लेख्नुहोस् ।<br>• मितेरी साइनो कसरी गाँसिन्छ ? बताउनुहोस् र लेख्नुहोस् । | २६ |
| | • हाम्रा गरगहना पहिचान गर्न<br>• तिनीहरूका नाम बताउन | • हाम्रा गरगहना (मौलिक गरगहनाको चिनारी र तिनीहरूका नाम) | • जीतपुरसिमरामा विभिन्न जातजातिमा प्रचलित मौलिक गरगहनाको चित्र/श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र तिनीहरूबारे छलफल गर्ने<br>• विद्यार्थीहरूलाई यस किसिमका गरगहना देखेका छौ कि छैनौ भनेर सोध्ने र थप अन्तरक्रिया गर्ने | • विभिन्न गरगहनाका चित्र र श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>• कुनै तीनओटा गरगहनाको नाम भन्नुहोस् ।<br>• आमा, काकी अथवा हजुरआमाले गरगहना लाउनुभएको देख्नुभएको छ कि छैन ?<br>• मौलिक गरगहनाको तस्बिर अथवा चित्र देखाउँदै गरगहनाको नाम भन्न लगाउने । | |
| | • जीतपुरसिमराका मौलिक नाचको नाम बताउन<br>• ती नाच कुन कुन बेला नाचिन्छ भनेर भन्न | • हाम्रा नाचगान (जीतपुरसिमरामा प्रचलित विभिन्न प्रकारका नाचगानका चिनारी र नाचगानको समयमा हुने विभिन्न क्रियाकलाप) | • जीतपुरसिमरामा विभिन्न अवसरमा नाचिने नाचगान विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा देखाउने, नाचगानका बेला हुने क्रियाकलापलाई अवलोकन गर्न लगाउने र कक्षाकोठामा ती क्रियाकलापलाई सुनाउन लगाउने<br>• श्रव्यदृश्यमार्फत जीतपुरसिमरामा प्रचलित विभिन्न नाचगान विद्यार्थीहरूलाई देखाउने | • मौलिक नाचगानका श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>• जीतपुरसिमरामा प्रचलित नाचका नाम बताउनुहोस् ।<br>• जीतपुरसिमरामा नाचिने कुनै एक नाचका बारेमा बताउनुहोस् ।<br>• जीतपुरसिमरामा नाचिने कुनै एक नाचको नक्कल गरेर देखाउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● सापटीको अर्थ बताउन<br>● सहयोग गर्ने बानीको विकास गर्न र सामूहिकताको भावनाको विकास गर्न | ● ऐँचोपैँचो चलन<br>(सापटी लिने चलनको अर्थ, उदाहरण र यसको अभ्यास) | ● अभिनय विधिको प्रयोग गरेर ऐँचोपैँचोको अर्थ बुझाउने<br>● कथाकथन विधि प्रयोग गरेर ऐँचोपैँचोसम्बन्धी कथा पेस गर्दै सहयोगी तथा सामूहिकताको भावनाको विकास गर्नुपर्छ भनेर बुझाउने | ● अभिनयका क्रममा सापटीको अभिनयका लागि इरेजर, सिसाकलम, पैसा आदि | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● साथीसँग कुनै सामान सापटी माग्नुभएको छ ?<br>● साथीलाई कुनै सामान सापटी दिनुभएको छ ?<br>● साथीसँग खाजा बाँडेर खानुभएको छ कि छैन ?<br>● तपाईंको बुवा र आमाले छिमेकीसँग केही सामान सापटी लिनुभएको छ अथवा छिमेकीलाई सापटी दिनुभएको छ ? | |
| | ● विभिन्न धर्मका नाम बताउन<br>● विभिन्न धार्मिक स्थलका नाम भन्न | ● हाम्रा धर्म र धार्मिक स्थल<br>(विभिन्न धर्मका नाम र धर्मावलम्बीका पवित्र स्थलहरूको नाम) | ● जीतपुरसिमरामा रहेका विभिन्न धार्मिक स्थलका तस्बिर देखाउने र तिनीहरूको नाम शब्दपत्तीमार्फत देखाउने<br>● जीतपुरसिमरामा कुन कुन धर्म मनाउने मानिस छन् भनेर चिनाउने | ● मस्जिद, गुम्बा, चर्च, मन्दिर आदिको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● तपाईंको घर वरपर कुनै मन्दिर, गुम्बा, चर्च, मस्जिद छ ?<br>● कुनै तीनओटा धर्मका नाम भन्नुहोस् ।<br>● धर्मको नामसँग सम्बन्धित धार्मिक स्थलबिच जोडा मिलाउन लगाउने । | |
| | ● स्थानीय बाजाका धुन पहिचान गर्न<br>● धुनका आधारमा बाजा चिन्न | ● स्थानीय बाजाका धुन पहिचान<br>(स्थानीय बाजाका धुन पहिचान) | ● विद्यालय रहेका विभिन्न बाजा चिनाउनुका साथै कुनै स्थानीय बाजा पनि चिनाउने<br>● स्थानीय बाजा चिनाउँदा नामका साथसाथै धुन पनि बजाएर चिनाउने र धुन चिन्न लगाउने<br>● धुनका आधारमा विभिन्न स्थानीय बाजाका नाम भन्न लगाउने | ● स्थानीय बाजा र स्थानीय बाजाका पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● विद्यालयमा रहेका बाजाका नाम भन्नुहोस् ।<br>● तपाईंको घरमा रहेका बाजाका नाम बताउनुहोस् ।<br>● विभिन्न बाजाका आवाज निकालेर सुनाउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३. जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ● पर्यटकीय हिसाबले वन्यजन्तुको महत्त्व बुझ्न<br>● जङ्गली वन्यजन्तु अवलोकन अभ्यासबाट कसरी आम्दानी गर्न सकिन्छ भनेर कारण बताउन | ● वन्यजन्तु हेरौँ र चिनौँ (वन्यजन्तु हेर्नका लागि घुम्ने अभ्यास/चलन) | ● कथाकथन विधिको प्रयोग गरेर वन्यजन्तु हेर्न घुम्ने अभ्यास/चलनबारे बताउने<br>● चिडियाखाना, निकुञ्जको पर्यटकीय महत्त्व बुझाउने | ● चिडियाखाना तथा निकुञ्जको तस्बिर, चित्र तथा यससँग सम्बन्धित श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● चरा/जङ्गली जनावर हेर्न रमाइलो लाग्छ कि लाग्दैन ?<br>● जङ्गली जनावर तथा चराहरू हेर्न कतै जानुभएको छ ?<br>● श्रव्यदृश्यमार्फत चिडियाखाना अथवा निकुञ्जको भिडियो देखाउने, पर्यटकहरू देखाउने, त्यसपछि विद्यार्थीलाई भिडियो हेरेपछिको अनुभव सुनाउन लगाउने । | २२ |
| | ■ हात्तीसार अवलोकनबाट कसरी आम्दानी लिन सकिन्छ भनेर बताउन<br>■ हात्तीमा सयर गर्दा ती जीवजन्तुलाई पर्ने दुःखकष्टका बारेमा बताउन | ■ हात्तीसार अवलोकन (पर्सा राष्ट्रिय निकुञ्जमा रहेको हात्तीसार अवलोकन, यसबाट लिन सकिने आर्थिक फाइदा र हात्तीमा सयर गर्दा ती जीवजन्तुलाई पर्ने दुःखकष्टका बारेमा आलोचनात्मक चेत) | ■ अध्ययन भ्रमण विधिको प्रयोग गरेर पर्सा राष्ट्रिय निकुञ्जमा रहेको हात्तीसारको अवलोकन गराउने<br>■ हात्तीसार अवलोकनबाट कसरी आम्दानी भइरहेको छ भनेर विद्यार्थीहरूलाई बताउने<br>■ हात्तीमा सयर गर्दा हात्तीलाई हुने दुःखकष्टका बारेमा विद्यार्थीहरूलाई बोध गराउने<br>■ मानिसले आफ्नो फाइदाका लागि जीवजन्तुलाई कसरी दुरुपयोग गरिरहेको छ भनेर चिनाउने र यसरी आलोचनात्मक तरिकाले हेर्न सिकाउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ पर्सा राष्ट्रिय निकुञ्जमा रहेको हात्तीसारको तस्बिर अथवा श्रव्यदृश्य सामग्री<br>■ हात्तीमा पर्यटकहरू सयर गर्दै गरेको श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ तपाईंले हात्ती देख्नुभएको छ ?<br>■ हात्तीसार भएको ठाउँमा मानिसहरू किन टाढा टाढाबाट आउने गर्छन् ?<br>■ हात्तीसार अवलोकनबाट कसरी आम्दानी गर्न सकिन्छ ?<br>■ हात्तीमा सयर गर्दा हात्तीलाई कसरी दुःखकष्ट हुन्छ ? | |
| | ■ जङ्गल सफारीको अर्थ बताउन<br>■ जङ्गल सफारीमा हुने क्रियाकलाप र | ■ जङ्गल सफारी (जङ्गल सफारीको परिचय, यसबाट लिन सकिने आर्थिक लाभ र | ■ अवलोकन भ्रमण विधिको प्रयोग गरेर पर्सा राष्ट्रिय निकुञ्जमा जङ्गल सफारीमा लाने र जङ्गल सफारीको अर्थ चिनाउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ जङ्गल सफारी गर्दै | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ जङ्गल सफारीमा जाँदा तपाईंले जङ्गलमा के के | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | त्यसबाट कसरी आम्दानी गर्न सकिन्छ भनेर कारण बताउन | जीतपुरसिमरामा यसको अभ्यास) | ■ जङ्गल सफारीको समयमा हुने विभिन्न क्रियाकलाप चिनाउने<br>■ जङ्गल सफारी गर्दा अपनाउनुपर्ने सावधानी पनि विद्यार्थीहरूलाई क्रमशः बताउने<br>■ मानिसहरू जङ्गल सफारी किन गर्छन् भनेर विभिन्न कारणहरू बताउने<br>■ जङ्गल सफारीबाट कसरी आम्दानी गर्न सकिन्छ भनेर बताउन | गरेको कुनै डकुमेन्ट्रीको श्रव्यदृश्य सामग्री | देख्नुभयो ?<br>■ जङ्गल सफारी जाँदाको तपाईँको अनुभव कक्षाकोठामा शिक्षक तथा साथीहरूका माझमा सुनाउनुहोस् ।<br>■ मानिसहरू जङ्गल सफारी किन गर्छन् होला ? कारण बताउनुहोस् ।<br>■ जङ्गल सफारीबाट कसरी आम्दानी गर्न सकिन्छ होला ? बताउनुहोस् । | |
| | ■ पाहुनाको अर्थ भन्न<br>■ आन्तरिक तथा बाह्य पर्यटकलाई सत्कार गर्न सिक्न | ■ पाहुनालाई सत्कार (पाहुनाको अर्थ, पाहुना सत्कार र पर्यटक हाम्रा पाहुना हुन् भन्ने बोध) | ■ घरमा पाहुना आउने गरेको छन् कि छैन भनेर सोध्ने<br>■ विदेशी पर्यटक देखेको छ कि छैन भनेर सोध्ने<br>■ पर्यटकलाई फूलमाला लगाएर स्वागत गरेको चित्र देखाउने र थप छलफल गर्ने | ■ पर्यटकलाई फूलमाला लगाएर स्वागत गर्दै गरेको चित्र, तस्बिर अथवा पोस्टर<br>■ पर्यटकलाई अभिवादन गर्दै गरेको चित्र, तस्बिर अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>■ विदेशी पर्यटक देख्नुभएको छ कि छैन ?<br>■ पर्यटक हाम्रा को हुन् ?<br>■ हामीले पर्यटकलाई के के गर्नुपर्छ ?<br>■ पर्यटक आउँदा हामीलाई किन फाइदा हुन्छ ? | |
| ४. **कृषि, पशुपालन र पेसा** | ● निर्वाहमुखी कृषि प्रणालीको अर्थ भन्न<br>● मौसमअनुसार गरिने बालीनालीका नाम बताउन | ● हाम्रो कृषि प्रणाली (गाउँघर तथा सहरमा विद्यमान निर्वाहमुखी कृषि प्रणालीको परिचय र मौसमअनुसारका बालीनाली) | ● अध्ययन भ्रमण विधिको प्रयोग गरेर विद्यालय नजिकैको कुनै परिवारकोमा लाने, त्यहाँ फल्ने र उम्रने बालीनालीको नाम बताउन लगाउने<br>● मौसमअनुसार कुन कुन तरकारी, अन्नबाली, फलफूल फल्छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● विद्यार्थीहरूलाई उनीहरूको घरमा हुने तरकारी, अन्नबाली र फलफूल सोध्ने र सूची तयार पार्ने | ● मौसमअनुसार फल्ने, उम्रने विभिन्न किसिमका तरकारी, अन्न, फलफूलका चित्र, चार्ट, पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● मौसमअनुसार फल्ने, उम्रने तरकारीको सूची तयार पार्नुहोस् ।<br>● मौसमअनुसार फल्ने, उम्रने अन्नको सूची तयार पार्नुहोस् ।<br>● मौसमअनुसार फल्ने फलफूको सूची तयार पार्नुहोस् । | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ तराईमधेशको फाँटमा उत्पादन हुने विभिन्न अन्नबाली, तरकारी तथा फलफूल चिन्न<br>■ ठाउँअनुसार कसरी खेतीपाती प्रणाली फरक हुन्छ भनेर बताउन | ■ हाम्रो खेतीपाती (ठाउँ अथवा स्थानअनुसार हुने र लगाइने विभिन्न तरकारी, अन्नबाली तथा फलफूलका बारेमा जानकारी) | ■ विद्यार्थीहरूलाई उनीहरूको खेतबारीमा फल्ने विभिन्न अन्न, फलफूल तथा तरकारीका नाम बताउन लगाउने<br>■ तराईमधेशमा हुने विभिन्न अन्न, फलफूल तथा तरकारीको चार्ट देखाउने तथा नाम चिनाउने<br>■ ठाउँअनुसार कसरी हाम्रो खेतीपाती प्रणाली फरक हुन्छ भनेर विद्यार्थीहरूलाई चिनाउने | ■ तराईमधेशमा फल्ने अन्न, फलफूल तथा तरकारी चार्ट र ती अन्न, फलफूल तथा तरकारीका नाम | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ तपाइँको खेतबारीमा फल्ने विभिन्न अन्न, फलफूल तथा तरकारीका नाम बताउनुहोस् ।<br>■ जीतपुरसिमरामा हुने विभिन्न अन्न, फलफूल तथा तरकारीका नाम बताउनुहोस् ।<br>■ ठाउँअनुसार किन अन्न, फलफूल तथा तरकारी फल्छन् होला ? कारण बताउनुहोस् । | |
| | ■ आफ्नो खेतबारीमा फल्ने अन्नका नाम बताउन<br>■ अन्नबाली उत्पादनबाट कसरी आम्दानी हुन्छ भनेर बताउन | ■ हाम्रा अन्नबाली (आफ्नो घरमा फल्ने अन्न र यसको बेचबिखनबाट हुने आम्दानी) | ■ विद्यार्थीलाई उनीहरूका खेतबारीमा फल्ने धान, मकै, गहुँ, जौ, फापरजस्ता अन्नबालीका नाम भन्न लगाउने र शिक्षकले क्रमशः सूची बनाउने<br>■ विद्यालय छेउमा पर्ने कुनै खेतबारीको भ्रमण गराउने र त्यहाँ फल्दै गरेका अन्नबाली चिनाउने<br>■ विभिन्न अन्नबालीका दाना प्रदर्शन गरेर ती अन्नबाली चिनाउने | ■ धान, मकै, गहुँ, जौ, फापर आदिजस्ता अन्नका दाना,<br>■ विभिन्न अन्नबाट बन्ने विभिन्न परिकारका चित्र, पोस्टर अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ तपाइँको खेतबारीमा फल्ने तीनओटा अन्नका पाँच पाँचओटा दाना लेराउनुहोस् ।<br>■ तपाइँको घरका बजारबाट कुन कुन अन्नबाली किनेर ल्याउनुहुन्छ ? आमाबुवालाई सोधेर कक्षामा भन्नुहोस् ।<br>■ तपाइँको घरबाट बिक्री हुने कुनै अन्नको नाम भन्नुहोस् । | |
| | ■ विभिन्न नगदेबालीका नाम बताउन<br>■ नगदेबालीबाट कसरी लाभ लिन सकिन्छ भनेर भन्न | ■ हाम्रा नगदेबाली (नगदेबालीको परिचय, यसको औचित्य र यसबाट लिन सकिने लाभ) | ■ विद्यार्थीलाई उनीहरूको घरमा लगाएका विभिन्न बालीनालीका बारेमा सोध्ने र शिक्षकले कुन नगदेबाली हो र कुन निर्वाहमुखी कृषिबाली छुट्याइदिने<br>■ नगदेबाली बुझाउन निर्वाहमुखी कृषिबाली र नगदेबाली दुवैको | ■ निर्वाहमुखी कृषिबालीको चित्र भएको चार्ट र नगदेबालीको चित्र भएको चार्ट अथवा पोस्टर<br>■ नगदेबालीको | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● कुन कुन बालीलाई नगदेबाली भनिन्छ ?<br>● कुन कुन कृषिबालीलाई निर्वाहमुखी कृषिबाली भनिन्छ ? किन ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उदाहरण दिने<br>■ विद्यालयमा छेउमा रहेको खेतबारीमा कुनै नगदेबाली हेर्ने र यसलाई पूर्ण रूपमा उदाहरणसहित व्याख्या गर्ने | बेचविखनबाट कसरी राम्रो आम्दानी गर्न सकिन्छ भनेर तयार पारेको सूचीको चार्ट | ● तपाइँको खेतबारीमा फल्ने तीनओटा कृषि बाली र नगदेबालीको सूची तयार पार्नुहोस् । | |
| | ● हाम्रा कृषि औजारका नाम बताउन<br>● कृषि औजारको उपयोगिता र महत्त्व बताउन | ● हाम्रा कृषि औजार (विभिन्न कृषि औजारका पहिचान, उपयोगिता र प्रयोग) | ● विद्यार्थीलाई उनीहरूको घरमा भएका कृषि औजारका नाम भन्न लगाउने र शिक्षकले सूची तयार पार्ने<br>● विद्यालय नजिकै रहेको घरबारीमा विद्यार्थीलाई स्थलगत भ्रमण गराउने कृषि औजार देखाउने र चिनाउने | ● विभिन्न कृषि औजारका चित्र, पोस्टर, तस्बिर (नामसहित)<br>● ती कृषि औजार प्रयोग गरिरहेको चित्र, तस्बिर, पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● तपाइँको घरमा भएका कृषि औजारका नाम भन्नुहोस् ।<br>● कृषि औजारका चित्र देखाउँदै नाम र काम भन्न लगाउनुहोस् । | |
| | ■ कुनै पनि काम सानो अथवा ठुलो हुँदैन भन्ने कारण बुझ्न<br>■ कामको महत्त्व बताउन | ■ श्रमलाई सम्मान (कामलाई सम्मान र कामको महत्त्व) | ■ शिक्षकले विद्यालयमा भएका विभिन्न जनशक्तिले गर्ने गरेका काम विद्यार्थीलाई देखाउने र सबै प्रकारका कामको महत्त्व बुझाउने<br>■ काम गर्दा हुने आम्दानीको बारेमा बताउने<br>■ विद्यार्थीलाई आफ्ना आमा र बुवाले गर्ने गरेको काम बताउन लगाउने र उहाँहरूले गर्ने गरेको काममा गर्वबोध गर्न सिकाउने | ■ विभिन्न पेसामा संलग्न मानिसहरूका तस्बिर, पोस्टर आदि र उनीहरूले काम गर्ने स्थलको तस्बिर, पोस्टर आदि | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ मानिसले किन काम गर्नुपर्छ ?<br>■ कुनै पनि काम किन सानो अथवा ठुलो हुँदैन ?<br>■ ठुलो भएपछि तपाईंलाई के काम गर्न मन छ ? किन ?<br>■ तपाइँको मिल्ने साथीलाई तिमी भोलिपर्सि के बन्छौ भनेर सोध्नुहोस् । | |
| **५. स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास** | ● नियमित रूपमा नुहाउने बानी बसाल्न<br>● नुहाउनुको फाइदा बताउन | ● नुहाउने बानी बसालौँ (नियमित रूपमा नुहाउनुपर्ने कारण र यसको स्वास्थ्य महत्त्व) | ● विद्यार्थीहरूलाई नुहाउन मन पर्छ कि पर्दैन भनेर सोध्ने<br>● नुहाउन मन पर्नु र नपर्नुका कारण सोध्ने<br>● कुन कुन बार नुहाउने गरेका छौ भनेर सोध्ने<br>● नुहाउँदा हुने फाइदा बताउने | ● नुहाउँदै गरेको बालकको चित्र अथवा पोस्टर<br>● नुहाइसकेपछि सफा भएको बालकको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● तपाईंलाई नुहाउन मन पर्छ कि पर्दैन ?<br>● तपाईंलाई कसले नुहाइदिनुहुन्छ ?<br>● तपाईं कुन कुन बार नुहाउनुहुन्छ ? | ३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ राम्रा बानीलाई अनुसरण गर्न<br>▪ खराब बानीलाई त्याग्न | ▪ असल आनीबानी (राम्रा/नराम्रा बानी र यसका उदाहरण) | ▪ साना नानी बाबुका केही असल तथा खराब बानीका दृष्टान्त दिने<br>▪ ती असल तथा खराब बानीसँग मिल्दोजुल्दो छ कि छैन भनेर विद्यार्थीलाई सोध्ने | ▪ नानीबाबुका असल बानी र खराब बानीका क्याप्सनसहितको पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ विद्यार्थीहरूको नियमित क्रियाकलापलाई मध्यनजर गरेर उनीहरूका असल र सुधार्नुपर्ने बानीको सूची तयार पार्ने ।<br>▪ सूचीका आधारमा मूल्याङ्कन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने । यसका लागि अभिभावकको पनि सहयोग लिने ।<br>▪ असल र खराब बानी झल्काउने क्याप्सनविहीन तस्बिर अथवा चित्र देखाउने र विद्यार्थीलाई कुन असल र खराब बानी हो भनेर सोध्ने । | |
| | ▪ घर सरसफाइमा आफूले सक्ने काम गर्न<br>▪ घर सरसफाइको महत्त्व बताउन | ● घर सरसफाइ (घर सरसफाइको सामान्य जानकारी र यसको महत्त्व) | ▪ विद्यार्थीहरूलाई तपाईंको घरमा तपाईंले घर सरसफाइमा आफ्ना अभिभावकलाई सहयोग गर्नुहुन्छ कि हुँदैन भनेर सोध्ने<br>▪ घर सरसफाइमा विद्यार्थीले आफ्ना अभिभावकलाई सहयोग गर्ने गरेको छ कि छैन भनेर अभिभावकबाट बुझ्ने<br>▪ घर सरसफाइको पोस्टर अथवा चित्र देखाउँदै घर सरसफाइमा साना बालबालिकाले कसरी सहयोग गर्न सक्छ भनेर बुझाउने | ▪ अभिभावक र साना बालबालिका मिलेर घर सरसफाइ गर्दै गरेको र सो क्रियाकलापमा बालबालिकाले अभिभावकलाई सहयोग गर्दै गरेको चित्र, तस्बिर अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ घर सरसफाइमा तपाईंले अभिभावकलाई सहयोग गर्नुहुन्छ कि हुँदैन ?<br>▪ दुईओटा घर (सफा घर र फोहोर घर) देखाएर त्यसको बारेमा वर्णन गर्न लगाउनुहोस् । | |
| | ● मिठो बोल्ने बानीको विकास गर्न | ● मिठो बोल्ने बानी (मिठो बोल्ने बानीको | ● एकदमै कर्कशलाग्दो स्वर र मिठो आवाज निकाल्ने कुनै चराको | ● कर्कशलाग्दो आवाज र मिठो आवाज | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● मिठो कसरी बोल्ने सिक्न | विकास र यसले व्यक्तित्व विकासमा पार्ने प्रभाव) | स्वर सुनाउने, तीमध्ये कुन मन पऱ्यो भनेर सोध्ने<br>● शिक्षकले एउटै व्यहोरा अथवा भावलाई मिठो र रुखो बोलेर विद्यार्थीसामु प्रस्तुत गर्ने र कुन चाहिँ बोल्ने तरिका मन पऱ्यो भनेर सोध्ने<br>● मिठो किन बोल्नुपर्छ भनेर बुझाउने र यसका तीनओटा कारणको सूची तयार पार्ने | सुनाउनका लागि श्रव्यदृश्य सामग्री<br>● (कागको आवाज र अरू कुनै मिठो बोल्ने चराको आवाज) | ● कुनै पाँच फरक भाव झल्किने वाक्य बनाउने र यसलाई मिठो र रुखो स्वरमा वाचन गरेर सुनाउने, यीमध्ये कुन आवाज मिठो हो र कुन रुखो हो भनेर सोध्ने ।<br>● विद्यार्थीहरूले बोल्ने गरेको आधारमा साप्ताहिक तरिकाले मूल्याङ्कन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने । | |
| | ▪ सन्तुलित खाना चिन्न<br>▪ सन्तुलित खाना खान सिक्न | ▪ सन्तुलित खाना (सन्तुलित खानाको परिचय र विभिन्न प्रकारका खानाको परिचय) | ▪ विद्यार्थीलाई उनीहरूले खाने गरेका विभिन्न खाना, तरकारी तथा फलफूलका नाम सोध्ने र क्रमशः सूची तयार पार्ने<br>▪ कार्बोहाइड्रेट्स, भिटामिन, प्रोटिन, खनिज, चिल्लो पदार्थ दिने विभिन्न प्रकारका अन्न, तरकारी र फलफूल चिनाउने साथै यी तत्त्वले शरीरमा गर्ने विभिन्न काम पनि चित्रमार्फत देखाउने<br>▪ सन्तुलित खानामा पानीको महत्त्व पनि बताउने | ▪ पर्याप्त मात्रामा कार्बोहाइड्रेट्स, भिटामिन, प्रोटिन, खनिज र चिल्लो पदार्थ दिने अन्न, तरकारी तथा फलफूलको तस्बिर, चित्र तथा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाइँले खाने खानेकुराको नाम भन्नुहोस् ।<br>▪ तपाइँलाई मन पर्ने कुनै तीनओटा तरकारीको नाम भन्नुहोस् ।<br>▪ तपाइँलाई मनपर्ने तीनओटा फलफूलका नाम भन्नुहोस् ।<br>▪ तपाइँलाई मनपर्ने कुनै तीनओटा गेडागुडीको नाम भन्नुहोस् । | |
| | ▪ जिज्ञासुको अर्थ बुझ्न र भन्न<br>▪ जिज्ञासु हुने बानीको विकास गर्न | ▪ जिज्ञासु बनौँ (जिज्ञासुको परिचय र प्रश्न सोध्ने बानीको विकास) | ▪ कुनै जिज्ञासु बालकको कथा सुनाउने र जिज्ञासु भएकै कारणले उसले प्राप्त गरेको सफलताका बारेमा बताउने<br>▪ जिज्ञासु हुन सिकाउने, त्यसका लागि कुनै एउटा विषय प्रस्तुत गरेर त्यसका बारेमा के, कहाँ, कहिले, किन, कसरी जस्ता प्रश्न सोध्न लगाउने र त्यसको जवाफ पनि दिँदै जाने | ▪ कुनै जिज्ञासु बालकको चित्र, तस्बिर अथवा पोस्टर<br>▪ के, कहाँ, कहिले, किन, कसरी आदि लेखेका त्यही व्यहोरा झल्किने पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>▪ नियमित रूपमा गरिने पठनपाठनमा उनीहरूले देखाएको उत्सुकता र प्रश्न सोध्ने बानीका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ जिज्ञासु बन्न<br>■ आत्मविश्वास बढाउन र प्रश्न सोध्ने बानीको विकास गर्न | ■ प्रश्न सोध्ने बानी<br>(प्रश्न सोध्ने बानीको विकास, जिज्ञासु हुने बानी र यसले आत्मविश्वास बढाउन पार्ने प्रभाव) | ■ कुनै अनौठो विषयवस्तु परिचित गराउने ताकि त्यसबारेमा उनीहरूमा जिज्ञासा बढोस् र प्रश्न सोध्ने बानीको विकास होस्<br>■ प्रश्न सोध्दा के हुन्छ भनेर कुनै दृष्टान्त दिने र व्याख्या गर्ने<br>■ प्रश्न सोध्ने बानीले र जिज्ञासु हुने बानीले मानिसलाई कसरी नयाँ नयाँ कुरा पत्ता लगाउन मद्दत गर्छ भनेर विभिन्न दृष्टान्त प्रस्तुत गर्ने | ■ सानो बालक अथवा बालिकाले ठुलो सभामा माइक समातेर प्रश्न सोध्दै गरेको चित्र<br>■ स्याउको बोटमुनि टोलाइरहेको सर आइज्याक न्युटन र प्रश्नचिन्हको तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● उनीहरूले दैनिक जीवनमा देखाउने क्रियाकलापको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| ६. **खेलकुद तथा मनोरञ्जन** | ■ साथीसँग मिलेर चिँ मुसी चिँ खेल खेल्न<br>■ चिँ मुसी चिँ खेल्दै गर्दा चिमोट्दा छालाले गर्ने काम चिन्न | ■ चिँ मुसी चिँ<br>(चिँ मुसी चिँ खेल्ने तरिका र छालाले तातो, चिसो, दुखेको जस्ता थाहा पाउन सक्ने काम) | ■ विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने र चिँ मुसी चिँ खेल खेलाउने, यसका लागि शिक्षकले खेल्ने तरिका सिकाउने र सहजीकरण गर्ने<br>■ चिँ मुसी चिँ खेल खेल्दै गर्दा छालाले गर्ने काम पनि सिकाउने (जस्तै तातो, चिसो आदि) | ■ चिँ मुसी चिँ खेल्दै गरेको पोस्टर, चित्र, तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ चिमोट्दा तिमीलाई दुख्यो कि दुखेन ?<br>■ छालाले गर्दा के के थाहा पाउन सकिन्छ ? लेख्नुहोस् ।<br>■ छालाले गर्ने काम बताउनुहोस् । | १७ |
| | ● साथीहरूसँग मिलेर रुमाल लुकाइ खेल खेल्न<br>● आँखा तथा कानको प्रयोग गरेर चनाखो हुने तरिका सिक्न | ● रुमाल लुकाइ<br>(रुमाल लुकाइ खेल्ने तरिका, आँखा तथा कानको प्रयोग र चनाखो भएर बस्ने तरिका) | ● विद्यार्थीहरूलाई रुमाल लुकाइ खेल्न विद्यालयको चौरमा अथवा विद्यालय नजिकैको चौरमा लाने, गोलाकार घेरा बनाउने, गन्तीका आधारमा एक जना विद्यार्थीलाई रुमाल सहित कुद्न लगाउने र यो खेल खेलाउने, सुरुमा यसका लागि शिक्षकले नै सहजीकरण गरिदिने<br>● विद्यार्थीहरूलाई आँखाले कामहरू परिचित गराउने<br>● विद्यार्थीहरूलाई कानले गर्ने कामहरू चिनाउने | ● हाते रुमाल<br>● आँखा र कानका ठुला ठुला पोस्टर र ती अङ्गले गर्ने कामको सूची | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● रुमाल लुकाइ खेल खेल्न विद्यार्थीको देखाएको सक्रियताका आधारमा मूल्याङ्कन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने ।<br>● रुमाल लुकाइ खेल्दा आँखा र कानले कसरी सहयोग गऱ्यो ? भन्नुहोस् र लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ लुकामारी खेल खेल्न<br>▪ यो खेल खेल्दा प्रयोग हुने आवाज पहिचान गर्न सिक्न | ▪ लुकामारी (लुकामारी खेल्ने तरिका र यो खेल्दा प्रयोग हुने आवाज पहिचान गर्ने क्षमता) | ▪ विद्यार्थीलाई लुकामारी खेल खेल्न सिकाउने<br>▪ उनीहरूलाई लुक्न मिल्ने सम्भावित ठाउँ चिनाउने, यसरी चिनाउँदा जोखिम कति छ भनेर निरीक्षण गर्ने<br>▪ कानले गर्ने काम चिनाउने र लुकामारी खेल्दा यसको प्रयोग कसरी भयो भनेर छलफल तथा व्याख्या गर्ने | ▪ कानको ठुलो चित्र र यसले गर्ने कामको सूचीको पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ विद्यार्थीले यो खेल खेल्दा देखाएको सक्रियताका आधारमा मूल्याङ्कन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने ।<br>▪ लुकामारी खेल्दा कानको प्रयोग कसरी भयो ? सबैलाई सुनाउनुहोस् र लेख्नुहोस् । | |
| | ▪ डोरी नाघ्ने खेल्न<br>▪ यो खेलबाट मनोरञ्जन लिन र खेल्दै शारीरिक कसरत गर्न | ▪ डोरी नाघ्ने (डोरी नाघ्ने खेल्ने तरिका सिक्न र यो खेल खेल्दा हुने मनोरञ्जन तथा शारीरिक कसरत) | ▪ विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर डोरी नाघ्ने खेल खेल्न सिकाउने<br>▪ यो खेल खेल्दा शरीरका कुन कुन भाग दुख्यो भनेर सोध्ने र छलफल गर्ने | ▪ डोरी | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ विद्यार्थीले यो खेल खेल्दा देखाएको सक्रियताका आधारमा मूल्याङ्कन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने ।<br>▪ यो खेल खेल्दा शरीरका कुन कुन अङ्ग दुख्यो ? | |

**कक्षा ३**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको सेरोफेरो** | ▪ जीतपुरसिमरा कुन जिल्लामा पर्छ भनेर बताउन<br>▪ जीतपुरसिमराको भौगोलिक वस्तुस्थितिका बारेमा भन्न | ● हाम्रो जीतपुरसिमरा (जीतपुरसिमराको अवस्थिति र भौगोलिक वस्तुस्थिति) | ▪ बारा जिल्लाको नक्सा प्रदर्शन गर्ने र अवलोकन विधिको प्रयोग गरेर जीतपुरसिमराको भौगोलिक अवस्थितिका बारेमा बताउने<br>▪ अवलोकनका क्रममा विद्यार्थीहरूले देखेका भौगोलिक बनोटलाई क्रमबद्ध तरिकाले टिपोट गर्ने र थप व्याख्या गर्ने<br>▪ चुरे, फाँट, खोनानाला देखाउने र चिनाउने | ▪ जीतपुरसिमराको उपमहानगरपालिकाको नक्सा, जीतपुरसिमराको भौगोलिक चित्र, तस्बिर<br>▪ चुरे, फाँट, खोलानाला लेखिएको फरक फरक शब्दपत्ती | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● तपाईंको उ.म.न.पा. को नाम के हो ?<br>● जीतपुरसिमरा उ.म.न.पा. कुन जिल्लामा पर्दछ ?<br>● जीतपुरसिमरामा पर्ने चुरे, फाँट र खोलानाला शिक्षकलाई देखाउनुहोस् । | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ सिमानाको अर्थ भन्न र चार दिशाको नाम बताउन<br>▪ जीतपुरसिमरा उ.म.न.पा. को उत्तर, दक्षिण, पूर्व र पश्चिम दिशामा कुन कुन भौगोलिक संरचना छन् भनेर बताउन | ▪ जीतपुरसिमराको सिमाना (सिमानाको अर्थ, दिशाको परिचय, जीतपुरसिमरा उपमनपाको उत्तर, दक्षिण, पूर्व र पश्चिममा पर्ने भौगोलिक संरचना) | ▪ विद्यार्थीलाई आफू बसेको दायाँ, बायाँ, अगाडि र पछाडि के के छन् र को को छन् भनेर चिनाउने<br>▪ सूर्य उदाएको र अस्ताएको दुई दिशालाई आधार मानेर चार दिशाहरू चिनाउने<br>▪ जीतपुरसिमराको भौगोलिक नक्साको प्रयोग गरेर चार दिशामा पर्ने सिमाना चिनाउने<br>▪ सिमानामा कुन कुन भौगोलिक संरचना छन् भनेर कालोपाटी/सेतोपाटीमा लेखेर बताउने | ▪ जीतपुरसिमरा उ.म.न.पा. को भौगोलिक नक्सा<br>▪ भौगोलिक संरचनाको नाम र तिनीहरूको शब्दपत्ती | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>▪ सूर्य कुन दिशाबाट उदाउँछ ?<br>▪ सूर्य कुन दिशामा अस्ताउँछ ?<br>▪ चार दिशाको नाम भन्नुहोस् ।<br>▪ जीतपुरसिमरा उ.म.न.पा. का चार दिशामा के के पर्दछन् ? | |
| | ▪ भूगोलको अर्थ भन्न<br>▪ जीतपुरसिमरामा रहेका तराईमधेश, चुरे, फाँट आदिका बारेमा बताउन | ▪ जीतपुरसिमराको भौगोलिक स्वरुप (तराईमधेश, चुरे, फाँट आदिको परिचय | ▪ अवलोकन र क्षेत्र भ्रमण विधि प्रयोग गरेर तराईमधेश, चुरे, फाँट आदि चिनाउने<br>▪ भौगोलिक संरचना देखाउँदै विद्यार्थीहरूलाई ती संरचनाको नाम सोध्ने र भन्न लगाउने | ▪ चित्र र तस्बिर<br>▪ तराईमधेश, चुरे, फाँट आदिको चित्र, तस्बिर अथवा तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>▪ तराईमधेश, चुरे, फाँट क्रमशः देखाउनुहोस् ।<br>▪ चुरेका बारेमा दुई वाक्यमा बताउनुहोस् । | |
| | ▪ घर, गाउँ/सहर वरपर रहेका दह र पोखरीका नाम भन्न<br>▪ ती दह र पोखरीको प्रयोग कसरी भइरहेको छ भनेर चिन्न र बताउन | ▪ हाम्रा दह र पोखरी (गाउँ तथा सहरमा रहेका र दह र पोखरीका चिनारी, दहा र पोखरीको प्रयोग र यसको महत्त्व, जस्तैः कामिनी तथा हलखोरिया दह) | ▪ विद्यालय नजिकै रहेका पोखरी र दहहरू चिनाउने<br>▪ ती पोखरी र दहलाई कसरी प्रयोग गरिएको छ भनेर बताउने<br>▪ गाउँ/सहर वरपर रहेका विभिन्न पोखरी र दहका नामको सूची तयार पार्ने र विद्यार्थीहरूलाई चिनाउने<br>▪ पोखरी र दहबाट कसरी लाभ लिन सकिन्छ भनेर बताउने<br>▪ कामिनी दह र हलखोरिया दहका बारेमा बताउने | ▪ पोखरी र दहका चित्र, फोटो, तस्बिर<br>▪ पोखरी र दहलाई कसरी प्रयोग गर्न सकिन्छ भनेर तयार पारिएको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>▪ तपाईंको विद्यालय वा घर वरपर रहेका पोखरी र दहका नाम बताउनुहोस् ।<br>▪ तपाईंको गाउँ/सहरमा रहेका पोखरी र दहका नाम उल्लिखित सूची तयार पार्नुहोस् ।<br>▪ ती पोखरी र दहहरूलाई कसरी प्रयोग गरिएको छ ? भन्नुहोस् ।<br>▪ तपाईंको विचारमा हामीले | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पोखरी र दहमा के के गर्न सकिन्छ ?<br>▪ कामिनी दहका बारेमा एउटा हरफ तयार पार्नुहोस् । | |
| | ▪ वरपिपल चौतारीको पर्यावरणीय महत्त्व बताउन<br>▪ वरपिपल चौतारीमा हुने क्रियाकलाप बताउन | ▪ हाम्रा वरपिपल चौतारी<br>▪ (वरपिपल चौतारीको चिनारी, यसको विशेषता र महत्त्व) | ▪ अध्ययन भ्रमण विधिको प्रयोग गरेर विद्यार्थीलाई विद्यालय नजिकैको वरपिपल चौतारीमा लाने<br>▪ वरपिपल चौतारीमा के के हुने गर्छन् ? सबै क्रियाकलापलाई नियाल्न लगाउने<br>▪ वरपिपल चौतारीमा हुने क्रियाकलापको सूची बताउने<br>▪ वरपिपल चौतारीको पर्यावरणीय महत्त्व बताउने | ▪ वरपिपल चौतारीको तस्बिर, फोटो<br>▪ सूची तयार पार्नका लागि चार्ट पेपर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>▪ वरपिपल चौतारीको कुनै दुईओटा फाइदा बताउनुहोस् ।<br>▪ वरपिपलका चौतारीको वातावरणीय महत्त्व बताउनुहोस् ।<br>▪ वातावरणलाई सफा र स्वच्छ राख्न वरपिपल चौतारीले कस्तो भूमिका खेलेको छ ? | |
| | ▪ वनमा पाइने फलका नाम बताउन<br>▪ वनमा पाइने फलमा जङ्गली जनावर कसरी आश्रित छन् भनेर बताउन | ▪ हाम्रा वनमा पाइने फलफूल<br>(जीतपुरसिमराका वनमा पाइने जङ्गली फलको पहिचान, तिनीहरूको नाम र जङ्गली फलको महत्त्व) | ▪ अध्ययन भ्रमण विधिको प्रयोग गरेर विभिन्न जङ्गली फलहरू देखाउने र चिनाउने<br>▪ जीतपुरसिमरामा पाइने जङ्गली फलका चित्र देखाउने र नामको सूची तयार पार्ने<br>▪ ती फलका आकार र रङ चिनाउने | ▪ जङ्गली फलको चित्र भएको नामसहितको चार्ट, तस्बिर अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>▪ जङ्गली फल देख्नुभएको छ कि छैन ?<br>▪ कुनै तीनओटा जङ्गली फलको नाम भन्नुहोस् ।<br>▪ जङ्गली फललाई खाने विभिन्न जनावर तथा चराचुरुङ्गीको नाम बताउनुहोस् । | |
| | ▪ घर अथवा विद्यालय वरपर रहेका पानीका मुहान चिन्न र ती मुहानका बारेमा भन्न<br>▪ पानीको मुहानका लागि | ▪ हाम्रा पानीका मुहान<br>(पानीका मुहानको चिनारी र पानीको स्रोतका लागि वनजङ्गलको महत्त्व) | ▪ विद्यालय नजिकै रहेका कुनै पनि पानीका मुहान चिनाउने<br>▪ पानीको मुहानका लागि वनजङ्गलको महत्त्व बताउने र व्याख्या गर्ने | ▪ पानीका मुहानका सूची लेखिएको चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>▪ पानीका मुहानको नाम बताउनुहोस् ।<br>▪ तपाईंको घर अथवा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वनजङ्गलको महत्त्व बुझ्न | | ▪ वनजङ्गलले कसरी पानीको मुहानलाई जगेर्ना गर्छ भनेर कथाकथन अथवा व्यावहारिक तरिकाले बताउने र व्याख्या गर्ने | | विद्यालय छेउछाउमा रहेका पानीका मुहानका नाम बताउनुहोस् । | |
| २. **जीतपुरसिमराको संस्कार-संस्कृति** | ▪ मातृभाषाका आधारमा लगाइने नाता सम्बन्ध चिन्न र भन्न<br>▪ नेपाली भाषामा लगाइने नाता सम्बन्ध चिन्न र भन्न | ▪ नाता-सम्बन्ध (मातृभाषाका आधारमा विभिन्न नाता सम्बन्धको चिनारी) | ▪ विद्यार्थीलाई उनीहरूको आफ्नो मातृभाषाका आधारमा बुवा, आमा, काका, काकी, मामा, माइजू, हजुरबुवा र हजुरआमालाई के के भनिन्छ भनेर सोध्ने<br>▪ नातासम्बन्ध चिनाउने त्रममा शिक्षकले विद्यार्थीलाई सहजीकरण गर्ने<br>▪ माताृभाषामा लगाइएको नातासम्बन्धलाई नेपाली भाषामा समेत चिनाउने र यसका लागि शिक्षकले सहजीकरण गर्ने | ▪ श्रव्यदृश्य सामग्री<br>▪ नातासम्बन्धका आधारमा लगाइएको चित्र, तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>▪ तपाईंले आफ्नो भाषामा बुवा, आमा, काका, काकी, मामा, माइजू, हजुरबुवा र हजुरआमालाई के भनेर बोलाउनुहुन्छ अर्थात् के भनेर सम्बोधन गर्नुहुन्छ ? | ३० |
| | ▪ जीतपुरसिमरामा मनाइने मुख्य मुख्य चाडपर्वको नाम बताउन<br>▪ ती चाडपवमा के गरिन्छ भनेर बताउन | ▪ हाम्रा चाडपर्व (जीतपुरसिमरामा मनाइने मुख्य मुख्य चाडपर्वका नाम र ती चाडपर्वका बेला गरिने मुख्य मुख्य क्रियाकलाप) | ▪ विद्यार्थीलाई मन पर्ने चाडपर्वको नाम पालैपालो सोध्ने, मन पर्नुका कारण पनि सोध्ने र सूची तयार पार्ने<br>▪ चाडपर्व मनाउँदाको अनुभव सुनाउन लगाउने<br>▪ जीतपुरसिमरामा मनाइने मुख्य मुख्य चाडपर्वको सूची तयार पार्ने<br>▪ ती चाडपर्व झल्किने चित्र अथवा श्रव्यदृश्य सामग्री देखाउने र त्यसबेला गरिने क्रियाकलापका बारेमा छलफल गर्ने | ▪ श्रव्यदृश्य सामग्र, चित्र, तस्बिर र शब्दपत्ती<br>▪ छठ पर्व, ल्होच्छार, दशैं, तिहार, माघी, इदलगायत जीतपुरसिमरामा मनाइने विभिन्न चाडपर्वको चित्र र तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● तपाइँलाई सबैभन्दा मन पर्ने चाडपर्व कुन हो ?<br>● जीतपुरसिमरामा मनाइने कुनै तीनओटा मुख्य चाडपर्वको नाम भन्नुहोस् ।<br>● कुनै एक चाडपर्व मनाउँदाको अनुभव सुनाउनुहोस् । | |
| | ▪ अर्मपर्मको अर्थ बताउन | ▪ अर्मपर्म चलन | ▪ कक्षामा नमुना अर्मपर्म चलनको | ▪ काममा सहयोग | प्रश्नोत्तर (लिखित प्रश्न) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ अर्मपर्म संस्कृतिलाई जोगाउन | (अर्मपर्मको अर्थ, परिचय, यस चलनको अभ्यास र यसको फाइदा) | अभ्यास गराउने र यसका लागि विद्यार्थीलाई नै चरित्र निर्वाह गर्न लगाउने<br>■ अर्मपर्म अभ्यासका लागि एकअर्कोले आवश्यकताका आधारमा सहयोग गरेको देखाउने | गरेको तस्बिर तथा चित्र | उदाहरण<br>■ अर्मपर्म भनेको के हो बताउनुहोस् ।<br>■ अर्मपर्मका फाइदा बताउनुहोस् ।<br>■ तपाईंका बुवाआमाले छिमेकीबाट कुनै काममा सहयोग माग्नुभएको छ ? अथवा बुवाआमाले छिमेकीलाई कुनै काममा सहयोग गर्नुभएको छ ? | |
| | ● गाउँमा रहेका विभिन्न रैथाने सिप, कला र प्रविधिलाई चिन्न<br>● यस्ता सिप, कला र प्रविधिको महत्त्व बताउन | ● हाम्रा रैथाने सिप, कला र प्रविधि (घरमा र गाउँमा रहेका विभिन्न रैथाने सिप, कला र प्रविधिको चिनारी र महत्त्व) | ● विद्यालय नजिकै रहेको कुनै घरको भ्रमण गरेर विद्यार्थीलाई त्यहाँ रहेका रैथाने सिप, कला र प्रविधिलाई चिनाउने<br>● रैथाने सिप, कला र प्रविधि चिनाउन विभिन्न तस्बिर तथा पोस्टरको प्रयोग गर्ने | ● रैथाने सिप, कला र प्रविधि चिनाउन विभिन्न तस्बिर तथा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● तपाईंको घरमा रहेका कुनै रैथाने प्रविधिको नाम भन्नोस् र लेख्नुहोस् ।<br>● विभिन्न रैथाने सिप र कलाको उदाहरण दिनुहोस् र कापीमा लेख्नुहोस् । | |
| | ■ घुर ताप्ने चलनका बारेमा बताउन<br>■ घुर किन तापिन्छ भनेर कारण बताउन | ■ घुर ताप्ने चलन (तराईमधेशमा जाडोको समयमा प्रचलित घुर ताप्ने चलन र यसका महत्त्व) | ■ जीतपुरसिमरामा जाडो महिनामा घुर ताप्ने चलन विद्यार्थीहरूलाई देखाउने<br>■ घुर किन तापिन्छ भनेर विद्यार्थीहरूलाई घुर ताप्नुका कारण बताउने<br>■ विद्यालयमा जाडो समयमा घुर तापेको अभिनय गरेर विद्यार्थीलाई देखाउने साथै घुर ताप्दा अपनाउनुपर्ने सावधानी पनि बताउने | ■ घुर ताप्दै गरेको चित्र अथवा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ घुर तापेको देख्नुभएको छ कि छैन ?<br>■ घुर किन तापिन्छ ? कारण लेख्नुहोस् ।<br>■ घुर ताप्दाको आफ्नो अनुभव सुनाउनुहोस् । | |
| | ● आफ्नो घरमा विद्यमान खानपिन संस्कृतिलाई | ● हाम्रा खानपिन संस्कृति (आफ्नो घरमा रहेको | ● विद्यार्थीलाई उनीहरूको घरमा कसरी खाना खाने चलन रहेको | ● सूची लेख्नका लागि चार्ट पेपर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | राम्रोसँग चिन्न र यस बारेमा बताउन<br>● मौलिक खानपिन संस्कृतिलाई पछिसम्म कायम राख्न | खानपिन संस्कृतिको परिचय र विभिन्न क्रियाकलाप) | छ भनेर सोध्ने<br>● विद्यार्थीहरूले भनेका मध्ये कुनै राम्रो खानपिन संस्कृतिलाई उदाहरणका रूपमा प्रस्तुत गरेर व्याख्या गर्ने | | ● घरमा खाना खाँदा परिवारका सबै सदस्य सँगै बसेर खानुहुन्छ कि हुँदैन ?<br>● खाना खाँदा केमा बसेर खाने गर्नुहुन्छ ? | |
| | ■ घरमा बनाइने विभिन्न चित्रकलाको अर्थ बुझ्न र बताउन<br>■ चित्रकला कोर्नुका विभिन्न कारण बताउन | ■ हाम्रा चित्रकला (जीतपुरसिमराका विभिन्न समुदायमा प्रचलित चित्रकलाको चिनारी तथा यसको महत्त्व) | ■ जीतपुरसिमराको कुनै सहरमा विद्यार्थीहरूलाई अध्ययन भ्रमणका रूपमा लाने र त्यहाँ रहेका रैथाने घरमा कोरिएका चित्रकला देखाउने<br>■ चित्रकलाको अर्थ बताउने, चित्रकला कोर्नुका कारण बताउने<br>■ कुन कुन समुदायमा चित्रकला बनाउने चलन रहेको छ भनेर विद्यार्थीहरूलाई बताउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ चित्रकला कोरिएको रैथाने घरको चित्र तथा तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ कुन समुदायमा घरका भित्तामा चित्र कोर्ने चलन रहेको छ ?<br>■ घरका भित्तामा किन चित्र कोरिएको होला ? चित्र कोर्नुका कारण बताउनुहोस् ।<br>■ अध्ययन भ्रमणका क्रममा तपाईंले देख्नुभएको चित्रकलाका बारेमा पाँच वाक्यमा लेख्नुहोस् । | |
| ३. **जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ■ पदमार्गको अवधारणा बुझ्न र यस बारेमा बताउन<br>■ पदमार्ग सञ्चालनबाट हुन सक्ने फाइदा बताउन | ● पदमार्ग (पदमार्गको परिचय, यसको जीतपुरसिमरामा सम्भावना र यसबाट हुन सक्ने फाइदा) | ■ नेपालमा प्रख्यात कुनै पदमार्गको श्रव्यदृश्य सामग्री देखाउने र पदमार्गको अवधारणा बुझाउने<br>■ जीतपुरसिमरामा पनि पदमार्गको सम्भावना के छ भनेर पदमार्ग सञ्चालन हुन सक्ने ठाउँको पहिचान गर्ने र यससम्बन्धी व्याख्या गर्ने<br>■ पदमार्ग सञ्चालनबाट कसरी फाइदा लिन सकिन्छ भनेर सूची तयार पार्ने र कालोपाटी अथवा सेतोपाटीमा लेख्ने | ● नेपालमा प्रचलित कुनै पदमार्गको श्रव्यदृश्य सामग्री<br>● पदमार्ग सञ्चालनबाट हुन सक्ने फाइदाका सूची लेखिएको पोस्टर अथवा चार्ट | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ पदमार्ग भनेको के हो ?<br>■ जीतपुरसिमरामा कुनै पदमार्ग छ कि छैन ?<br>■ कुनै एक पदमार्गको बारेमा तीनओटा वाक्य लेख्नुहोस् ।<br>■ पदमार्गबाट हुन सक्ने कुनै तीनओटा फाइदा लेख्नुहोस् । | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ धार्मिक पर्यटनको अर्थ बुझ्न र यस बारेमा बताउन<br>■ धार्मिक पर्यटनबाट कसरी आम्दानी गर्न सकिन्छ भनेर बताउन | ■ धार्मिक पर्यटन (धार्मिक पर्यटनको परिचय, यसको सम्भावना र यसबाट लिन सकिने फाइदा) | ■ जीतपुरसिमरामा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलका नाम कालोपाटी तथा सेतोपाटीमा लेख्ने<br>■ ती विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलका विशेषताको चर्चा गर्ने<br>■ ती धार्मिक स्थल तथा सांस्कृतिक स्थलमा भ्रमण गर्न कहाँ कहाँबाट मानिसहरू आउने गर्छन् भनेर बताउने | ■ विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलका नाम लेखिएका चार्ट पेपर<br>■ चार्ट पेपरमा ती धार्मिक तथा सांस्कृतिक स्थलका चित्र अथवा तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ तपाईंको घर अथवा विद्यालय नजिकै रहेको कुनै मन्दिर, गुम्बा, मस्जिद, चर्च अथवा कुनै धार्मिक तथा सांस्कृतिक स्थलको नाम लेख्नुहोस् ।<br>■ ती धार्मिक तथा सांस्कृतिक स्थल छेउछाउमा के कस्ता व्यापार व्यवसाय सञ्चालन छन् ? लेख्नुहोस् । | |
| | ■ औद्योगिक पर्यटन भनेको के हो भनेर बताउन<br>■ औद्योगिक पर्यटनबाट कसरी आम्दानी लिन सकिन्छ भनेर कारण बताउन | ■ औद्योगिक पर्यटन (विभिन्न उद्योग तथा कलकारखानाको अवलोकन तथा यसबाट हुने र हुनसक्ने आर्थिक लाभको जानकारी) | ■ जीतपुरसिमरामा रहेका कुनै उद्योग तथा कलकारखानाको अध्ययन भ्रमण गराउने अथवा कुनै उद्योग तथा कलकारखानाको श्रव्यदृश्य सामग्री देखाउने साथै औद्योगिक पर्यटनको अर्थ बताउने<br>■ उद्योग तथा कलकारखाना हेर्नका लागि पनि मानिसहरूले सशुल्क भ्रमण गर्ने गरेको तथ्य विद्यार्थीहरूलाई बुझाउने<br>■ जीतपुरसिमरामा औद्योगिक पर्यटनको अथाह सम्भावना रहेको विद्यार्थीहरूलाई बताउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ कुनै उद्योग तथा कलकारखानाको श्रव्यदृश्य सामग्री<br>■ अध्ययन भ्रमणमा लाँदा मास्क अनिवार्य<br>■ जीतपुरसिमरामा रहेका विभिन्न उद्योग तथा कलकारखानाका श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ जीतपुरसिमरामा रहेका विभिन्न उद्योग तथा कलकारखानाको सूची तयार पार्नुहोस् ।<br>■ औद्योगिक पर्यटन भनेको के हो ?<br>■ औद्योगिक पर्यटनबाट कसरी आम्दानी गर्न सकिन्छ ?<br>■ जीतपुरसिमरामा औद्योगिक पर्यटनको सम्भावनाका बारेमा बताउनुहोस् । | |
| | ■ कृषि पर्यटनको अर्थ बताउन<br>■ कृषि पर्यटनको महत्त्व र यसबाट कसरी फाइदा हुन्छ भनेर बताउन | ■ कृषि पर्यटन (कृषि पर्यटनको अर्थ, यसको परिचय, यसको महत्त्व र यसले गाउँ तथा सहरलाई दिन सक्ने फाइदा) | ■ कृषि पर्यटनको अर्थ बताउने<br>■ जीतपुरसिमरामा कृषि पर्यटनको सम्भावना किन छ भनेर बताउने<br>■ जीतपुरसिमरामा पकेट क्षेत्रको रूपमा उत्पादन भइरहेका | ■ कृषि पर्यटनको अर्थ र परिभाषा लेखिएको चार्ट<br>■ कृषि पर्यटनबाट लिन सक्ने फाइदाका सूचीसहितको पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ कृषि पर्यटनको भनेको के हो ?<br>■ कृषि पर्यटन भित्र के के विषय पर्दछन् ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विभिन्न कृषिबालीका बारेमा बताउने<br>■ कृषि पर्यटनबाट कसरी आम्दानी हुन्छ र गर्न सकिन्छ भनेर कारण बताउने | ■ जीतपुरसिमरामा रहेका कृषि पर्यटनका विभिन्न पक्षका सूची लेखिएको चार्ट | ■ कृषि पर्यटनबाट लिन सक्ने कुनै तीनओटा फाइदा लेख्नुहोस् ।<br>■ जीतपुरसिमरामा कृषि पर्यटनको सम्भावना किन छ ? कारण बताउनुहोस् र सूची तयार पार्नुहोस् । | |
| ४. **कृषि, पशुपालन र पेसा** | ■ आफ्नो घरगाउँ/सहरमा गर्ने गरेको मिश्रित खेती प्रणालीको अर्थ भन्न<br>■ मिश्रित खेती प्रणाली गर्दा हुने फाइदा बताउन | ■ मिश्रित खेती प्रणाली (एकै समयमा फरक फरक बाली लगाउने हाम्रो स्थानीय खेतीपाती प्रणाली र मिश्रित खेती प्रणालीका फाइदा) | ■ अध्ययन भ्रमण विधिको प्रयोग गरेर विद्यालय नजिकैको खेतबारीमा लाने र त्यहाँ रोपेका विभिन्न बालीनालीको बारेमा बताउने<br>■ विद्यार्थीलाई उनीहरूको खेतबारीमा के के रोपेका छन् र फलेका छन् भनेर सोध्ने<br>■ उनीहरूले भनेका बालीनालीको क्रमशः सूची लेख्दै जाने<br>■ मिश्रित खेती प्रणालीबाट हुने फाइदा बताउने | ■ अन्नबाली, तरकारीबाली, तेलहन बाली, दलहनबाली, फलफूलबाली तथा नगदेबाली गर्दै गरेको चित्र, तस्बिर तथा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>■ घुम्न जाँदा के के रोपेको देख्नुभयो ? सूची तयार पार्नुहोस् ।<br>■ तपाईंको खेतबारीमा के के रोपेका छन् ? फलेका छन् ?<br>■ तपाईंको घरमा बाहिरबाट तरकारी किनेर ल्याउनुपर्छ कि पर्दैन ?<br>■ तपाईंको खेतबारीमा फलेका तरकारी, फलफूल बेच्ने गर्नुहुन्छ कि हुँदैन ? | ३० |
| | ■ माछापालन व्यवसायको अर्थ बताउन<br>■ माछापालन व्यवसायबाट कसरी आम्दानी लिन सकिन्छ भनेर बताउन | ■ माछापालन व्यवसाय (आफ्नो घर तथा गाउँ र सहरमा गरिने माछापालन व्यवसायका बारेमा जानकारी तथा यसबाट लिन सकिने फाइदाको बोध) | ■ विद्यार्थीहरूलाई उनीहरूको घर, गाउँ/सहरमा पोखरी रहेको वा नरहेको सोध्ने साथै ती पोखरीमा माछापालन गर्ने गरेको छ कि छैन भनेर सोध्ने<br>■ विद्यालय नजिकै रहेको पोखरीमा अध्ययन भ्रमणका लागि लाने र त्यहाँ कसरी माछा उत्पादन भइरहेको छ भनेर विद्यार्थीहरूलाई बताउने<br>■ जीतपुरसिमरामा माछापालन व्यवसायबाट किन र कसरी | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ माछापालन भइरहेको पोखरीको श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ माछापालन व्यवसायका बारेमा बताउनुहोस् ।<br>■ माछापालन व्यवसायबाट कसरी आम्दानी गर्न सकिन्छ ? बताउनुहोस् ।<br>■ तिम्रो गाउँ/सहरमा भइरहेको माछापालन व्यवसायको बारेमा बताउनुहोस् ।<br>■ जीतपुरसिमरा माछापालन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | राम्रो आम्दानी गर्न सकिन्छ भनेर कारण बताउने<br>■ जीतपुरसिमरामा उत्पादन भइरहेको माछा कहाँ र कसरी बिक्री भइरहेको छ भनेर यसको बजार पनि विद्यार्थीहरूलाई बताउने | | व्यवसायका लागि असाध्यै उर्वर ठाउँ भन्ने विषयमा आफ्नो तर्क प्रस्तुत गर्नुहोस् । | |
| | ■ सिँचाइ प्रणालीको अर्थ चिन्न र यस बारेमा बताउन<br>■ सिँचाइ प्रणालीको महत्त्व बुझ्न र यस बारेमा भन्न | ■ सिँचाइ (नहर, पैनी र कुलोको परिचय, यसको महत्त्व र यसबाट हुने लाभ) | ■ शिक्षकले विद्यार्थीलाई अध्ययन भ्रमण विधिको प्रयोग गरेर नहर, पैनी र कुलो अथवा सिँचाइ प्रणाली चिनाउने<br>■ सिँचाइको मुहानबाट खेतबारीसम्म पानी डोलाएको बाटो देखाउने र चिनाउने<br>■ सिँचाइ अथवा नहर, कुलो र पैनी किन चाहिन्छ भनेर सूची बताउने | ■ नहर, पैनी र कुलो अथवा सिँचाइको फोटो<br>■ पानीको मुहानदेखि खेतबारीसम्म पानी डोलाएको फोटो<br>■ नहर, पैनी र कुलो प्रणालीको फाइदाको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ नहर, पैनी र कुलो भनेको के हो ? चिनाउनुहोस् ।<br>■ नहर, पैनी र कुलो अथवा सिँचाइ किन चाहिन्छ ? बताउनुहोस् र कापीमा लेख्नुहोस् । | |
| | ■ रैथाने सिपका नाम बताउन<br>■ रैथाने सिपको उपयोग भन्न | ■ रैथाने सिप (रैथाने सिपको परिचय, यसको अभ्यास र उपयोग) | ■ विभिन्न प्रकारका रैथाने सिपको परिचय दिने<br>■ विद्यार्थीलाई उनीहरूको घरमा कसले के काम गर्नुहुन्छ भनेर सोध्ने र त्यसबाट रैथाने सिप छनोट गरेर चिनाउने<br>■ रैथाने सिपको उपयोगबारे बताउने | ■ रैथाने सिप झल्काउने विभिन्न चित्रका पोस्ट अथवा तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ रैथाने सिपमा कुन कुन सिप पर्दछन् ? ती सिपका उदाहरण दिनुहोस् ।<br>■ विभिन्न रैथाने सिपबाट के फाइदा लिन सकिन्छ ? भन्नुहोस् र कापीमा सूची तयार पार्नुहोस् । | |
| | ■ घरेलु तथा कुटीर उद्योगको उदाहरण बताउन<br>■ घरेलु तथा कुटीर उद्योगबाट के कस्ता फाइदा लिन सकिन्छ भनेर सूची तयार पार्न | ■ घरेलु तथा कुटीर उद्योग (घरमा सञ्चालन भएका तथा सानो धनराशिमा सञ्चालन भएका घरेलु तथा कुटीर उद्योगको परिचय, यसको अभ्यास र यसबाट हुने फाइदा) | ■ विद्यार्थीलाई उनीहरूको घरमा के के उत्पादन हुन्छ भनेर पालैपालो सोध्ने र त्यसमा घरेलु तथा कुटीर उद्योगसँग मिल्ने उदाहरण भेटेमा त्यसलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्ने र घरेलु तथा कुटीर उद्योगका | ■ घरेलु तथा कुटीर उद्योगका सूची<br>■ यस्ता उद्योगबाट लिन सकिने सम्भावित फाइदाको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ तपाईंको घरमा कुनै घरेलु तथा कुटीर उद्योग सञ्चालनमा छ कि छैन ?<br>■ कुनै तीन तीनओटा घरेलु तथा कुटीर उद्योगका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बारेमा बुझाउने<br>■ घरेलु तथा कुटीर उद्योगको अभ्यास, क्रियाकलाप र यसबाट हुन सक्ने आम्दानीका बारेमा बताउने | | फाइदा बताउनुहोस् र कापीमा लेख्नुहोस् ।<br>■ घरेलु तथा कुटीर उद्योगबाट कसरी फाइदा लिन सकिन्छ ? सूची तयार पार्नुहोस् । | |
| | ■ कपाल काट्ने पेसा अँगाल्दा हुन सक्ने फाइदा बताउन<br>■ श्रमलाई सम्मान गर्न सिक्न | ■ कपाल काट्ने पेसा (कपाल काट्ने पेसाको महत्त्व, यस पेसा अँगाल्दा हुने फाइदा र श्रमप्रतिको सम्मान) | ■ विद्यार्थीलाई उनीहरूको कपाल कसले कहाँ काटिदिने गरेको छ भनेर सोध्ने<br>■ विद्यालय नजिकै रहेको कपाल काट्ने ठाउँमा भ्रमण गराएर यस पेसाको क्रियाकलाप र यसबाट हुन सक्ने आम्दानीबारेमा बुझाउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पानी अथवा खाजा इत्यादि | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ कपाल काट्न जाँदा तपाईंले पैसा दिनुहुन्छ कि हुँदैन ?<br>■ कपाल काट्ने पेसाबाट लिन सकिने एउटा फाइदा बताउनुहोस् ।<br>■ कुनै पनि काम किन सानो ठुलो हुँदैन ? कारण दिनुहोस् । | |
| | ■ बालखाता के हो भनेर भन्न<br>■ बालखाताको माध्यमबाट बचत गर्ने बानीको विकास गर्न | ■ मेरो बालखाता (बालखाताको अवधारणा, यसको अभ्यास र बचत गर्ने बानीको विकास) | ■ विद्यार्थीलाई खुत्रुके र पैसा राख्ने थैली चिनाउने<br>■ खुत्रुकेमा वा थैलीमा पैसा राख्ने परिपाटीसँग बालखाता खोल्ने अवधारणासँग जोडेर बचत गर्ने बानीको विकास गर्नुपर्छ भनेर चिनाउने<br>■ विद्यार्थीलाई उनीहरूमध्ये कसैको बालखाता छ कि छैन भनेर सोध्ने | ■ खुत्रुके अथवा थैली | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ खुत्रुके अथवा थैली देख्नुभएको छ कि छैन ?<br>■ पैसा जम्मा गर्ने गर्नुभएको छ कि छैन ?<br>■ पैसा बचत गर्दा हुने दुईओटा फाइदा लेख्नुहोस् । | |
| ५. **स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास** | ■ विद्यालय सरसफाइ गर्ने बानी बसाल्न<br>■ आफू वरपर रहेका ठाउँ आफैँले सफा गर्नुपर्छ भन्ने बोध गर्न | ■ विद्यालय सरसफाइ (विद्यालय सरसफाइ गर्ने बानी र यस अभ्यासको अनुसरण) | ■ जापानका ससाना बालबालिकाले त्यहाँ फोहोर नगर्ने बानी बसालेको र फोहोर भए तापनि त्यसलाई उनीहरू आफैँले सफा गर्ने गरेको दृष्टान्त दिने र श्रव्यदृश्य सामग्री देखाउने | ■ विद्यालय सफा राख्न आवश्यक पर्ने फोहोरदानी, पञ्जा, कुचो, पानीको जार आदि<br>■ जापानको नानीबाबुले | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ विद्यार्थीले उनीहरूले गर्ने क्रियाकलापको सक्रियता र त्यसमा उनीहरूले देखाउने गरेको सहभागिताका | ३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ फोहोरदानीको व्यवस्था गरेर फोहोरदानीमा फोहोर फाल्ने बानीको विकास गर्न सिकाउने<br>■ हप्तामा कुनै एक दिन सामूहिक रूपमा विद्यालय सफा गर्न लगाउने | फोहोर नगर्ने बानीको श्रव्यदृश्य सामग्री | आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने । | |
| | ■ कस्तो भान्साकोठालाई सफा भान्साकोठा भनिन्छ भनेर भन्न<br>■ भान्सालाई सफा राख्दा हुने फाइदाका बारेमा बताउन | ■ सफा भान्साकोठा (भान्साकोठा सफा राख्नुका कारण र सफा राख्ने बानीको विकास) | ■ फोहोर र सफा भान्साकोठाको चित्र देखाएर ती दुई भान्साकोठाको भेद विद्यार्थीलाई चिनाउने<br>■ विद्यार्थीलाई उनीहरूको भान्साकोठाको अवस्थाको बारेमा सोध्ने<br>■ सफा तथा फोहोर भान्साकोठाको फाइदा र बेफाइदा क्रमशः लेख्ने र सूची तयार पार्ने | ■ फोहोर तथा सफा भान्साकोठाको चित्र<br>■ सफा भान्साकोठाको फाइदाको सूची<br>■ फोहोर भान्साकोठाको बेफाइदाको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ सफा भान्साकोठाको कुनै तीनओटा विशेषता लेख्नुहोस् ।<br>■ तपाईंको आफ्नो भान्साकोठाको बारेमा पाँचओटा वाक्य लेख्नुहोस् ।<br>■ भान्सालाई सफा राख्न के के गर्नुपर्छ होला ? सूची तयार पार्नुहोस् । | |
| | ■ स्वस्थकर खानाको नाम बताउन<br>■ कस्ता खानालाई स्वस्थ खाना भनेर भन्न | ■ स्वस्थकर खाना (स्वस्थ खानाका परिकार र यसका फाइदा) | ■ विद्यार्थीहरूलाई उनीहरूले खाने गरेको खानाको नाम पालैपालो सोध्ने<br>■ उनीहरूले खाने गरेका खानामध्ये केही स्वस्थकर खाना छान्ने र स्वस्थकर खानाका बारेमा दृष्टान्तसहित बताउने<br>■ स्वस्थकर खानाका विशेषता चिनाउने | ■ स्वस्थकर खानाका चित्र भएको पोस्टर<br>■ स्वस्थकर खानाका विशेषता लेखिएको सूची र चार्ट | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ तपाईंले खाने गरेको घरका कुनै तीनओटा खानाको नाम भन्नुहोस् र लेख्नुहोस् ।<br>■ कुनै पाँचओटा स्वस्थकर खानाको नाम लेख्नुहोस् ।<br>■ स्वस्थकर खानाको दुईओटा विशेषता लेख्नुहोस् । | |
| | ■ अस्वस्थकर खाना चिन्न<br>■ अस्वस्थकर खाना नखाने बानी बसाल्न | ■ अस्वस्थकर खाना (अस्वस्थकर खानाको परिचय, अस्वस्थकर खानाको सूची र यसको सेवनबाट हुने बेफाइदा) | ■ विद्यार्थीलाई उनीहरूले खाने गरेका विभिन्न खानेकुराका नाम सोध्ने र त्यसमध्ये केही अस्वस्थकर खाना पहिचान गरेर यस प्रकारको खानाको बारेमा छलफल गर्ने<br>■ कस्ता खानालाई अस्वस्थकर | ■ अस्वस्थकर खानाको सूची<br>■ अस्वस्थकर खाना खाँदा हुने हानिका सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ विद्यालयमा हुँदा उनीहरूले खाने गरेका अस्वस्थकर खाना सेवनको अवस्था हेरेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खाना भनिन्छ भनेर यसका विशेषतासहित बताउने<br>■ अस्वस्थकर खाना खानुका बेफाइदा बताउने | | | |
| | ■ अनुशासनको अर्थ बुझ्न<br>■ अनुशासित भएर जीवनयापन गर्न | ■ अनुशासन (अनुशासनको महत्त्व र व्यक्तित्व विकासमा यसको महत्त्व) | ■ दृष्टान्तको प्रयोग गरेर अनुशासनको अर्थ चिनाउने (सकेसम्म परिभाषामार्फत नचिनाउने)<br>■ अनुशासित मानिसको उदाहरण दिने र कक्षामा सबैभन्दा अनुशासित विद्यार्थीका बारेमा बताउने र अरु विद्यार्थीलाई पनि अवलम्बन गर्न लगाउने | ■ अनुशासित व्यक्तिको तस्विर अथवा चित्र<br>■ अनुशासित व्यक्तिको चरित्रको सूची | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ विद्यार्थीहरूको दैनिक जीवनयापनलाई ख्याल गरेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ कसरी असल बन्न सकिन्छ भनेर सिक्न<br>■ असल बन्न | ■ असल बनौँ (ठुलोभन्दा पनि असल बनौँ भन्ने बानीको विकास र व्यक्तित्व विकासमा यसको महत्त्व) | ■ कक्षामा भएका विद्यार्थीमध्ये कुनै एक असल विद्यार्थीको चरित्र चित्रण गरेर सुनाउने र छलफल गर्ने<br>■ ठुला व्यक्ति र असल व्यक्ति बिचको भेद छुट्याएर देखाउने<br>■ सबै ठुला मानिस असल हुन सक्दैनन् भनेर चिनाउने र यस बारेमा दृष्टान्त दिने | ■ असल र खराब व्यक्तिका गुण र अवगुण लेखिएका सूचीसहितको पोस्टर अथवा चार्ट | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ विद्यार्थीहरूको दैनिक क्रियाकलाप र उनीहरूका अभिभावकसँग पनि छलफल गरेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ किन समयमै सुत्नुपर्छ भनेर भन्न<br>■ समयमै सुत्ने बानीको विकास गर्न | ■ समयमै सुत्ने बानी (सुत्ने समयको ज्ञान र समयमा सुत्नुको महत्त्व) | ■ विद्यार्थीलाई कति बेला सुत्छौ र कति बेला उठ्छौ भनेर सोध्ने<br>■ उनीहरूले भनेको समयलाई हिसाब गरेर उनीहरू कति घण्टा सुत्छन् भनेर पत्ता लगाउने<br>■ निद्राको महत्त्व बुझाउने | ■ सुतिरहेको बालकको चित्र<br>■ रातभरि मोबाइलमा व्यस्त बालकको चित्र<br>■ समयमा सुत्नुका फाइदा लेखिएको पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ अभिभावकसँग सल्लाह गरेर उनीहरू सुत्ने समयलाई हिसाब गरेर उनीहरू सुत्ने समयको ख्याल गर्ने र यसकै आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ सुन्ने बानी किन आवश्यक छ भनेर बताउन | ■ सुन्ने बानी (दुईओटा कान र एउटा मुखको प्रतीकात्मक अर्थ र | ■ शिक्षकले बोल्दा विद्यार्थीले सुनेको वा नसुनेको ख्याल गर्ने अथवा उनीहरूले बोल्दा आफूले | ■ कानको ठुलो चित्र | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>■ उनीहरूले दैनिक जीवनमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ अरुको कुरा सुन्ने बानीको विकास गर्न | सुन्ने बानीको विकास) | उनीहरूका कुरा ध्यानपूर्वक सुनेर सुन्ने बानीका बारेमा बताउने<br>▪ यसको महत्त्व बताउने | | देखाउने क्रियाकलापको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ किन बोल्नुपर्छ भनेर कारण बताउन<br>▪ साथीहरूको अगाडि बोल्ने बानीको विकास गर्न | ▪ म पनि बोल्छु (बोल्नुपर्छ भन्ने बोध, बोल्ने बानीको विकास र आत्मविश्वास प्राप्ति) | ▪ विद्यार्थी जहाँ बसेको छ त्यही ठाउँबाट उसलाई बोल्न लगाउने र बोल्नका लागि उसलाई सजिला प्रश्न सोध्ने<br>▪ बिस्तारै विद्यार्थीलाई कक्षाकोठाको अगाडि उभिएर बोल्न लगाउने, यसका लागि उसले बोल्ने सक्ने शीर्षक दिने, बोल्ने बेलामा शिक्षक पनि ऊसँगै उभिने र बोल्न सहजीकरण गरिदिने<br>▪ कक्षाकोठामा अगाडि आएर बोल्न सक्ने भएपछि बाहिर चौरमा ल्याएर सबैको अगाडि क्रमशः बोल्न लगाउने, यसबेला पनि शिक्षक सँगै उभिदिने र आवश्यक परेमा सहजीकरण गरिदिने, बोल्नका लागि ससाना शीर्षक दिने जस्तै उसलाई मनपर्ने चरा अथवा जनावर आदि | ▪ कुनै सानो बालक कक्षाकोठामा उभिएर शिक्षकलाई प्रश्न सोध्दै गरेको चित्र अथवा श्रव्यदृश्य<br>▪ कक्षाकोठाको अगाडि उभिएर कुनै शीर्षकमा बोल्दै गरेको सानो विद्यार्थीको पोस्ट अथवा श्रव्यदृश्य सामग्री<br>▪ विद्यालयको आँगनमा बिहानी सभामा साना बालक अथवा बालिकाले माइक्रोफोनमा बोल्दै गरेको पोस्टर अथवा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ विद्यार्थीहरूले कक्षाकोठाभित्र अथवा बिहानी सभामा बोल्न लगाउँदा देखाएको सहभागिता र सक्रियताका आधारमा मूल्याङ्कन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने अथवा पोर्टफोलियो तयार पार्ने । उनीहरूको बोल्ने बानीका बारेमा थप बुझ्न अभिभावकसँग पनि सोधपुछ गर्ने । | |
| ६. **खेलकुद तथा मनोरञ्जन** | ▪ समूहमा तातो आलु खेल खेल्न सिक्न<br>▪ चनाखो हुन | ▪ तातो आलु (तातो आलु खेल्दै चनाखो बन्ने प्रक्रिया, खेल्दै र सिक्दै गर्ने अभ्यास) | ▪ विद्यार्थीलाई गोलाकार समूह बनाएर तातो आलु खेल खेलाउने<br>▪ उनीहरूलाई नियमबद्ध तरिकाले खेल खेल्न सिकाउने<br>▪ चनाखो हुनुपर्छ है भनेर बताउने | ▪ भकुण्डो | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>▪ उनीहरूले दैनिक जीवनमा देखाउने क्रियाकलापको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | १३ |
| | ▪ नियमबद्ध तरिकाले तित्ती खेल खेल्न सिक्न | ▪ तित्ती (तित्ती खेल खेल्ने प्रक्रिया, खेल्दै गन्ने | ▪ नियमबद्ध तरिकाले तित्ती खेल खेलाउने | ▪ ढुङ्गाको सानो ढ्याक | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ गन्ने प्रणालीको अभ्यास गर्न | प्रणालीको अभ्यास र शारीरिक व्यायाम) | ▪ यसका लागि विद्यार्थीको उमेरलाई ख्याल राखेर बाकस बनाउँदा याद राख्ने | | ▪ उनीहरूले दैनिक जीवनमा देखाउने क्रियाकलापका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ नियमबद्ध तरिकाले गट्टी खेल खेल्न सिक्न<br>▪ मिलेर खेल्ने बानी बसाल्न | ▪ गट्टी (साथीसँग मिलेर गट्टी खेल्ने तरिका तथा समाजीकरणको प्रक्रियाको नमुना अभ्यास) | ▪ विभिन्न समूहमा विभाजन गरेर विद्यार्थीलाई गट्टी खेल खेलाउने | ▪ ढुङ्गाका ससाना गट्टी | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>▪ उनीहरूले दैनिक जीवनमा देखाउने क्रियाकलापको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

**कक्षा ४**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार (कार्यघण्टा) |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ▪ आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा सिमरा विमानस्थलले खेलेको भूमिका बताउन | ▪ सिमरा विमानस्थल ( आन्तरिक तथा पर्यटन प्रवर्द्धनका लागि सिमरा विमानस्थलले खेलेको भूमिका र यसबाट जीतपुरसिमरालाई भइरहेको लाभ) | ▪ सिमरा विमानस्थलको अध्ययन भ्रमण गर्ने र त्यहाँ आवतजावत गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरू देखाउने<br>▪ सिमरा विमानस्थलले कसरी आन्तरिक तथा बाह्य पर्यटनलाई टेवा पुऱ्याएको छ भनेर विद्यार्थीहरूलाई कारण बताउने<br>▪ सिमरा विमानस्थलका कारण जीतपुरसिमरालाई कसरी फाइदा भइरहेको छ भनेर कारण बताउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने विभिन्न सामग्री<br>▪ सिमरा विमानस्थलको चित्र, तस्बिर र श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>▪ सिमरा विमानस्थलका बारेमा कक्षाकोठामा बताउनुहोस् ।<br>▪ सिमरा विमानस्थलमा घुम्ने जाने क्रममा तपाईंले के के देख्नुभयो ?<br>▪ सिमरा विमानस्थलका कारण जीतपुरसिमरालाई कसरी आर्थिक रूपमा फाइदा भएको छ ? | १९ |
| | ▪ चुरेका बारेमा बताउन<br>▪ चुरेको महत्त्व बताउन | ▪ हाम्रो चुरे<br>(चुरेको अर्थ, चुरेको चिनारी र चुरेको महत्त्व) | ▪ जीतपुरसिमरामा पर्ने चुरे क्षेत्रको अध्ययन भ्रमण गर्ने र चुरेको पर्यावरण र जैविक विविधताका बारेमा बताउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>▪ चुरेका बारेमा | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ चुरेको अर्थ बताउनुहोस् ।<br>▪ चुरेका बारेमा एउटा सानो | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ अध्ययन भ्रमण सम्भव नभएको खण्डमा चुरेसम्बन्धी निर्मित श्रव्यदृश्य सामग्री देखाउने<br>▪ चुरेले तराईमधेशको पर्यावरण तथा जैविक विविधता कायम राख्न खेलेको भूमिका बताउने र यसको सूची तयार पार्ने<br>▪ तराईमधेशको पानीको स्रोको लागि चुरेले खेलेको भूमिका बताउने<br>▪ चुरेको दोहन हुँदा तराईमधेशमा पर्ने असरका बारेमा बताउने | निर्मित श्रव्यदृश्य सामग्री | निबन्ध तयार पार्नुहोस् ।<br>▪ जीतपुरसिमराको पर्यावरण तथा जैविक विविधता कायम राख्न चुरेले खेलेको भूमिका बताउनुहोस् ।<br>▪ पानीको स्रोतका लागि चुरेले खेलेको भूमिका बताउनुहोस् ।<br>▪ जीतपुरसिमरामा चुरेको अवस्था के कस्तो छ ? बताउनुहोस् ।<br>▪ चुरेको दोहन हुँदा के कस्तो प्रभाव तराईमधेशमा पर्दछ ? यसका सम्भावित असर बताउनुहोस् । | |
| | ▪ तराईमधेश भनेको के हो भनेर भन्न<br>▪ तराईमधेशको भूगोल, वातावरण तथा जैविक विविधताको बारेमा बताउन | ▪ हाम्रो तराईमधेश (तराईमधेशको चिनारी, तराईमधेशको भूगोलको वातावरण र यहाँ रहेको जैविक विविधता) | ▪ तराईमधेशको अर्थ बताउने<br>▪ कस्तो भूगोललाई तराईमधेश भनिन्छ भनेर चिनाउने<br>▪ भूगोलले के कसरी हावापानी र जैविक विविधतामा प्रभाव पार्छ भन्ने कुरा बताउने<br>▪ तराईमधेशको वातावरण बताउने र यसका विशेषताका सूची तयार पार्ने | ▪ तराईमधेश झल्कने चित्र तथा तस्बिर<br>▪ ग्लोब<br>▪ पृथ्वीको भौगोलिक नक्सा | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ कस्तो भूभागलाई तराईमधेश भनिन्छ ?<br>▪ तराईमधेशको भौगोलिक, हावापानी र वातावरणको बारेमा क्रमशः बताउनुहोस् ।<br>▪ तराईमधेशको जैविक विविधताका बारेमा लेख्नुहोस् । | |
| | ▪ शीतलहर र लु को बारेमा बताउन<br>▪ यसले तराईमधेशको जनजीवनलाई कसरी प्रभावित पार्छ भनेर बताउन | ▪ शीतलहर र लु (तराईमधेशमा चल्ने चिसो हावा र तातो हावाको अर्थ र यसले जनजीवनमा पार्ने प्रभाव) | ▪ विद्यार्थीहरूलाई चिसो हावा र तातो हावा बहँदा कहिले अनुभव गरेका थियौ भनेर सोध्ने<br>▪ तराईमधेशमा बहने चिसो हावा तथा तातो हावाका बारेमा बताउने | ▪ शीतलहर र लुका बारेमा लेखिएको चार्ट<br>▪ शीतलहर र लुबाट हुने असरका विभिन्न चित्र तथा तस्बिर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ शीतलहर र लु भनेको के हो ?<br>▪ शीतलहर र लु कुन कुन बेला बहने गर्दछ ?<br>▪ शीतलहर र लुले | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ शीतलहर र लुले तराईमधेशको जनजीवनलाई कसरी प्रभावित पार्छ भनेर बताउने<br>■ शीतलहर र लुबाट बच्न र यसको प्रभावलाई न्यूनीकरण गर्न जीतपुरसिमरामा के कस्तो कार्य गरिन्छ भनेर बताउने | | जीतपुरसिमरामा के कस्तो असर पार्दछ ?<br>■ शीतलहर र लुको असरलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? उपायहरू बताउनुहोस् साथै तपाईंको घर, गाउँ/सहरमा यसबाट बच्न के कस्ता उपाय अपनाउनुहुन्छ ? बताउनुहोस् । | |
| | ■ जीतपुरसिमरामा पाइने विभिन्न जडीबुटीका नाम लेख्न<br>■ जडीबुटीको महत्त्व बताउन | ■ हाम्रा जडीबुटी (जीतपुरसिमराका बहुमूल्य जडीबुटीका नाम, ती जडीबुटी पाइने स्थान र जडीबुटीको महत्त्व) | ■ विद्यालय वरपर रहेका जङ्गलमा पाइने विभिन्न जडीबुटी चिनाउने<br>■ सम्भव भएसम्म सक्कली जडीबुटी नै देखाएर ती जडीबुटी चिनाउने अन्यथा तस्बिरको माध्यमबाट चिनाउने<br>■ जडीबुटीको महत्त्व बताउने | ■ जडीबुटीका तस्बिर र तिनका नाम लेखिएको पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ जीतपुरसिमरामा पाइने कुनै चारओटा जडीबुटीको नाम लेख्नुहोस् ।<br>■ जडीबुटीको कुनै दुईओटा महत्त्व बताउनुहोस् । | |
| | ■ पर्सा राष्ट्रिय निकुञ्जका बारेमा बताउन<br>■ निकुञ्जले पर्यावरण तथा जैविक विविधतामा पारेको प्रभावका बारेमा बताउन | ■ हाम्रो राष्ट्रिय निकुञ्ज (पर्सा राष्ट्रिय निकुञ्जको छोटो परिचय र यसले पर्यावरण तथा जैविक विविधतामा पारेको सकारात्मक प्रभाव) | ■ अध्ययन भ्रमण विधिको प्रयोग गरेर पर्सा राष्ट्रिय निकुञ्जको भ्रमण गर्ने<br>■ निकुञ्जले पर्यावरण तथा जैविक विविधतामा पारेको सकारात्मक असरका बारेमा बताउने<br>■ निकुञ्जभित्र के कस्ता जीवजन्तु, पशुपंक्षी तथा बोटबिरुवा पाइन्छन् त्यसको समेत सूची तयार पारेर विद्यार्थीहरूलाई बताउने | ■ अध्ययन भ्रमणका क्रममा आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ पर्सा राष्ट्रिय निकुञ्जका बारेमा सङ्क्षेपमा लेख्नुहोस् ।<br>■ निकुञ्जमा के कस्ता जीवजन्तु, पशुपंक्षी तथा बोटबिरुवा पाइन्छन् ? सूची तयार पार्नुहोस् ।<br>■ निकुञ्जले जीतपुरसिमराको पर्यावरण तथा जैविक विविधता कायम राख्न खेलेको भूमिकाका बारेमा बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. **जीतपुरसिमराका संस्कार-संस्कृति** | ▪ आफ्नो गाउँ/सहरमा रहेका विभिन्न धार्मिक स्थल चिन्न र त्यसका बारेमा बताउन<br>▪ ती धार्मिक स्थलका नाम बताउन | ▪ मन्दिर, मस्जिद, गुम्बा र चर्च<br>(विभिन्न धर्मावलम्बीसँग जोडिएका धार्मिक स्थलका चिनारी तथा जीतपुरसिमरामा रहेका मुख्य मुख्य धार्मिक स्थलका नाम) | ▪ विद्यार्थीहरूलाई गाउँ/सहरमा रहेका विभिन्न धार्मिक स्थलहरू छन् कि छैनन् भनेर सोध्ने<br>▪ ती धार्मिक स्थलका नाम बताउन लगाउने र शिक्षकले सहजीकरण गर्ने<br>▪ विभिन्न धर्मावलम्बीसँगसँगै ती धर्मावलम्बीका आआफ्ना धार्मिक स्थलका नाम बताउने | ▪ जीतपुरसिमरामा रहेका विभिन्न धार्मिक स्थलका चित्र तथा तस्बिर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंको घर अथवा विद्यालय नजिकै विभिन्न धार्मिकस्थलहरू छन् कि छैनन् ?<br>▪ ती धार्मिक स्थलका नाम बताउनुहोस् ।<br>▪ तपाईंको गाउँ/सहरमा विभिन्न धर्मावलम्बीका नाम र उनीहरूका धार्मिक स्थलका नाम बताउनुहोस् ।<br>▪ जीतपुरसिमरामा रहेका मुख्य मुख्य धार्मिक स्थलका सूची तयार पार्नुहोस् । | १९ |
| | ▪ जीतपुरसिमरामा मनाइने जात्रा तथा पर्वको नाम भन्न<br>▪ ती जात्रा तथा पर्वमा हुने विभिन्न क्रियाकलापका बारेमा सूची तयार पार्न | ▪ हाम्रा जात्रा-पर्व<br>(जीतपुरसिमरामा मनाइने विभिन्न जात्रा तथा पर्वको जानकारी, ती जात्रा पर्व मनाउने समयको बोध र त्यसमा हुने विभिन्न क्रियाकलाप) | ▪ कुनै जात्रा तथा पर्वको अवसर पारेर विद्यार्थीलाई उक्त जात्रा तथा पर्वको बारेमा बताउने तथा प्रत्यक्ष अनुभव गर्न लगाउने<br>▪ ती जात्रा तथा पर्वमा हुने क्रियाकलापलाई अवलोकन गर्न लगाउने<br>▪ ती जात्रा तथा पर्व कहिले मनाइन्छ भनेर टिपोट गर्न लगाउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंले देख्नुभएको कुनै जात्रा तथा पर्वका बारेमा एक हरफ लेख्नुहोस् ।<br>▪ तपाईंलाई मन पर्ने कुनै चाड तथा पर्वको नाम बताउनुहोस् । उक्त चाड तथा पर्व मन पराउनुको कारण पनि लेख्नुहोस् । | |
| | ▪ लोकश्रुति परम्पराको अर्थ बताउन<br>▪ एक पुस्ताबाट अर्को पुस्तामा ज्ञान | ▪ लोकश्रुति परम्परा<br>(श्रुतिपरम्पराको अर्थ, यसको अभ्यास र ज्ञान हस्तान्तरणमा यसले | ▪ लोकश्रृति परम्पराको अर्थ बताउने<br>▪ लोकश्रृति परम्पराको अभ्यास कक्षाकोठामा गराउने | ▪ मुख र कानका ठुला चित्र<br>▪ मुखको काम र कानको कामका | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ लोकश्रृति परम्परा भनेको के हो ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हस्तान्तरण प्रक्रियामा यसले खेलेको भूमिका बताउन | खेलेको भूमिका) | ■ कसरी यस विधिबाट एक पुस्ताबाट अर्को पुस्तामा ज्ञान हस्तान्तरण हुने गर्थ्यो भनेर विद्यार्थीहरूलाई बताउने | बारेमा बताउने | ■ तपाईंको घरमा हजुरबुवा अथवा हजुरआमाले कथा सुनाउनुहुन्छ कि हुँदैन ?<br>■ तपाईंलाई हजुरबुवा र हजुरआमाले सुनाउनुभएको याद छ भने कक्षाकोठामा सुनाउनुहोस् । | |
| | ■ स्थानीय जीवनशैलीको अर्थ बताउन<br>■ स्थानीय जीवनशैलीका बारेमा बताउन | ■ हाम्रो जीवनशैली<br>(हाम्रो जीवनशैलीको चिनारी, स्थानीय जीवनशैलीमा हुने विभिन्न क्रियाकलाप र चालचलन) | ■ कुनै ग्रामीण क्षेत्रमा लाने र त्यहाँको जीवनशैलीको अवलोकन गर्न लगाउने<br>■ उनीहरूको खानपान, लवाइखुवाइ र बसोबास प्रणालीका बारेमा विद्यार्थीहरूलाई बताउने<br>■ उनीहरूको आयआर्जन, दैनिक क्रियाकलापलगायत नियमित जीवनशैलीका बारेमा बताउने र यसका बारेमा सूची तयार पार्न लगाउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ गाउँ र सहर भनेको के हो ?<br>■ गाउँ र सहरी जीवनशैलीका बारेमा बताउनुहोस् ।<br>■ तपाईंलाई गाउँ अथवा सहरी जीवनशैली मन पर्छ ? मन पर्नुका अथवा नपर्नुका कारण बताउनुहोस् ।<br>■ गाउँले तथा सहरी जीवनशैलीमा हुने विभिन्न क्रियाकलापका बारेमा संक्षेपमा एउटा निबन्ध लेख्नुहोस् । | |
| | ■ छठ पर्वका बारेमा बताउन<br>■ छठ पर्वको महत्त्व र यस पर्व मनाउँदा हुने विभिन्न क्रियाकलापका बारेमा बताउन | ■ छठ पर्व<br>(तराईमधेशमा प्रख्यात छठ पर्वको चिनारी, यसमा हुने विभिन्न क्रियाकलाप र यससँग जोडिएका विभिन्न रीतिरिवाज) | ■ विद्यार्थीहरूलाई छठ पर्व मनाउने गरेका छौ भनेर सोध्ने साथै उनीहरूको आफ्ना अनुभव सुनाउन लगाउने<br>■ छठ पर्वसम्बन्धी कुनै श्रव्यदृश्य सामग्री देखाउने साथै सम्भव भएमा छठ मनाउँदाको समयमा | ■ सूर्यलाई पूजा गरिरहेको चित्र<br>■ छठ पर्वसम्बन्धी श्रव्यदृश्य सामग्री<br>■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ छठ पर्वका बारेमा तपाईंको आफ्नो अनुभव सुनाउनुहोस् ।<br>■ छठ पर्व मनाउनुका कारण बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अध्ययन भ्रमण गराउने<br>■ छठ पर्व मनाउनुका कारण, यसको महत्त्व तथा यो पर्व मनाउँदा विभिन्न क्रियाकलापका बारेमा बताउने<br>■ जीतपुरसिमरामा छठ पर्व कसरी मनाइन्छ भनेर विद्यार्थीहरूलाई बताउने | | ■ छठ पर्व किन मनाइन्छ होला ? कारण बताउनुहोस् ।<br>■ छठ पर्वमा के के गरिन्छ ? यो पर्व मनाउँदा हुने विभिन्न क्रियाकलापका बारेमा बताउनुहोस् ।<br>■ जीतपुरसिमरामा छठ पर्व कसरी मनाइन्छ ? यस बारेमा बताउनुहोस् । | |
| ३. **कृषि, पशुपालन, उद्योग, पेसा, व्यापार र व्यवसाय** | ■ जैविक मल अर्थ बताउन<br>■ जैविक मलको महत्त्व बताउन | ■ जैविक मल (जैविक मल र यसको कृषि उपयोगिता) | ■ अध्ययन भ्रमण विधिको प्रयोग गरेर जैविक मल तयार पारेको ठाउँमा अध्ययन भ्रमण गर्ने<br>■ ती पराल-स्याउला बस्तुभाउलाई कसरी ओछ्याइन्छ भनेर बताउने<br>■ पत्कर-स्याउलाको कृषि उपयोगिता बताउने<br>■ जैविक मल कसरी बन्छ भनेर बताउने<br>■ जैविक मलको कृषि उपयोगिता बताउने र यसको सूची तयार पार्ने<br>■ जैविक मलले माटोलाई कसरी जोगाइराख्छ र यसको उत्पादन शक्तिलाई क्षय हुनबाट कसरी बचाउँछ भनेर बताउने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ टिपोट गर्न आवश्यक सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ जैविक मल भनेको के हो ? लेख्नुहोस् ।<br>■ पराल-स्याउलाबाट कसरी जैविक मल बन्छ ? बुँदागत रूपमा लेख्नुहोस् ।<br>■ जैविक मलले माटोलाई कसरी बचाएर राख्छ ?<br>■ जैविक मलले माटोको उत्पादन शक्तिलाई नाश हुनबाट कसरी बचाउँछ ?<br>■ जैविक मल प्रयोग गर्नु मानिस तथा वातावरण दुवैका लागि फाइदाजनक छ भन्ने विषयमा कारणहरू बताउनुहोस् । | १९ |
| | ■ माटो छनोट किन गर्नुपर्छ भन्ने कारण जान्न | ■ माटो छनोट (माटोका प्रकार, माटोअनुसार कृषिबाली | ■ कथाकथन विधिको प्रयोग गरेर माटो परीक्षण अवधारणाबारे प्रस्ट पार्ने | ■ संवाद<br>■ माटो छनोट गर्नुपर्ने कारणको सूची | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ माटो छनोट भनेको के हो ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ माटो छनोट गर्दा हुने लाभका बारेमा बताउन | लगाउने प्रक्रिया, यसको महत्त्व र यसबाट हुने लाभ) | ■ यसका लागि अभिनयमार्फत पनि बुझाउन सकिन्छ<br>■ अभिनयका लागि शिक्षकले कृषि विज्ञको भूमिका खेल्न तयार पारिएको संवाद बोल्ने<br>■ माटो छनोट किन गर्नुपर्छ भनेर सूची तयार पार्ने र यसबाट हुने फाइदा पनि सूचीकृत गर्ने | ■ यसबाट हुने फाइदाको सूची | ■ माटो छनोट किन गर्नुपर्दछ ?<br>■ माटो छनोटबाट हामीले कसरी फाइदा लिन सकिन्छ ? | |
| | ■ जीतपुरसिमरामा कुन कुन ठाउँमा कस्ता कस्ता तरकारी, फलफूल र अन्नबाली हुन्छन् भनेर बताउन<br>■ कृषि पकेट क्षेत्र पहिचान गर्न र यस बारेमा बताउन | ■ कृषि पकेट क्षेत्र (कृषि पकेट क्षेत्रको चिनारी, फरक फरक फलफूल, तरकारी तथा विभिन्न अनाज उत्पादन हुने फरक फरक ठाउँको जानकारी) | ■ कुनै एउटा मात्र फलफूल बढी मात्रामा उत्पादन हुने ठाउँ पहिचान गरेर चिनाउने (जस्तैः केरा, उखु, सुर्ती उत्पादन हुने ठाउँ आदि)<br>■ विद्यार्थीलाई विद्यालय नजिकै त्यस्ता ठाउँहरू भएमा चिनाउने | ■ कृषि पकेट क्षेत्र बुझाउन यससँग सम्बन्धित कुनै श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ तपाईंले केरा खेती, उखु खेती अथवा अन्य कुनै अन्न, फलफूल तथा तरकारी उत्पादन गरेको ठाउँ देख्नुभएको छ ? देख्नुभएको छ भने बताउनुहोस् ।<br>■ तपाईंको घरमा धेरै मात्रामा कुनै फलफूल, तरकारी तथा अन्य कृषि बाली फलाइन्छ कि फलाइँदैन ?<br>■ कस्तो क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ ?<br>■ जीतपुरसिमरामा कस्ता कस्ता कृषि पकेट क्षेत्रको सम्भावना छ होला ? सूची तयार पार्नुहोस् । | |
| | ■ मसलाजन्य बालीमा के के पर्छन् भनेर बताउन<br>■ जीतपुरसिमरामा | ■ मसला बाली (जीतपुरसिमरामा हुने मसलाजन्य विभिन्न बाली, | ■ विद्यार्थीलाई बेसार, अदुवा, जाइफल, ल्वाङ, सुकमेल, मरिच, मेथी, दालचिनीजस्ता मसला चिनाउने | ■ हाम्रो भान्सामा उपलब्ध मसला | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ तपाईंको भान्सामा पाइने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्पादन हुने मसलाजन्य विभिन्न बालीका नाम चिन्न | यसको उत्पादन र यसको उपभोग) | ■ ती मध्ये कुन कुन मसलाजन्य वस्तु उनीहरूको खेतबारीमा उत्पादन हुन्छ भनेर सोध्ने र विद्यालय नजिकै रहेको वस्ती आसपासका खेतबारीमा लगेर विद्यार्थीलाई जीतपुरसिमरामा उत्पादन हुने मसलाजन्य बाली चिनाउने<br>■ ती मसला हाम्रा खानेकुरामा कसरी प्रयोग भइरहेका छन् भनेर पनि चिनाउने | | मसलाको सूची तयार पार्नुहोस् । यसका लागि अभिभावकसँग सहयोग माग्नुहोस् ।<br>■ तपाईंको खेतबारीमा कुन कुन मसला उत्पादन हुन्छ ?<br>■ ती मसला कुन कुन ठाउँमा कसरी प्रयोग हुन्छ ? | |
| | ■ जीतपुरसिमरामा मौरीपालन व्यवसायको सम्भावनाका बारेमा बताउन<br>■ यस व्यवसाय गर्ने तरिका र यसबाट हुने आम्दानीका बारेमा बताउन | ■ मौरीपालन व्यवसाय (मौरीपालन व्यवसायको सामान्य जानकारी, यो व्यवसायको प्रकृति, व्यवसाय गर्ने तरिका र यसबाट हुने आम्दानी) | ■ श्रव्यदृश्य सामग्रीको सहाराले यस व्यवसायका बारेमा विद्यार्थीलाई जानकारी दिने<br>■ विभिन्न मौरीका आफ्ना काम पनि चिनाउने<br>■ मौरीले कसरी मह बनाउने गर्छ देखाउने<br>■ यस व्यवसायबाट के कसरी आम्दानी गर्न सकिन्छ भनेर विद्यार्थीलाई बताउने | ■ मौरी व्यवसायसम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ तपाईंले कतै कुनै ठाउँमा कसैले मौरी पालेको देख्नुभएको छ ?<br>■ मह खानुभएको छ कि छैन ? महको स्वाद कस्तो लाग्यो ?<br>■ मह उत्पादन गरेर बेच्न के के गर्नुपर्छ ? | |
| ४. **नागरिक चेतना, नैतिक शिक्षा र सुशासन** | ■ सडक चेतनाका बारेमा सामान्य जानकारी बताउन<br>■ बाटोमा हिँड्दा र बाटो काट्दा सावधानी अपनाउन | ■ सडक चेतना (सडक चेतनाको परिचय, बाटो काट्दा अपनाउनुपर्ने सावधानी र बाटोमा हिँड्दा ध्यान दिनुपर्ने कुरा) | ■ व्यावहारिक तवरले विद्यार्थीलाई बाटोमा हिँड्न र बाटो काट्न सिकाउने<br>■ ट्राफिक चेतना पनि सिकाउने | ■ अध्ययन भ्रमण विधिका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ विद्यार्थीहरूले व्यावहारिक परीक्षामा आफूलाई प्रस्तुत गरेका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | २७ |
| | ■ लैङ्गिक विभेदको अर्थ भन्न | ■ लैङ्गिक विभेद (लैङ्गिक विभेदका | ■ घरमा, विद्यालयमा अथवा समाजमा नजानिँदो तरिकाले हुने | ■ लैङ्गिक विभेदसम्बन्धी कुनै पोस्टर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ लैङ्गिक विभेद कहाँ र कसरी भइरहेको छ भनेर बताउन | विभिन्न उदाहरण, नजानिँदो तरिकाले यसलाई प्रश्रय दिँदै आएका अभ्यास र यसलाई हटाउने तरिका) | लैङ्गिक विभेदको उदाहरण दिने<br>■ लैङ्गिक विभेदको उदाहरणका आधारमा अर्थ बताउने<br>■ यसबाट सजग रहन उपाय सुझाउने | | ■ घरमा अथवा विद्यालयमा महिला तथा पुरुषले गर्ने कामको सूची बनाउनहोस् ।<br>■ घरमा बाबा र आमाले गर्नुहुने कामको सूची तयार पार्नुहोस् ।<br>■ लिङ्गका आधारमा गरिने एउटा विभेदको उदाहरण दिनुहोस् । | |
| | ■ बाथरुम प्रयोग गर्ने तरिका भन्न<br>■ बाथरुम प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी अपनाउन | ■ बाथरुम सचेतना (बाथरुम चेतनासम्बन्धी सामान्य जानकारी, बाथरुम प्रयोग गर्ने तरिका र यसमा अपनाउनुपर्ने सावधानी) | ■ विद्यालयमा रहेको बाथरुमलाई व्यावहारिक तरिकाले प्रयोग गर्दा अपनाउनुपर्ने तरिका बताउने<br>■ बाथरुम प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी बताउने<br>■ सावधानी नअपनाउँदा चिप्लिने, लड्ने र घाउचोट हुने सम्भावना पनि बताउने | ■ चिप्लो भुइँ भएको र खस्रो भुइँ भएको बाथरुम<br>■ चप्पल आदि | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ बाथरुममा चप्पल लगाउनुहुन्छ कि हुँदैन ?<br>■ बाथरुममा कहिल्यै चिप्लेर लड्नुभएको छ ?<br>■ बाथरुममा जाँदा अपनाउनुपर्ने कुनै तीनओटा सावधानीको सूची तयार पार्नुहोस् । | |
| | ■ असल नागरिकका गुणहरू बताउन<br>■ असल नागरिक बन्न | ■ असल नागरिक (असल नागरिकको परिचय, असल नागरिकमा हुनुपर्ने गुण र असल नागरिक बन्ने प्रक्रिया) | ■ असल नागरिकका विभिन्न गुणहरू र यससम्बन्धी तयार पारिएको पोस्टर अथवा चार्टबाट चिनाउने | ■ असल नागरिकका विभिन्न गुण लेखिएका सूचीसहितको चार्ट | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ असल नागरिक भनेको के हो ?<br>■ असल नागरिकमा हुनुपर्ने कुनै पाँचओटा गुण लेख्नुहोस् । | |
| | ■ ज्येष्ठ नागरिक कसलाई भनिन्छ भनेर बताउन<br>■ ज्येष्ठ नागरिकलाई हेरचाह गर्न | ■ ज्येष्ठ नागरिकलाई सम्मान (ज्येष्ठ नागरिकको परिचय, उहाँहरूको महत्त्व र | ■ विद्यार्थीलाई उनीहरूका हजुरबुवा तथा हजुरआमाको अवस्थाका बारेमा सोध्ने<br>■ उहाँहरूको दैनिक क्रियाकलापका | ■ ज्येष्ठ नागरिक झल्किने चित्र<br>■ उहाँहरूको विभिन्न क्रियाकलाप | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ तपाईंको घरमा हजुरबुवा अथवा हजुरआमा हुनुहुन्छ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उहाँहरूलाई हेरचाह गर्ने तरिका) | बारेमा सोध्ने<br>■ उहाँहरूलाई कसरी हेरचाह गर्न सकिन्छ र कुरा तथा अनुभव सुन्न सकिन्छ भनेर बताउने<br>■ विद्यार्थीलाई आफ्ना हजुरबुवा अथवा हजुरआमासँग कथा सुन्ने बानीको विकास गर्न लगाउने<br>■ कथा सुनिसकेपछि विद्यालयमा भन्न लगाउने | जनाउने पोस्टर तथा चित्र<br>■ साना बालक अथवा बालिका आफ्ना हजुबुवा तथा हजुरआमासँग कथा सुन्दै गरेको चित्र अथवा तस्बिर | कि हुँदैन ?<br>■ उहाँहरूले घरमा के के गर्नुहुन्छ ?<br>■ उहाँहरूसँग बसेर कथा सुन्ने र सुनाउने गर्नुहुन्छ कि हुँदैन ?<br>■ हजुरबुवा अथवा हजुरआमाबाट कथा सुन्ने बानी बसाल्नुहोस् र विद्यालयमा उक्त कथा सुनाउने गर्नुहोस् । | |
| | ■ प्लास्टिक प्रयोगले वातावरणलाई कसरी असर पारेको छ भनेर विभिन्न कारण भन्न<br>■ दैनिक जीवनमा प्लास्टिकको प्रयोग कम गर्न | ■ प्लास्टिक प्रयोग कम गरौँ (प्लास्टिक प्रयोगबाट हुन सक्ने वातावरणीय हानि र यसलाई सकेसम्म कम मात्रामा प्रयोग गर्ने उपाय) | ■ प्लास्टिक प्रयोगले वातावरणलाई कसरी असर पारेको छ भनेर प्लास्टिक जलाएर व्यावहारिक तरिकाले व्याख्या गर्ने<br>■ यसले वातावरणमा पारेको प्रभावको बारेमा विभिन्न दृष्टान्त दिने<br>■ प्लास्टिकको झोलाको सट्टामा के प्रयोग गर्ने भन्ने विभिन्न उपाय बताउने | ■ प्लास्टिक, लाइटर अथवा सलाई<br>■ कागज अथवा कपडाका झोला | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ प्लास्टिक जलाएपछि त्यसबाट के निस्कन्छ ?<br>■ घरमा प्लास्टिक प्रयोग हुन्छ कि हुँदैन ?<br>■ प्लास्टिक प्रयोगले वातावरणलाई कसरी असर पारेको छ ? लेख्नुहोस् । | |
| | ■ दमकल तथा एम्बुलेन्स सेवाको महत्त्व बताउन<br>■ भविष्यमा यी सेवाको समुचित तरिकाले प्रयोग गर्न सिक्न | ■ दमकल तथा एम्बुलेन्स सेवा (दमकल तथा एम्बुलेन्स सेवाको महत्त्व र यसको उचित प्रयोग) | ■ दमकल तथा एम्बुलेन्स चिनाउने<br>■ ती सेवा किन चाहिन्छ भनेर विभिन्न कारण तथा उदाहरण बताउने<br>■ दमकल तथा एम्बुलेन्स सेवा हुँदा र नहुँदाको भेद चिनाउन कथाकथन विधिको प्रयोग गरेर बालबालिकालाई यसको बोध गराउने | ■ दमकल तथा एम्बुलेन्सको ठुलो चित्र र यिनीहरूको उपयोगिता दर्साउने चित्र, तस्बिर, पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ दमकल तथा एम्बुलेन्स देख्नुभएको छ कि छैन ?<br>■ यी दुई सेवाले गर्ने काम बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५. स्वास्थ्य, सरसफाइ तथा व्यक्तित्व विकास** | ▪ नियमित व्यायाम गर्ने बानी बसाल्न<br>▪ स्वस्थ रहन | ▪ नियमित व्यायाम (नियमित व्यायामबाट हुने फाइदा, नियमित व्यायाम गर्ने बानी र नियमित व्यायाम गर्न विभिन्न अभ्यासका नमूना) | ▪ विद्यार्थीहरूलाई नियमित व्यायाम गर्नुका फाइदा बताउने<br>▪ नियमित व्यायाम गर्ने तरिका बताउने<br>▪ विद्यार्थीहरूलाई उनीहरूले नियमित व्यायाम गर्ने बानी रहेको छ कि छैन भनेर सोध्ने<br>▪ विद्यार्थीहरूलाई व्यायामका केही अभ्यासहरू सिकाउने | ▪ व्यायाम सिकाउन आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ व्यायाम गर्न उनीहरूले देखाएको सहभागिता र सक्रियताको आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | २७ |
| | ▪ घाम ताप्नुका कारण बताउन<br>▪ घाम ताप्दा हुने फाइदा बताउन | ▪ घामको किरण (घाम ताप्नुका कारण र यसको स्वास्थ्य महत्त्व) | ▪ विद्यार्थीलाई घाम किन ताप्नुपर्छ भनेर बताउने<br>▪ घामबाट प्राप्त हुने भिटामिन 'डी' को महत्त्व चिनाउने<br>▪ उनीहरूलाई बिहानको घाम ताप्ने बानीको विकास गर्न लगाउने | ▪ घामको चित्र र यसबाट प्रकाश आइरहेको चित्र<br>▪ भिटामिन 'डी' को कमीले लाग्ने रोगका चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ अभिभावकलाई सोधेर उनीहरूको दैनिक क्रियाकलापलाई ख्याल राखेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ नियमित विद्यालय सरसफाइ राख्न<br>▪ विद्यालय सफा राख्ने बानीको विकास गर्न | ▪ विद्यालय सरसफाइ (विद्यालय सरसफाइको परिचय, अभ्यास र यसको फाइदा) | ▪ बेलाबेलामा विद्यालय सरसफाइ गर्न लगाउने<br>▪ सरसफाइ गर्दा घाउचोट लाग्न सक्छ भनेर सावधानी अपनाउने | ▪ विद्यालय सरसफाइका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ फोहोरमैला व्यवस्थापन गर्ने बानी बसाल्न<br>▪ कुहिने र नकुहिने फोहोर चिन्न | ▪ फोहोरमैला व्यवस्थापन (कुहिने र नकुहिने फोहोरको परिचय तथा फोहोर व्यवस्थापन गर्ने तरिका वा विधि) | ▪ विद्यालयमा कुहिने फोहोर र नकुहिने फोहोर हाल्ने फोहोरदानी राख्ने<br>▪ शिक्षकले कुहिने र नकुहिने फोहोरको उदाहरण दिने र चिनाउने<br>▪ फोहोरलाई कसरी व्यवस्थापन | ▪ फोहोरदानी<br>▪ कुहिने र नकुहिने फोहोर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गर्न सकिन्छ भनेर उपाय बताउने | | | |
| | ■ शौचालय सफा राख्ने बानी बसाल्न<br>■ शौचालय सफा राख्दा हुने फाइदा भन्न | ■ शौचालय सफा राख्ने गरौ (शौलाचय सफा राख्ने बानी र यसको महत्त्व) | ■ विद्यार्थीहरूलाई विद्यालय हातामा रहेको शौचालय देखाउने र यसलाई सफा गर्ने तरिका सिकाउने<br>■ यसको महत्त्व बुझाउने | ■ शौचालय सफा राख्न आवश्यक सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ आफूसँग भएको प्रतिभा पहिचान गर्न<br>■ प्रतिभाका आधारमा पेसा छनोट गर्न | ■ आफैंले आफैंलाई चिनौं (प्रतिभा पहिचान तथा आफ्नोपनलाई माया जस्तै : आफूलाई, परिवारलाई, साथीलाई, गाउँलाई, समाजलाई, देशलाई) | ■ विद्यार्थीहरूलाई भविष्यमा के बन्न चाहन्छौ भनेर सोध्ने<br>■ ती पेसाले माग्ने विभिन्न गुणहरू चिनाउने<br>■ विद्यार्थी भाइबहिनीको स्वभावलाई गहिरोसँग नियालेर उनीहरूमा भएका सकारात्मक गुण बोध गराउने र सुधार्नुपर्ने कुरा पनि चिनाउने | ■ विभिन्न पेसाको तस्विर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ■ आफ्नोपनलाई माया गर्ने बानी बसाल्न<br>■ आफू लगायत साथी, परिवार, गाउँ, समाज र देशलाई माया गर्न | ■ आफ्नोपनलाई माया (आफूलाई, परिवारलाई, साथीलाई, गाउँलाई, समाजलाई, देशलाई माया गर्ने बानी) | ■ मानव जीवन कति महत्त्वपूर्ण छ भन्ने कुरा बोध गराउने<br>■ मानिस सामाजिक प्राणी भएको नाताले आधुनिकतासँगै परिवार, साथी, गाउँ, समाज र देशलाई माया गर्नुपर्छ भन्ने कुरा बोध गराउने<br>■ यसका लागि माउ चराले गुँड बनाएको, गुँडबाट बचेरा उडेको तर चरा पूनः रुखमै फर्केर आउने गरेको, आफू बसेको रुख नबिर्सेको दृष्टान्त प्रस्तुत गर्ने | ■ चराले रुखमा बनाएको गुँडको तस्विर<br>■ गुँडबाट बचेरा उडेको तर चरा पुनः रुखमै फर्केको श्रव्यदृश्य सामग्री अथवा चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ हामीले आफूलाई किन माया गर्नुपर्छ ?<br>■ हामीले हाम्रो परिवार, साथी, गाउँ, समाज र देशलाई किन माया गर्नुपर्छ ?<br>■ धेरै मानिसले कलिलो उमेरमै आत्महत्या गर्ने गरेका छन् । आत्महत्या गर्नुहुँदैन भन्ने तर्क प्रस्तुत गर्दै एउटा छोटो वक्तृत्व तयार पार्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. **खेलकुद तथा मनोरञ्जन** | ▪ साथीसँग मिलेर घैँटो/हाँडी फुटाइ खेल खेल्न सिक्न<br>▪ यो खेल खेल्दा सुन्ने, अनुमान गर्ने र सावधानी कसरी अपनाउनुपर्छ भन्ने सिक्न | ▪ घैँटो/हाँडी फुटाइ (घैँटो/हाँडी फुटाइ खेल खेल्न सिक्न, सुन्ने, अनुमान गर्ने र सावधानी अपनाउने बानीको विकास) | ▪ विद्यार्थीलाई खुला चौरमा ल्याएर यो खेल खेलाउने | ▪ घैँटो/हाँडी, आँखामा बाँध्ने पट्टी र लौरो | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | १७ |
| | ▪ चुङ्गी खेल खेल्न सिक्न<br>▪ गन्ती गर्ने अभ्यास गर्न | ▪ चुङ्गी खेल (चुङ्गी खेल खेल्न सिक्न र गन्ती गर्ने अभ्यास) | ▪ विभिन्न समूहमा बाँडेर यो खेल खेलाउने | ▪ चुङ्गी | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ लोककथा चिन्न र यसको अर्थ बताउन<br>▪ लोककथा सुन्ने र सुनाउने बानी विकास गर्न | ▪ लोककथा सुन्ने/सुनाउने (लोककथाको परिचय, उदाहरण र सुन्ने साथै सुनाउने बानीको अभ्यास) | ▪ कक्षाकोठामा विद्यार्थीलाई विभिन्न समयमा विभिन्न लोककथा सुनाउने<br>▪ उनीहरूलाई लोककथा भन्न लगाउने<br>▪ स्थानीय स्तरमा रहेका कुनै मिथकसहितको लोककथा सुनाउने | ▪ *सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला* लेखिएको ठुलो चित्र र कथा सुनाउँदै गरेको चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |
| | ▪ देउसी-भैलो कहिले र किन खेलिन्छ भनेर बताउन<br>▪ मनोरञ्जन लिन | ▪ देउसी-भैलो (देउसी-खेल्ने समय, तरिका र खेल्नुका कारण बताउन र यसबाट मनोरञ्जन लिन) | ▪ विद्यार्थीलाई जम्मा पारेर देउसी-भैलो खेलेको अभ्यास गर्ने<br>▪ त्यसमा शिक्षकले सहजीकरण गर्ने<br>▪ मूलभट्ट र अन्य विद्यार्थी बिचको भेद बोध गराउने | ▪ देउसी-भैलो खेल्दा आवश्यक पर्ने सम्पूर्ण सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

कक्षा ५

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | पाठ्यभार (कार्यघण्टा) |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता** | ■ पर्सा राष्ट्रिय निकुञ्जका बारेमा बताउन<br>■ पर्सा राष्ट्रिय निकुञ्जबाट कसरी आम्दानी भइरहेको छ भनेर बताउन | ■ हाम्रो राष्ट्रिय निकुञ्ज (पर्सा राष्ट्रिय निकुञ्जको सङ्क्षिप्त परिचय र यसबाट लिन सकिने आर्थिक फाइदा) | ■ अध्ययन भ्रमण विधिको प्रयोग गरेर विद्यार्थीहरूलाई पर्सा राष्ट्रिय निकुञ्जमा घुमाउन लाने<br>■ पर्सा राष्ट्रिय निकुञ्जबाट हुने गरेका विभिन्न क्रियाकलापलाई अवलोकन गर्न लगाउने<br>■ पर्सा राष्ट्रिय निकुञ्जले पर्यटन प्रवर्द्धनमा कसरी टेवा पुऱ्याउँदै आएको छ भन्ने बारेमा सूची तयार पार्न लगाउने<br>■ पर्सा राष्ट्रिय निकुञ्जको बारेमा बुँदामा मुख्य मुख्य विषय समेटेर यस बारेमा थप छलफल गर्ने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने विभिन्न सामग्री<br>■ पर्सा राष्ट्रिय निकुञ्जसँग सम्बन्धित श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● पर्सा राष्ट्रिय निकुञ्जको बारेमा दश वाक्यमा लेख्नुहोस् ।<br>● मानिसहरू पर्सा राष्ट्रिय निकुञ्जमा टाढाटाढाबाट किन घुम्न आउँछन् होला ? कारण बताउनुहोस् ।<br>● पर्सा राष्ट्रिय निकुञ्जले पर्यटन प्रवर्द्धनमार्फत कसरी आम्दानी गरिरहेको छ ? बुँदामा लेख्नुहोस् । | १९ |
| | ■ जीतपुरसिमरामा महसुस हुने ऋतु-मौसमको अवस्था बुझ्न र यस बारेमा बताउन<br>■ विश्व तापमानले ऋतु-मौसममा पारेको प्रभाव बताउन | ■ हाम्रा ऋतु-मौसम (जीतपुरसिमरामा महसुस हुने ऋतु-मौसम, त्यस बेलाको वातावरणको अवस्था र विश्व तापमानले पारेको असर) | ■ फरक फरक समयमा वातावरणमा देखिने अवस्थालाई चिनाउँदै ऋतु-मौसमको व्याख्या गर्ने<br>■ बोटबिरुवाको अवस्था, हावापानी, मौसम, वातावरण चिनाउने<br>■ विश्व तापमानले जीतपुरसिमरामा पारेको प्रभाव बोध गराउने | ■ विभिन्न ऋतु-मौसम झल्किने चित्र<br>■ विश्व तापमानले पारेको प्रभावको चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ ऋतु भन्नाले के बुझ्नुभयो ?<br>■ जीतपुरसिमरामा फरक फरक ऋतुमा देखिने वातावरणका बारेमा एउटा सानो निबन्ध लेख्नुहोस् ।<br>■ जीतपुरसिमरामा विश्व तापमानले के कस्तो असर पारेको छ ? लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ पर्यावरणमैत्री विकासको अर्थ बताउन<br>▪ ग्रामीण परिवेशमा यसको महत्त्व बुझ्न | ▪ पर्यावरणमैत्री विकास (स्थानीय तहमा पर्यावरणमैत्री विकासको अवधारणा, यसको अर्थ र यसको महत्त्व) | ▪ पर्यावरणलाई नबिगारीकन र धेरै असर नपारीकन बनेका विकासका पूर्वाधारहरू चिनाउने<br>▪ पर्यावरणलाई तहसनहस पारेर तयार पारेको विकासका संरचनालाई चिनाउने<br>▪ माथिका दुई फरक फरक अवधारणालाई छुट्याउन लगाउने | ▪ पर्यावरणलाई जोगाएर तयार भएका विकासका संरचनाका तस्बिर<br>▪ पर्यावरणलाई बिगारेर तयार भएका विकासका संरचनाको तस्बिर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ पर्यावरणमैत्री विकासको कुनै दुईओटा उदाहरण दिनुहोस् ।<br>▪ गाउँघर तथा सहरमा बनेका विभिन्न संरचनालाई हेरेर कुन पर्यावरणमैत्री विकास हुन् र कुन होइनन् भनेर छुट्याउनुहोस् । | |
| | ▪ लामखुट्टे र सर्पबाट कसरी हामीलाई हानि हुन्छ भनेर बताउन<br>▪ यी दुईबाट दैनिक जीवनमा बच्न | ▪ लामखुट्टे र सर्प (तराईमधेशमा अत्याधिक मात्रामा पाइने लामखुट्टे र सर्पका बारेमा सङ्क्षिप्त परिचय र यसको प्रभाव) | ▪ लामखुट्टे र सर्पको छोटो परिचय दिने<br>▪ तराईमधेशमा लामखुट्टे र सर्पको प्रकोपका बारेमा बताउने<br>▪ यी दुईबाट हामीलाई किन खतरा छ भनेर विद्यार्थीहरूलाई बताउने<br>▪ यी दुईको प्रकोपलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर विभिन्न उपायका सूची तयार पार्ने | ▪ लामखुट्टे र सर्पको तस्बिर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तराईमधेशमा लामखुट्टे र सर्पका कारण कसरी खतरा छ ? कारण उल्लेख गर्नुहोस् ।<br>▪ यी दुईको प्रकोपबाट बच्न के कस्ता उपाय अपनाउन जरुरी छ ? उल्लेख गर्नुहोस् । | |
| | ▪ जीतपुरसिमराको वातावरणीय अवस्थाका बारेमा बताउन<br>▪ यहाँ भइरहेको प्रदूषणका बारेमा बताउन | ▪ वातावरण र प्रदूषण (जीतपुरसिमराको वातावरण र प्रदूषणबिचको सम्बन्ध) | ▪ जीतपुरसिमराको विभिन्न समयमा खिचिएका तस्बिर प्रदर्शनी गर्ने<br>▪ जीतपुरसिमराको वातावरणीय अवस्था बताउने<br>▪ जीतपुरसिमरामा प्रदूषणको | ▪ जीतपुरसिमराको एकै दिनमा तर विभिन्न समयमा खिचिएका तस्बिर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ वातावरणीय स्वच्छता हिसाबले जीतपुरसिमराको वातावरण तपाईँलाई कस्तो लाग्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अवस्था कुन र कस्तो अवस्थामा छ भनेर बताउने<br>▪ जीतपुरसिमरामा अत्याधिक मात्रामा प्रदूषण हुनका कारणहरू सूचीसहित उल्लेख गर्ने<br>▪ वातावरणीय प्रदूषणले यहाँ जनजीवन तथा अन्य क्षेत्रमा के कसरी प्रभाव परिरहेको छ भनेर बताउने<br>▪ वातावरणीय प्रदूषणलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर विभिन्न उपायहरू सुझाउने र विद्यार्थीहरूको भूमिका उल्लेख गर्ने | | ▪ जीतपुरसिमराको वातावरण प्रदूषण के कारणले भएको होला ? कारण उल्लेख गर्नुहोस् ।<br>▪ जीतपुरसिमराको वातावरणलाई कसरी सफा र स्वच्छ बनाउन सकिन्छ होला ? तपाईंको आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।<br>▪ जीतपुरसिमराको वातावरण र प्रदूषणका बारेमा एउटा निबन्ध लेख्नुहोस् । | |
| | ▪ जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका वनका नाम भन्न<br>▪ ती वनले जीतपुरसिमराको वातावरण, जैविक विविधता तथा पर्यावरणमा के कस्तो प्रभाव पारेको छ भनेर बताउन | ▪ वनका प्रकार (जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका वनका प्रकार र यसले जैविक विविधता तथा पर्यावरणमा पारेको प्रभाव) | ▪ विद्यार्थीलाई उनीहरूको घर, गाउँ/सहरमा रहेका वनका बारेमा सोध्ने<br>▪ जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका वनको सूची तयार पार्ने साथै ती वनले पर्यावरण तथा जैविक विविधतालाई राम्रो बनाउन के कस्तो भूमिका खेलेको छ भनेर बताउने<br>▪ चुरेको वनको महत्त्व बताउने | ▪ विभिन्न प्रकारका वनका सूची तथा ती वनको तस्बिर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ तपाईंको घर तथा गाउँ/सहरमा रहेका वनका बारेमा बताउनुहोस् ।<br>▪ जीतपुरसिमरामा रहेका विभिन्न प्रकारका वनको नाम बताउनुहोस् ।<br>▪ जीतपुरसिमरामा रहेका वनले यहाँको वातावरण, पर्यावरण तथा जैविक विविधतामा के कस्तो प्रभाव पारेको छ ? ती वनले खेलको भूमिकाका बारेमा बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. **जीतपुरसिमराका संस्कार-संस्कृति** | ▪ ज्येष्ठ नागरिकलाई सम्मान गर्ने हाम्रो पुरानो चलनको बारेमा बुझ्न<br>▪ आफूभन्दा ठुलालाई आदर गर्न | ▪ ज्येष्ठ नागरिकलाई सम्मान (ज्येष्ठ नागरिकलाई सम्मान गर्ने संस्कृति र हाम्रो परम्परागत चलन) | ▪ घरमा रहेका हजुरबुवा तथा हजुरआमालाई विद्यार्थीले गर्ने गरेको व्यवहार तथा क्रियाकलाप बताउन लगाउने<br>▪ हजुरबुवा तथा हजुरआमाले उनीहरूको जीवनमा पारेको प्रभाव सोध्ने<br>▪ ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्छ भन्ने कुरा सिकाउने | ▪ ज्येष्ठ नागरिक झल्किने चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंले हजुरबुवा र हजुरआमालाई माया गर्नुहुन्छ कि हुँदैन ?<br>▪ हजुरआमा र हजुरबुवासँग तपाईंको सम्बन्ध कस्तो रहेको छ ?<br>▪ ज्येष्ठ नागरिकलाई उनीहरूले गरेको व्यवहारका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्ने । | १९ |
| | ▪ जीतपुरसिमरामा विभिन्न जातजातिका मानिसबिच रहेको मेलमिलाप तथा सहिष्णुताका बारेमा बताउन<br>▪ मेलमिलाप र सहिष्णुताका कारण यहाँको समाजलाई कसरी फाइदा भइरहेको छ भनेर बताउन | ▪ मेलमिलाप र सहिष्णुता (मेलमिलाप र सहिष्णुताको अर्थ, जीतपुरसिमरामा यसको अभ्यास र यसबाट समाजलाई भएको फाइदा) | ▪ जीतपुरसिमरामा पहाडी तथा तराईमधेशका मानिसबिचको मेलमिलाप तथा सहिष्णुता कथाकथन विधिको सहायताले देखाउने<br>▪ जीतपुरसिमरामा रहेका विभिन्न जातजाति तथा विभिन्न धर्म मान्ने मानिस के कसरी मिलेर बसिरहेका छन् भनेर बताउने<br>▪ मेलमिलाप र सहिष्णुताका कारण यहाँको समुदायलाई के कसरी फाइदा भइरहेको छ भनेर बताउने | ▪ जीतपुरसिमरामा रहेका विभिन्न समुदायका मानिसका सूची<br>▪ विभिन्न जातजाति तथा धर्मावलम्बीका तस्बिर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ जीतपुरसिमरामा कुन कुन समुदाय तथा जातजातिका मानिसहरूको बसोबास रहेको छ ?<br>▪ जीतपुरसिमरामा कुन कुन धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ ?<br>▪ जीतपुरसिमरामा मेलमिलाप र सहिष्णुता शीर्षकमा एउटा सानो निबन्ध तयार पार्नुहोस् । यसका लागि नेपाली शिक्षकबाट सहयोग लिनुहोस् । | |
| | ▪ जीतपुरसिमरामा रहेका विभिन्न जातजातिका नाम बताउन | ▪ हाम्रा जातजाति (जीतपुरसिमरामा रहेका विभिन्न जातजातिका नाम | ▪ कक्षाकोठामा भएका विद्यार्थीलाई उनीहरू कुन कुन समुदायबाट आएका हुन् | ▪ जीतपुरसिमरामा रहेका विभिन्न जातजाति र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंको आफ्नो समुदायको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ फरक फरक जातजातिका कसरी मिलेर बसेका छन् भनेर बताउन | र ती जातजाति कसरी मिलेर बसेका छन् भन्ने बोध) | भनेर चिनाउने तर कसैलाई पनि विभेद हुने तरिकाले प्रस्तुत नहुने<br>▪ कक्षाकोठामा भएका विभिन्न जातजातिका विद्यार्थीको उदाहरण दिँदै जीतपुरसिमरामा ती जातजाति कसरी मिलेर बसेका छन् भनेर सिकाउने<br>▪ विद्यार्थीलाई आफ्नो जातीय पोसाक लगाएर आउन लगाउने | उनीहरूको पोसाक झल्किने तस्बिर तथा चित्र<br>▪ विभिन्न जातजातिका नाम | नाम भन्नुहोस् ।<br>▪ विद्यार्थीलाई उनीहरूको जातीय पोसाकका बारेमा बोल्न लगाउने ।<br>▪ तपाईंको मिल्ने साथी कुन समुदायबाट हुनुहुन्छ ? सोध्नुहोस् । (जातीय आधारमा कसैलाई होच्याउने काम चाहिँ नगर्नुहोस्) | |
| | ▪ कस्ता घरलाई रैथाने घर भनिन्छ भनेर बताउन<br>▪ रैथाने घरको बनोट, वास्तु, आकृति, प्रकृति चिन्न | ▪ हाम्रा रैथाने घर (जीतपुरसिमरामा रहेका रैथाने घरको चिनारी, ती रैथाने घरका वास्तुकला र ती घर बन्न प्रयोग भएका विभिन्न स्थानीय साधन) | ▪ कुनै मौलिक घर भएका बस्तीमा लगेर त्यस घरको बाह्य संरचना चिनाउने<br>▪ ती घरको आकार, आकृति, प्रकृति, त्यसको वास्तु आदि चिनाउने<br>▪ घर बनाउन प्रयोग भएका विभिन्न सामग्रीका बारेमा बताउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ तपाईंको आफ्नो घर कस्तो प्रकारको छ ? उक्त घरका बारेमा बयान गरेर कक्षाकोठामा सुनाउनुहोस् ।<br>▪ तपाईंले देख्नुभएको कुनै गाउँलेघर/सहरीघरका बारेमा दशओटा वाक्यमा लेख्नुहोस् । | |
| | ▪ जीतपुरसिमरामा प्रचलित लोकगीत चिन्न<br>▪ केही लोकगीतका टुक्का गाउन र लय भन्न | ▪ हाम्रा रैथाने गीत (जीतपुरसिमरामा रहेका विभिन्न रैथाने गीतको चिनारी र केही गीतका टुक्का तथा लय) | ▪ जीतपुरसिमरामा प्रचलित विभिन्न गीतको सूची तयार पार्ने<br>▪ उक्त लोकगीतमध्ये केही गीतका टुक्का कक्षाकोठामा विद्यार्थीलाई गाएर सुनाउने र विद्यार्थीलाई पनि गाउन लगाउने | ▪ जीतपुरसिमरामा गाइने विभिन्न लोकगीतका सूची<br>▪ लय हालेर गाउन उपलब्ध भएसम्म लोकगीतका लय अथवा धुनको अडियो वा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीलाई गाउन लगाउने र उनीहरूले त्यसमा देखाएको सहभागिता र सक्रियताको आधारमा श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. **कृषि, पशुपालन, उद्योग, पेसा, व्यापार र व्यवसाय** | ▪ स्वावलम्बीको अर्थ बुझ्न र बताउन<br>▪ भविष्यमा स्वावलम्बी हुन | ▪ स्वावलम्बी बनौँ (स्वावलम्बीको अर्थ, स्वावलम्बी बन्नुपर्छ भन्ने चेतनाको विकास र स्वावलम्बी बन्ने उपाय) | ▪ शिक्षकले आफ्नै उदाहरण दिएर स्वावलम्बी भनेको के हो भनेर बुझाउने<br>▪ स्वावलम्बी किन बन्नुपर्छ भन्ने कारण बताउने<br>▪ के कसरी स्वावलम्बी बन्न सकिन्छ भनेर उपाय बताउने र छलफल गर्ने | ▪ स्वावलम्बी र परालम्बी मानिसको चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ स्वावलम्बी र परालम्बीको दुईओटा फरक फरक उदाहरण दिनुहोस् ।<br>▪ हामी किन स्वावलम्बी बन्नुपर्छ ? कुनै तीनओटा उदाहरण दिनुहोस् ।<br>▪ कसरी स्वावलम्बी बन्न सकिन्छ ? कुनै उपाय बताउनुहोस् । | १९ |
| | ▪ मझौला तथा ठुला उद्योगको उदाहरणसहित अर्थ बताउन<br>▪ मझौला तथा ठुला उद्योगबाट के कसरी फाइदा लिन सकिन्छ भनेर बताउन | ▪ मझौला तथा ठुला उद्योग (मझौला तथा ठुला उद्योगको परिचय, स्थानीय तहमा त्यसको अभ्यास, सम्भावना र त्यसबाट लिन सकिने लाभ) | ▪ स्थानीयस्तरमा रहेका मझौला तथा ठुला उद्योगका उदाहरणसहित परिचय दिने<br>▪ ती मझौला तथा ठुला उद्योगबाट के कसरी फाइदा भइराखेको छ भनेर सूची तयार पार्ने | ▪ मझौला तथा ठुला उद्योगका विशेषता लेखिएको पोस्टर अथवा चार्ट पेपर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ जीतपुरसिमरामा कुनै मझौला तथा ठुला उद्योग छन् कि छैनन् ?<br>▪ ती उद्योगका बारेमा लेख्नुहोस् ।<br>▪ ती उद्योगले के कस्ता सामान उत्पादन गरेका छन् ?<br>▪ ती उद्योगबाट स्थानीय युवाले काम पाएका छन् कि छैनन् ? | |
| | ▪ होटल व्यवसाय के हो भनेर बुझ्न र यसका बारेमा बताउन<br>▪ होटल व्यवसायबाट के कसरी आर्थिक लाभ लिन सकिन्छ भनेर बताउन | ▪ होटल व्यवसाय (होटल व्यवसायको परिचय, यसको अभ्यास र यसबाट लिन सकिने आर्थिक फाइदा) | ▪ कुनै होटलको अध्ययन भ्रमण गराउने र त्यहाँको होटल व्यवसायीसँग विद्यार्थीहरूको अन्तरक्रिया गराउने<br>▪ व्यवसायीसँग के कसरी व्यवसाय सञ्चालन गरिएको हो भनेर सोध्न लगाउने | ▪ अन्तरक्रियाका लागि प्रश्नावली | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ तपाईँको गाउँ/सहर वा टोलमा सञ्चालित विभिन्न होटलका नाम उल्लेख गर्नुहोस् ।<br>▪ होटल व्यवसायबाट के कसरी लाभ लिन सकिन्छ भन्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ व्यवसायबाट सन्तुष्ट हुनुहुन्छ कि हुँदैन भनेर सोध्ने | | बारेमा एउटा सानो निबन्ध लेख्नुहोस् । | |
| | ▪ निर्वाहमुखी कृषि प्रणालीको अर्थ बुझ्न र बताउन<br>▪ निर्वाहमुखी कृषि प्रणालीमा उब्जाउ हुने बालीनालीका नाम बताउन | ▪ निर्वाहमुखी कृषि (निर्वाहमुखी कृषि प्रणालीको अर्थ र यसको ग्रामीण तथा सहरी परिवेशमा अभ्यास) | ▪ विद्यार्थीहरूलाई उनीहरूको खेतबारीमा उत्पादन हुने विभिन्न कृषि बालीका नाम भन्न लगाउने र शिक्षकले निर्वाहमुखी कृषि अनाजका नाम भन्ने र सोहीमार्फत निर्वाहमुखी कृषि प्रणालीका बारेमा बताउने र छलफल गर्ने<br>▪ निर्वाहमुखी कृषि प्रणालीको जीतपुरसिमरामा कसरी अभ्यास भइरहेको छ भनेर बताउने | ▪ निर्वाहमुखी कृषि प्रणालीका विशेषता लेखिएको सूची<br>▪ निर्वाहमुखी कृषि अनाजका सूची | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ तपाईंको खेतबारीमा फल्ने गरेका कुनै तीन अनाजका नाम बताउनुहोस् ।<br>▪ निर्वाहमुखी कृषि प्रणालीको कुनै तीनओटा विशेषता बताउनुहोस् ।<br>▪ निर्वाहमुखी कृषि प्रणालीअन्तर्गत उब्जनी हुने कुनै तीन अनाजका नाम लेख्नुहोस् । | |
| | ▪ दलहन बालीका नाम बताउन<br>▪ जीतपुरसिमरामा उत्पादन हुने विभिन्न दलहन बालीका नाम बताउन | ▪ हाम्रा दलहन बाली (जीतपुरसिमरामा उत्पादन हुने दलहन बालीको छोटो परिचय र उत्पादनबाट हुने आर्थिक फाइदा) | ▪ दलहन बालीका तस्बिर देखाउने र ती बालीका नाम पनि चिनाउने<br>▪ विद्यार्थीहरूलाई उनीहरूको खेतबारी तथा गाउँ/सहरमा कुन कुन दलहन बाली उत्पादन हुन्छ भनेर सोध्ने र क्रमशः सूची तयार पार्ने<br>▪ दलहन बाली उत्पादनबाट कसरी फाइदा लिन सकिन्छ भनेर बताउने<br>▪ जीतपुरसिमरामा उत्पादन हुने विभिन्न दलहन बालीका | ▪ दलहन बालीको सूची | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ कस्तो बालीलाई दलहन बाली भनिन्छ ?<br>▪ तपाईंको खेतबारी तथा गाउँ/सहरमा उत्पादन हुने दलहन बालीको सूची तयार पार्नुहोस् ।<br>▪ जीतपुरसिमरामा उत्पादन हुने विभिन्न दलहन बालीको सूची तयार पार्नुहोस् ।<br>▪ कस्तो ठाउँ तथा हावापानीमा दलहन बाली उत्पादन हुन्छ ? बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नाम प्रस्तुत गर्ने र दलहन बाली कस्ता ठाउँमा उत्पादन हुन्छ भनेर बताउने | | ▪ दलहन बाली उत्पादनबाट कसरी आम्दानी गर्न सकिन्छ ? बताउनुहोस् । | |
| ४. **नागरिक चेतना, नैतिक शिक्षा र सुशासन** | ▪ हेल्मेट प्रयोग गर्नुका कारण बताउन<br>▪ भविष्यमा हेल्मेट प्रयोग गर्ने बानी बसाल्न | ▪ हेल्मेटको प्रयोग (मोटरसाइकल चलाउँदा हेल्मेट प्रयोग गर्नुपर्ने कारण) | ▪ हेल्मेट प्रयोग गर्नुका कारण बताउने<br>▪ हेल्मेट प्रयोग गर्दा र नगर्दा हुन सक्ने असरका बारेमा श्रव्यदृश्य सामग्रीमार्फत चिनाउने | ▪ हेल्मेट, बाइक, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ हेल्मेट प्रयोग गर्नुका कारणहरू बताउनुहोस् ।<br>▪ हेल्मेट प्रयोग नगर्दा के हुन सक्छ ? | २७ |
| | ▪ सवारी पार्किङको अर्थ बताउन<br>▪ सवारी पार्किङलाई अनुसरण गर्न  गराउन | ▪ सवारी पार्किङ (सवारी पार्किङको अवधारणा, सवारी पार्किङ गर्ने तरिका र यसको अभ्यास) | ▪ व्यावहारिक तरिकाले सवारी पार्किङ गर्न सिकाउने, | ▪ बाइक | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ सवारी पार्किङ भनेको के हो ?<br>▪ सवारी पार्किङ कसरी गर्नुपर्छ ? | |
| | ▪ सुधारिएको चुल्हो चिन्न<br>▪ सुधारिएको चुल्होबाट लिन सकिने फाइदा बताउन | ▪ सुधारिएको चुल्हो (सुधारिएको चुल्होको अर्थ, यसको अभ्यास र यसको अनुसरण) | ▪ श्रव्यदृश्य सामग्रीमार्फत सुधारिएको चुल्हो देखाउने<br>▪ यसको गाउँ/सहरमा कतै अभ्यास भएको छ कि छैन भनेर बताउने<br>▪ गाउँ/सहरमा गुइँठाको चलन छ कि छैन भनेर बताउने<br>▪ सुधारिएको चुल्होको फाइदा बताउने | ▪ श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ कस्तो चुल्होलाई सुधारिएको चुल्हो भनिन्छ ?<br>▪ सुधारिएको चुल्होको फाइदा बताउनुहोस् । | |
| | ▪ विभिन्न नाममा हुने विभेदको अर्थ बुझ्न<br>▪ विभेदरहित समाजको निर्माण गर्न | ▪ विभेदरहित समाज (विभेदको अर्थ, विभिन्न कारण र आधारमा हुने विभेद र विभेदरहित गाउँको अवधारणा) | ▪ विभिन्न प्रकारका विभेद चिनाउने<br>▪ कसरी विभेदरहित समाज निर्माण गर्न सकिन्छ भनेर बताउने | ▪ विभिन्न जातजाति मिलेर बसेको चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ विभेदको अर्थ बताउनुहोस् ।<br>▪ केको आधारमा विभेद हुन्छ ? लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ जीतपुरसिमराको समतामूलक समाजको बारेमा बताउने र चिनाउने | | ■ कस्तो समाजलाई विभेदरहित समाज भनिन्छ ? | |
| | ● कस्ता तरकारीलाई विषादीरहित तरकारी भनिन्छ भनेर चिन्न<br>● विषादीरहित तरकारी खाने बानी बसाल्न | ● विषादीरहित तरकारी (विषादीरहित तरकारीको चिनारी र यसको सेवन) | ● विषादीरहित तरकारीको विशेषता बताउने<br>● विषादी भएको तरकारी सेवनबाट हुन सक्ने हानि बताउने | ● विषादीरहित तरकारीका विशेषता लेखिएको सूची | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● कस्तो तरकारीलाई विषादीरहित तरकारी भनिन्छ ?<br>● कस्तो तरकारीलाई विषादी भएको तरकारी भनिन्छ ? | |
| | ■ मुस्कानसहितको सेवाको अर्थ बुझ्न<br>■ हँसिलो मुहारसहित सेवा प्रवाह गर्न | ■ मुस्कानसहितको सेवा (मुस्कानसहितको सेवा अर्थ, हँसिलो मुहार र सेवा) | ■ शिक्षकले अलि मुख बिगारेर र हँसिलो मुहारमा कक्षा लिने र विद्यार्थीलाई कुन ठिक लाग्यो भनेर सोध्ने<br>■ ठिक लाग्नुका कारण पनि सोध्ने | ■ हँसिलो मुहारको चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ विद्यार्थीहरूले कक्षाकोठामा देखाएको हँसिलो व्यवहारका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ■ कुलत र दुर्व्यसन भनेको के हो भनेर बुझ्न र यसको अर्थ बताउन<br>■ कुलत र दुर्व्यसनका प्रकार बताउन | ■ कुलत र दुर्व्यसनबाट बचौँ (कुलत र दुर्व्यसनका विभिन्न दृष्टान्त साथै यसबाट टाढा रहने चेतना) | ■ समाजमा विद्यमान तथा जीतपुरसिमरामा रहेका अथवा देखा परेका विभिन्न दुर्व्यसनको दृष्टान्त प्रस्तुत गर्ने र बालबालिकालाई यसबाट टाढा रहन प्रेरित गर्ने<br>■ यस्ता दुर्व्यसनीबाट हुने क्षतिका उदाहरणका आधारमा बोध गराउने | ■ विभिन्न किसिमका कुलत र दुर्व्यसनीमा लागेका मानिसका चित्र, तस्बिर तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● कुनै तीन प्रकारका कुलत र दुर्व्यसनका नाम बताउनुहोस् ।<br>● गाउँ, टोल, सहर, बजारमा कुनै किसिमको कुलत र दुर्व्यसन देख्नुभएको छ ? | |
| **५. स्वास्थ्य, सरसफाइ तथा व्यक्तित्व विकास** | ■ टोल सरसफाइको अर्थ बताउन<br>■ टोल सरसफाइ राख्न | ■ टोल सरसफाइ (टोल सरसफाइको परिचय, गर्ने तरिका, | ■ बेला बेलामा विभिन्न समय र मौकामा विद्यार्थीलाई टोल सरसफाइमा अग्रसर गराउने | ■ सरसफाइका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● विद्यार्थीले देखाएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फाइदा र यसले सामाजिकीकरण अभ्यासमा पुऱ्याउने टेवा) | ▪ सरसफाइका क्रममा घाउ अथवा चोटपटकबाट बचाउन सावधानी अपनाउने | | सहभागिता र सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर मूल्याङ्कन गर्ने । | |
| | ▪ भान्साकोठामा प्रयोग हुने विभिन्न मरमसलाको स्वास्थ्य उपयोगिता बुझ्न<br>▪ स्वास्थ्य उपचारका लागि दैनिक जीवनमा मरमसलाको उपयोग गर्न | ▪ भान्सा नै औषधालय (भान्साकोठामा भएका मरमसलाको स्वास्थ्य उपयोगिता र यसको उपयोग) | ▪ भान्साकोठामा प्रयोग हुने विभिन्न मरमसलाको परिचय यसको स्वास्थ्य उपयोगिता | ▪ विभिन्न मरमसला | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ भान्साकोठामा पाइने विभिन्न मरमसलाको सूची तयार पार्नुहोस् ।<br>▪ ती मरमसलाको स्वास्थ्य उपचारमा कसरी प्रयोग गर्न सकिन्छ भनेर बताउनुहोस् ।<br>▪ घाँटी दुखेका बेलामा अथवा रुघा लागेको बेलामा कुन मरमसला प्रयोग गर्नुहुन्छ ? | २७ |
| | ▪ पानीको महत्त्व चिन्न र यस बारेमा बताउन<br>▪ ठिक्क मात्रामा पानी पिउने बानी बसाल्न | ▪ पर्याप्त मात्रामा पानी पिउने गरौँ (आवश्यकताको आधारमा पानी पिउने बानी र पानी ठिक्क मात्रामा पिइनुका फाइदा) | ▪ विद्यार्थीलाई पानी कुन कुन बेला पिउने गरेका छौ भनेर सोध्ने<br>▪ पानी कसरी पिउने गरेका छौ भनेर सोध्ने<br>▪ थोरै अथवा अत्याधिक मात्रामा पानी पिउनु राम्रो होइन भन्ने कुरा सिकाउने<br>▪ ठिक्क मात्रामा पानी पिउने तरिका सिकाउने | ▪ पानी, गिलास र पानीको बोतल | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूको व्यावहारिक क्रियाकलापका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने र पोर्टफोलियो राख्ने । | |
| | ▪ फुड पोइजन भनेको के हो भनेर बुझ्न र यसबाट जोगिन<br>▪ फुड पोइजन किन हुन्छ भनेर कारण बताउन | ▪ फुड पोइजन (फुड पोइजनको सामान्य जानकारी र फुड पोइजन हुनुका कारण) | ▪ फुड पोइजन भनेको बुझाउने र विद्यार्थीहरूलाई कहिल्यै फुड पोइजन हुने गरेको छ कि छैन भनेर सोध्ने | ▪ फुड पोइजन हुनुका कारण लेखिएको पोस्टर र विभिन्न खानेकुराको चित्र र नाम | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ फुड पोइजन किन हुन्छ ?<br>▪ फुड पोइजन कसरी हुन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ फुड पोइजन कसरी हुन्छ भनेर बताउने | | ■ फुड पोइजनबाट कसरी बच्न सकिन्छ ? | |
| | ■ काम, आराम र मनोरञ्जनका लागि के कति समय चाहिन्छ भनेर बताउन<br>■ समयमा खाना, सुत्न र उठ्ने बानीको विकास गर्न | ■ हाम्रो जीवनशैली (समयमा सुत्ने र समयमा उठ्ने बानीको विकास) | ■ विद्यार्थीहरूलाई उनीहरू कुन बेला उठ्ने र सुत्ने गरेका छौ भनेर पालैपालो सोध्ने र टिपोट गर्ने<br>■ तीमध्ये उपयुक्त विकल्पलाई छानेर उपयुक्त समयमा उठ्ने र सुत्ने बानीबारे प्रकाश पार्ने र हाम्रो ग्रामीण जीवनशैलीका बारेमा व्याख्या गर्ने | ■ काम, आराम र मनोरञ्जन झल्किने चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ बिहान कुन बेला उठ्नुहुन्छ ?<br>■ बेलुका कति बेला सुत्नुहुन्छ ?<br>■ समयमै सुत्ने र उठ्दा के फाइदा हुन्छ ? | |
| | ■ नडराइकन र नहड्बडाइकन कसरी बोल्ने भन्ने भनेर सिक्न<br>■ बोल्ने तरिका जान्न र अभ्यास गर्न | ■ आत्मविश्वासका साथ कसरी बोल्ने ? (नडराइकन बोल्ने सिपको विकास, बोल्ने तरिका र यसको अभ्यास) | ■ विद्यार्थीलाई क्रमशः ऊ बसेको ठाउँमा उभिएर बोल्न लगाउने<br>■ यसरी बानी बस्दै गएपछि कक्षाकोठाको अगाडि ल्याएर कालोपाटी अथवा सेतोपाटी सफा गर्न लगाउने<br>■ कक्षाकोठा अगाडि आएर सबै साथीलाई आँखा जुधाएर हेर्न सिकाउने<br>■ बिस्तारै कुनै शीर्षकमा बोल्न लगाउने र अन्तमा विद्यालयको बिहानीसभामा बोल्न लगाउने | ■ सानो बालक अथवा बालिका कक्षाको र बिहानीसभामा आएर बोलेको चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ विद्यार्थीहरूले देखाएको व्यवहार, क्रियाकलाप, सहभागिता र सक्रियताको आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ■ नेतृत्व क्षमताको विकास सिक्न<br>■ नेतृत्व क्षमताको | ■ नेतृत्व क्षमताको विकास (नेतृत्व क्षमताको चिनारी, नेतृत्व क्षमताको विकास र | ■ विद्यार्थीलाई समूह बनाइ विभिन्न काममा लगाउने र समूहको नेतृत्व गर्न लगाउने | ■ समूहका सदस्य र नेतृत्वका नाम लेख्नका लागि | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ उनीहरूले देखाएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विकासका लागि अभ्यास गर्न | विकास गर्ने तरिका) | ▪ बेला बेलामा समूहका सदस्य परिवर्तन गर्ने र नेतृत्व पनि परिवर्तन गर्ने | चार्टपेपर र मार्कर | सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| **६. खेलकुद तथा मनोरञ्जन** | ▪ बाघचाल खेल्ने तरिका बताउन<br>▪ बाघचाल खेलको अभ्यास गर्न | ▪ बाघचाल (बाघचाल खेलको परिचय, खेल्ने तरिका र अभ्यास गर्न) | ▪ नियमबद्ध तरिकाले बाघचाल खेल खेल्न सिकाउने<br>▪ दुई दुई जनाको समूह बनाउने र बाघचाल खेल्न लगाउने | ▪ बाघचाल खेल्ने तालिका<br>▪ बाघका लागि मकैका दाना जत्रा चारओटा ढुङ्गा र बाखाका लागि उन्नाइसओटा अलि साना ढुङ्गा | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ उनीहरूले देखाएको सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | १७ |
| | ▪ रोटे पिङ/लिङ्गे पिङ खेल्न<br>▪ रोटे पिङ/लिङ्गे पिङ खेलेर मनोरञ्जन लिन | ▪ रोटे पिङ/लिङ्गे पिङ (रोटे पिङ/लिङ्गे पिङ खेलको परिचय र खेल्ने तरिका) | ▪ विद्यार्थीलाई रोटे पिङ/लिङ्गे पिङ खेल्न लाने र मनोरञ्जन लिन लगाउने | ▪ अध्ययन भ्रमण गर्नका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ उनीहरूले देखाएको सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ▪ कुम जुधाइ खेल खेल्न<br>▪ खुट्टाको सन्तुलन मिलाउँदै मनोरञ्जन लिन | ▪ कुम जुधाइ (कुम जुधाइ खेलको परिचय, खुट्टाको सन्तुलन, चतुरता र यसबाट हुने मनोरञ्जन) | ▪ विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर कुम जुधाइ खेल खेल्न लगाउने, | ▪ कुम जुधाइ खेल खेल्दै गरेको चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ उनीहरूले देखाएको सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ▪ चङ्गा उडाउन<br>▪ चङ्गा उडाउने समय बताउन | ▪ चङ्गा उडाउने (चङ्गा उडाउने चलन, उडाउने समय, यसबाट हुने मनोरञ्जन र चङ्गा उडाउने चलनभित्र लुकेको पर्यावरणमैत्री चेतना) | ▪ विद्यार्थीलाई घरबाट चङ्गा र लट्टाइ ल्याउन लगाउने र दशैं/तिहारको समयमा चङ्गा उडाउन सिकाउने र उडाउन लगाउने | ▪ चङ्गा र लट्टाइ | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ उनीहरूले देखाएको सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |

कक्षा ६

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार (कार्यघण्टा) |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार** | ▪ जीतपुरसिमराको भौगोलिक अवस्थिति बताउन<br>▪ प्रशासनिक रूपले कुन कुन वडा मिलेर जीतपुरसिमरा बनेको छ भनेर बताउन | ▪ हाम्रो जीतपुरसिमरा (जीतपुरसिमरा उपमहानगरपालिकाको भौगोलिक तथा प्रशासनिक परिचय) | ▪ जीतपुरसिमराको नक्सा प्रदर्शन गरेर विभिन्न वडाहरू चिनाउने<br>▪ वडाका नामको सूची तयार पार्ने<br>▪ यहाँको भौगोलिक अवस्थाका बारेमा बताउने | ▪ जीतपुरसिमरा उपमहानगरपालिकाको नक्सा | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ जीतपुरसिमरा उपमहानगरपालिकाको भौगोलिक अवस्थाका बारेमा लेख्नुहोस् ।<br>▪ जीतपुरसिमरा उपमहानगरपालिकाका वडाहरूका नाम लेख्नुहोस् ।<br>▪ तपाइँ कुन वडामा बस्नुहुन्छ ? | २१ |
| | ▪ जीतपुरसिमरामा कुन कुन विकासका पूर्वाधार रहेका छन् भनेर बताउन<br>▪ जीतपुरसिमरामा विभिन्न विकासका पूर्वाधारको अवस्था कस्तो छ भनेर बताउन | ▪ हाम्रा विकासका पूर्वाधार (जीतपुरसिमरामा रहेका विकासका पूर्वाधार, यसको अवस्था र थप प्रगति) | ▪ जीतपुरसिमरामा अभ्यास रहेका विभिन्न विकासका पूर्वाधारका नाम लेख्न लगाउने<br>▪ ती विकासका पूर्वाधारका अवस्था के कस्तो छ भनेर बताउने<br>▪ विद्यार्थीहरूलाई उनीहरूको घर छेउछाउमा सडक, बिजुली, विद्यालय, स्वास्थ्यचौकी, खानेपानी आदि छ कि छैन भनेर सोध्नुहोस् | ▪ विभिन्न विकासका पूर्वाधार झल्किने चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंको घर अथवा गाउँ/सहरमा कुन कुन विकासका पूर्वाधार पुगेका छन् ?<br>▪ विकासका पूर्वाधारका सूची बनाउनुहोस् ।<br>▪ जीतपुरसिमरामा कुन कुन विकासका पूर्वाधार पुगेका छन् ? | |
| | ▪ आफ्नो गाउँ/सहरमा रहेका पुलका नाम बताउन | ▪ हाम्रा पुलपुलेसा (पुलको सामान्य परिचय, | ▪ विद्यार्थीहरूलाई उनीहरूको गाउँ/सहरमा रहेका पुलका | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने | प्रश्नोत्तर (लिखित)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ ती पुलले यातायातमा कसरी सहयोग पुऱ्याएको छ भनेर बताउन | विभिन्न खोलामाथि बनेका पुलपुलेसाका नाम र यसले पारेको प्रभाव) | नाम सोध्ने<br>▪ ती पुल कुन खोला तथा नदीमाथि बनेको छ भनेर सोध्ने<br>▪ जीतपुरसिमरामा रहेका विभिन्न पुलका नाम बताउने<br>▪ अध्ययन भ्रमण विधिको प्रयोग गरेर विद्यालय नजिकै रहेको पुल चिनाउने<br>▪ ती पुलले यातायातमा कसरी सहयोग पुऱ्याएको छ भनेर सूची तयार पार्ने | सामग्री | ▪ तपाईंको घर छेउमा तथा गाउँ/सहरमा रहेका पुलका नाम बताउनुहोस् ।<br>▪ जीतपुरसिमरामा रहेका विभिन्न पुलको नाम बताउनुहोस् र यसको सूची तयार पार्नुहोस् ।<br>▪ पुलले हामीलाई कसरी सहयोग पुऱ्याएको छ ? उल्लेख गर्नुहोस् ।<br>▪ मानौं, तपाईंको गाउँ/सहरमा रहेको खोला तथा नदीमाथि पुल नभएको भए कस्तो समस्या पर्थ्यो ? | |
| | ▪ टुकीदेखि बिजुलीसम्मको कसरी आइपुग्यौं भन्ने कुरा बुझ्न र बताउन<br>▪ बिजुलीबत्तीको महत्त्व बताउन | ▪ बिजुलीबत्ती (जीतपुरसिमराका सहर/गाउँ तथा बजार क्षेत्रमा बिजुलीबत्तीको अवस्था र यसले नागरिक जनजीवनमा पारेको प्रभाव) | ▪ टुकी प्रदर्शन गरेर अँध्यारो कोठामा टुकी बत्ती बालेर देखाउने साथसाथै बिजुलीबत्ती पनि बालेर देखाउने<br>▪ यी दुईबिचको भेद चिनाउने<br>▪ जीतपुरसिमरामा बिजुलीबत्तीको सुविधा कस्तो छ भनेर बताउने<br>▪ बिजुलीबत्तीले कसरी मानिसको जनजीवनलाई सहज बनाएको छ भनेर बताउने | ▪ टुकी बत्तीको चित्र, लाल्टिनको चित्र र बिजुलीबत्तीको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ टुकी बत्ती र बिजुलीबत्तीबिचको अन्तर लेख्नुहोस् ।<br>▪ टुकी बत्तीले कुनै समयमा खेलेको भूमिकाबारे लेख्नुहोस् ।<br>▪ बिजुलीबत्तीको महत्त्व लेख्नुहोस् ।<br>▪ तपाईंको आफ्नो गाउँ/सहरमा बिजुलीबत्तीको अवस्था | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कस्तो छ र बिजुलीबत्तीको सुविधाले मानिसको जीवनलाई कसरी सहज बनाएको छ ? | |
| | ■ आफू बसेको ठाउँको आसपासमा रहेको स्वास्थ्य केन्द्रले के के सुविधा उपलब्ध गराउँछ भनेर बताउन<br>■ स्वास्थ्य केन्द्रको महत्त्व बताउन | ■ हाम्रा स्वास्थ्य केन्द्र (जीतपुरसिमरामा रहेका स्वास्थ्य केन्द्रको अवस्था, यसको अभ्यास र ग्रामीण परिवेशमा यसको महत्त्व) | ■ विद्यार्थीहरूलाई उनीहरूको गाउँ/सहरमा रहेको स्वास्थ्य केन्द्रको बारेमा सोध्ने<br>■ विद्यालय आसपासमा रहेको स्वास्थ्य केन्द्रको भ्रमण गराउने र स्वास्थ्य केन्द्रले दिने विभिन्न सुविधाका बारेमा बताउने र ती सुविधाहरूको सूची तयार पार्ने | ■ चार्ट पेपर र मार्कर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ स्वास्थ्य केन्द्रबाट हामीले के के सुविधा लिन सकिन्छ ?<br>■ आफ्नो गाउँ/सहर तथा टोलमा रहेको स्वास्थ्य केन्द्रको अवस्थाका बारेमा दशओटा वाक्य लेख्नुहोस् ।<br>■ तपाईंको गाउँ/सहर/टोलको स्वास्थ्य केन्द्रमा कुन कुन सुविधा भइदिए राम्रो हुन्थ्यो ? बताउनुहोस् । | |
| | ■ सञ्चारको साधनका रूपमा हुलाक सेवाले खेलेको भूमिका बताउन<br>■ जीतपुरसिमरामा इन्टरनेट सेवाको अवस्था के छ भनेर बताउन | ■ हाम्रो सञ्चार (सूचनाको साधनका रूपमा हुलाक सेवाले कुनै समयमा खेलेको भूमिका र इन्टरनेटले हालको अवस्थामा खेलेको भूमिका, आफ्नो गाउँ/सहर/टोलमा रहेको हुलाक अथवा इन्टरसेवाको अवस्थाको | ■ गाउँ/सहर/टोलमा रहेको हुलाक सेवा प्रदान गर्ने हुलाक कार्यालयको भ्रमण गराउने<br>■ साथसाथै इन्टरनेट सेवाको बारेमा जानकारी दिने<br>■ हुलाकसेवा माध्यमबाट चिठी कसरी पठाइन्छ भनेर सिकाउने<br>■ चिठी लेख्न सिकाउने र | ■ चिठी, खाम, कम्प्युटर अथवा ल्यापटप र इन्टरनेट सेवा | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ विद्यार्थीहरूले लेखेको र पठाएको चिठी लेखनका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने ।<br>■ इमेल लेखेको, प्रतिक्रिया दिएको र पठाएको आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जानकारी र यसको प्रयोग साथै मोबाइल फोनको भूमिका) | प्राप्त चिठीको प्रतिक्रिया लेख्न सिकाउने<br>■ विद्यार्थीहरूलाई इमेल चलाउन सिकाउने र इमेल लेख्न, पठाउन, प्राप्त भएको इमेललाई हेर्न सिकाउने | | | |
| २. **जीतपुरसिमराका सांस्कृतिक सम्पदा** | ■ मूलधारबाट पछिपरेका जातजातिको जीवनशैलीको बारेमा बताउन<br>■ जीतपुरसिमराका कुन कुन स्थानमा मुसहर, डोम, उराँव जातिको बसोबास रहेको छ भनेर भन्न | ■ जातजाति (मूलधारबाट पछि परेका जातजाति जस्तै मुसहर, डोम र उराँव जातिका परिचय, जीतपुरसिमरामा उनीहरू बसोबास गर्ने स्थल र उनीहरूको जीवनशैली) | ■ मुसहर, डोम र उराँव जाति सम्बन्धी कुनै श्रव्यदृश्य सामग्री देखाउने र उनीहरूको जीवनशैलीको बारेमा व्याख्या तथा विश्लेषण गर्ने<br>■ जीतपुरसिमराको नक्साको प्रदर्शन गर्दै उनीहरू बस्ने स्थान चिनाउने र सो स्थानमा कुनै चिन्ह लगाउने | ■ मुसहर, डोम र उराँव जातिसम्बन्धी श्रव्यदृश्य सामग्री<br>■ जीतपुरसिमराको नक्सा | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ मुसहर, डोम र उराँव जातिका बारेमा कुनै दशओटा वाक्यमा लेख्नुहोस् ।<br>■ मुसहर, डोम र उराँव जातिको जीवनशैलीका बारेमा एउटा छोटो निबन्ध लेख्नुहोस् । | २५ |
| | ■ जीतपुरसिमरामा रहेका लोकधुन चिन्न<br>■ लय हालेर लोकधुनमा त्यहाँको मौलिक गीत गाउन | ■ हाम्रा लोकधुन (लोकधुनको सामान्य परिचय र जीतपुरसिमरामा प्रचलित मुख्य मुख्य लोकधुनको पहिचान) | ■ विद्यार्थीहरूलाई उनीहरूले सुनेका कुनै पनि लोकधुन गाउन लगाउने र ती भाकाको नाम सेतोपाटी अथवा कालोपाटीमा लेख्ने<br>■ स्थानीय स्तरमा प्रचलित रहेका विभिन्न लोकभाकाको नाम सेतोपाटी तथा कालोपाटीमा लेख्ने<br>■ ती लोकभाकामा विभिन्न गीत गाएर सुनाउने र विद्यार्थीहरूलाई पनि सानो सानो टुक्का सामूहिक रूपमा गाउन लगाउने | ■ विभिन्न लोकभाकाका लेखिएका र टुक्का समेत लेखिएका पोस्टर<br>■ जीतपुरसिमरामा प्रचलित लोकभाकाका श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ जीतपुरसिमरामा प्रचलित लोकभाकाका नामको सूची तयार पार्नुहोस् ।<br>■ जीतपुरसिमरामा प्रचलित विभिन्न लोकभाका गाएर सुनाउने र यो कुन भाका हो भनेर विद्यार्थीलाई सोध्ने ।<br>■ लोकभाकाका आधारमा सम्बन्धित लोकभाकाको टुक्का सही तरिकाले गाउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ होली पर्व कहिले र किन मनाइन्छ भनेर भन्न<br>▪ होली पर्व मनाउने तरिका भन्न र मनाउँदा गरिने क्रियाकलापका बारेमा भन्न | ▪ रङैरङको पर्व होली (होली पर्वको परिचय, यसको सांस्कृतिक पक्ष तथा पर्व मनाउँदा हुने विभिन्न क्रियाकलाप) | ▪ विद्यार्थीलाई होली पर्व कहिले, किन, कसरी मनाइन्छ भनेर सोध्ने र उत्तरका लागि शिक्षकले सहजीकरण गर्ने<br>▪ कहिले, कसले, किन, कसरी जस्ता प्रश्नको उत्तर आउने गरी होली पर्वका बारेमा बताउने र यी प्रश्नको उत्तर सजिलोका लागि बुँदामा फरक फरक रङको मार्करले लेख्ने<br>▪ होली पर्वसँग जोडिएका विभिन्न कथा तथा मिथक सुनाउने | ▪ होली पर्व मनाउँदै गरेको चित्र<br>▪ कहिले, कसले, किन, कसरी जस्ता प्रश्नको उत्तर बुँदामा फरक फरक रङको मार्करले लेखेको सूची र पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ होली पर्व नेपालका कुन समुदायले मनाउने गर्दछन् ?<br>▪ यो पर्व कहिले र किन मनाइन्छ ?<br>▪ यो पर्व मनाउँदा गरिने क्रियाकलापको सूची तयार पार्नुहोस् ।<br>▪ होली पर्वसँग जोडिएका कथा तथा मिथक कक्षाकोठामा सुनाउनुहोस् । | |
| | ▪ कर्माधर्मा के हो भनेर बताउन<br>▪ यसको सांस्कृतिक पक्ष तथा मनाउने तरिका बताउन | ▪ कर्माधर्मा (कर्माधर्माको सङ्क्षिप्त परिचय, यसको सांस्कृतिक पक्ष तथा मनाउने तरिका) | ▪ कर्माधर्माका बारेमा व्याख्या गर्ने<br>▪ यस पर्व मनाउने कुनै विद्यार्थी कक्षाकोठामा भएको खण्डमा अनुभव सुनाउन लगाउने<br>▪ यस पर्वको सांस्कृतिक पक्षका बारेमा बताउने<br>▪ यस पर्व मनाउने तरिका बताउने | ▪ यससम्बन्धी कुनै श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ कर्माधर्मा भनेको के हो ? यो पर्व कसले मनाउने गर्दछ ?<br>▪ यस पर्व मनाउने तरिका बताउनुहोस् ।<br>▪ यस पर्वको सांस्कृतिक पक्षका बारेमा बताउनुहोस् । | |
| | ▪ मदरसाको अर्थ बताउन<br>▪ मदरसाको महत्त्व बताउन | ▪ हाम्रो मदरसा (मदरसाको परिचय, यसको महत्त्व र यसले पुऱ्याएको योगदान) | ▪ विद्यालय नजिकै रहेको मदरसाको अध्ययन भ्रमण गर्ने<br>▪ मदरसामा हुने क्रियाकलापलाई टिपोट गर्ने | ▪ मदरसाको चित्र, तथा तस्बिर<br>▪ मदरसाको महत्त्व उल्लिखित चार्ट | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ मदरसा भनेको के हो ? यसको अर्थ बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ■ मदरसाको पुऱ्याएको योगदान विद्यार्थीहरूलाई बताउने | | ■ मदरसामा के के क्रियाकलाप हुने गर्छ ? यसको सूची तयार पार्नुहोस् ।<br>■ मदरसाको महत्त्व बताउनुहोस् । | |
| | ■ झिँझिया नाच कहिले र किन नाचिन्छ भनेर कारण बताउन<br>■ यो नाचसँग जोडिएका सांस्कृतिक पक्षका बारेमा बताउन | ■ झिँझिया नाच (झिँझिया नाचको अर्थ, यो नाचको महत्त्व, यो नाचसँग जोडिएका सांस्कृतिक पक्ष र हुने विभिन्न क्रियाकलाप) | ■ श्रव्यदृश्य सामग्री प्रयोग गरेर झिँझिया नाचका बारेमा बताउने<br>■ यस नाचसँग जोडिएका विभिन्न सांस्कृतिक पक्षका बारेमा बताउने | ■ झिँझिया नाचसँग सम्बन्धित श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ झिँझिया नाच कुन समुदायमा प्रचलित रहेको छ ?<br>■ यो नाचसँग सम्बन्धित सांस्कृतिक पक्षका बारेमा बताउने<br>■ झिँझिया नाचका बारेमा एउटा सानो निबन्ध तयार पार्नुहोस् । यसका लागि नेपाली शिक्षकसँग सहयोग माग्नुहोस् । | |
| | ■ ग्रामीण परिवेशमा सामाजिकीकरण प्रक्रियामा वरपिपल चौतारीले कसरी भूमिका खेलेको छ भनेर भन्न<br>■ जमघट तथा विश्रामस्थलको रूपमा अहिले वरपिपल चौतारीको संस्कृति के कस्तो अवस्थामा रहेको छ भनेर भन्न | ■ वरपिपल चौतारीः जमघट तथा विश्रामस्थल (सामाजिकीकरण प्रक्रियामा वरपिपल चौतारीको महत्त्व र यो संस्कृतिको हालको अवस्था) | ■ विद्यालय नजिकै रहेको वरपिपल चौतारीमा लाने र त्यहाँ हुने गरेको क्रियाकलापलाई अवलोकन गराउने र जमघट तथा विश्रामस्थलका रूपमा यसको महत्त्व बताउने<br>■ विद्यालय नजिकै वरपिपल चौतारीमा नरहेको खण्डमा वरपिपल चौतारीको पोस्टर अथवा ठूलो चित्र प्रदर्शन | ■ वरपिपल चौतारीको पोस्टर<br>■ पहिला तथा अहिले हुने गरेका क्रियाकलापका सूची तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ तपाईंको घर छेउमा अथवा गाउँ/सहरमा रहेको वरपिपल चौतारीका बारेमा बताउनुहोस् ।<br>■ वरपिपल चौतारीमा के के क्रियाकलाप हुने गरेका छन् ?<br>■ सामाजिकीकरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गरेर यस बारेमा प्रस्ट पार्ने<br>■ वरपिपल चौतारीमा पहिला र अहिले हुने गरेका क्रियाकलापका भेद छुट्याएर देखाउने र बुझाउने | | प्रक्रियामा वरपिपल चौतारी संस्कृतिको के कस्तो महत्त्व रहेको छ ? लेख्नुहोस् । | |
| | ■ ग्रामीण परिवेशमा विद्यमान परम्परागत उपचार पद्धतिका रूपमा कस्ता कस्ता अभ्यास रहेका छन् भनेर चिन्न<br>■ ती अभ्यासलाई हाम्रो आफ्नो दैनिक जीवनमा लागु गर्न | ■ हाम्रा परम्परागत उपचार पद्धति<br>(ग्रामीण परिवेशमा रहेको परम्परागत उपचार पद्धतिको परिचय, यसको अभ्यास र महत्त्व) | ■ ग्रामीण परिवेशका रूपमा रहेका विभिन्न परम्परागत उपचार पद्धतिलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्ने<br>■ परम्परागत उपचार पद्धतिका रूपमा प्रयोग हुने विभिन्न ओखती तथा जडीबुटी चिनाउने र त्यसको प्रयोग गर्न सिकाउने | ■ परम्परागत उपचार पद्धतिका सूची तथा पोस्टर<br>■ परम्परागत उपचार पद्धतिमा प्रयोग हुने विभिन्न ओखती तथा जडीबुटीका नाम र त्यसका तस्बिर समेटिएको पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ तपाइँको आफ्नो गाउँ/सहर तथा टोलमा प्रचलित कुनै तीनओटा परम्परागत उपचार पद्धतिका बारेमा छोटकरीमा बताउनुहोस् ।<br>■ परम्परागत उपचार पद्धतिका रूपमा प्रयोग हुने विभिन्न ओखती तथा जडीबुटीका नाम बताउनुहोस् र ती केका लागि प्रयोग हुन्छन् ? बताउनुहोस् । | |
| ३. **प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन** | ■ आगलागी तथा डढेलो किन र कसरी हुन्छ भन्न<br>■ आगलागी तथा डढेलोलाई न्यूनीकरण गर्न | ■ आगलागी/डढेलो<br>(आगलागी/डढेलोको जोखिम, यसबाट हुने असर र यसबाट जोगिने सावधानी) | ■ आगलागी तथा डढेलोसँग सम्बन्धित श्रव्यदृश्य सामग्री देखाउने<br>■ आगलागी तथा डढेलो लाग्नका कारण, यसका असर र यसबाट बच्ने उपायको सूची तयार पार्ने र छलफल गर्ने<br>■ आगलागी तथा डढेलोले | ■ आगलागी तथा डढेलोको श्रव्यदृश्य सामग्री<br>■ आगलागी तथा डढेलो लाग्नका कारण, असर र यसको न्यूनीकरणका लागि गर्नुपर्ने सूचीको पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ आगलागी तथा डढेलोका बारेमा कक्षाकोठामा सानो वक्तृत्व दिनुहोस् ।<br>■ आगलागी तथा डढेलो लाग्नका कारण लेख्नुहोस् ।<br>■ आगलागी तथा | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बोटबिरुवा, जङ्गली वन्यजन्तु तथा पशुपंक्षी विनाश कसरी गर्छ भनेर देखाउने | | डढेलोबाट हुने असका सूची तयार पार्नुहोस् ।<br>■ आगलागी तथा डढेलोलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? उपायहरू बताउनुहोस् । | |
| | ■ कस्तो घर भूकम्पप्रतिरोधी घर हो भनेर चिन्न<br>■ भूकम्पबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न | ■ भूकम्पप्रतिरोधी घर (भूकम्पप्रतिरोधी घरका बारेमा जानकारी, यसको अभ्यास र जोखिम न्यूनीकरण) | ■ भूकम्पप्रतिरोधी घर बनाउँदै गरेको श्रव्यदृश्य सामग्री<br>■ भूकम्पप्रतिरोधी घरका विशेषताको सूची कालोपाटी तथा सेतोपाटीमा लेखेर चिनाउने<br>■ भूकम्पप्रतिरोधी घर बनाउन प्रोत्साहनका लागि नारा अथवा विज्ञापन बनाउन लगाउने | ■ भूकम्पप्रतिरोधी घर संरचनासम्बन्धी श्रव्यदृश्य सामग्री<br>■ भूकम्पप्रतिरोधी घरका विशेषताको सूची तथा पोस्टर<br>■ नारा तथा विज्ञापन बनाउन आवश्यक सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ कस्तो घर संरचनालाई भूकम्पप्रतिरोधी घर भनिन्छ ? यसका विशेषता लेख्नुहोस् ।<br>■ भूकम्पप्रतिरोधी घरका बारेमा एउटा छोटो निबन्ध तयार पार्नुहोस् । | |
| | ■ जलवायु परिवर्तनले जीतपुरसिमरामा पारेको असर बताउन<br>■ यसलाई न्यूनीकरण गर्न | ■ जलवायु परिवर्तनको असर (जलवायु परिवर्तनको सङ्क्षिप्त परिचय, जीतपुरसिमरामा यसको असर र यसलाई न्यूनीकरण गर्ने उपाय) | ■ जलवायु परिवर्तनको सङ्क्षिप्त परिचय चिनाउने<br>■ यसले जीतपुरसिमरामा पारेको प्रभाव दृष्टान्तसहित चिनाउने<br>■ यसलाई के कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर बताउने | ■ जलवायु परिवर्तन झल्काउने कुनै श्रव्यदृश्य सामग्री<br>■ यसबाट हुने प्रभावको सूची<br>■ यसलाई न्यूनीकरण गर्ने उपायको सूची तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ जलवायु परिवर्तनका बारेमा छोटोमा निबन्ध लेख्नुहोस् ।<br>■ जलवायु परिवर्तनले जीतपुरसिमरामा के कस्तो प्रभाव पारेको छ ? सूची तयार पार्नुहोस् ।<br>■ जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न स्थानीय स्तरबाट हामीले के कस्ता कार्य गर्न सक्छौँ ? सूची तयार पार्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ सर्पदंशबाट बच्न<br>▪ सर्पले टोकेमा यसको उपचार गर्ने तरिका सिक्न | ▪ सर्पदंशबाट बचौँ (सर्पबाट हुने खतरा, यसबाट बच्ने उपाय र टोकेमा यसबाट बच्ने उपाय) | ▪ सर्प किन खतरा छ भनेर विद्यार्थीहरूलाई सोध्ने<br>▪ तराईमधेशमा सर्पको प्रकोप धेरै हुन्छ र यसबाट बच्न सावधानी अपनाउन जरुरी छ भनेर विद्यार्थीहरूलाई बताउने<br>▪ सर्प कुन मौसममा सबैभन्दा बढी देखा पर्छ भनेर उनीहरूलाई जानकारी दिने<br>▪ सर्पले टोकिहालेमा के गर्नुपर्छ भनेर उनीहरूलाई जानकारी दिने | ▪ सर्पको टोकाइबाट बच्ने उपाय भएको सूचनामूलक तस्विरसहितको चार्ट अथवा पोस्टर<br>▪ सर्पले टोकिहालेमा यसबाट बच्न के कस्ता उपाय अपनाउनुपर्छ भनेर उपायहरू लेखिएको तस्विरसहितको चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>● तराईमधेशमा किन सबैभन्दा बढी सर्प देखिन्छ होला ?<br>● सर्प कुन मौसममा सबैभन्दा बढी बाहिर देखा पर्छ ?<br>● सर्प किन खतरा छ ?<br>● सर्पको टोकाइबाट बच्नलाई हामीले के गर्नुपर्छ ?<br>● सर्पले टोकिहालेमा हामीले के कस्ता तरिका अपनाउनुपर्छ ? | |
| ४. **नागरिक चेतना, नैतिक शिक्षा र सुशासन** | ▪ ज्येष्ठ नागरिकको समय व्यवस्थापन गर्ने विभिन्न तरिका थाहा पाउन<br>▪ यसलाई व्यावहारिक रूपमा अभ्यास गर्न | ▪ ज्येष्ठ नागरिकको समय व्यवस्थापन (ज्येष्ठ नागरिकका बारेमा जानकारी, उनीहरूको समय व्यवस्थापनको तरिका र व्यावहारिक रूपमा यसको अभ्यास) | ▪ विद्यार्थीहरूलाई उनीहरूका हजुरबुवा र हजुरआमाले घरमा के के गर्नुहुन्छ भनेर पालैपालो सोध्ने र त्यसलाई सूचीका रूपमा कालोपाटी अथवा सेतोपाटीमा लेख्ने<br>▪ ज्येष्ठ नागरिकका समस्याको सूची तयार पार्ने र छलफल गर्ने<br>▪ ज्येष्ठ नागरिकको समय व्यवस्थापन गर्ने तरिकाको सूची तयार पार्ने र यसलाई कसरी व्यावहारिक रूपमा अभ्यास गर्न सकिन्छ भनेर बताउने, कक्षाकोठामा यसको अभिनय गर्ने | ▪ ज्येष्ठ नागरिकका समस्याका सूची<br>▪ ज्येष्ठ नागरिकका समय व्यवस्थापन गर्ने तरिकाका सूची र पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ कस्ता मानिसलाई ज्येष्ठ नागरिक भनिन्छ ?<br>▪ ज्येष्ठ नागरिकका समस्याका सूची तयार पार्नुहोस् ।<br>▪ ज्येष्ठ नागरिकका समय व्यवस्थापन गर्ने तरिका बताउनुहोस् र सूची तयार पार्नुहोस् । | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ अन्धविश्वास र अल्पज्ञान भनेको के हो भनेर बताउन<br>▪ अन्धविश्वास र अल्पज्ञानलाई हटाउन | ▪ अन्धविश्वास र अल्पज्ञान (अन्धविश्वास र अल्पज्ञानको अर्थ, यसको अभ्यास र यसलाई हटाउने उपाय) | ▪ अन्धविश्वास र अल्पज्ञान झल्काउने कुनै दृष्टान्त दिने र यस्ता अभ्यास हाम्रो समाजमा कसरी अभ्यास भइरहेको छ भनेर बताउने<br>▪ अन्धविश्वास र अल्पज्ञानलाई हटाउन के गर्न सकिन्छ भनेर बताउने | ▪ अन्धविश्वास र अल्पज्ञान झल्काउने विभिन्न चित्र तथा पोस्टर<br>▪ यसलाई कसरी हटाउने उपायको सूची | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ अन्धविश्वास र अल्पज्ञानका बारेमा छोटकरीमा एउटा निबन्ध लेख्नुहोस् ।<br>▪ तपाईंको गाउँमा अथवा टोलमा रहेका विभिन्न प्रकारका अन्धविश्वास र अल्पज्ञानका सूची तयार पार्नुहोस् ।<br>▪ अन्धविश्वास र अल्पज्ञानलाई कसरी हटाउन सकिन्छ ? उपाय बताउनुहोस् । | |
| | ▪ पेसाका आधारमा हुने विभेद के हो भनेर भन्न<br>▪ पेसाका आधारमा हुने विभेदलाई रोक्न | ▪ पेसागत विभेद (पेसाको अर्थ, विभिन्न पेसा र पेसाको आधारमा हुने विभेद) | ▪ विद्यार्थीहरूलाई उनीहरूका अभिभावकले के कस्तो पेसा अपनाउनुहुन्छ भनेर सोध्ने<br>▪ पेसाका आधारमा हुने विभेद के हो भनेर चिनाउने<br>▪ सबै पेसाको आआफ्नो महत्त्व र भूमिका हुन्छ भनेर बताउने<br>▪ सबै पेसालाई सम्मान गर्ने बानी बसाल्न सिकाउने | ▪ विभिन्न पेसा झल्काउने चित्र तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ पेसाका आधारमा हुने विभेद भन्नाले के बुझिन्छ ?<br>▪ पेसाका आधारमा विभेद गर्नुहुन्न विषयमा एउटा छोटो वक्तृत्व तयार पार्नुहोस् ।<br>▪ सबै पेसालाई सम्मान गर्नुपर्छ भन्ने आसय झल्किने एउटा नारा तयार पार्नुहोस् । | |
| | ▪ सुरक्षित वधशालाको अर्थ बताउन | ▪ सुरक्षित वधशाला (सुरक्षित बवशालाको अर्थ, | ▪ विद्यालय नजिकै रहेको वधशाला चिनाउने र यसका | ▪ सुरक्षित वधशालाको विशेषता लेखिएको | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u> | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ सुरक्षित वधशालाको महत्त्व तथा फाइदा बताउन | यसको अभ्यास र यसका फाइदा तथा महत्त्व) | आधारमा सुरक्षित बधशालाको अर्थ बताउने<br>▪ सुरक्षित वधशालाको फाइदा तथा महत्त्व बताउने<br>▪ सुरक्षित वधशाला नहुँदा के कस्तो हानि हुन्छ भनेर विद्यार्थीहरूलाई चिनाउने | सूची<br>▪ यसका फाइदा तथा महत्त्व लेखिएको सूची | ▪ सुरक्षित वधशालाको विशेषताको सूची तयार पार्नुहोस् ।<br>▪ सुरक्षित वधशालाको फाइदा तथा महत्त्वको सूची तयार पार्नुहोस् । | |
| | ▪ सार्वजनिक सम्पत्तिको पहिचान गर्न<br>▪ सार्वजनिक सम्पत्तिको संरक्षण गर्न | ▪ सार्वजनिक सम्पत्तिको संरक्षण (सार्वजनिक सम्पत्तिको पहिचान, त्यसको संरक्षण तथा नागरिकका रूपमा हाम्रो कर्तव्य) | ▪ आफ्नो घर तथा विद्यालय वरपर रहेका विभिन्न सार्वजनिक सम्पत्तिका उदाहरण दिने र उदाहरणका आधारमा सार्वजनिक सम्पत्तिको अर्थ चिनाउने<br>▪ सार्वजनिक सम्पत्तिको संरक्षण किन गर्नुपर्छ भनेर कारण बताउने<br>▪ सार्वजनिक सम्पत्तिको संरक्षण कसरी गर्न सकिन्छ भनेर बताउने | ▪ सार्वजनिक सम्पत्तिको उदाहरण लेखिएका सूची तथा पोस्टर<br>▪ सार्वजनिक सम्पत्ति संरक्षण गर्नुपर्ने कारणको सूची तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाइँको घर तथा विद्यालय वरपर रहेका सार्वजनिक सम्पत्तिका उदाहरण दिनुहोस् ।<br>▪ सार्वजनिक सम्पत्तिको संरक्षण किन गर्नुपर्छ ? कारण बताउनुहोस् ।<br>▪ तपाईंको विचारमा सार्वजनिक सम्पत्तिलाई बचाउन के कस्ता उपाय अपनाउनु पर्छ ? | |
| | ▪ ऊर्जा व्यवस्थापनको अर्थ बताउन<br>▪ ऊर्जाको महत्त्व बताउन | ▪ ऊर्जा व्यवस्थापन (ऊर्जा व्यवस्थापनको परिचय र विद्यालय तथा घरमा ऊर्जा व्यवस्थापनबारे जानकारी) | ▪ ऊर्जाको अर्थ बताउने<br>▪ विद्यालय तथा घरमा कसरी र कुन कुन ठाउँमा ऊर्जाको प्रयोग भइरहेको छ भनेर बताउने<br>▪ ती ऊर्जाको श्रोत के हो र कसरी व्यवस्थापन भइरहेको छ भनेर बताउने | ▪ ऊर्जासम्बन्धी कुनै श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● ऊर्जा भनेको के हो ?<br>● विद्यालय र घरमा उर्जा कुन कुन ठाउँमा कसरी प्रयोग भइरहेको छ ? बताउनुहोस् ।<br>● ऊर्जाको श्रोत के हो ? | |
| | ▪ सूचनाको हकको अर्थ बताउन | ▪ सूचनाको हक (सूचनाको हकको अर्थ, | ▪ सूचनाको हक भन्नाले के हो भनेर बताउने | ▪ सूचनाको महत्त्व र यसको सूची | प्रश्नोत्तर (लिखित)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ नागरिकलाई सूचना किन चाहिन्छ भनेर कारण बताउन | यसको आवश्यकता र अभ्यास) | ■ आधुनिक समयमा सूचनाको महत्त्व कति छ भनेर बताउने<br>■ सूचना लिने विभिन्न तरिकाबारे छलफल तथा व्याख्या गर्ने | | ■ सूचनाको हक भनेको के हो ?<br>■ सूचना किन चाहिन्छ ?<br>■ स्थानीय सरकारबाट सूचना लिन किन आवश्यक छ ? कारण बताउनुहोस् । | |
| | ■ गाउँ/सहरबाट बजार क्षेत्रमा बसाइँसराइ गर्ने कारण भन्न<br>■ गाउँ/सहरबाट सहर क्षेत्रमा हुने बसाइँसराइ प्रक्रियालाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर बताउन | ■ बसाइँसराइ रोकथाम (बसाइँसराइको अर्थ, सहरबाट बजार क्षेत्रमा बसाइँ सर्ने प्रक्रिया, कारण र यसलाई न्यूनीकरण गर्ने उपाय) | ■ गाउँ/सहरबाट सहर क्षेत्रमा बसाइँसराइ गर्ने प्रक्रिया, चलन र अभ्यासका बारेमा छलफल तथा अन्तरक्रिया गर्ने<br>■ यस प्रकारको अभ्यासबाट पर्ने प्रभावका बारेमा छलफल तथा अन्तरक्रिया गर्ने<br>■ गाउँ/सहरबाट सहर क्षेत्रमा बसाइँसराइ गर्ने प्रक्रिया तथा अभ्यासलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर उपायहरू बताउने | ■ गाउँ/सहरबाट सहर क्षेत्रमा बसाइँसराइ गर्नुका कारण र यसको सूची<br>■ यसले पार्ने प्रभाव र यसको सूची<br>■ यसलाई न्यूनीकरण गर्ने उपाय र सूची | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ गाउँ/सहरबाट सहर क्षेत्रमा बसाइँसराइ गर्नुका कारणहरू के के हुन् ?<br>■ गाउँ/सहरबाट सहर क्षेत्रमा बसाइँसराइ गर्दा के कस्ता प्रभाव पर्छ ?<br>■ यसलाई न्यूनीकरण गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ? | |
| **५. कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय** | ■ जैविक विषादी प्रयोग गर्नुपर्ने कारण बताउन<br>■ कसरी जैविक विषादी तयार पार्न सकिन्छ भनेर बताउन | ■ जैविक विषादी (जैविक विषादीको परिचय, यसको प्रयोग र फाइदा) | ■ जैविक विषादीको परिचय दिने<br>■ यो बनाउने तरिका सामान्य तवरले बताउने<br>■ जैविक विषादी प्रयोग गर्नुपर्ने कारण बताउने | ■ जैविक विषादीको सूची तथा पोस्टर<br>■ जैविक विषादी प्रयोग गर्नुपर्ने कारण र यसको सूची | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ जैविक विषादी प्रयोग गर्नुपर्ने कारणहरू लेख्नुहोस् ।<br>■ जैविक विषादी कसरी तयार पार्न सकिन्छ ? | २१ |
| | ■ जीतपुरसिमराको कुन कुन ठाउँमा राम्रो केरा फल्छ | ■ केरा पकेट क्षेत्र (जीतपुरसिमरामा केरा | ■ कृषि पकेट क्षेत्रको अवधारणा बताउने | ■ जीतपुरसिमराका केरा खेती हुने क्षेत्रका नाम | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u> | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भनेर बताउन<br>■ केरा पकेट क्षेत्रको अर्थ बताउन र जीतपुरसिमराका कुन कुन ठाउँमा केरा खेती गरिन्छ भनेर बताउन | पकेट क्षेत्रको पहिचान र यसबाट लिन सकिने आर्थिक फाइदा) | ■ जीतपुरसिमराका कुन कुन ठाउँमा केरा खेती गरिन्छ भनेर बताउने<br>■ सम्भावित सम्भावित केरा पकेट क्षेत्र चिनाउने<br>■ यसबाट लिन सकिने फाइदा बताउने | र यसको सूची | ■ जीतपुरसिमराका कुन कुन ठाउँमा प्रशस्त मात्रामा केरा फल्छ र खेती गरिन्छ ?<br>■ जीतपुरसिमराका कुन कुन ठाउँमा केरा खेतीको सम्भावना रहेको छ ?<br>■ केरा खेतीबाट आर्थिक रूपमा कसरी फाइदा लिन सकिन्छ ? | |
| | ■ मकै उत्पादन हुने जीतपुसिमराका ठाउँहरूका नाम बताउन<br>■ मकै पकेट क्षेत्रको अर्थ बताउन र यसबाट हुने आर्थिक फाइदाका बारेमा बताउन | ■ मकै पकेट क्षेत्र<br>(मकै पकेट उत्पादन हुने जीतपुरसिमराका ठाउँ, मकै पकेट क्षेत्रको अर्थ र यसबाट लिन सकिने आर्थिक फाइदा) | ■ मकै पकेट क्षेत्रको अर्थ बताउने<br>■ मकै पकेट क्षेत्रको अध्ययन भ्रमण गर्ने<br>■ जीतपुरसिमराका कुन कुन स्थानमा मकै पकेट क्षेत्र रहेको छ भनेर बताउने र सूची तयार पार्ने<br>■ यसबाट लिन फाइदाको सूची तयार पार्ने | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>■ मकै पकेट क्षेत्रको चित्र तथा तस्बिर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ जीतपुरसिमराको कुन कुन ठाउँमा प्रशस्त मात्रामा मकै उत्पादन हुन्छ ?<br>■ जीतपुरसिमराको कुनै एक मकै पकेट क्षेत्रको बारेमा निबन्ध तयार पार्नुहोस् ।<br>■ मकै पकेट क्षेत्रमार्फत कसरी आर्थिक लाभ लिन सकिन्छ ? | |
| | ■ उखु खेती हुने र गरिने जीतपुरसिमराका विभिन्न ठाउँका नाम बताउन<br>■ उखु खेतीबाट हुने आर्थिक फाइदाका बारेमा बताउन | ■ उखु खेती<br>(उखु खेतीको परिचय, खेती हुने स्थान र यसबाट लिन सकिने फाइदा) | ■ विद्यालय नजिकै उखु खेती हुने ठाउँमा लगेर विद्यार्थीहरूलाई अध्ययन भ्रमण गराउने<br>■ जीतपुरसिमराका कुन कुन ठाउँमा प्रशस्त मात्रामा उखु खेती गरिन्छ भनेर विभिन्न | ■ अवलोकन भ्रमण लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>■ उखु खेतीका बारेमा एउटा निबन्ध तयार पार्नुहोस् ।<br>■ जीतपुरसिमरामा उखु खेती हुने विभिन्न ठाउँका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ठाउँका सूची तयार पार्ने<br>▪ उखु खेती गर्ने तरिका बताउने<br>▪ उखु खेतीबाट कसरी आम्दानी लिन सकिन्छ भनेर बताउने | | सूची तयार पार्नुहोस् ।<br>▪ उखु खेतीबाट कसरी आम्दानी गर्न सकिन्छ ? बताउनुहोस् । | |
| | ▪ कस्तो शिक्षालाई प्राविधिक शिक्षा भनेर बताउन र परवानीपुर कृषि अनुसन्धान केन्द्रको बारेमा बताउन<br>▪ स्थानीय स्तरमा प्राविधिक शिक्षाको महत्त्व किन आवश्यक भनेर कारण पहिचान गर्न | ▪ प्राविधिक शिक्षा (प्राविधिक शिक्षाको अर्थ, जीतपुरसिमरामा अवस्थित परवानीपुर कृषि अनुसन्धान केन्द्रको परिचय, यसको आवश्यकता तथा स्थानीय तथा राष्ट्रिय स्तरमा यसको औचित्य) | ▪ स्थानीय स्तरमा आवश्यक पर्ने विभिन्न प्राविधिक जनशक्तिको नामको सूची तयार पार्ने<br>▪ प्राविधिक जनशक्तिको पहिचान र यसको आवश्यकताका बारेमा छलफल तथा अन्तरक्रिया बताउने<br>▪ परवानीपुर कृषि अनुसन्धान केन्द्रको अध्ययन भ्रमण गर्ने र यसले गर्ने कामको बारेमा चर्चा गर्ने | ▪ प्राविधिक जनशक्तिको सूची<br>▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ स्थानीय तहमा प्राविधिक जनशक्ति किन आवश्यक पर्दछ ?<br>▪ प्राविधिक जनशक्ति भन्नाले के बुझिन्छ ?<br>▪ तपाईंको आफ्नो गाउँ/सहर तथा टोलमा रहेका विभिन्न स्थानीय जनशक्तिको सूची तयार पार्नुहोस् ।<br>▪ परवानीपुर कृषि अनुसन्धान केन्द्रका बारेमा एउटा निबन्ध लेख्नुहोस् । | |
| | ▪ स्थानीय तहमा कृषि सहकारी किन चाहिन्छ भनेर बताउन<br>▪ कृषि सहकारीबाट विभिन्न सेवा-सुविधा लिन | ▪ कृषि सहकारी (कृषि सहकारीको अवधारणा तथा यसको परिचय, स्थानीय तहमा यसको औचित्य तथा यसबाट लिन सकिने फाइदा) | ▪ कृषि सहकारीको भ्रमण गर्ने र यसमा भइरहेको क्रियाकलापबारे जानकारी लिने<br>▪ स्थानीय तहमा कृषि सहकारी किन आवश्यक छ भन्ने बारेमा छलफल तथा अन्तरक्रिया गर्ने | ▪ कृषि सहकारीले दिने विभिन्न सेवा तथा सुविधाको सूची तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ ग्रामीण क्षेत्रमा कृषि सहकारी किन चाहिन्छ ? कारण लेख्नुहोस् ।<br>▪ कृषि सहकारीबाट लिन सकिने विभिन्न सेवा तथा सुविधा बारे सूची तयार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ यसको औचित्य तथा यसबाट लिन सकिने फाइदाबारे छलफल गर्ने | | पार्नुहोस् । | |
| ६. **व्यक्तित्व तथा नेतृत्व विकास** | ▪ एकाग्रताको अर्थ बताउन<br>▪ यसलाई आफ्नो जीवनमा लागु गर्न | ▪ एकाग्रता (एकाग्रताको अर्थ, यसको अभ्यास र यसबाट लिन सकिने फाइदा) | ▪ एकाग्रताको अभ्यासको लागि सबै विद्यार्थीलाई आँखा चिम्लेर श्वासप्रश्वास प्रक्रियामा ध्यान केन्द्रित गर्न लगाउने<br>▪ त्यसपछि उनीहरूको व्यक्तिगत प्रक्रिया लिने<br>▪ एकाग्रताको फाइदा बताउने | ▪ एकाग्रता अभ्यासका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | २५ |
| | ▪ सकारात्मक सोच्ने बानी बसाल्न<br>▪ व्यक्तित्व विकास गर्न | ▪ सकारात्मक सोचाइ (सकारात्मक सोचाइको अर्थ, यसको आवश्यकता, औचित्य तथा फाइदा) | ▪ सकारात्मक सोचको अर्थ चिनाउने<br>▪ सकारात्मक सोचाइ किन आवश्यक छ भनेर बताउने<br>▪ यसको अभ्यास कसरी गर्ने भनेर शिक्षकले सहजीकरण गर्ने | ▪ सकारात्मक सोचाइ झल्किने कुनै अर्थपूर्ण चित्र | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ▪ सञ्चार कलाको अर्थ बताउन<br>▪ दैनिक जीवनमा यसको अभ्यास गर्न | ▪ सञ्चार कला (सञ्चार कलाको अर्थ र व्यक्तित्व विकासमा यसको अर्थ तथा महत्त्व) | ▪ सञ्चार कलाको अर्थ बताउने<br>▪ व्यक्तित्व विकासमा सञ्चार कलाको महत्त्व बताउने<br>▪ आफ्नो कुरा प्रस्टसँग बोल्न लगाउने र यस किसिमको बानीको विकास गर्न लगाउने<br>▪ सञ्चार कलाको अभ्यास गर्न लगाउने | ▪ सञ्चार कलासम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ■ समयअनुसार चल्न<br>■ समयको महत्त्व चिन्न | ■ समय व्यवस्थापन (समयको अर्थ, बोध र यसको अनुसरण) | ■ दृष्टान्तका आधारमा तथा कथाकथन विधिको प्रयोग गरेर समयको पालना गर्दा र नगर्दा हुने दुई फरक परिस्थितिका बारेमा बताउने तथा तिनीहरूको भेद चिनाउने | ■ समयलाई पालना गरौँ भन्ने आशय झल्किने चित्र | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ■ आत्मविश्वासको अर्थ भन्न<br>■ व्यक्तित्व विकासमा आत्मविश्वासको महत्त्व थाहा पाउन र आत्मविश्वासी बन्न | ■ आत्मविश्वास (आत्मविश्वासको अर्थ र व्यक्तित्व विकासमा यसको औचित्य) | ■ आत्मविश्वासको अर्थ बताउने<br>■ व्यक्तित्व विकासमा आत्मविश्वासको महत्त्व कति हुन्छ भनेर बताउने<br>■ विद्यार्थीबाट गल्ती गरेको खण्डमा समेत उनीहरूलाई सम्झाउने र बुझाउने अर्थात् आत्मविश्वास घट्ने काम नगर्ने<br>■ कुनै कुराका आधारमा होच्याउने वा उसलाई ग्लानि महसुस नगराउने<br>■ सकारात्मक सोचको विकास गराउने<br>■ कुनै पनि कार्य गर्दा पूर्ण तयारी र योजनाका साथ गर्न लगाउने | ■ आत्मविश्वासका बारेमा निर्मित कुनै श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ■ विद्यार्थी जीवनमा अतिरिक्त क्रियाकलापको महत्त्व थाहा पाउन<br>■ यसको अभ्यास गर्न र व्यक्तित्व विकासको एउटा | ■ अतिरिक्त क्रियाकलाप (विद्यार्थीको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलापको महत्त्व र यसको अभ्यास) | ■ अतिरिक्त क्रियाकलापभित्र पर्ने विभिन्न क्रियाकलाप चिनाउने<br>■ विद्यार्थीहरूमा पढाइका अलावा अन्य क्षमता पनि | ■ कुनै एक प्रेरक खेलाडीको जीवनीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाटोका रूपमा स्थापित गर्न | | हुन्छन् भन्ने कुराको बोध गराउने र अतिरिक्त क्रियाकलापकै आधारमा भविष्यमा जीवन जिउने आधार समेत निर्माण गर्न सकिन्छ भन्ने कुराको बोध गराउने<br>▪ अतिरिक्त क्रियाकलापमा सहभागिता गराउने | | आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ▪ सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलापको महत्त्व बताउने<br>▪ सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलापको अभ्यास गर्न | ▪ सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलाप (यसको महत्त्व र अभ्यास साथसाथै कार्यलयीय चिठीपत्र लेखन अभ्यास) | ▪ विद्यालयमा सञ्चालन हुने विभिन्न सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलापको सूची तयार पार्ने<br>▪ विद्यार्थीलाई सह-पाठ्यक्रम क्रियाकलाप/ पाठ्यक्रम सहयोगी क्रियाकलापमा सहभागिताका लागि प्रेरणा दिने<br>▪ विजेतालाई पुरस्कार दिने<br>▪ कार्यलयीय चिठीपत्र लेखन अभ्यास गराउने | ▪ सह-पाठ्यक्रम क्रियाकलाप/पाठ्यक्रम सहयोगी क्रियाकलाप सम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● विद्यार्थीहरूले देखाएको सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |

कक्षा ७

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार (कार्यघण्टा) |
|---|---|---|---|---|---|---|
| १. **जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार** | ▪ जीतपुरसिमराका सबै वडाका नाम भन्न<br>▪ जीतपुरसिमराका वडाहरूका भौगोलिक अवस्थिति तथा मुख्य विशेषता सूचीकृत गर्न | ▪ जीतपुरसिमराका वडाहरू (जीतपुरसिमराका सबै वडाहरूको सामान्य परिचय, भौगोलिक अवस्थिति तथा मुख्य विशेषता) | ▪ जीतपुरसिमराको नक्सा प्रदर्शन गरेर जीतपुरसिमरामा रहेका वडाहरूको नाम बताउने<br>▪ विद्यार्थीहरूलाई वडा नम्बर र ती वडाहरूका नाम याद गर्न लगाउने<br>▪ वडाहरूको भौगोलिक अवस्थिति तथा ती सबै वडाहरूका विशेषता कालोपाटी तथा सेतोपाटीमा लेख्ने र सूची बनाउने<br>▪ सबै वडा समेटिएको नक्सा कक्षाकोठामा नाम र मुख्य विशेषतासहित टाँस्ने | ▪ जीतपुरसिमराको नक्सा<br>▪ वडाहरूको मुख्य विशेषता लेखिएको पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ जीतपुरसिमरामा रहेका सबै वडाका नाम र वडा नम्बर क्रमबद्ध तरिकाले लेख्नुहोस् ।<br>▪ तपाईं कुन वडामा बस्नुहुन्छ ? वडा नम्बर र वडाको नाम बताउनुहोस् ।<br>▪ तपाईं आफू बस्ने वडाको भौगोलिक अवस्थिति र मुख्य विशेषता लेख्नुहोस् ।<br>▪ सबै वडा समेटिएको नक्सासहित ती वडाका नम्बर र नाम लेखिएको चार्ट/पोस्टर तयार पार्नुहोस् र कक्षाकोठामा टाँस्नुहोस् । | |
| | ▪ पर्यावरणमैत्री गाउँको निर्माण गर्न<br>▪ गाउँलाई सफा र स्वच्छ राख्न | ▪ हाम्रो स्वच्छ स्थानीय वातावरण (पर्यावरणमैत्री ग्रामीण वातावरण, स्वच्छ, सफा र हराभरा गाउँ, जीतपुरसिमराको वातावरणीय परिवेश) | ▪ जीतपुरसिमराको वातावरणीय अवस्था बताउने<br>▪ सफा र स्वच्छ ग्रामीण परिवेशको विशेषता देखाउने<br>▪ ग्रामीण परिवेशलाई सफा र स्वच्छ राख्न विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने<br>▪ सकेसम्म प्रदूषणमुक्त गाउँ | ▪ अध्ययन भ्रमण विधिको लागि आवश्यक पर्ने समग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>● जीतपुरसिमराको वातावरणका बारेमा छोटो निबन्ध लेख्नुहोस् ।<br>● जीतपुरसिमराको वातावरणका विशेषता लेख्नुहोस् र विशेषता | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बनाउन अभिप्रेरित गर्ने | | उल्लिखित सूची तयार पार्नुहोस् । | |
| | ■ हरित विद्यालय र बागवानीको अर्थ बताउन<br>■ जीतपुरसिमरामा रहेको बागवानीका विशेषता बताउन | ■ हाम्रो हरित विद्यालय र बागवानी (हरित विद्यालय र बागवानीको अर्थ र बागवानीको परिचय, जीतपुरसिमरामा रहेका बागवानी र यसका विशेषता) | ■ हरित विद्यालयका बारेमा बताउने<br>■ विद्यालयमा विभिन्न किसिमका बोटबिरुवा रोप्न लगाउने<br>■ जीतपुरसिमराको रहेको बागवानीको श्रव्यदृश्य सामग्री देखाउने र सम्भव भएमा अध्ययन भ्रमण गर्ने<br>■ बागवानीमा रहेका विभिन्न बोटबिरुवा चिनाउने<br>■ बागवानीको विशेषता बताउने<br>■ बागवानी हुँदाको फाइदा बताउने र यस बारेमा चर्चा गर्ने | ■ बागवानीको चित्र तथा तस्बिर<br>■ बागवानीको श्रव्यदृश्य सामग्री<br>■ अध्ययन भ्रमणका लागि आवश्यक सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ हरित विद्यालयको अर्थ बताउनुहोस् ।<br>■ बागवानीको अर्थ बताउनुहोस् ।<br>■ जीतपुरसिमरामा रहेको बागवानीको बारेमा एउटा निबन्ध तयार पार्नुहोस् ।<br>■ बागवानीको विशेषता बताउनुहोस् ।<br>■ बागवानीको फाइदा बताउनुहोस् ।<br>■ हरित विद्यालयको बारेमा एउटा निबन्ध तयार पार्नुहोस् । | |
| | ■ जीतपुरसिमरामा सिँचाइको सुविधा कस्तो अवस्थामा छ भनेर बताउन<br>■ तराईमधेशको खेतमा सिँचाइको महत्त्व बताउन | ■ जीतपुरसिमरामा सिँचाइको सुविधा (सिँचाइको अर्थ, जीतपुरसिमरामा यसको अवस्था, यसले कृषि प्रणालीमा पार्ने प्रभाव र नहर, पैनी र बोरिङको अर्थ र यसले खेलेको भूमिका) | ■ विद्यार्थीहरूलाई उनीहरूको खेतबारीमा सिँचाइको सुविधा के कस्तो अवस्थामा रहेको छ भनेर सोध्ने र उनीहरूको अनुभव सुनाउन लगाउने<br>■ अध्ययन भ्रमण विधिको प्रयोग गरेर विद्यालय नजिकै रहेको खेतमा लाने र त्यहाँ सिँचाइको अवस्था के कस्तो छ बताउने<br>■ सिँचाइ प्रणालीमा नहर, पैनी, कुलो र बोरिङलाई चिनाउने | ■ अध्ययन भ्रमण विधिका लागि आश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ परम्परागत तथा स्थानीय प्रविधिका रूपमा प्रचलित कुलो लाउने चलनका बारेमा दशओटा वाक्य तयार पार्नुहोस् ।<br>■ आधुनिक सिँचाइ प्रणालीका बारेमा एउटा निबन्ध तयार पार्नुहोस् ।<br>■ जीतपुरसिमरामा सिँचाइको अवस्था के कस्तो छ ? उल्लेख गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ सिँचाइको सुविधाले खेती प्रणालीमा के कस्तो प्रभाव पार्छ भनेर विद्यार्थीहरूलाई बताउने<br>▪ जीतपुरसिमरामा सिँचाइको अवस्था के कस्तो छ भनेर विद्यार्थीहरूलाई बताउने | | ▪ सिँचाइबाट खेती प्रणालीमा हुने फाइदा उल्लेख गर्नुहोस् । | |
| | ▪ व्यवस्थित शवदाहस्थलका विशेषता भन्न<br>▪ शवदाहस्थललाई व्यवस्थित बनाउने कार्यमा मद्दत गर्न | ▪ शवदाहस्थल (शवदाहस्थलको परिचय, जीतपुरसिमरामा यसको अभ्यास तथा अवस्था) | ▪ अध्ययन भ्रमण विधिको प्रयोग गरेर कुनै शवदाहस्थलको अवस्था चिनाउने र त्यहाँ देखिएका समस्यालाई टिपोट गर्न लगाउने<br>▪ शवदाहस्थलमा के के सुविधा हुँदा राम्रो हुन सक्छ भनेर विद्यार्थीहरूलाई मस्तिष्क मन्थन गर्न लगाउने<br>▪ शवदाहस्थललाई कसरी व्यवस्थित बनाउन सकिन्छ भनेर कारणहरू बताउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंले भ्रमण गर्नुभएको शवदाहस्थलको अवस्था, त्यहाँ देखिएको समस्या र त्यहाँ आवश्यक पर्ने विभिन्न सुविधालाई ख्याल राख्दै एउटा प्रतिवेदन तयार पार्नुहोस् । प्रतिवेदन लेखन कार्यका लागि नेपाली शिक्षकसँग मद्दत माग्नुहोस् । | |
| | ▪ जीतपुरसिमरामा सुरक्षा व्यवस्था कस्तो छ भनेर भन्न<br>▪ सुरक्षा व्यवस्था कायम गर्न स्थानीय सरकारको भूमिका कस्तो रहन्छ बताउन | ▪ हाम्रो सुरक्षा व्यवस्था (जीतपुरसिमरामा सुरक्षा व्यवस्थाको अवस्था, यसको अभ्यास, स्थानीय सरकारको भूमिका र यसबाट भएका फाइदा) | ▪ जीतपुरसिमरामा सुरक्षा व्यवस्था के कस्तो छ भनेर बताउने<br>▪ सुरक्षा व्यवस्था कायम राख्न ककसको भूमिका रहन्छ भनेर बताउने<br>▪ सुरक्षा व्यवस्था कायम राख्न स्थानीय सरकारको भूमिका के कस्तो रहन्छ बताउने<br>▪ फरक फरक व्यक्ति तथा सङ्घसंस्थाले सुरक्षा व्यवस्था कायम राख्न के कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने | ▪ सुरक्षा व्यवस्था कायम राख्न भूमिका खेल्ने विभिन्न अङ्गका नाम तथा यसको सूची<br>▪ स्थानीय सरकारले सुरक्षा व्यवस्था कायम राख्न खेल्नुपर्ने भूमिकाको सूची तथा पोस्टर | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ विद्यार्थीको रूपमा सुरक्षा व्यवस्था कायम राख्न तपाईंले खेल्न सक्ने भूमिकाका बारेमा सङ्क्षिप्तमा निबन्ध लेख्नुहोस् ।<br>▪ सुरक्षा व्यवस्था कायम राख्न ककसको अहम् भूमिका रहन्छ ?<br>▪ स्थानीय सरकारले सुरक्षा व्यवस्था कायम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विषयलाई कालोपाटी अथवा सेतोपाटीमा लेखेर सूची तयार पार्ने र छलफल तथा अन्तरक्रिया गर्ने | | गर्न के कस्ता भूमिका खेल्नुपर्दछ ? | |
| २. **जीतपुरसिमराका सांस्कृतिक सम्पदा** | ▪ मानापाथी र तुलो चिन्न<br>▪ नापतौलका रूपमा यिनीहरूले खेलेको भूमिका बताउन | ▪ हाम्रा रैथाने नाप तौलका साधन (नापतौलका परम्परागत साधन, यसको प्रयोग, यसले खेलेको भूमिका र हाल यसको प्रयोगको अवस्था) | ▪ मानापाथी र तुलो देखाउने<br>▪ सम्भव भए नापतौलका यी स्थानीय प्रविधिको प्रयोग गरेर कुनै पनि वस्तुको नाप तौल लिने र यी प्रविधिसँग जोडिएको मात्रा पनि चिनाउने<br>▪ विद्यार्थीहरूलाई यी नापतौलका साधनको चित्र बनाउन लगाउने र चित्रसहित यी प्रविधिका बारेमा छोटकरीमा परियोजना कार्यका रूपमा लेख्न लगाउने | ▪ मानापाथी र तुलो | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ माना, पाथी र तुलोका बारेमा सङ्क्षिप्तमा एउटा निबन्ध लेख्नुहोस् । | २५ |
| | ▪ स्थानीय कानुनको परिभाषा बताउन<br>▪ स्थानीय कानुनको औचित्य भन्न | ▪ स्थानीय कानुन (स्थानीय कानुनको परिचय, नगरद्वारा निर्मित विभिन्न नीति तथा ऐन-नियमबारे जानकारी र यसको अभ्यास) | ▪ स्थानीय कानुनको परिभाषा बताउने<br>▪ नगरद्वारा बनाइएका केही नीति तथा ऐन-नियमका दृष्टान्त प्रस्तुत गर्ने<br>▪ स्थानीय कानुन किन आवश्यक छ भनेर विभिन्न तर्क बुँदामा प्रस्तुत गर्ने<br>▪ नगरमा आवश्यक विभिन्न नीति तथा नियमबारे छलफल तथा अन्तरक्रिया गर्ने<br>▪ विद्यार्थीहरूलाई तपाईं नगरप्रमुख हुनुभयो भने कस्ता खालका नियम कानुन बनाउनुहुन्थ्यो भनेर सोध्ने र कारण पनि सोध्ने | ▪ स्थानीय कानुनको परिभाषा उल्लिखित चार्ट<br>▪ स्थानीय कानुनका दृष्टान्त लेखिएको चार्ट | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ स्थानीय कानुन भनेको के हो ?<br>▪ तपाईंको नगरको कुनै एउटा कानुनका बारेमा बताउनुहोस् ।<br>▪ स्थानीय कानुन आवश्यक रहेको छ ? तर्क प्रस्तुत गर्नुहोस् ।<br>▪ तपाईं नगरप्रमुख हुनुभयो भने कस्ता खालका नियम-कानुन बनाउनुहुन्थ्यो ? किन ? कारण उल्लेख गर्नुहोस् । | |
| | ▪ प्रेरक व्यक्तिका बारेमा जीवनी लेख्न<br>▪ प्रेरणा लिन | ▪ प्रेरक व्यक्तित्व (हृदयनारायण चौधरीको सामान्य परिचय, उहाँले पुऱ्याउनुभएको योगदान र उहाँबाट हामीले लिनुपर्ने प्रेरणा) | ▪ हृदयनारायण चौधरीको तस्बिर प्रदर्शन गर्ने र उहाँको सङ्क्षिप्त जीवनी तयार पार्ने<br>▪ उहाँले समाजका लागि पुऱ्याउनुभएको योगदानका बारेमा चर्चा गर्ने | ▪ हृदयनारायण चौधरीको तस्बिर<br>▪ उहाँको सङ्क्षिप्त जीवनी लेखिएको पोस्टर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ हृदयनारायण चौधरी को हुन् ?<br>▪ उहाँले पुऱ्याउनुभएको योगदानका बारेमा चर्चा गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ प्रेरणा लिन उत्प्रेरित गर्ने | | ▪ हृदयनारायण चौधरीका बारेमा सङ्क्षिप्तमा जीवनी तयार पार्नुहोस् ।<br>▪ तपाईंलाई मन पर्ने कुनै प्रेरक व्यक्तिका बारेमा एउटा छोटो वक्तृत्व तयार पार्नुहोस् र विद्यालयको बिहानी सभामा पढेर सुनाउनुहोस् । | |
| ५. **कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय** | ▪ स्थानीय जनशक्तिको उदाहरण दिन<br>▪ स्थानीय जनशक्तिको महत्त्व भन्न | ▪ स्थानीय जनशक्ति (स्थानीय जनशक्तिको परिचय र उनीहरूको महत्त्व) | ▪ गाउँघर, सहर तथा टोलमा भएका विभिन्न स्थानीय जनशक्तिलाई चिनाउने<br>▪ ती जनशक्तिले गर्ने विभिन्न क्रियाकलाप विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने<br>▪ स्थानीय जनशक्ति हामीले हाम्रो गाउँघर, सहर तथा टोलमा किन आवश्यक पर्छ भन्ने विषयमा छलफल तथा अन्तरक्रिया चलाउने | ▪ स्थानीय जनशक्तिको सूची तथा उनीहरूले गर्ने कामको सूची | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ गाउँघर, सहर तथा टोलमा भएका विभिन्न स्थानीय जनशक्तिको सूची तयार पार्नुहोस् ।<br>▪ ती जनशक्तिले गर्ने विभिन्न कामको सूची बनाउनुहोस् ।<br>▪ तपाईंको गाउँ, सहर तथा टोलमा उपलब्ध जनशक्ति मध्ये कुनै एक जनशक्तिका बारेमा उसको पेसालाई केन्द्रविन्दुमा राखेर अन्तर्वार्ता लिनुहोस् । | २२ |
| | ▪ जीतपुरसिमरामा प्रयोग भइरहेका विभिन्न कृषि प्रविधिको नाम चिन्न<br>▪ ग्रामीण कृषिमा आधुनिक प्रविधिले के कसरी मद्दत गरेको छ भनेर भन्न | ▪ कृषिमा प्रविधिको प्रयोग (कृषिमा प्रविधिको प्रयोग, ग्रामीण कृषि प्रणालीमा यसको प्रयोगको सम्भावना, यसबाट लिन सकिने फाइदा र ग्रामीण परिवेशमा यसको अभ्यास) | ▪ कृषि प्रणालीमा प्रविधि किन आवश्यक छ भनेर बताउने<br>▪ कृषिमा प्रविधिको प्रयोगले हुने फाइदाको सूची तयार पार्ने र यस बारेमा छलफल तथा अन्तरक्रिया गर्ने<br>▪ जीतपुरसिमराको कृषि प्रणालीमा आधुनिक प्रविधिको प्रयोग तथा अभ्यास के कस्तो अवस्थामा रहेको छ भनेर बताउने<br>▪ विद्यार्थीहरूलाई उनीहरूको घरमा कुनै आधुनिक कृषि | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने विभिन्न सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>▪ तपाईंको घरमा प्रयोग भइरहेको कुनै एक आधुनिक कृषि प्रविधिका बारेमा बताउनुहोस् ।<br>▪ आधुनिक कृषि प्रविधिका कुनै तीनओटा उदाहरण दिनुहोस् ।<br>▪ कृषि प्रणालीमा आधुनिक प्रविधि किन आवश्यक छ भन्ने विषयमा कारण समेटेर सूची तयार पार्नुहोस् ।<br>▪ कृषि प्रणालीमा आधुनिक प्रविधिले हुने फाइदाका बारेमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रविधिको प्रयोग भएको छ कि छैन भनेर सोध्ने र त्यस बारेमा थप छलफल तथा अन्तरक्रिया गर्ने<br>▪ विद्यार्थीहरूलाई ट्याक्टरले खेत जोत्दै गरेको देखाउने तथा यस बारेमा थप छलफल तथा अन्तरक्रिया गर्ने | | बताउनुहोस् ।<br>▪ यदि तपाइँ जीतपुरसिमरा उ.म.न.पा.को प्रमुख हुनुभयो भने यहाँको कृषि प्रणालीको उन्नतिका लागि कस्ता किसिमका आधुनिक प्रविधिसम्बन्धी कस्ता कार्यक्रमा सञ्चालन गर्नुहुन्थ्यो ? | |
| | ▪ भविष्यमा खेतबारीलाई बाँझो नराख्न<br>▪ वैदेशिक रोजगारी तथा बसाइँसराइँका कारण गाउँ/सहरका खेतबारी बाँझो रहेको छ भन्ने कारण भन्न | ▪ सुन फल्ने खेतबारी (खेतबारीलाई बाँझो राख्नुहुन्न भन्ने चेतना, ग्रामीण परिवेशमा फल्ने उत्पादनको महत्त्व र खेतबारीलाई बाँझो नराखी फसल उत्पादन गर्न हौसला) | ▪ विद्यालय नजिकै रहेको बाँझो खेतबारी विद्यार्थीहरूलाई देखाउने र खेतबारी बाँझो हुनुका कारण बताउने<br>▪ खेतबारी बाँझो हुनुमा बसाइँसराइ र वैदेशिक रोजगारी प्रमुख कारण हुन् भन्ने कुरा बताउने<br>▪ खेतबारी बाँझो राख्दा के कस्तो असर पर्छ भन्ने कुरा विद्यार्थीहरूलाई बताउने | ▪ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने विभिन्न सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ अध्ययन भ्रमणका आधारमा खेतबारी बाँझो हुनुका कारण र यसबाट पर्ने प्रभावलाई समेटेर प्रतिवेदन तयार पार्नुहोस् । प्रतिवेदन तयार पार्नका लागि नेपाली विषयका शिक्षकसँग सल्लाह गर्नुहोस् । | |
| | ▪ सुरक्षित भण्डारणको महत्त्व बताउन<br>▪ सुरक्षित भण्डारण गर्नुपर्ने कारण बताउन | ▪ सुरक्षित भण्डारण (उत्पादित अन्नलाई सुरक्षित तरिकाले भण्डारण गर्ने तरिका, गर्नुपर्ने कारण र यसबाट लिन सकिने लाभ) | ▪ सुरक्षित भण्डारणको अर्थ बताउने<br>▪ जीतपुरसिमरामा सुरक्षित भण्डारणको अवस्था के कस्तो रहेको छ बुझ्ने र विद्यार्थीहरूलाई यस बारेमा बुझाउने साथै आवश्यक परे थप छलफल तथा अन्तरक्रिया गर्ने<br>▪ सुरक्षित भण्डारणको फाइदा र ग्रामीण परिवेशमा यसको महत्त्व बताउने | ▪ सुरक्षित भण्डारको फाइदाको सूची | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ सुरक्षित भण्डारण भनेको के हो ?<br>▪ सुरक्षित भण्डारण किन आवश्यक पर्दछ ? यसबाट हुने फाइदाका बारेमा बताउनुहोस् ।<br>▪ जीतपुरसिमरामा सुरक्षित भण्डारणको अवस्था के कस्तो छ ? बताउनुहोस् । | |
| | ▪ जीतपुरसिमराका यूवाहरू वैदेशिक | ▪ वैदेशिक रोजगार (वैदेशिक रोजगारबाट हुने | ▪ विद्यार्थीहरूलाई उनीहरूका गाउँ तथा टोलका युवाहरू | ▪ वैदेशिक रोजगारीबाट भएका | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u> | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोजगारमा लाग्नुका कारण बताउन<br>■ वैदेशिक रोजगारबाट हुने लाभ तथा हानि पहिचान गर्न | लाभ तथा हानि र जीतपुरसिमरामा वैदेशिक रोजगारीमा जाने चलन) | कुन कुन देशमा रोजगारीका लागि गएका छन् भनेर सोध्ने<br>■ जीतपुरसिमराका युवाहरू वैदेशिक रोजगारीमा जानुका कारण बताउने<br>■ वैदेशिक रोजगारीमा जाँदा हुने फाइदा तथा हानिका बारेमा विद्यार्थीहरूलाई बताउने | लाभ तथा हानिको सूची | ■ वैदेशिक रोजगारी भनेको के हो ?<br>■ वैदेशिक रोजगारीबाट हुने लाभ तथा हानिको सूची तयार पार्नुहोस् ।<br>■ जीतपुरसिमराका यूवाहरू कुन कुन देशमा रोजगारीका लागि गएका छन् ?<br>■ जीतपुरसिमराका युवाहरू वैदेशिक रोजगारीमा जानुका कारण उल्लेख गर्नुहोस् । | |
| | ■ सानैदेखि बचत गर्ने बानी बसाल्न<br>■ बचत गर्ने बानीले हुने फाइदा भन्न | ■ बचत चेतना (बचत गर्ने बानी र यसबाट हुने फाइदा) | ■ खुत्रुके तथा थैलीको चलनबारे बताउने<br>■ बचत गर्ने बानीका बारेमा भन्ने र यसबाट हुने फाइदाका बारेमा बताउने<br>■ विद्यार्थीहरूलाई उनीहरूले खुत्रुकेमा पैसा जम्मा गर्ने गरेको छ कि छैन भनेर सोध्ने | ■ खुत्रुकेको तथा थैली | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ तपाईंले खुत्रुकेमा पैसा जम्मा गर्ने गर्नुभएको छ कि छैन ?<br>■ बचत गर्ने बानी किन आवश्यक छ ? कारण बताउनुहोस् । | |
| | ■ जीतपुरसिमरामा रहेका विभिन्न कलखारखाना, उद्योग तथा औद्योगिक क्षेत्रका नाम बताउन<br>■ उद्योग, कलकारखाना तथा औद्योगिक क्षेत्रबाट हुने लाभ तथा हानिका बारेमा बताउन | ■ हाम्रा उद्योग कलकारखाना (जीतपुरसिमरामा रहेका ठुला तथा मझौला उद्योग तथा कलकारखानाको परिचय, विशेष आर्थिक क्षेत्रको अवधारणा र यसको अभ्यास साथै उद्योग कलकारखानाबाट हुने आर्थिक लाभ) | ■ अध्ययन भ्रमणका आधारमा जीतपुरसिमराका रहेका उद्योग, कलकारखाना, औद्योगिक क्षेत्र र आर्थिक क्षेत्र चिनाउने<br>■ जीतपुरसिमरामा रहेका विभिन्न उद्योग, कलकारखाना, औद्योगिक क्षेत्र तथा आर्थिक क्षेत्रका नाम बताउने<br>■ ती उद्योग, कलकारखाना, औद्योगिक क्षेत्र तथा आर्थिक क्षेत्र जीतपुरसिमराका कुन कुन ठाउँमा रहेका छन् भनेर बताउने<br>■ उद्योग, कलकारखाना, | ■ अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री तथा प्रश्नावली | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>■ अध्ययन भ्रमणका आधारमा एउटा प्रतिवेदन तयार पार्नुहोस् । प्रतिवेदन लेखनका लागि नेपाली विषयको शिक्षकसँग सल्लाह लिनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रका कारण के कस्ता लाभ तथा हानि भएका छन् भनेर बताउने | | | |
| ६. **व्यक्तित्व तथा नेतृत्व विकास** | ▪ दृष्टिकोण के हो भनेर भन्न र बुझाइ प्रक्रियामा यसले खेल्ने भूमिका बताउन<br>▪ आलोचनात्मक तरिकाले हेर्ने बानी बसाल्न | ▪ हाम्रो दृष्टिकोण (दृष्टिकोण चेतना, दृष्टिकोणको महत्त्व, यसको अभ्यास र कुनै पनि विषयलाई फरक ढङ्गले आलोचनात्मक चेतका साथ हेर्ने तौरतरिका) | ▪ दृष्टान्तका आधारमा दृष्टिकोणले विषयवस्तुको बुझाइमा पार्ने फरकपनका बारेमा प्रस्ट पार्ने<br>▪ कोणको आकृतिको स्वरूप र प्रस्तुतिमा कति फरक पार्छ भन्ने कुरा बुझाउन ड्रोनको सहाराले माथिबाट तल क्यामराले खिचेको उही वस्तुको फरक फरक आकृति देखाउने र यसका आधारमा विषयवस्तुको बुझाइमा दृष्टिकोणले पार्ने प्रभावका बारेमा बताउने | ▪ क्यामराले तलबाट खिचेको र ड्रोनको सहाराले माथिबाट खिचेको उही वस्तुको फरक फरक दुई आकृति | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीले विभिन्न अध्ययन भ्रमण तथा कक्षाकोठामा पठनपाठन तथा विश्लेषणका क्रममा देखाएको आलोचनात्मक चेतका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | २५ |
| | ▪ हाउभाउको अर्थ चिन्न<br>▪ सचेततापूर्वक हाउभाउको प्रयोग गर्न | ▪ हाउभाउ चेतना (हाउभाउको अर्थ, हाउभाउले दिने सन्देश र सचेततापूर्वक हाउभाउ प्रयोग गर्ने तरिका) | ▪ इसारा तथा अभिनयका आधारमा विभिन्न किसिमका हाउभाउ र यसका अर्थ विद्यार्थीहरूलाई सोध्ने र नमिलेको खण्डमा शिक्षकले सहजीकरण गर्ने<br>▪ सचेततापूर्वक हाउभाउको प्रयोग गर्नुपर्छ भनेर सिकाउने<br>▪ हाउभाउको गर्दा नजानिँदो तरिकाले हुने विभिन्न किसिमका विभेदका बारेमा विद्यार्थीहरूलाई सिकाउने | ▪ विभिन्न अर्थ दिने फरक फरक किसिमका हाउभाउ देखाइएको पोस्टर, चित्र अथवा तस्बिर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ हाउभाउ पहिचानका आधारमा विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गर्ने ।<br>▪ *हाउभाउले कहिलेकाहीँ लैङ्गिक, जातीय, वर्गीय तथा अन्य प्रकारका विभेद गरिरहेको हुन्छ*। यस भनाइलाई थप प्रस्ट पार्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ टिपोट गर्ने बानीको विकास गर्न<br>▪ टिपोट कसरी गर्ने भनेर सिक्न | ▪ टिपोट गर्ने बानी (महत्त्वपूर्ण विषय तथा बुँदालाई डायरीमा टिपोट गर्ने बानी र यसको अभ्यास) | ▪ महत्त्वपूर्ण विषयलाई बुँदागत रूपमा टिपोट गर्न सिकाउने<br>▪ टिपोट गर्ने बानीले हामीलाई कसरी फाइदा गर्छ भनेर बताउने | ▪ डायरी | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता तथा सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ▪ नेतृत्वको अर्थ बताउन<br>▪ नेतृत्व लिन | ▪ नेतृत्व क्षमताको विकास (आफ्नो समूह तथा कक्षालाई नेतृत्व गर्ने बानीको अभ्यास र नेतृत्व क्षमताको विकास) | ▪ कक्षामा हुने गरेका विभिन्न समूहगत कार्यमा विद्यार्थीहरूलाई पालैपालो नेतृत्व लिन लगाउने र अभ्यास गर्न लगाउने<br>▪ कक्षामा मात्र नभई यसको अभ्यास विद्यालयमा रहेका विभिन्न क्लबमा समेत विद्यार्थीलाई जिम्मेवारी दिने<br>▪ विद्यालयमा विद्यार्थीहरूलाई नै समेटेर विभिन्न कार्यक्रम आयोजना गर्ने र विद्यार्थीलाई नै नेतृत्वको जिम्मा दिने । आवश्यक परेमा शिक्षकले सहजीकरण गर्ने | ▪ नेतृत्व क्षमता विकाससम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ विद्यार्थीहरूले देखाएको सहभागिता र सक्रियताका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने । | |
| | ▪ सामूहिक भावनाको विकास गर्न<br>▪ सामूहिकतामा विश्वास गर्न | ▪ सामूहिक चेतना (समूह, कक्षा, परिवार, गाउँ, सहर र को समृद्धिका लागि सामूहिकताको चेतना, यसको अभ्यास र हामीले खेल्नुपर्ने भूमिका) | ▪ मानिस दिनानु दिन विभिन्न कारणले एकलकाँटे हुँदै गरेको तथा आफूलाई मात्र केन्द्रमा राखेर हिँड्ने गरेको विषयवस्तुलाई उठान गर्ने र यस बारेमा थप छलफल तथा अन्तरक्रिया गर्ने<br>▪ हाम्रो आफ्नो समाज, गाउँ र देशको परिवर्तनका लागि सामूहिकताको भावना किन आवश्यक छ भनेर चिनाउने<br>▪ सामूहिकताको भावनालाई देखाउन ग्रामीण जीवनमा | ▪ अर्मपर्म, ऐँचोपैँचो, सामूहिक रूपमा गर्ने गरेका कामका चित्र अथवा तस्बिर | प्रश्नोत्तर (लिखित)<br><u>उदाहरण</u><br>▪ कस्तो किसिमको चेतनालाई सामूहिक चेतना भनिन्छ ?<br>▪ सामूहिक चेतना किन आवश्यक पर्दछ ? कारण उल्लेख गर्नुहोस् ।<br>▪ *समाज, गाउँ तथा देश सामूहिक चेतनाले विकसित र समृद्ध हुन्छ ।* यस भनाइलाई उदाहरण तथा प्रमाणसहित पुष्टि गर्नुहोस् ।<br>▪ सामूहिक तरिकाले तपाइँको गाउँ, सहर तथा टोलमा गरिने कुनै कार्यलाई उदाहरणका रूपमा प्रस्तुत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अभ्यासका रूपमा रहेको अर्मपर्म, ऐँचोपैँचोजस्ता दृष्टान्त प्रस्तुत गर्ने<br>▪ सामूहिकताको चेतनाको विकास तथा अभ्यासका लागि विद्यार्थीका रूपमा उनीहरूको भूमिका के कस्तो रहन्छ र रहनुपर्छ भन्ने कुरा बताउने | | गर्दै यस बारेमा एउटा निबन्ध तयार पार्नुहोस् । | |
| | ▪ उमेर पुगेपछि अध्ययन गर्दै कमाउँदै गर्नुपर्छ भन्ने चेतनाको विकास गर्न<br>▪ यसलाई भविष्यमा आफ्नो जीवनमा लागु गर्न | ▪ अध्ययन गर्दै कमाउँदै (खास उमेर पुगिसकेपछि अध्ययनको साथसाथै कमाउँदै पनि गर्नुपर्छ चेतनाको विकास) | ▪ उमेर पुगिसकेपछि अध्ययन सँगसँगै किन काम पनि गर्नुपर्छ भन्ने विषयलाई केन्द्रमा राखेर विभिन्न दृष्टान्त प्रस्तुत गर्ने<br>▪ दृष्टान्त प्रस्तुत गर्दा देश या देशभन्दा बाहिरका दृष्टान्त पनि दिन सकिन्छ | ▪ यससँग सम्बन्धित श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● *अध्ययन गर्दै, कमाउँदै* भन्ने शीर्षकमा २०० शब्दमा एउटा निबन्ध तयार पार्नुहोस् । | |
| | ▪ आफ्नो रूचि चिन्न<br>▪ भविष्यमा रूचिअनुसारको अध्ययन र पेसाको क्षेत्र चयन गर्न | ▪ रूचिअनुसारको काम (आफूलाई मन परेको कामलाई नै व्यवसायीकरण गर्नुपर्छ र त्यसैलाई आफ्नो वर्तमान र भविष्य बनाउनुपर्छ भन्ने चेतनाको विकास) | ▪ विद्यार्थीहरूलाई उनीहरूको रूचि सोध्ने<br>▪ उनीहरूको रूचिअनुसारको अध्ययन गर्ने विषय र पेसाको बारेमा बताउने<br>▪ रूचिलाई व्यवसायीकरण गर्न प्रेरित गर्ने | ▪ यससँग कुनै श्रव्यदृश्य सामग्री जस्तै स्टिभ जब्सले दीक्षान्त समारोहमा दिएको भाषण | प्रश्नोत्तर (लिखित)<br>उदाहरण<br>● *मेरो रूचि* भन्ने शीर्षकमा २०० शब्दमा एउटा निबन्ध तयार पार्नुहोस् । | |

## ५. एकीकृत पाठ्यक्रमका मूलभूत मान्यता र जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम

पाठ्यक्रममा वैकल्पिक ढाँचा खोजी गर्ने क्रममा एकीकृत पाठ्यक्रमको अवधारणा विकास भएको हो । विषयगत पाठ्यक्रम अलग अलग विषयहरू आ-आफ्नै तरिकाले शिक्षण गर्ने गरी निर्माण गरिएको हुन्छ । यसले विषयहरूलाई अन्तरसम्बन्धित गराउँदैन । एकीकृत पाठ्यक्रम एक अन्तर्राष्ट्रिय अभ्यास हो । यसमा विभिन्न प्रकारका ढाँचाहरूको प्रयोग भएको पाइन्छ ।

**राष्ट्रिय पाठ्यक्रम प्रारूप**, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी दुई तहमा विभाजन गरेको छ । कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत तह हो । कक्षा ९ देखि कक्षा १२ सम्म माध्यमिक तह हो । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षाको व्यवस्था छ । माध्यमिक शिक्षाका तीन धार रहेका छन् । तिनीहरू साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत धार हुन् । आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीहरूले हासिल गर्नुपर्ने तहगत सक्षमताहरू निम्नबमोजिम निर्धारण गरिएका छन् :

- देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
- भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
- सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
- मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास
- स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार-कुशल सिप (Soft Skills) को प्रयोग
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्व बन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रममा मूलतः यो क्षेत्रको भौगोलिक अवस्थिति, प्राकृतिक वातावरण, जैविक विविधता, भाषा, संस्कृति, रहनसहन, स्थानीय प्रविधि तथा आधुनिक प्रविधिबिचको सम्बन्ध, वैज्ञानिक दृष्टिकोण, सामाजिक समस्या, आर्थिक त्रियाकलाप, स्वास्थ्य, नैतिकता, व्यक्तित्व विकास, नागरिक चेतना, स्थानीय खेलकुद तथा मनोरञ्जन, विकासका पूर्वाधार, पर्यटन, प्राकृतिक प्रकोपजस्ता विषयवस्तुलाई एकीकृत गरेर बहुविधात्मक उपागम (Multi-Disciplinary Approach) प्रयोग गरिएको छ । यो स्थानीय पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मर्मअनुसार एकीकृत पाठ्यक्रममा उल्लेख गरिएका व्यवहार-कुशल सिपहरू (Soft Skills) लाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरिएको छ । ती सिपहरू र तिनीहरूको विस्तृतीकरण निम्नानुसार रहेका छन् :

### क) सोचाइ सिपहरू (Thinking Skills)

- प्रयोग सिप (Application Skills)
- सिकाइ सिप (Learning Skills)
- रचनात्मक सोचाइ सिप (Creative Thinking Skills)
- समालोचनात्मक सोचाइ सिप (Critical Thinking Skills)
- निर्णय तथा समस्या समाधान सिप (Decision Making and Problem Solving Skills)

**ख) वैयक्तिक सिपहरू** (Intrapersonal Skills)

- स्व-व्यवस्थापन सिप (Self-Management Skills)
- स्वाभिमान सिप (Self-Esteem Skills)
- इमानदारी/स्व-अनुशासन सिप (Integrity/Honesty/Self-Discipline Skills)
- समय व्यवस्थापन सिप (Time Management Skills)
- व्यक्तिगत लक्ष्य निर्धारण र अग्रसरता सिप (Personal Goal Setting and Initiative Skills)
- स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (Independent Learning, Flexibility and Adaptability Skills)
- जिम्मेवारी एवम् प्रतिबद्धता सिप (Responsibility and Commitment Skills)

**ग) अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills)**

- सञ्चार सिप (Communication Skills)
- सहकार्य सिप (Collaboration Skills)
- सहयोग तथा सहानुभूति सिप (Cooperation and Empathy Skills)
- सक्रियतापूर्वक सुन्ने सिप (Active Listening Skills)
- सांस्कृतिक सिपहरू/नैतिकता (Cultural Skills/Ethics)

**घ) सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू (Multi-Literacy Skills)**

- आधारभूत साक्षरता (Basic Literacy)
- प्राविधिक साक्षरता (Technological Literacy)
- दृश्य साक्षरता (Visual Literacy)
- सूचना साक्षरता (Information Literacy)
- बहुसांस्कृतिक साक्षरता (Multi-Cultural Literacy)

**ङ) नागरिक सिप (Citizenship Skills)**

- सहनशीलता र खुलापन (Tolerance and Openness)
- विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ (Respect for Diversity and Intercultural Understanding)
- लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (Democratic, Participatory and Equitable Value)
- वातावरणप्रति सजगता र सम्मान (Awareness of and Respect for Environment)
- राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (National Identity and Sense of Belonging)
- सामाजिक एवम् नागरिक जिम्मेवारी (Social and Civic Responsibility)
- वैयक्तिक जिम्मेवारी (Personal Responsibility)

एकीकृत पाठ्यक्रमले सिकाइलाई दैनिक जीवन पद्धतिसँग जोड्ने प्रयास गर्दछ । व्यवहार-कुशल सिप (Soft Skills) हासिल गर्न एकीकृत पाठ्यक्रमले सिकाइको संयोजन र एकीकरण गर्छ । सिकाइको खण्डीकरण हुन दिँदैन । एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरेर एकीकृत सिकाइमा जोड दिन्छ । एकीकृत पाठ्यक्रमको मर्मअनुसार यो स्थानीय पाठ्यक्रमलाई बहुविषयात्मक/अन्तरविषयक बनाइएको छ । यसले **जीतपुरसिमरा उपमहानगर**भित्रका विविधता, बहुलता र भौगोलिक एवम् सांस्कृतिक पहिचानलाई समेट्ने लक्ष्य राखेको छ । यो पाठ्यक्रमलाई एकीकृत स्वरूपको बनाउने क्रममा भूगोल, पर्यावरण, जैविक विविधता, नागरिक चेतना, संस्कृति, कृषि, उद्योग, खाद्यपरम्परा, स्थानीय प्रविधि, आधुनिक प्रविधि, जनस्वास्थ्य, स्थानीय खेलकुद, नैतिकता, वैज्ञानिक चेतना, व्यक्तित्व विकासजस्ता बहुविधाहरू जोडेर अन्तरविषयक बनाइएको छ । विद्यार्थीले जीवनोपयोगी सिप र व्यवहार-कुशल सिप आर्जन गर्न सकून् भन्ने दिशामा यो पाठ्यक्रम परिलक्षित छ ।

## ६. कार्यघण्टा वितरण तालिका

**कक्षा १** **पाठ्यघण्टा : ५**

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा १ | |
|---|---|---|---|
| | | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) |
| १. | जीतपुरसिमराको सेरोफेरो | ७ | ३३ |
| २. | जीतपुरसिमराका संस्कार-संस्कृति | ६ | २८ |
| ३. | जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता | ४ | १९ |
| ४. | कृषि, पशुपालन र पेसा | ५ | २८ |
| ५. | स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास | ९ | ३३ |
| ६. | खेलकुद तथा मनोरञ्जन | ४ | १९ |
| | जम्मा | ३४ | १६० |

**कक्षा २ र ३** **पाठ्यघण्टा : ५**

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा २ | | कक्षा ३ | |
|---|---|---|---|---|---|
| | | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) |
| १. | जीतपुरसिमराको सेरोफेरो | ६ | ३० | ७ | २६ |
| २. | जीतपुरसिमराका संस्कार-संस्कृति | ६ | २६ | ७ | ३० |
| ३. | जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता | ४ | २२ | ४ | २२ |
| ४. | कृषि, पशुपालन र पेसा | ६ | २६ | ७ | ३० |
| ५. | स्वास्थ्य, सरसफाइ र व्यक्तित्व विकास | ७ | ३९ | ९ | ३९ |
| ६. | खेलकुद तथा मनोरञ्जन | ४ | १७ | ३ | १३ |
| | जम्मा | ३३ | १६० | ३७ | १६० |

**कक्षा ४ र ५** **पाठ्यघण्टा :**

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा ४ र ५ | | |
|---|---|---|---|---|
| | | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१२८) | अङ्कभार |
| १. | जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता | ६ | १९ | ८ |
| २. | जीतपुरसिमराका संस्कार-संस्कृति | ५ | १९ | ८ |
| ३. | कृषि, पशुपालन, उद्योग, पेसा, व्यापार र व्यवसाय | ५ | १९ | ८ |

| | | | | |
|---|---|---|---|---|
| ४. | नागरिक चेतना, नैतिक शिक्षा र सुशासन | ७ | २७ | १० |
| ५. | स्वास्थ्य, सरसफाइ तथा व्यक्तित्व विकास | ७ | २७ | १० |
| ६. | खेलकुद तथा मनोरञ्जन | ४ | १७ | ६ |
| | जम्मा | **३४** | **१२८** | **५०** |

**कक्षा ६ र ७** **पाठ्यघण्टा** : ४

| **क्र.सं.** | **क्षेत्र/एकाइ** | **कक्षा ६ र ७** | | |
|---|---|---|---|---|
| | | **पाठ सङ्ख्या** | **वार्षिक कार्यघण्टा** (१२८) | **अङ्कभार** |
| १. | जीतपुरसिमराका वातावरण र विकासका पूर्वाधार | ६ | २१ | ८ |
| २. | जीतपुरसिमराका सांस्कृतिक सम्पदा | ८/७ | २५ | १० |
| ३. | प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन | ४/३ | ११ | ४ |
| ४. | नागरिक चेतना, नैतिक शिक्षा र सुशासन | ८/६ | २५ | १० |
| ५. | कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय | ६ | २१ | ८ |
| ६. | व्यक्तित्व तथा नेतृत्व विकास | ७ | २५ | १० |
| | जम्मा | **३९/३५** | **१२८** | **५०** |

**कक्षा ८** **पाठ्यघण्टा** : ४

| **क्र.सं.** | **क्षेत्र/एकाइ** | **कक्षा ८** | | |
|---|---|---|---|---|
| | | **पाठ सङ्ख्या** | **वार्षिक कार्यघण्टा** (१२८) | **अङ्कभार** |
| १. | जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार | ६ | १९ | ७ |
| २. | जीतपुरसिमराका सांस्कृतिक सम्पदा | १० | २८ | ११ |
| ३. | प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन | ३ | ९ | ४ |
| ४. | नागरिक चेतना, नैतिक शिक्षा र सुशासन | ९ | २५ | १० |
| ५. | कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय | ७ | २२ | ८ |
| ६. | व्यक्तित्व तथा नेतृत्व विकास | ७ | २५ | १० |
| | जम्मा | **४२** | **१२८** | **५०** |

पुनश्चः कक्षा १-३ को पाठ्यक्रममा ५ (पाँच) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । कक्षा ४-८ को पाठ्यक्रममा ४ (चार) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit Hour) मानिएको छ । स्थानीय पाठ्यक्रम पठनपाठनका लागि कक्षा १-३ को वार्षिक कार्यघण्टा १६० र कक्षा ४-८ को वार्षिक कार्यघण्टा १२८ रहने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अन्तर्गत आधारभूत तहको पाठ्यक्रमले व्यवस्था गरेको छ ।

## ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय शिक्षामा आधारभूत तहको कक्षा १-३ को सिकाइ मूल्याङ्कनमा निर्णयात्मक पद्धतिले सिकाइमा योगदान गर्न नसक्ने मान्यता रहेको छ । त्यस कारण कक्षाकोठामा आधारित मूल्याङ्कनका तरिका र साधनहरू प्रयोग गर्ने गरिन्छ । यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरिन्छ । निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System) का नामले समेत चिनिने यो पद्दतिको उद्देश्य निरन्तरको अभिलेखमार्फत विद्यार्थीलाई पृष्ठपोषण दिएर समग्र सिकाइ स्तरमा सुधार ल्याउनु हो । यो निर्माणात्मक स्वरूपको हुन्छ । कक्षा १-३ मा गरिने निर्माणात्मक मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै एक अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनले सिकाइको लेखाजोखा गर्दछ । कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फायल (Portfolio File) बनाएर व्यवस्थित गर्नुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमद्वारा अद्यावधिक गर्नुपर्छ । यो तहमा कक्षाकार्यमै बढी जोड दिनुपर्छ । निरन्तर मूल्याङ्कनको क्रममा आवश्यक व्यवहार-कुशल सिपमा विद्यार्थीले हासिल गरेको सक्षमताको पनि लेखाजोखा गर्नुपर्छ । आवश्यकताअनुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ । यसको उद्देश्य न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु हो । शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नानुसार छन् :

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १. | अवलोकन | रुजू सूची, रुब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न | |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | रुजू सूची, रुब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | रुजू सूची, श्रेणीमापन, फाराम | |
| ७. | स्व-मूल्याङ्कन | रुजू सूची, श्रेणीमापन, फाराम | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणीमापन, फाराम | |
| ९. | कुराकानी, छलफल | रुजू सूची, श्रेणीमापन, फाराम | |

माथि उल्लिखित मूल्याङ्कनका तरिका र साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्नानुसार रेटिङ गर्नुपर्दछ :

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |

| | | |
|---|---|---|
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको सिकाइ उपलब्धि हासिल गरेको |

विद्यार्थीको मुख्य सिकाइ उपलब्धिलाई उनीहरूको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । सामान्यतयः प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विषयक्षेत्रअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्रको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

$$\textbf{क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४} \times \textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन (Letter Grading) सँग मिलान गरी विद्यालय शिक्षा (कक्षा १-१२) मा निम्नानुसार ग्रेड निर्धारण गर्नुपर्ने छ :

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क (GPA) | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | $A^+$ | सर्वोत्तम (Outstanding) |
| २. | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | $B^+$ | उत्कृष्ट (Very Good) |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | $C^+$ | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

कक्षाको अन्त्यमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

$$\textbf{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४} \times \textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

निर्माणात्मक मूल्याङ्कन पद्धतिअनुसार विद्यार्थीहरूको व्यक्तिगत तथा स्वास्थ्यसम्बन्धी विवरणहरू तल दिइएअनुसार विकास गर्न सकिन्छ :

# विद्यार्थीको व्यक्तिगत विवरण

## विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

क) विद्यालयको नाम : ..........................................................................................................

ख) ठेगाना : ..........................................................................................................

ग) विद्यार्थीको नाम : ..........................................................................................................

घ) जन्म मिति : ..........................................................................................................

ङ_ विद्यार्थीको घरको ठेगाना : ..........................................................................................................

च) पारिवारिक विवरण :

अ) आमाको नाम : .....................................पेसा : ...................... सम्पर्क नं. : ............................

आ) बाबुको नाम : .......................................पेसा : ...................... सम्पर्क नं. : ............................

छ) आमा–बाबुबाहेक कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

अ) नाम : ..............................................पेसा : .............................. सम्पर्क नं. : ......................

आ) विद्यार्थीसँगको नाता : ..........................................................................................................

ज) विद्यालय भर्ना मिति र कक्षा : ..........................................................................................................

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ..........................................................

ञ) अघिल्लो अनुभव :

अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए/नभएको

..........................................................................................................

आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव

..........................................................................................................

# स्वास्थ्यसम्बन्धी विवरण

क) **तौल र उचाइ**

| मिति | तौल (के.जी.मा) | उचाइ (से.मि.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) **कुनै विशेष रोग भएमा सोबारे टिपोट :** ...............................................................................................

ग) **कुनै अपाङ्गता भएमा सोको विवरण :** ...............................................................................................

घ) **अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए :** ....................................................................................

# विद्यार्थीको समग्र प्रगति प्रतिवेदन

**विद्यार्थीको नाम :** ................................................. **कक्षा :** .................. **रोल नं. :** ................

**विद्यालयको नाम :** ................................................ **सङ्केत नं. :** ............... **वर्ष :** .....................

**उपस्थिति : विद्यालय सञ्चालन भएको दिन :** ..................... **उपस्थित भएको दिन र प्रतिशत :**.....................

| क्र.सं | विषयक्षेत्र | पाठ्यघण्टा | सिकाइ उपलब्धि सङ्ख्या | स्तरअनुसार उपलब्धि सङ्ख्या[क] | समग्र उपलब्धि स्तर[ख] |
|---|---|---|---|---|---|
| १. | **नेपाली** | ५ | | **कमजोर :**<br>**सामान्य :**<br>**राम्रो :**<br>**उच्च :** | |
| २. | **गणित** | ४ | | **कमजोर :**<br>**सामान्य :**<br>**राम्रो :**<br>**उच्च :** | |
| ३. | **अङ्ग्रेजी** | ४ | | **कमजोर :**<br>**सामान्य :**<br>**राम्रो :**<br>**उच्च :** | |
| ४. | **हाम्रो सेरोफेरो** | ८ | | **कमजोर :**<br>**सामान्य :**<br>**राम्रो :**<br>**उच्च :** | |
| ५. | **हाम्रो जीतपुरसिमरा (स्थानीय विषय)** | ५ | | **कमजोर :**<br>**सामान्य :**<br>**राम्रो :**<br>**उच्च :** | |

............................ ............................ ............................

**कक्षा–शिक्षक** **प्रधानाध्यापक** **मिति**

क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोर : १ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, सामान्य : २ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, राम्रो : ३ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, उच्च : ४ अङ्क प्राप्त उपलब्धि सङ्ख्या

ख) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषयक्षेत्रगत सिकाइ उपलब्धि स्तर सर्वोत्तम (९०-१००%) लाई $A^+$, अत्युत्तम (८०-९०%) लाई A, उत्कृष्ट (७०-८०%) लाई B+, उत्तम (६०-७०%)लाई B, सन्तोषजनक
(५०-६०%) लाई C+, ग्राह्य (४०-५०%) लाई C, आधारभूत (३५-४०%) लाई D र अवर्गीकृत (३५ भन्दा कम) लाई NG स्तर निर्धारण गर्नुपर्दछ।

## विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८)

प्रस्तुत स्थानीय पाठ्यक्रमले विद्यार्थीमा व्यवहारकुशल सिप (Soft Skills) तथा जीवनोपयोगी सिप विकास हुने अपेक्षा गरेको छ। यसका निम्ति पाठ्यक्रमलाई जतिसक्दो एकीकृत ढाँचाअनुसार निर्माण गरिएको छ। पाठ्यक्रमले तय गरेको उद्देश्य प्राप्तिका लागि शिक्षकले सिकाइ क्रियाकलापलाई अन्तरविषयक (Interdisciplinary) बनाउनु आवश्यक छ। एकीकृत पाठ्यक्रमको मर्म पनि यही हो।

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कन पद्धति अपनाउनुपर्छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइ स्तरमा सुधार ल्याउनु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै एक अभिन्न अवयव हो। निर्माणात्मक मूल्याङ्कनमा विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। यसका लागि कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व-मूल्याङ्कन, सहपाठी मूल्याङ्कनजस्ता माध्यमहरू प्रयोग गर्न सकिन्छ।

सिकाइ स्तरको मूल्याङ्कन गर्न विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा परीक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनजस्ता विधि प्रयोग गर्नुपर्ने हुन्छ। यसका निम्ति रुजूसूची, श्रेणीमापन, रुब्रिक्सलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकले अभिलेख राख्नुपर्छ। यस्तो अभिलेख सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग गर्न सकिने साधन हुन्। यो प्रकारको मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गर्न नसकेमा पटक पटक सुधारात्मक सिकाइको अवसर दिनुपर्छ। त्यसलाई पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु जरुरी हुन्छ। पटक पटकको सुधारात्मक सिकाइपश्चात पनि सिकाइको न्यूनतम स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी लागु गर्नुपर्छ :

## निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| १. | रुब्रिक्स | विद्यार्थीले गरेका प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स/श्रेणीमापनको विकास गरी प्रयोग गर्ने |
| २. | रुजु सूची तथा श्रेणी मापन | पाठगत रूपमा विद्यार्थीमा विकास हुनुपर्ने ज्ञान, सिप, आलोचनात्मक चेत, अभिवृत्ति, अभिव्यक्ति एवम् व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणीमापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्ने |

| | | |
|---|---|---|
| ३. | सहभागिता र कार्य सम्पादन | कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, नियमितता आदिको नियमित रूपमा मूल्याङ्कन गर्ने र सही कार्य गरेको भए आवश्यक पृष्ठपोषण दिने तथा गृहकार्य दिने |
| ४. | विद्यार्थीले गरेको कार्यको प्रदर्शन | विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गर्न लगाई मूल्याङ्कन गर्ने । प्रदर्शनको क्रममा कमीकमजोरी देखिए आवश्यक पृष्ठपोषण तथा सहयोग गरी सिकाइ उपलब्धि हासिल गराउने |
| ५. | स्व-मूल्याङ्कन तथा प्रतिबिम्बन | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य/परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार प्रदर्शन, कार्य स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरूको स्तरलाई प्रतिबिम्बन गर्न लगाएर स्व-मूल्याङ्कनका साधनहरू रुजु सूची, श्रेणीमापन, रुब्रिक्स प्रयोग गरी सिकाइको स्तर मूल्याङ्कन गर्ने |
| ६. | सहपाठी मूल्याङ्कन | कक्षाका विद्यार्थीहरूलाई एक-अर्काको कार्यको मूल्याङ्कन गरी पृष्ठपोषण प्राप्त गर्न अवसर प्रदान गर्ने |
| ७. | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा विभिन्न विषयवस्तुमा स्पष्टता कायम गर्न, जानेका कुराको प्रतिबिम्बन गर्न तथा सिकाइ उपलब्धि हासिल भए/नभएको जानकारी प्राप्त गर्न यो विधिको प्रयोग गर्ने |
| ८. | अभिभावक प्रतिक्रिया | समग्र सिकाइमा अभिभावकको प्रतिक्रिया लिने । शिक्षक र अभिभावक तथा विद्यार्थी र अभिभावकबिच अन्तरक्रिया गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ । |
| ९. | लिखित कार्य तथा परीक्षा | सिकाइ सहजीकरणको क्रममा पाठ वा एकाइको अन्तमा, महिनाको अन्त्यमा, त्रैमासिक तथा अर्धवार्षिक रूपमा सबै तहमा प्रश्नहरू निर्माण गरी निर्धारित विषयवस्तुमा विद्यार्थीले हासिल गरेको ज्ञान तथा सिपहरूको लेखाजोखा गर्ने । |

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कन पद्धति अपनाउनुपर्छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइ स्तरमा सुधार ल्याउनु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै एक अभिन्न अवयव हो। निर्माणात्मक मूल्याङ्कनमा विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। यसका लागि कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व-मूल्याङ्कन, सहपाठी मूल्याङ्कनजस्ता माध्यमहरू प्रयोग गर्न सकिन्छ।

सिकाइ स्तरको मूल्याङ्कन गर्न विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा परीक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनजस्ता विधि प्रयोग गर्नुपर्ने हुन्छ। यसका निम्ति रुजूसूची, श्रेणी मापन, रुब्रिक्सलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकले अभिलेख राख्नुपर्छ। यस्तो अभिलेख सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग गर्न सकिने साधन हुन्। यो प्रकारको मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गर्न नसकेमा पटक पटक सुधारात्मक सिकाइको अवसर दिनुपर्छ। त्यसलाई पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु जरुरी हुन्छ। पटक पटकको सुधारात्मक सिकाइपश्चात पनि सिकाइको न्यूनतम स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी लागू गर्नुपर्छ।

## निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

कक्षा ६, ७ र ८ मा निर्माणात्मक मूल्याङ्कन (निरन्तर मूल्याङ्कन) का लागि देहायबमोजिमका अवयवमार्फत ५० प्रतिशतको भार व्यवस्था गर्नुपर्नेछ।

| क्र.सं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २. | प्रयोगात्मक/परियोजना | ३६ |
| ४. | त्रैमासिक परीक्षाहरू | १० |
| | जम्मा | ५० |

कक्षा ६, ७ र ८ को हकमा ५० प्रतिशत भारको निर्णयात्मक मूल्याङ्कन (वार्षिक परीक्षा) र ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गरिनेछ।

# विशिष्टीकरण तालिका

**कक्षा ४ र ५**

| एकाइ क्षेत्र | कार्य घण्टा | ज्ञान र बोध | | | खोजमूलक सिप | | | विश्लेषणात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | | |
| जीतपुरसिमराको पर्यटन, पर्यावरण र जैविक विविधता | १९ | - | - | १ | - | - | - | - | १ | - | - | - | - | - | १ | १ | ८ | |
| जीतपुरसिमराका संस्कार-संस्कृति | १९ | - | १ | - | - | - | १ | - | - | - | - | - | - | - | १ | १ | ८ | |
| कृषि, पशुपालन, उद्योग, पेसा, व्यापार र व्यवसाय | १९ | - | - | - | - | - | - | - | - | १ | - | १ | - | - | १ | १ | ८ | |
| नागरिक चेतना, नैतिक शिक्षा र सुशासन | २७ | १ | - | - | १ | - | - | - | - | १ | - | १ | - | २ | १ | १ | १० | |
| स्वास्थ्य, सरसफाइ तथा व्यक्तित्व विकास | २७ | - | १ | - | १ | - | - | १ | - | - | - | - | १ | २ | १ | १ | १० | |
| खेलकुद तथा मनोरञ्जन | १७ | १ | - | - | - | १ | - | १ | - | - | १ | - | - | ३ | १ | - | ६ | |
| **जम्मा** | १२८ | २ | २ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | १ | ७ | ६ | ५ | ५० | |

| प्रश्नका प्रकार | प्रश्नको सङ्ख्या र अङ्क भार |
|---|---|
| अति सङ्क्षिप्त उत्तर | ७ प्रश्न × १ अङ्क = ७ अङ्क |
| सङ्क्षिप्त उत्तर | ६ प्रश्न × ३ अङ्क = १८ अङ\क |
| लामो उत्तर | ५ प्रश्न × ५ अङ्क = २५ अङ्क |
| | १८ प्रश्न (५० अङ्क) |

**कक्षा ६ र ७**

| एकाइ क्षेत्र | कार्य घण्टा | ज्ञान र बोध | | | खोजमूलक सिप | | | विश्लेषणात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | | |
| जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार | २१ | - | १ | - | - | १ | - | १ | - | - | १ | - | - | २ | २ | - | ८ | |
| जीतपुरसिमराका सांस्कृतिक सम्पदा | २५ | १ | - | - | | - | - | - | - | १ | - | १ | - | १ | १ | १ | १० | |
| प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन | ११ | - | - | - | - | १ | - | १ | - | - | - | - | - | १ | १ | - | ४ | |
| नागरिक चेतना, नैतिक शिक्षा र सुशासन | २५ | - | १ | - | १ | - | १ | - | - | - | - | - | - | १ | १ | १ | १० | |
| कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय | २१ | १ | - | - | - | १ | - | - | १ | - | - | १ | - | २ | २ | - | ८ | |
| व्यक्तित्व तथा नेतृत्व विकास | २५ | - | - | - | १ | - | - | - | १ | - | - | - | १ | १ | १ | १ | १० | |
| **जम्मा** | १२८ | २ | २ | – | २ | ३ | १ | २ | २ | १ | १ | २ | १ | ८ | ८ | ३ | ५० | |

| **प्रश्नका प्रकार** | **प्रश्नको सङ्ख्या र अङ्क भार** |
|---|---|
| अति सङ्क्षिप्त उत्तर | ८ प्रश्न × **१ अङ्क = ८ अङ्क** |
| सङ्क्षिप्त उत्तर | ८ प्रश्न × **३ अङ्क = २४ अङ्क** |
| लामो उत्तर | ३ प्रश्न × **६ अङ्क =१८ अङ्क** |
| | १९ प्रश्न (५० अङ्क) |

**कक्षा ८**

| एकाइ क्षेत्र | कार्य घण्टा | ज्ञान र बोध | | | खोजमूलक सिप | | | विश्लेषणात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | | |
| जीतपुरसिमराको वातावरण र विकासका पूर्वाधार | १९ | - | १ | - | - | १ | - | १ | - | - | - | - | - | १ | २ | - | ७ | |
| जीतपुरसिमराका सांस्कृतिक सम्पदा | २८ | १ | - | - | १ | - | - | - | - | १ | - | १ | - | २ | १ | १ | ११ | |
| प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन | ९ | - | - | - | - | - | - | - | १ | - | १ | - | - | १ | १ | - | ४ | |
| नागरिक चेतना, नैतिक शिक्षा र सुशासन | २५ | - | - | १ | - | १ | - | १ | - | - | - | - | - | १ | १ | १ | १० | |
| कृषि, उद्योग, पेसा, व्यापार र व्यवसाय | २२ | १ | - | - | १ | - | - | - | - | - | - | - | १ | २ | - | १ | ८ | |
| व्यक्तित्व तथा नेतृत्व विकास | २५ | १ | १ | - | १ | - | - | १ | - | - | १ | १ | - | ४ | २ | - | १० | |
| जम्मा | १२८ | ३ | २ | १ | ३ | २ | - | ३ | १ | १ | २ | २ | १ | ११ | ७ | ३ | ५० | |

| प्रश्नका प्रकार | प्रश्नको सङ्ख्या र अङ्क भार |
|---|---|
| अति सङ्क्षिप्त उत्तर | ११ प्रश्न × **१ अङ्क = ११ अङ्क** |
| सङ्क्षिप्त उत्तर | ७ प्रश्न × **३ अङ्क = २१ अङ्क** |
| लामो उत्तर | ३ प्रश्न × **६ अङ्क = १८ अङ्क** |
| | २१ प्रश्न (५० अङ्क) |

**८. हाम्रो जीतपुरसिमरा (जीतपुरसिमरा उपमनपाको स्थानीय पाठ्यक्रम) विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेखको नमूना (कक्षा १–३)**

प्रत्येक सिकाइ उपलब्धिका लागि उल्लिखित उपलब्धिसूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा (√) चिह्न र हासिल नभएमा सम्बन्धित कोठामा (×) चिह्न लगाउनुहोस्। प्रत्येक ४ सूचकमध्ये हासिल भएका सूचक (√ चिह्न) गन्नुहोस् र त्यति नै अङ्क अङ्कन महलमा लेख्नुहोस्। आफूले प्रयोग गरेको मूल्याङ्कनका सम्भाव्य साधनमा चिह्न लगाउनुहोस् अथवा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस्।

**विषयवस्तुको क्षेत्रः** **कक्षाः १** **विद्यार्थीको नामः**

| विषयवस्तुको क्षेत्र/थिम | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/उपलब्धिसूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति २०. | अङ्कन | सकेको/नसकेको | मिति २०. | अङ्कन | |
| १. जीतपुरसिमराको सेरोफेरो | आफ्नो नाम बताउन आफ्नो परिवारको सङ्ख्या बताउन र परिवारमा को को छन् भनेर बताउन | १. आफ्नो नाम | | | | | | | प्रश्नोत्तर |
| | | २. आमाको नाम | | | | | | | मौखिक प्रश्न |
| | | ३. बुवाको नाम | | | | | | | व्यवहार अवलोकन |
| | | ४. परिवारका सदस्य सङ्ख्या | | | | | | | प्रश्नोत्तर |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| अभिभावकको दस्तखत : | शिक्षकको दस्तखत र मिति : | | उपलब्धि प्रतिशत | | | | | | |

## सन्दर्भ सामग्री


१. नेपाल सरकार। २०७१। *स्थानीय पाठ्यक्रम प्रारूप- २०७१* । भक्तपुर : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

२. नेपाल सरकार। २०७२। *नेपालको संविधान* । काठमाडौँ : संविधानसभा सचिवालय।

३. नेपाल सरकार। २०७६। *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम- २०७६*। भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।

४. नेपाल सरकार। २०७६। *आधारभूत शिक्षा पाठ्य*क्रम (कक्षा ४-५)- २०७६। भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।

५. नेपाल सरकार। २०७६। *राष्ट्रिय शिक्षा नीति- २०७६*। सिंहदरबार, काठमाडौँ।

६. नेपाल सरकार। २०७६। *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप- २०७६* (दोस्रो संस्करण)। भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।

७. नेपाल सरकार। २०७६। *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित)- २०७६*। भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।

८. कोशी प्रदेश सरकार। २०७७। *नमुना स्थानीय पाठ्यक्रम- २०७७* । विराटनगर : सामाजिक विकास मन्त्रालय।

९. नेपाल सरकार। २०७७। *स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्यवनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकारण निर्देशिका- २०७७*। भक्तपुर/काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र र ब्रिटिस काउन्सिल।

१०. नेपाल सरकार। २०७७। *आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम- २०७७*। भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

११. नेपाल सरकार। २०७९। *स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका- २०७९*। भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।